# वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन

## आ.व. २०८३/८४

# स्वास्थ्य

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

# विषयसूचीः


समष्टिगत निर्देशन ........ ii

चालूतर्फका क्रियाकलापहरु ........ ५

सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरु ........ ५

स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका क्रियाकलापहरू ........ १८

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका क्रियाकलापहरु ........ ६०

प्रदेश अस्पताल अन्तर्गतका क्रियाकलापहरू ........ ७७

मेहेलकुना अस्पताल अन्तर्गतका क्रियाकलापहरू ........ ९६

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र अन्तर्गतका क्रियाकलापहरु ........ १०९

प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका क्रियाकलापहरु ........ १५२

जन/स्वास्थ्य सेवा कार्यालय अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु ........ १६९

आयुर्वेद स्वास्थ्य केन्द्रहरु अन्तर्गतका कार्यक्रमहरु ........ २४९

पूँजीगततर्फका क्रियाकलापहरु ........ २९१

अनुसूचीहरुः ........ २९२


तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## समष्टिगत निर्देशन

- सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका स्वास्थ्य क्षेत्रसँग सम्बद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्यान्वयनमा दक्षता, मितव्ययीता, एकरूपता तथा सहजीकरण गरी प्रभावकारिता अभिवृद्धि गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत मार्ग/निर्देशन तयार गरिएको छ ।

- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, कर्णाली प्रदेश विनियोजन ऐन २०८३, कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०८२, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यसका साथै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा यस मन्त्रालयबाट यस आर्थिक वर्षका लागि लक्षित गरी जारी गरिएका निर्देशिका तथा परिपत्र अनुरूप गर्नुपर्नेछ ।

- विगतका वर्षहरूमा आर्थिक वर्षको अन्त्यमा अत्यधिक कामको चाप हुने गरेको छ । त्यसो हुँदा कामको गुणस्तरमा समस्या हुने, भुक्तानीको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा हुने गरेको छ । यसले यस्ता कार्यले समग्र शासकीय र वित्तीय सक्षमता र कार्यकुशलतामा समेत प्रश्न उठ्ने गरेको छ यस विषयलाई ध्यान दिदै चालु आर्थिक वर्षमा तेस्रो त्रैमासिक सम्म कार्य सम्पन्न गर्ने गरी सबै कार्यालयहरूले कार्य योजना बनाउने र सोही अनुसार कार्यान्वयन गर्ने । यो दिग्दर्शनको आधारमा सबै सम्वन्धित कार्यालयहरूले कुनै कार्यक्रम चौथो त्रैमासिकमा मात्र गर्न पर्ने रहेछ भने सकभर त्यसको भौतिक पक्ष सो भन्दा अगावै सम्पन्न गरी रकम भुक्तानीको काम मात्र चौथो त्रैमासिकमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

- कार्यक्रम सञ्चालन गर्दा कुनै समस्या भएमा सम्वन्धित समस्या समाधानका लागि सरोकारवालाहरुसँग छलफल गर्ने । त्यसरी छलफल गर्दा रकम र कार्यक्रमको बारेमा स्पष्ट जानकारी गराउने र रचनात्मक सुझाव लिन प्रयत्न गर्नुपर्नेछ। त्यसरी स्थानीय वा कार्यालयस्तरमा समस्या समाधान हुन नसक्ने भएमा तत्काल मन्त्रालयको सम्बन्धित शाखा, महाशाखासँग सम्पर्क गरी निकास निकाल्ने ।

- जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयमा अस्पतालतर्फका कार्यक्रमहरु संचालन गर्दा चिकित्सा सेवा शाखा प्रमुख र जनस्वास्थ्य तर्फका कार्यक्रमहरु संचालन गर्दा जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले कार्यक्रमको फोकल पर्सन तोक्नु पर्नेछ । फोकल पर्सन तोक्दा सम्बन्धीत शाखामा कार्यरत कमर्चारी भन्दा अन्य शाखाका कर्मचारीलाई फोकल पर्सन तोक्न पाइने छैन तर कार्यक्रमको जिम्मेवारी मुख्यगरि सम्बन्धीत शाखा प्रमुखको हुनेछ। साथै उपचारात्मक सेवामा खटिने जनशक्तिहरु जस्तै चिकित्सक, रेडियोग्राफर, फिजीयोथेरपिष्ट, प्रयोगशालाकर्मी, **IPD, OPD, OT Emergency** मा खटिने पारामेडीस्/जनरल नर्सिंग लगायतलाई जनस्वास्थ्य तर्फका कार्यक्रमहरुको फोकल पर्सन तोक्न पाइने छैन ।

- मानव संशाधन विकास केन्द्रबाट सञ्चालित तालिमहरु सकेसम्म प्रदेशमा उपलब्ध तालिम साइटहरुमा नै सञ्चालन गर्नुपर्नेछ । यदि यस किसिमका तालिमहरु प्रदेश बाहिर सञ्चालन गर्न आवश्यक परेमा सामाजिक विकास



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

मन्त्रालय, स्वास्थ्य सेवा महाशाखाबाट अग्रीम स्वीकृति लिनुपर्नेछ साथै संस्था/सहभागी छनौट गर्दा तालिमको आवश्यकता, औचित्यका आधारमा प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

- प्रदेश स्तरमा स्वास्थ्य कार्यक्रमहरूको समिक्षा गर्दा सबै क्षेत्रहरूलाई समावेश गरि एकिकृत रूपमा सन्चालन गर्नुपर्नेछ ।
- प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट उत्पादन गरिएका सम्पूर्ण आयुर्वेद औषधिहरु सबै जिल्लास्थित आयुर्वेद स्वास्थ्य केन्द्र तथा स्थानीय तहमा रहेका आयुर्वेद औषधालयहरुलाई उपलब्ध गराउनु पर्नेछ ।
- मन्त्रालय मातहतका कार्यालयहरूमा कार्यक्रमको अनुगमन गर्दा माथिल्लो निकायले र सोहि कार्यालयमा कार्यरत विषयसँग सम्बन्धित व्यक्ति र औचित्यका आधारमा अन्य कर्मचारीहरुले मात्र गर्नु पर्नेछ ।
- कार्यक्रमहरू कार्यान्वयन गर्दा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम खर्च गर्ने मार्गदर्शनलाई पूर्णरूपमा पालन गर्नुपर्नेछ ।
- कार्यक्रमहरू सञ्चालन गर्दा मितव्ययीता र उपलब्धिलाई विशेष ध्यान दिनुपर्नेछ ।
- सम्बन्धित कार्यालयहरूले वार्षिक कार्य योजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयमा पठाउनु पर्नेछ ।
- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा यस दिग्दर्शनमा बाँडफाँटका आधार उल्लेख गरिएकोमा सोही बमोजिम तथा बाँडफाँटका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा क्रियाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरूप हुने गरी आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँट गरी कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।
- स्थानीय तहहरूसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रूपमा सञ्चालन गर्नुपर्नेछ।
- कार्यक्रम तथा सेवा प्रवाहबारेको विवरणका आधारमा कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने शिक्षा, सामाजिक सेवाको तथ्याङ्कीय विवरण अद्यावधिक गराउनु पर्नेछ ।
- कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्बन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ । साथै प्रदेश स्तरबाट आवश्यकता अनुसार कार्यक्रमहरूको अनुगमन हुनेछ ।
- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय तथा यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरी तोकिए बमोजिमको ढाँचामा तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भएपश्चात सामाजिक विकास मन्त्रालय एवं शिक्षा विकास निर्देशनालयमा उल्लिखित कार्यक्रम सम्बन्धी प्रतिवेदन पठाउनु पर्नेछ ।

तथ्याङ्क अधिकृत    उप-सचिव



प्रदेश सचिव    मा. मन्त्री

- हरेक त्रैमासिक अवधि सम्पन्न भएको १ हप्ता भित्र त्रैमासिक प्रगति विवरण अनिवार्य रूपमा तोकिएको ढाँचा बमोजिम तयार पारी निर्देशनालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्रतिवेदन गर्दा प्रमुख तथा उल्लेख्य क्रियाकलापहरूको फोटो र भिडियो समेत पठाउनु पर्नेछ ।

तथ्याङ्क अधिकृत

उप-सचिव



प्रदेश सचिव

मा. मन्त्री

# चालूतर्फका क्रियाकलापहरु

## सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरु

### १.१ क्रियाकलापको नामः स्थानीय तहमा रहेका रणनैतिक स्थानका अस्पताल/स्वास्थ्य संस्थाहरुको सेवा सुदृढीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१४७ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनसंख्या, पहुँच र स्वास्थ्य सेवाको आवश्यकता अनुसार विशेष महत्वका स्थानमा रहेका अस्पतालहरूलाई रणनैतिक स्थानका अस्पताल भनिएको छ जसले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दछन्। यी अस्पतालहरूबाट स्थानीय समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच उपलब्ध होस् भन्ने अभिप्रायले ती स्थानमा रहेका अस्पतालहरुको क्षमता विस्तार तथा विकास गरी आमनागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकियोस् भनी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुको सेवा सुदृढीकरण हुनेछ। |
| संचालन प्रकृया | • न्यूनतम सेवा मापदण्डले पहिचान गरेका समस्याहरुको समाधानका लागि कार्ययोजना बनाई खर्च गर्ने।<br>• स्थानीय तहका रणनैतिक स्थानका अस्पताल/स्वास्थ्य संस्थाहरुका लागि आवश्यक उपकरण, प्रयोगशाला सामग्री, आवश्यक औषधि, प्रसूति कक्ष जस्ता आधारभूत सुविधा उपलब्ध गराउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्ययोजना, खरिद दाखिला प्रतिवेदन आदि। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.२ क्रियाकलापको नामः मानसिक स्वास्थ्य रणनीति कार्यान्वयन सम्बन्धी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५९० | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले प्रदेशको आवश्यकतालाई मध्यनजर राखी प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक योजना २०७८ तयार गरी कार्यान्वयन गरिरहेको छ। प्रभावित नागरिकलाई मानसिक स्वास्थ्य सेवाको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गरी न्याय र जवाफदेही रुपमा एकीकृत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | सबै वर्गमा सरल र सुलभ तरीकाले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सर्वव्यापी पहुँच उपलब्ध गराउनु। |
| अपेक्षित प्रतिफल | • प्राथमिकता अनुसार मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजनामा समावेश भएका योजनाहरुको कार्यान्वयन गर्ने,<br>• गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुच सुनिश्चितता गरी उपभोगलाई अभिबृद्धि गर्ने।<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री बनाउने।<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दीगो एवं निरन्तरताका लागि आन्तरिक तथा बाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • सरकारी गैर सरकारी तथा नीजि क्षेत्र बीच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने। |
| संचालन प्रकृया | • मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका जिल्ला, स्थानीय तह तथा विद्यालयहरुको छनोट गर्ने,<br>• छनोट भएका विद्यालयका शिक्षक तथा विधार्थीलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम गर्ने,<br>• मानसिक स्वास्थ्यका बारेमा स्थानीय तहका पदाधिकारी, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवाला बीच अभिमुखीकरण कार्यक्रम गर्ने,<br>• मानसिक स्वास्थ्यमा कार्यरत विभिन्न सरोकारवाला निकायसँग समन्वय, सहकार्य तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका विभिन्न सूचनामूलक सामग्रीको विकास तथा उत्पादन गरी पहुँच कम भएका स्थानमा प्रचार प्रसार गर्ने,<br>• मानसिक स्वास्थ्य रणनीतिलाई आयुर्वेद तथा अन्य स्वास्थ्य सेवासँग एकीकृत रुपमा सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्य समस्या समाधानका लागि समुदायस्तरमा बहसपैरवी तथा सन्देशमूलक सामग्री वितरण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | तालिम, कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

**१.३ क्रियाकलापको नामः कम्तीमा एक स्थानीय तह एक योग केन्द्र, मानसिक स्वास्थ्य प्रवर्धन योग ध्यान जीवनशैली परिवर्तन मनोसामाजिक स्वास्थ्य प्रवर्धन प्याकेज तयार गर्ने**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५८३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | पछिल्ला समयमा मानसिक स्वास्थ्य र जीवनशैलीसम्बन्धी चुनौतीहरू बढ्दै गएका छन्। योग, ध्यान तथा जीवनशैली सुधारलाई स्वास्थ्य प्रवर्धनको एकीकृत प्याकेजका रूपमा प्रस्तुत गर्दा समुदायमा स्वास्थ्य सेवाको सहज पहुँच र दीर्घकालीन प्रभाव पर्न सक्छ।एक स्थानीय तह एक योग केन्द्र स्थापना हुन सकेमा स्वास्थ्य सेवा प्रणालीसँग पूरक रूपमा काम गर्न सकिनेछ।स्वस्थ जीवनशैलीका लागि योग प्रणायाम ध्यानका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिवुटिको प्रयोग गरी मानसिक स्वास्थ्य प्रर्वधन, योग ध्यान, जीवनशैलीमा परिवर्तन ल्याउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई योग/ध्यानशिविर/जीवनशैली परिवर्तन तथा सकारात्मक सोचको विकास गर्नु । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भई सम्बृद्ध जीवनको प्रारम्भ हुनेछ। |
| संचालन प्रकृया | • एक स्थानीय तह एक योग केन्द्र स्थापनाका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने,<br>• योग/ध्यान/जीवनशैली परिवर्तन तथा सकारात्मक सोच सम्बन्धी तालिम सामग्री तयार गर्ने<br>• आवश्यकता अनुसार शिविर संचालन गरि शिविरमा प्रेसर तौल साथै वि.एम.आई चेक जाँच गरी उचित परामर्श समेत दिने,<br>• विभिन्न योगसँग सम्बन्धित संघ सँस्थाको सहकार्यमा कार्यक्रम संचालन गर्न पहल गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, योग केन्द्र स्थापना, योग तथा जीवनशैली सम्बन्धी विभिन्न सामग्रीको उत्पादन |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.४ क्रियाकलापको नामः आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा सम्बन्धी तालिम सन्चालनार्थ तालिम सहजिकरण पुस्तिका, म्यानुअल तथा अन्य सामग्री निर्माण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५८१ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा आयुर्वेद तथा बैकल्पिक चिकित्साको उपचार पद्धतिलाई गुणस्तरीय, ब्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिएको छ। आयुर्वेद सेवाको विश्वसनीयतामामा अभिबृद्धि गर्नका लागि विभिन्न स्रोत सामग्री, प्रशिक्षक प्रशिक्षण निर्देशिका, सहभागी पुस्तिकाका साथै अन्य सूचनामूलक समाग्रीको उत्पादन, अनुगमन, क्लिनिकल मापदण्ड लगायतका सामग्रीको निर्माण, छपाई तथा वितरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कर्णाली प्रदेशमा बढ्दो आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई ब्यवस्थित गरी मौलिक उपचार पद्धतिको प्रवर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद तथा बैकल्पिक चिकित्सा बिधिको विकास, विस्तार तथा सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि भइ सेवाग्राहीहरुले पर्याप्त सेवा लिन सक्नेछन्। |
| संचालन प्रकृया | • आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित गर्न आयुर्वेद न्यूनतम सेवा मापदण्डले तोके बमोजिम आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवाको सुदृढीकरणका लागि आवश्यक पर्ने अनुगमन चेकलिष्ट, क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गर्ने,<br>• आवश्यक आयुर्वेद सम्बन्धि मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गरी छलफल र पृष्ठपोषणका लागि गोष्ठी संचालन गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, तालिम पुस्तिका, मापदण्ड, अनुगमन चेकलिष्ट, आदि दस्तावेजहरू । |
| जिम्मेवार व्यक्ति/शाखा | आयुर्वेद चिकित्सक, चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.५ क्रियाकलापको नामः आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको अनुगमन, अनुशिक्षण तथा सुपरीवेक्षण (निजि स्वास्थ्य सँस्थाको समेत)

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५८० | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्थानीय तहबाट प्रदान हुने आधारभूत स्वास्थ्य सेवा तथा प्रदेश सरकारका निकायबाट प्रदान हुने आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणस्तरीय सेवा प्रवाह र स्वास्थ्यकर्मीहरूको क्षमता सुदृढीकरणका लागि नियमित एकिकृत अनुगमन, सुपरिवेक्षण तथा अनसाइट कोचिङ महत्वपूर्ण माध्यम हो। यसबाट कार्यक्रमको प्रगति अनुगमन, समस्या पहिचान तथा समाधान, सेवा गुणस्तर सुधार र स्वास्थ्यकर्मीहरूलाई व्यावहारिक ज्ञान र क्षमता विकासमा सहयोग पुग्ने भएकाले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • कार्यक्रम कार्यान्वयनको अवस्था निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने।<br>• स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई अनसाइट कोचिङ मार्फत ज्ञान र सीपको अभिवृद्धि गर्ने।<br>• आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र प्रभावकारिता बढाउने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • नीतिगत मार्गदर्शन मार्फत स्थानीय आवश्यकता अनुसार सुधारात्मक कार्ययोजना तयार गर्ने।<br>• निजी स्वास्थ्य सेवा प्रदायकहरुलाई जवाफदेहि बनाउन नियमन गर्ने। |
| अपेक्षित प्रतिफल | • सेवा गुणस्तर सुधार भई बालबालिका तथा किशोर–किशोरीलाई लक्षित स्वास्थ्य सेवा सुदृढ हुने।<br>• कार्यक्रम सञ्चालनका क्रममा देखा परेका चुनौतीहरूको समाधानका लागि कार्यान्वयन योजना तयार हुने।<br>• निजि तथा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको इजाजत, नवीकरण र स्वास्थ्य सेवा मापदण्ड अनुरुप संचालन भए/नभएको यकिन हुने |
| संचालन प्रकृया | • निजि तथा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको लगत संकलन गर्ने, वर्गीकरण गर्ने,<br>• अनुगमन टोली गठन गरी मापदण्ड अनुरुप भए/नभएको निरीक्षण गर्ने, प्रतिवेदन तयार गर्ने आवश्यक सुधारका निर्देशन दिने,<br>• प्रतिवेदन अनुसार सुधारका कार्यहरुको कार्यान्वयन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • अनुगमन गरीएका स्वास्थ्य संस्थाको संख्या<br>• समस्या पहिचान र समाधानका लागि तयार भएको प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

**१.६ क्रियाकलापको नामः प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, मानसिक स्वास्थ्य, नसर्ने रोग लगायतका अन्य स्वास्थ्य क्षेत्रमा अध्ययन/अनुसन्धान**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५७९ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अध्ययन/अनुसन्धानले स्थानीय स्वास्थ्य अवस्थाको तथ्याङ्क, चुनौती तथा आवश्यकता पहिचान गर्न मद्दत गर्नुका साथै नीति निर्माण, कार्यक्रम विकास तथा स्रोत परिचालनमा आधार प्रदान गर्छ। कर्णाली प्रदेशमा प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य मानसिक स्वास्थ्य, नसर्ने रोग लगायतका अन्य स्वास्थ्य क्षेत्रमा अध्ययन/अनुसन्धान हुन सकेका छैनन्। यी विषयबस्तुभित्र रही स्वास्थ्यका निर्धारक तत्वहरुको अध्ययन अनुसन्धान गरी स्वास्थ्य क्षेत्रमा परिणाममुखी योजना बनाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, मानसिक स्वास्थ्य, नसर्ने रोगको आवश्यकता पहिचान गर्ने।<br>• बालबालिकामा तनाव, आघात वा मानसिक रोगको अवस्थाबारे तथ्याङ्क संकलन गर्ने,<br>• उच्च रक्तचाप, मधुमेह, क्यान्सर वा श्वासप्रश्वाससम्बन्धी रोगहरूको जोखिम कारक पहिचान गर्ने, जीवनशैली सुधारका लागि कार्यक्रमहरुको सिफारिस गर्ने।<br>• स्वास्थ्य प्रणालीलाई अधिकारमा आधारित, गुणस्तरीय तथा पहुँचयोग्य बनाउन वैज्ञानिक प्रमाण उत्पादन गर्ने। |
| अपेक्षित प्रतिफल | • मातृ तथा नवजात शिशु, बालबालिका तथा किशोर-किशोरी स्वास्थ्य आवश्यकताहरू पहिचान हुनेछन्।<br>• बालबालिकामा मानसिक रोगको अवस्था तथ्या तथा नसर्ने रोगहरुको जोखिम तथा जीवनशैली सुधारका कार्यक्रमको तय गर्न सहज हुनेछ।<br>• स्वास्थ्य प्रणालीलाई अधिकार-आधारित, गुणस्तरीय तथा पहुँचयोग्य बनाउन वैज्ञानिक प्रमाण प्राप्त हुनेछ। |
| संचालन प्रकृया | • मातृ तथा नवजात शिशु, बालबालिका तथा किशोर-किशोरीको स्वास्थ्य क्षेत्रका बिषय पहिचान, छनोट, अनुसन्धानकर्ताको TOR तयारी |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | लगायतका कार्यको लागि स्वास्थ्य महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गर्ने,<br>• नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले तोकेको मापदण्ड पुरा हुने गरी बजेटको परिधिमा रही अध्ययन अनुसन्धानका प्रक्रिया अगाडी बढाउने,<br>• अध्ययन अनुसन्धानको प्रतिवेदन राष्ट्रिय तथा बाह्य प्रकाशकसँग समन्वय गरी प्रकाशनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | छनौट भएका विषय, द्विपक्षीय सम्झौता, सम्पन्न अध्ययन/अनुसन्धानको प्रतिवेदन कार्यदल बैठकका निर्णयहरु |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.७ क्रियाकलापको नामः एक स्वास्थ्य तथा IHR सम्बन्धी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५७५ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा पनि पशुपंक्षी र मानव बीच एकआपसमा सर्न सक्ने र वातावरणमा लामो समयसम्म रहन सक्ने विभिन्न रोगहरुको कारकतत्वको संक्रमणबाट बर्षेनी धेरै संख्यामा मानवीय तथा पशुधनको क्षती भइरहेको छ। मानिस पशुपंक्षी र वातावरण बीचको अन्तरसम्बन्धबाट उत्पन्न हुने रोगहरुके पहिचान गर्दै अधिकतम स्वास्थ्य लाभ प्राप्त गर्न एक स्वास्थ्य अबधारणा अनुरुप बहुक्षेत्रीय र बहुपक्षीय निकायहरुको सहकार्य आवश्यक छ। प्रदेशस्तरमा One Health Approach अन्तर्गत अन्तर मन्त्रालय समन्वय सहकार्य गर्न International Health Regulation तथा जलवायु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | परिवर्तन सम्बन्धी सचेतना फैलाउने खालका विभिन्न क्रियाकलापहरु गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | वातावरणीय, जलवायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई सम्भावित जोखिमहरुको बारेमा जानकारी गराउने।<br>प्रदेशस्तरमा One Health Approach र International Health Regulation सम्बन्धी समन्वय सहकार्य तथा बहस पैरवी गर्ने |
| अपेक्षित प्रतिफल | • वातावरणीय, जलवायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई सम्भावित जोखिमहरुको बारेमा जानकारी भएको हुने<br>• प्रदेशस्तरमा One Health Approach र International Health Regulation सम्बन्धी समन्वय सहकार्य तथा बहस पैरवी भएको हुने। |
| संचालन प्रकृया | • जलवायु परिवर्तनले आधारभूत स्वास्थ्य सेवामा पारेको प्रभाव तथा वातावरणीय स्वास्थ्यका बारेमा सरोकारवालाहरुसँगको सहभागीतामा अन्तरक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>• प्रदेशस्तरबाट जिल्ला तथा स्थानीय तहमा One Health Approach प्रगतिका वारेमा अनुगमन गर्ने,<br>• International Health Regulation का प्राबधानहरु र प्रदेशमा त्यसको वर्तमान अवस्थाको विश्लेषण गरी सरोकारवालाहरुसँग समिक्षा गर्ने,<br>• जुनोटिक रोगहरुको न्युनीकरणका लागि अन्तरमन्त्रालय समन्वय तथा सहकार्य गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन र बैठक निर्णय पुस्तिका |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.८ क्रियाकलापको नामः कर्णालीमा आरोग्य पर्यटन सम्बन्धी कार्यक्रम



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५७४ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकारले कर्णाली स्वास्थ्य पर्यटनको लागि उदाउँदो गन्तव्य भन्ने मान्यतालाई प्राथमिकतामा राखेको छ। राष्ट्रिय आरोग्य पर्यटन रणनीति/कार्ययोजना २०२६-२०३० नेपालमा आयुर्वेद, योग तथा सर्जरीमा आधारित स्वास्थ्य पर्यटनका लागि बर्सेनि हजारौंको सङ्ख्यामा विदेशी पर्यटकहरू आउने सन्दर्भमा कर्णाली प्रदेशमा यस्ता गन्तव्यहरु पर्याप्त रहेकाले ती क्षेत्रको प्रबर्धन, योग, जडिवुटी तथा आयुर्वेदिक चिकित्सालाई प्रबर्धन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद चिकित्सा तथा जडिवुटीको प्रबर्धन गर्न सचेतनामूलक अन्तर्क्रिया सञ्चालन गर्ने |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका विभिन्न स्थानहरु स्वस्थ जीवनशैली, योग तथा आयुर्वेद चिकित्साको गन्तव्यका रुपमा विकास हुँदै जानेछन्। |
| संचालन प्रकृया | • आरोग्य पर्यटकिय स्थानमा स्वास्थ्य सहायता शिविर तथा कक्ष संचालन गर्ने,<br>• योग, खानपान, भान्छाघर औषधालय, आयुर्वेद चिकित्सा पर्यटन सम्बन्धी संक्षिप्त अवधारणा पत्र तयार गरी मन्त्रालयबाट स्वीकृत गर्ने,<br>• प्रदेशका अन्य महत्वपूर्ण स्थानहरुको महत्व तथा आयुर्वेद पर्यटन सम्बन्धी क्रियाकलापका वारेमा विभिन्न सरोकारवालाहरुसँग अन्तर्क्रिया गर्ने,<br>• पर्यटन सम्बन्धी विभिन्न गन्तव्य, आयुर्वेद योगसँग सम्बन्धित महत्वका वारेमा सूचनामूलक सामग्री तयार गर्ने र विभिन्न सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने।<br>• आयुर्वेद स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा तथा पर्यटकको आकर्षणका वारेमा समुदायलाई सु-सूचित गर्न सरोकारवाला निकायसँग साझेदारी गर्ने,<br>• आयुर्वेद हेल्थ होमको विकास गर्न सार्वजनिक निजी साझेदारी गर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठकका निर्णय, अवधारणा पत्र, कार्यक्रम सम्पन्न प्रतिवेदन आदि |
| जिम्मेवार व्यक्ति/शाखा | आयुर्वेद चिकित्सक, चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

**१.९ क्रियाकलापको नामः प्रादेशिक स्वास्थ्य सम्बन्धी कानून, नीति, रणनीति सम्बन्धी समिक्षा/अन्तरक्रिया र पैरवी**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५७३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश स्वास्थ्य नीति २०७६, स्वास्थ्य सेवा ऐन २०७८ तथा नियमावली २०८०, स्वास्थ्य सेवाको पहुँच बाहिर रहेकाहरुलाई समेट्ने रणनीति २०७७, प्रादेशिक स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०८०-८७ लगायत प्रदेशस्तरमा कार्यान्वयन गरिएका विभिन्न ऐन, नीति, रणनीति, निर्देशिका तथा योजनाहरुको समिक्षा, मूल्याङ्कन तथा कार्यान्वयनमा सहजीकरण गर्नका लागि कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशस्तरका स्वास्थ्यसंग सम्बन्धित कानुन कार्यान्वयनको अनुगमन, समिक्षा/मूल्याङ्कन गर्नु। |
| अपेक्षित प्रतिफल | नीतिगत दस्तावेजहरुको कार्यान्वयनका लागी प्रदेश तथा स्थानीय स्तरका प्रतिनिधिमूलक संस्थाका पदधिकारीहरुसँग भई प्राथमिकताका आधारमा कार्यान्वयनमा भएको हुनेछ। |
| संचालन प्रकृया | • प्रादेशिकस्तरमा कार्यान्वयनमा रहेका जनस्वास्थ्यसँग सम्बन्धित कानूनी तथा नीतिगत दस्तावेजहरुको कार्यान्वयनको अवस्थाबारे सरोकारवालाहरुको सहभागीतामा समिक्षा तथा मूल्याङ्कन कार्यशाला गोष्ठी आयोजना गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • समिक्षा तथा मूल्याङ्कनबाट आएका पृष्ठपोषण र भावी योजनाको बारेमा अभिलेखिकरण गर्ने, |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य शाखा, स्वास्थ्य सेवा महाशाखा |

## १.१० क्रियाकलापको नामः साझेदार संस्थाहरुको सहकार्यमा P&O सेवा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५७२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शारीरिक अपांङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गताका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा P&O सेवा उपलब्ध गराउन र अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन सहज र सरल बनाउने अभिप्रायले सहायक सामग्री व्यवस्थापन, मर्मत तथा प्रयोग सम्बन्धी कार्यको निरन्तरताको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीको उपलब्धता, वितरण तथा व्यवस्थापन गर्नु। |
| अपेक्षित प्रतिफल | P & O सेवा प्राप्त भएका नागरिकहरुले सरल सहजरुपमा सामान्य नागरिक सरह जीवन यापन गर्न सक्नेछन्। |
| संचालन प्रकृया | • प्रदेशमा P&O तथा स्वास्थ्य पुनर्स्थापना सेवा सम्बन्धि आवश्यकता पहिचान तथा माग संकलन गर्ने, |



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

| | |
|---|---|
| | • जिल्ला Physiotherapy unit वा साझेदार सँस्थासँग समन्वय गरी व्यक्तिको शारिरीक नाप अनुसार प्राविधिकको राय अनुसार सेवा तथा सामग्री उत्पादन गर्ने,<br>• P&O सेवा दिइरहेका सँस्थासँग समन्वय गरी वा सेवा संझौता मार्फत परामर्श खरिद अपाङ्गता भएका व्यक्तिहरुका लागि सामग्री तथा सेवा उपलब्ध गराउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा शाखा, स्वास्थ्य सेवा महाशाखा |

## स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका क्रियाकलापहरू

### २.१ क्रियाकलापको नाम – खोपबाट बचाउन सकिने रोगहरुको निगरानी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०४२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोपबाट बचाउन सकिने रोगहरुको खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान र निगरानी निरन्तर रुपमा गरी समुदायमा खोपजन्य रोगहरुको बिरामीदर र महामारी हुन नदिनको लागि प्रदेश मार्फत जिल्ला तथा स्थानीय तहहरुमा खोपजन्य रोगहरुको निगरानी तथा खोजि कार्यलाई सुदृढ गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्य | • खोपबाट बचाउन सकिने रोगहरुको निगरानीका कार्यहरु नेपाल सरकारको स्वास्थ्य प्रणालीमा एकीकृत गर्ने नीति अनुरुप संचालन गर्न।<br>• खोपबाट बचाउन सकिने रोगहरुको रोकथाम, नियन्त्रण तथा निवारण गर्न । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ को कार्यान्वयन गर्ने । |
| अपेक्षित प्रतिफल | • खोपबाट बचाउन सकिने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि शंकास्पद बिरामीको अनुसन्धान र निगरानी नियमित संचालन हुनेछ।<br>• खोपबाट बचाउन सकिने रोगहरुको निगरानी हुनेछ । |
| संचालन प्रकृया | • प्रदेशबाट जिल्ला तथा स्थानीय तहमा खोपबाट बचाउन सकिने रोगहरूको अभिमुखीकरण गर्ने,<br>• खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान, टिम परिचालन तथा सहजिकरण गर्ने,<br>• शंकास्पद बिरामीको नमूना संकलन तथा संकलन गरिएको नमुना प्रदेश/राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सम्म ढुवानी खर्चका लागि व्यवस्थापन गर्ने,<br>• खोप पश्चात् हुने अवाञ्छित घटना वा AEFI को अनुसन्धान तथा व्यवस्थापनको लागि टिम परिचालन गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • कार्यक्रमको प्रतिवेदन, उपस्थिति, फोटो तथा अन्य कागजातहरु<br>• शंकास्पद बिरामीहरुको संख्या र अनुसन्धानको संख्या र पटक<br>• शंकास्पद बिरामीहरुको संकलन गरिएको र ढुवानी गरिएको नमुनाको संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, खोप कार्यक्रम फोकल व्यक्ति, WHO IPD |

## २.२ क्रियाकलापको नाम– पूर्ण खोप घोषणा तथा व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५६५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष प्रदेश तथा जिल्लाले पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) बमोजिम पूर्णखोप प्रदेश तथा जिल्ला दिगोपना कायम राखी सोको घोषणा गर्नुपर्ने भएको हुँदा पूर्णखोपको अभिमुखिकरण, प्रमाणीकरण तथा घोषणा सभा आयोजनाका लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्य | • पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) अनुसार जिल्ला र प्रदेश पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गर्न।<br>• पूर्णखोप सुनिश्चितता तथा दिगोपनाको लागि सरोकारवालाहरुको संलग्नता बढाउने। |
| अपेक्षित प्रतिफल | लक्षित उमेर समुहका सबै बालबालिकाले राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरुको मात्रा पुरा गरेका हुनेछन्।<br>खोप कार्यक्रममा प्रदेश तथा स्थानीय सरोकारवाला निकायहरुको संलग्नता तथा प्रतिवद्धता बढ्नेछ। |
| संचालन प्रकृया | पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) बमोजिम निम्न क्रियाकलापहरु संचालन गर्नेः-<br>• पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी खोप कार्यक्रमका सूचक कमजोर रहेका वा छुट खोपका बालबालिका बढी रहेका जिल्ला/स्थानीय तहका सरोकारवालाहरुलाई अभिमुखीकरण बैठक संचालन गर्ने।<br>• जिल्ला तहमा पूर्णखोपको भेरिफिकेशन तथा प्रमाणीकरणको लागि अनुगमन तथा खोप समन्वय समितिको बैठक संचालन गर्ने।<br>• प्रदेश पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा तथा घोषणा सभा आयोजनाका लागि आवश्यक सामाग्री व्यवस्थापन गर्ने।<br>• बजेटको परिधिभित्र रही घोषणा सभामा खोप कार्यक्रममा उत्कृष्ट कार्य गर्ने स्वास्थ्यकर्मी/स्वास्थ्य संस्थालाई सम्मान तथा पुरस्कृत गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | • पूर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि तयार गरिएको कार्ययोजना<br>• पूर्णखोप पाएका, शुन्य तथा आँशिक खोप लगाएका बालबालिकाको संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, खोप कार्यक्रम फोकल व्यक्ति, WHO IPD, UNICEF |

### २.३ क्रियाकलापको नाम – प्रदेश खोप समवन्य समितिको बैठक

| क्रियाकलाप संकेत न. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८२५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप बालबालिकाको नैसर्गिक अधिकार हो। खोप ऐन २०७२ लाई आत्मसाथ गर्दै सबै बालबालिकाले पूर्णखोप लगाएको सुनिश्चित गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा रही स्थानीय तह, जिल्ला र प्रदेशस्तरको खोप कार्यक्रमको वस्तुस्थिति बुझ्न खोप लगाएको बालबालिकाको अवस्था थाहा पाउनका साथै खोप लगाउन छुटेका बालबालिकालाई खोपको सुनिश्चितताका लागि खोप कार्यक्रममा रहेको कमी कमजोरी पहिचान गरी समस्याको समाधान गर्न आवश्यक समन्वय, प्राविधिक सहयोग र पृष्ठपोषणका लागि पूर्णखोप सुनिश्चतता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) ले तय गरे बमोजिम प्रदेश पूर्णखोप समन्वय समितिको बैठक कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सबै तहमा खोप कार्यक्रमको प्रगितको अवस्था बारे जानकारी गराउने र समस्याको पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमका सूचकहरुमा सुधार हुनेछ । |
| संचालन प्रकृया | प्रदेश पूर्णखोप समवन्य समितिको बैठक आवश्यकतानुसार समितिका सदस्य सचिवको प्रस्तावमा अध्यक्षद्वारा तोकिए बमोजिम हुनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | बैठक संचालनको मिटिङ्ग माइन्युट, उपस्थिति, फोटो तथा अन्य कागजातहरु |
| जिम्मेवार व्यक्ति/शाखा | प्रदेश पूर्णखोप समन्वय समिति सदस्य-सचिव, प्रदेश खोप कार्यक्रम फोकल व्यक्ति |

**२.४ क्रियाकलापको नाम – न्युनतम सेवा मापदण्ड अभिमुखिकरण अनुगमन तथा समिक्षा**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२०३६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि न्युनतम मापदण्डहरु पुरा गरेको सुनिश्चित गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | • न्युनतम सेवा मापदण्ड बारे अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा स्वास्थ्य व्यवस्थापकहरुको क्षमता तथा सिप विकास गर्न।<br>• अस्पतालबाट प्रवाह हुने सेवाहरुको न्युनतम गुणस्तर र मापदण्ड पुरा गरे नगरेको सुनिश्चित गर्न।<br>• गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि विद्यमान समस्या तथा चुनौतीहरुको पहिचान, विश्लेषण र समिक्षा गरी कार्ययोजनाको कार्यान्वयन गर्न। |
| अपेक्षित प्रतिफल | • अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड सुनिश्चित हुनेछ।<br>• अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि हुनेछ । |
| संचालन प्रकृया | • प्रदेश तथा स्थानीय तह अन्तर्गतका न्युनतम सेवा मापदण्ड कार्यक्रम लागू नभएका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा दुई दिने अभिमुखीकरण संचालन गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • प्रदेश तथा स्थानीय तह अन्तर्गतका न्युनतम सेवा मापदण्ड कार्यक्रम लागू भएका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्डको अर्ध वार्षिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने।<br>• प्रदेश तथा स्थानीय तह अन्तर्गतका अस्पतालहरुको न्युनतम सेवा मापदण्डहरुको निर्देशनालयबाट अनुगमन गर्ने।<br>• प्रदेशस्तरमा स्वास्थ्य सेवा व्यवस्थापक, चिकित्सा शाखा प्रमुख, MSS फोकल व्यक्ति, प्रदेश अन्तर्गतका सरोकारवालाको सहभागीतामा दुई दिने समिक्षा कार्यक्रम संचालन गर्न सकिनेछ।<br>• समिक्षा कार्यक्रममा प्रदेश तथा स्थानीय तह अन्तर्गतका अस्पतालहरुको न्युनतम सेवा मापदण्डको हाल सम्मको प्रगति अवस्था, देखा परेका समस्या र चुनौती, कार्ययोजना अनुसारको कार्यान्वयनबारे प्रस्तुतिकरण तथा छलफल गर्नु पर्नेछ र सोको प्रतिवेदन स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखामा पेश गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | न्युनतम सेवा मापदण्डको अभिमुखीकरण गरिएका अस्पतालको संख्या, अस्पतालबाट प्रदान गरिने सेवाको अनुगमन गरीएको संख्या, न्युनतम सेवा मापदण्डको समिक्षा गरिएको पटक |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.५ क्रियाकलापको नाम – महामारी व्यवस्थापनको लागि बफर स्टक सामग्री खरिद**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षकः** | **बजेट(हजारमा)** | **संचालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.९२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | सम्भावित महामारी तथा विपद् जोखिमको पुर्वानुमान गरी सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि औषधी तथा अन्य औषधीजन्य सामग्रीहरु नियमानुसार खरिद गरी संचित गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विपद् प्रतिकार्य योजना अनुसारको औषधी तथा अन्य औषधीजन्य सामग्रीहरु खरिद गरी संचित गर्न। |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ। |
| सचालन प्रकृया | • बफर स्टकका लागि आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची विगत वर्षहरुको तथ्यांक अनुसार तयार गरी स्वीकृत गराई सोको आधारमा बजेटको परिधि भित्र रही खरिद गर्ने।<br>• स्वास्थ्य आपतकालीन अवस्थामा मात्र खर्च गर्ने र महामारी/विपद् पश्चात् पुनः सो औषधिको मौज्दात कायम रहने गरी व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम आदि । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यक्रम फोकल व्यक्ति, जिन्सी शाखा |

## २.६ क्रियाकलापको नाम – प्रदेश आकस्मिक स्वास्थ्य केन्द्र (PHEOC) सञ्चालन खर्च

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.८८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको प्रशासनिक एवम् सामान्य संचालन खर्चको लागि यो क्रियाकलापमा बजेट व्यवस्था गरिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको नियमित कार्य सुचारु हुने। |
| अपेक्षित प्रतिफल | केन्द्रको नियमित संचालन, स्वास्थ्य आपतकालीन अवस्थामा, सूचना व्यवस्थापन र प्रतिकार्यमा सहयोग पुग्ने । |
| सचालन प्रकृया | • PHEOC संचालन व्यवस्थापनका यो रकम खर्च हुनेछ ।<br>• प्रदेशमा रहेका हब र सेटलाईट अस्पतालहरुको समीक्षा बैठक संचालन गर्ने ।<br>• PHEOC को कार्यसंचालन सहजीकरण गर्न इन्टरनेट, स्टेशनरी आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | आवश्यक बिल भरपाई |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.७ क्रियाकलापको नाम – प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा RRT परिचालन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षकः | बजेट(हजारमा) | संचालन गर्ने निकाय | सन्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७३९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विपद् तथा महामारी कुनै पनि समय र स्थानमा हुन सक्ने भएकाले सोको रोकथामको योजना बनाउन, विपद् तथा महामारी जन्य रोगहरुको नियमित सर्भिलेन्स गर्न प्रदेश, जिल्ला र स्थानीय तहसँग समन्वय गरी RRT टिम परिचालन गरी विपद् तथा महामारी हुनसक्ने मानवीय तथा भौतिक क्षति कम गर्न यो कार्यक्रम राखिएको हो । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | कर्णाली प्रदेश  प्रदेशमा हुन सक्ने संभावित विपद्, महामारीको पहिचान गर्ने र पहिचान गरिएका विपद् तथा महामारीले मानवीय तथा भौतिक क्षति कम गर्न RRT टिमलाई परिचालन गर्ने। |
| अपेक्षित प्रतिफल | विपद् तथा महामारीबाट सिर्जित समस्याको समयमै नियन्त्रण भई भौतिक तथा मानवीय क्षति न्यूनीकरण हुनेछ । |
| संचालन प्रकृया | • कर्णाली प्रदेश  प्रदेशका जिल्लाका कुनै स्थानमा विपद्, महामारी तथा अन्य समयमा माहामारीजन्य रोगहरुको व्यवस्थापनको लागि RRT गठन तथा प्रदेश, जिल्ला तथा स्थानीय तहमा अभिमुखिकरण क्रियाकलाप संचालन गर्ने।<br>• विपद, महामारी तथा अन्य महामारीजन्य रोगहरुको व्यवस्थापनका लागी पूर्वतयारी एवं प्रतिकार्यका लागि आवश्यक सामग्री तथा किटहरु आवश्यकता अनुसार  खरिद तथा वितरण गर्ने।<br>• विपद तथा महामारी पश्चात RRT टिम परिचालन तथा प्रतिकार्य, अनुगमनका साथै अन्य अनुसन्धानका क्रियाकलाप संचालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठकको निर्णय, उपस्थिति, कार्यक्रम सम्पन्न प्रतिवदेन । |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.८ क्रियाकलापको नाम – प्रदेश स्तरीय मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम समितिको बैठक**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

| | |
|---|---|
| परिचय | मातृमृत्यु घटाउन प्रसुती जटिलताहरुलाई प्रभावकारी रुपमा समयमै व्यवस्थापन गर्नु पर्ने देखिन्छ। मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी स्वास्थ्य सेवा निर्देशनालयका निर्देशकको अध्यक्षतामा समिति गठन गरिने छ। सो समितिको बैठक बसी स्वास्थ्य संस्थामा हुने मातृ मृत्युका संभावित सुधार गर्न सकिने कारणहरु पत्ता लगाई आवश्यक योजना बनाउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | मातृ तथा पेरिनेटल मृत्युका कारणहरु पत्ता लगाइ सुधार गर्न सकिने योजनाहरु बनाउने। |
| अपेक्षित प्रतिफल | नियमित बैठक बसी प्रभावकारी कार्ययोजना निर्माण गरी सोही अनुसार कार्यान्वयन हुने । |
| संचालन प्रकृया | • मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम मार्गदर्शन २०७८ अनुसार प्रदेशस्तरमा गठन भएको MPDSR समितिलाई सक्रिय रुपमा परिचालन गर्ने।<br>• त्रैमासिक रुपमा MPDSR समितिको बैठक नियमानुसार संचालन गर्ने।<br>• बैठक संचालन गर्दा यस समितिका सदस्यहरुको साथै आमन्त्रित सदस्यहरुको छलफल गर्नुपर्ने विषयहरु संकलन गरी सो अनुसार बैठक संचालन गर्ने।<br>• बैठक संचालन वापतको खर्च नियमानुसार गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठकको माइन्युट, बिल भर्पाइ |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

## २.९ क्रियाकलापको नाम – SAS LISTING सम्बन्धी अभिमुखीकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७५१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृ मृत्युका प्रमुख कारणहरु मध्ये असुरक्षित गर्भपतन र गर्भपतनको जटिलताबाट पनि प्रमुख कारण रहेको छ। मातृ मृत्युलाई कम गर्नका लागि सुरक्षित गर्भपतन सेवा सूचीकृत स्वास्थ्य संस्थाबाट सूचीकृत स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गर्नुपर्ने हुन्छ। तसर्थ स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सूचीकृत गर्नका लागि आवश्यक अभिमुखिकरण गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि मापदण्ड पुगेका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी सूचीकृत गर्नु। |
| अपेक्षित प्रतिफल | सूचीकृत स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीबाट गुणस्तरीय तथा सुरक्षित गर्भपतन सेवा प्रवाह भएको हुनेछ। |
| संचालन प्रकृया | • प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुलाई सुरक्षित गर्भपतन स्वास्थ्य संस्था तथा तालिम प्राप्त स्वास्थ्यकर्मी सूचीकृत गर्नेबारे अभिमुखिकरण गर्ने,<br>• लिस्टेड साइटलाई यो अभिमुखिकरण कार्यक्रम एक दिनको गर्ने,<br>• सम्बन्धित जिल्ला तथा स्थानीय तहमा गएर पनि यो कार्यक्रम सञ्चालन गर्ने,<br>• सूचीकृत स्वास्थ्य संस्थाको सुपरिवेक्षण तथा अनुगमन समेत गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.१० क्रियाकलापको नाम – MNH REFERRAL & ICU MANAGEMENT को अन्डर प्रिभिलेज पपुलेसन**

| **क्रियाकलाप संकेत नं** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७४० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृमृत्यु सम्बन्धी प्रतिवेदन सन् २०२१ बमोजिम नेपालमा मातृ मृत्युदर प्रति लाख जिवीत जन्ममा १५१ रहेको छ भने कर्णाली प्रदेशमा १७२ देखिन्छ । मातृमृत्यु मध्ये जम्मा ५७ प्रतिशत मातृ मृत्यु स्वास्थ्य संस्था मा नै हुने गर्दछन्। प्रसुती जटिलतालाई मध्यजर गर्दै प्रसुति सम्बन्धी जटिलताहरु भई स्वास्थ्य संस्थाहरुबाट सो संस्थामा उपचार हुन नसकी प्रेषण केन्द्रमा पठाउनुपर्ने तथा सघन उपचार कक्षमा राखी उपचार गर्नुपर्ने अवस्थामा स्वास्थ्य संस्था तथा प्रेषण केन्द्रको सिफारिसमा विपन्न, अल्पसंख्यक र अपाङ्गता भएका बिरामीहरुलाई प्रेषण तथा उपचार व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेशमा हुने प्रसुति जटिलताहरुलाई प्रभावकारी व्यवस्थापन गरी मातृ मृत्युदरमा कमी ल्याउनु। |
| अपेक्षित प्रतिफल | समयमा जटिलताहरुको उचित व्यवस्थापन भई मातृ मृत्युदरमा कमी आउनेछ। |
| संचालन प्रकृया | • प्रसुति जटिलता भई स्वास्थ्य संस्थामा उपचार हुन नसकी प्रेषण गरिएका विपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका सम्पूर्ण बिरामीहरुलाई प्रेषण तथा नि:शुल्क सेवा दिने,<br>• प्रसुति जटिलता भई भर्ना भएको बिरामीमा रकम अभाव भएको खण्डमा अस्पतालबाट आवश्यक कागजातहरु संकलन गरि माग भई आएको रकम सोधभर्ना गर्ने,<br>• प्रसुति जटिलता भई लामो समय सघन कक्षमा बस्ने बिरामीको लागि विपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका बिरामीहरुलाई प्राथमिकतामा राखि उपचार गर्नुपर्ने भएमा यस शीर्षकबाट उपचारको खर्चको विलको आधारमा अधिकतम रु २५,०००/- सम्म सम्बन्धित अस्पताललाई सोधभर्ना गर्न सकिने,<br>• आमा सुरक्षाबाट सोधभर्ना भएको रकमबाट पनि जटिलता व्यवस्थापन खर्च गर्न सकिने।<br><br><u>आवश्यक कागजपत्रहरु</u><br><br>• प्रदेश अस्पताल सुर्खेतमा भर्ना तथा उपचारको कागजपत्र |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • प्रसुति सम्बन्धी जटिलताको उपचारका क्रममा मातृ मृत्यु हुन गएमा शव वाहनको व्यवस्थापन भएको अवस्थामा सोको बिल भरपाईको आधारमा रकम सोधभर्ना गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | उपचार खर्चको सोधभर्ना गरीएको प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.११ क्रियाकलापको नाम – RH/MNH/ OCMC/ SAFE ABORTION/MPDSR कार्यक्रमको समिक्षा**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश  प्रदेशमा प्रजनन् स्वास्थ्य सम्बन्धीका सूचकहरुको गुणस्तर अझै पनि सन्तोषजनक नभएकोले प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतन, मातृ तथा नवशिशु स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन, मातृ तथा नवशिशु मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रमहरुको एकीकृत समिक्षा गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रदेशस्तरीय प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतन, मातृ तथा नवशिशु स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन, मातृ तथा नवशिशु मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रमहरुको एकीकृत समिक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | मातृ तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचकहरुको अवस्थामा सुधार भएको हुनेछ। |
| संचालन प्रकृया | • प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश अस्पताल, मातृ तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचकहरु कमजोर भएका जिल्ला अस्पताल/स्वास्थ्य सेवा कार्यालय, तथा सरोकारवाला संस्थाहरुको सहभागीतामा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | कर्णाली प्रदेश  प्रदेशमा आर्थिक वर्षमा संचालन भएका माथि उल्लेखित कार्यक्रमको सुदृढिकरणका लागि समिक्षा गरी कार्ययोजना निर्माण गर्ने,<br>• कार्यक्रम संचालनमा भएका अवसर तथा चुनौतीहरु बारे एक दिनको समिक्षा कार्यक्रम संचालन गर्ने।<br>• कार्यक्रम संचालन पश्चात प्रतिवेदन स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पेश गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, स्टेशनरी, शैक्षिक सामग्री, हल तथा जेनेरेटर भाडा, व्यानर, श्रोत व्यक्ति तथा सहजकर्ताको पारिश्रमिक आदिको लागि खर्चको विवरण अग्रीम योजना बनाई स्वीकृत गराई खर्च गर्ने व्यवस्था गर्नुपर्दछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्ययोजना |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

### २.१२ क्रियाकलापको नाम – संक्रामक रोगहरुको सर्भिलेन्स तथा EWARS अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगहरुको सर्भिलेन्सले किटजन्य, पशुजन्य, पानीजन्य तथा अन्य विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको नियमित निगरानी र सम्भावित प्रकोप /महामारीको समयमा नै पहिचान गरी आवश्यक पूर्वतयारी तथा प्रतिकार्यका लागि सहजीकरण हुनेछ।  हाल कायम भएका सेन्टिनल साईटहरुको EWARS मा समयमै रिपोर्टिङ्ग र पूर्ण रिपोर्टिङ्ग दर न्युन रहेकोले सो अवस्थाको सुधार गर्न आवश्यक छ। रोगहरुको निरन्तर, समयमै, पूर्ण र गुणस्तरीय प्रतिवेदन गर्नका लागि EWARS सेन्टिनल |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | साईटहरुमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई EWARS सम्बन्धी अभिमुखीकरण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • प्रकोप /महामारीको समयमा नै पहिचान गरी आवश्यक पूर्वतयारी तथा प्रतिकार्यका लागि सेन्टिनल साईटहरुको EWARS मा समयमै पूर्ण प्रतिवेदन प्राप्त गर्नु। |
| अपेक्षित प्रतिफल | • संक्रामक रोगहरुको निगरानीबाट समुदायमा रहेका बिरामीहरु पत्ता लागि समयमा नै उपचार व्यवस्थापन हुनेछ। |
| कार्यक्रम संचालन प्रकृया | • महामारी तथा विगतमा केस देखिएका क्षेत्रलाई मध्यनजर गरी संक्रामक रोगहरुको निगरानी गर्नुपर्दछ,<br>• निगरानी कार्य संचालनका लागि ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको महामारी निगरानी चेकलिष्ट र केस वेस सर्भिलेन्स निर्देशिका बमोजिमका फारमहरु प्रयोग गर्ने,<br>• शंकास्पद बिरामी खोजपड्तालका लागि पहिलो बिरामी (Index case) भेटिएको घर तथा स्थानलाई आधार मानी क्लस्टर वार्ड तथा वस्तीहरुमा सम्बन्धित रोगको केश वेश सर्भिलेन्स निर्देशिका बमोजिम निरिक्षण गरी सूचना संकलन गर्ने,<br>• निगरानी कार्यमा जिल्ला तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई संलग्न गराई संचालन गर्ने,<br>• निगरानी कार्यमा प्राप्त तथ्याङ्कहरुको नियमित रेकर्डिङ्ग, रिपोर्टिङ्ग गर्ने र तथ्यांक विश्लेषण गरी नतिजा प्रसार गर्ने,<br>• यसका साथै अस्पतालको मेडिकल रेकर्डरहरु तथा फोकल पर्सनलाई EWARS सम्बन्धी एक दिनको अभिमुखिकरण गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | • शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

## २.१३ क्रियाकलापको नाम – रेविज तथा सर्पदंशको उपचार व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल रेबिज तथा सर्पदंशको उच्च जोखिममा रहेको पाईन्छ। विशेषतः बस्ती बिस्तार र सामुदायिक /जंगली जनावरहरुको कारणले मानिसहरुमा जनावरहरुबाट हुनसक्ने आक्रमण तथा विषालु सर्पहरुको टोकाइको जोखिम रहन्छ। तसर्थ सर्पदंश तथा रेविजको उपचार व्यवस्थापन गर्न खटिएका स्वास्थ्यकर्मीहरुको लागि तालिम, विद्यालय शिक्षा कार्यक्रम र आवश्यक पोष्टर पम्पलेट छपाई कार्यका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ । |
| उद्देश्य | • रेबिज तथा सर्पदंशको रोकथाम तथा उपचार व्यवस्थापन गर्न<br>• समुदायमा रेबिज तथा सर्पदंशको रोकथाम तथा उपचारका बारेमा सचेतना अभिवृद्धी गर्न |
| अपेक्षित प्रतिफल | जोखिममा रहेको मानिसहरुमा रेबिज तथा सर्पदंश न्यूनिकरण हुने तथा स्वास्थ्यकर्मीहरुको सीप तथा समुदायमा जनचेतना अभिवृद्धी हुने । |
| सञ्चालन प्रकृया | • रेबिज भ्याक्सिन प्रयोग तथा सर्पदंश उपचारमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्ने,<br>• रेविज, सर्पदंश सम्बन्धित तथ्याङ्क र आवश्यक जानकारि सहितको पोष्टर पम्पलेट छपाई गर्ने।<br>• रेविज तथा सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रहरुमा सो सम्बन्धी विद्यालय तथा समुदायस्तरीय जनचेतनामुलक तथा प्रतिकार्य कार्यक्रम संचालन गर्ने,<br>• विषयबस्तुहरुः जनावरको टोकाई, सर्पदंश, विच्छिदंश, ARV को Intradermal प्रयोग, ASV प्रयोग, CPR गर्ने तरिका सम्बन्धी जानकारी र अभिलेख तथा प्रतिवेदन आदि। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • कार्यक्रम सम्पन्न प्रतिवेदन, ASV र ARV सेवा सम्बन्धी तथ्यांक, तालिम प्रदान गरिएका चिकित्सक र स्वास्थ्यकर्मीको संख्या। |
| जिम्मेवार व्यक्ति/शाखा | • शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.१४ क्रियाकालापको नाम – कीटजन्य रोगहरुको खोज पड्ताल**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५८७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश  प्रदेशमा जनस्वास्थ्य समस्याको रुपमा कीटजन्यरोगहरु जस्तै औलो, कालाजार, डेंगी, हात्तीपाईले, जापानिज इन्सेफलाइटिस लगायतका रोगहरु महामारीको रुप लिन सक्ने सम्भावना भएका स्थानहरु छनौट गरी प्रदेश स्तरबाट नियमित रुपमा निगरानी गर्न जरुरी भएकाले यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | समुदायस्तरमा कीटजन्य रोगहरु र रोग सार्ने भेक्टरहरुको पहिचान गरी नियन्त्रण तथा निवारण गर्न। |
| अपेक्षित प्रतिफल | कीटजन्य रोगहरु र रोग सार्ने भेक्टरहरुको समयमै पहिचान गरि नियन्त्रणका उपायहरु अवलम्वन गर्न मद्दत पुग्नेछ। |
| सञ्चालन प्रकृया | • प्रदेशले आवश्यकता अनुसार जोखिमयुक्त स्थान पहिचान गरि कीटजन्य रोग सार्ने भेक्टरको सर्भे तथा अनुसन्धान गर्ने ।<br>• कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रको सहकार्यमा कीटजन्य रोगको भेक्टरको सर्भिलेन्स सम्बन्धि क्षमता अभिबृद्धि कार्य गर्ने, |



तथ्याङ्क अधिकृत  उप-सचिव  प्रदेश सचिव  मा. मन्त्री

| | |
|---|---|
| | • सर्भिलेन्स गर्नुपूर्व सर्भे गर्ने स्थानको छनौट तथा पूर्वतयारीका लागि प्रदेशस्थित सरोकारवालासँग बैठक र सर्भे पश्चात समीक्षा गोष्ठी गर्ने ।<br>• सर्भेमा खटिने कर्मचारीहरु र एकीकृत सर्भिलेन्स विधि SOP on Integrated Vector Surveillance, 2023 बमोजिम गर्ने ।<br>• यस सर्भे तथा अनुसन्धान कार्यको लागि आवश्यकता अनुसार बजेटको परिधि भित्र रही गाडी रिजर्भ, तालिम प्राप्त जनशक्ति परिचालन, सर्भे सामग्री खरिद, भ्रमण खर्च, सर्भे टोलीको खाजा खर्च, प्रतिवेदन खर्च र विज्ञको खर्च व्यवस्थापन गर्न सकिने छ।<br>• विज्ञ जनशक्ति उपलब्ध हुन नसकेमा करार सेवा सम्झौता गरी परिचालन गर्न सकिनेछ।<br>• सर्भे तथा अनुसन्धान कार्यमा अनुसन्धान क्षेत्रमा भेक्टर परीक्षण प्रयोगशाला व्यवस्थापनका लागि हल भाडा पनि यसै बजेटबाट व्यवस्थापन गर्नु पर्नेछ। |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • कीटजन्य रोगहरु र रोग सार्ने भेक्टरहरु सर्भिलेन्स गरिएको संख्या र पहिचान गरिएको भेक्टरको संख्या, सर्भिलेन्स कार्यको प्रतिवेदन, सर्भिलेन्स कार्यको फोटो, पूर्वतयारी तथा समिक्षा बैठकको माईन्युट |
| जिम्मेवार व्यक्ति/शाखा | • शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

## २.१५ क्रियाकलापको नाम – लिटिल डाक्टर कार्यक्रम संचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५९२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | विद्यालय स्वास्थ्य माध्यमबाट स्वस्थ जीवनशैली, सन्तुलित एवम् पोषिलो आहार, आधारभुत स्वास्थ्य, प्राथमिक उपचार, सरसफाई, रोगहरुको रोकथाम र स्वास्थ्य प्रवर्धानात्मक लगायतका क्रियाकलापहरु संचालन गरी विद्यालयका साथै समुदायस्तरमा समेत स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरी सकारात्मक व्यवहार विकास गर्न आवश्यक भएकाले यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | • विद्यार्थीहरुलाई आधारभुत स्वास्थ्य तथा सरसफाई सम्बन्धी ज्ञान प्रदान गर्नु।<br>• विद्यार्थीहरुलाई स्वास्थ्य नेतृत्वकर्ता (Health Ambassador) को रूपमा तयार पार्नु ।<br>• बालबालिकाहरुलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | • विद्यालयमा स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु नियमित संचालन हुनेछ ।<br>• विद्यार्थीहरुमा आधारभुत स्वास्थ्य तथा स्वास्थ्यप्रति सकारात्मक व्यवहार विकास हुनेछ ।<br>• परिवार र समुदायमा स्वास्थ्य सन्देश पुर्याउन विद्यार्थीहरुको क्षमता विकास हुनेछ। |
| सञ्चालन प्रकृया | • यो कार्यक्रम स्वास्थ्य सेवाको पहुँच र उपभोग कम रहेका जिल्ला तथा स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा तोकिए अनुसारका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।<br>• छनौट गरिएका विद्यालयमा स्वास्थ्यप्रति रुची राख्ने विद्यार्थीहरुलाई शिक्षकको नेतृत्वमा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका २०८१ अनुसार "लिटिल डाक्टर" समूह गठन गरि हेल्थ एमबेसडरको जिम्मेवारी दिने ।<br>• लिटिल डाक्टर समुहका विद्यार्थीहरुलाई स्वास्थ्यकर्मी तथा शिक्षकद्वारा आधारभुत स्वास्थ्य, प्राथमिक उपचार, SRHR, digital violence, menstrual hygiene, bullying, व्यक्तिगत तथा वातावरणीय सरसफाई र रोग रोकथाम जस्ता विषयमा प्रशिक्षण दिने।<br>• प्रशिक्षण कार्यको लागि स्वास्थ्यकर्मी स्थानीय स्वास्थ्य संस्थाबाट परिचालन गर्न सकिनेछ र शिक्षकको हकमा सोही विद्यालयमा कार्यरत विद्यालय नर्स वा स्वास्थ्य शिक्षा विषय पढाउने शिक्षक छनौट गर्ने। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • प्रशिक्षण पश्चात लिटिल डॉक्टर समुहका विद्यार्थीहरुले विद्यालयमा सरसफाई अभियान, स्वास्थ्य लेखाजोखा जस्ता कार्यक्रमहरु नियमित रुपमा संचालन गरी अभिलेख स्थानीय स्वास्थ्य संस्थामा पेश गर्ने।<br>• अभिलेखका लागि टुल्स विकास गरी सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखाबाट स्वीकृति गरि प्रशिक्षणका क्रममा सिकाउने। यसका साथै लिटिल डाक्टर समुहका विद्यार्थीहरुले समुदायमा संचालन हुने विभिन्न स्वास्थ्यका क्रियाकलापहरुमा सक्रिय रुपमा सहभागीता र सहयोग गर्ने ।<br>• स्वास्थ्य सेवा निर्देशनालयबाट नियमित रुपमा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • लिटिल डाक्टर समूह गठन गरिएको संख्या<br>• अभिमुखिकरण गरिएको संख्या<br>• कार्यक्रम प्रतिवेदन (फोटोसहित) |
| जिम्मेवार व्यक्ति/शाखा | • शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

### २.१६ क्रियाकलापको नाम – पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भएका बच्चाहरुको यातायात खर्च

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शीघ्र कुपोषणको संख्या कर्णाली प्रदेश  प्रदेशमा अझै पनि उच्च नै रही आएको छ। आर्थिक अवस्थाको कारणले पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भइ उपचार लिन आउने बालबालिकाहरुको पहुँचमा बृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको छ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | शीघ्र कुपोषण भएका बालबालिकाहरुको उपचार गर्नु। |
| अपेक्षित प्रतिफल | सबै शीघ्र कुपोषण भएका बालबालिकाहरु उपचार पाएका हुनेछन् । |
| संचालन प्रकृया | • सम्बन्धित पोषण पुनर्स्थापना केन्द्रमा उपचार गरिएका बालबालिकाहरुलाई उपचार तथा स्वास्थ्य संस्थासम्म आँउदा जाँदाको यातायात खर्च सोही केन्द्रबाट व्यवस्थापन गरी सो रकम माग भई आएमा स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतबाट सोधभर्ना गर्ने,<br>• यातायात खर्च सार्वजनिक यातायात दररेट अनुसार प्रदान गर्ने।<br>• सोधभर्नाको लागि आवश्यक प्रमाणित कागजातः<br>१. स्वास्थ्य संस्था/अस्पतालको प्रेषण पुर्जा<br>२. पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भई उपचार गरेको प्रमाणित कागजात<br>३. डिस्चार्ज<br>• यो सुविधा बर्षमा एक बिरामीको लागि एकपटक मात्र दिन सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बिरामी भर्ना रजिष्टर, यातायात खर्च बुझेको भरपाई, प्रेषण गरीएको पुर्जा |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख र कार्यक्रम फोकल व्यक्ति |

### २.१७ क्रियाकलापको नाम – सक्रिय विधिबाट कुष्ठरोग खोजपडताल कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.६० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश प्रदेशमा बसोबास गर्ने समुदायमा पहिचान हुन छुटेका सम्भावित कुष्ठरोगका बिरामीहरुको सक्रीय विधिवाट खोजपड्ताल गरी रोगको संक्रमण दरमा कमी ल्याउनका साथै अपाङ्गता हुनबाट बचाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सक्रीय विधिबाट कुष्ठरोग बिरामी पत्ता लगाइ उपचारको दायरामा ल्याउने |
| अपेक्षित प्रतिफल | समुदायमा पहिचान हुनबाट छुटेका बिरामीहरु समयमै पत्ता लागी उपचार भएको हुनेछ। |
| संचालन प्रकृया | • जन/स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तहसंग समन्वय गरी कुष्ठरोग आधारभूत तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी स्क्रिनिङ क्याम्प संचालन गर्ने।<br>• महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गर्ने।<br>• साथै कर्णाली प्रदेश प्रदेशमा कुष्ठरोग कार्यक्रम क्षेत्रमा कार्यरत सहयोगी संस्थासंगको समन्वयमा कुष्ठरोग खोज पड्ताल कार्यक्रम संचालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.१८ क्रियाकलापको नाम – डी आर सेन्टर, सव सेन्टर नयाँ विस्तार एवं संचालनमा भएकालाई आवश्यक सुदृढीकरण, औषधि प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्चका लागि अपुग रकम, एन्सिलरि औषधि खरिद**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.५३८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | औषधि प्रतिरोधी क्षयरोग बिरामीको उपचार व्यवस्थापनमा बाधा नहोस भन्ने उद्देश्यले यो कार्यक्रम व्यवस्था गरीएको हो । यस कार्यक्रमबाट क्षयरोगका उपचारका लागि नयाँ विस्तार वा संचालनमा रहेका डी आर सेन्टरहरु, सब सेन्टरहरुको सुदृढीकरण एवं डी आर टिबीका बिरामीहरुको पोषण यातायात, आधारभूत परीक्षण तथा उपचारका लागि आवश्यक औषधिहरुको व्यवस्थापन गरी उपचारका क्रममा देखा पर्ने प्रतिकूल असरहरूलाई व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • नयाँ विस्तार/चालु डी आर सेन्टरहरूको सुदृढीकरण गर्ने।<br>• DR-TB बिरामीहरूलाई पोषण, यातायात र परीक्षणमा सहायता उपलब्ध गराउने।<br>• औषधि प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन गर्न आवश्यक थप औषधिहरूको व्यवस्थापन गरी उपचारमा आई परेका समस्याहरू समाधान गर्ने |
| अपेक्षित प्रतिफल | • डी आर टिबी सेन्टरहरुको सुदृढीकरण भई सेवा प्रवाह निरन्तर हुने।<br>• औषधि प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन भएको हुने।<br>• औषधि प्रतिरोधी क्षयरोग उपचार सेवा निरन्तर सञ्चालन भएको हुनेछ । |
| संचालन प्रकृया | यस शिर्षकमा विनियोजन भएको रकमलाई तपसिल बमोजिमका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ।<br>• नयाँ बिस्तार भएका एवं संचालनमा रहेका डी आर सेन्टर सव सेन्टरहरुको आवश्यकता अनुसार सुदृढीकरण,<br>• औषधि प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च का लागि अपुग रकम,<br>• अनुसूची-१ बमोजिम एन्सिलरी औषधि खरिद |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा पाएको बिरामीको संख्या, पोषण वितरण गरेको संख्या, खरिद प्रकृया, दर रेट, औषधिको विवरण, दाखिला विवरण तथा वितरण प्रतिवेदन |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.१९ क्रियाकलापको नाम – कुष्ठरोगका कारणले अपांगता भएका तथा अन्य अपांगता भएका व्यक्तिहरुको लागि चाहिने सहयोगी सामग्री व्यवस्थापन तथा वितरण**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५६२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कुष्ठरोगका कारण अपाङ्गता भएका तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन सहज, सुरक्षित र आत्मनिर्भर बनाउन आवश्यक सहयोगी सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ। आवश्यकतामा आधारित सहयोगी सामग्रीको व्यवस्थापन तथा वितरणमार्फत उनीहरूको कार्यक्षमता अभिवृद्धि गरी जीवनस्तर सुधार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | • कुष्ठरोगका कारण अपाङ्गता भएका तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहयोगी सामग्री उपलब्ध गराउने।<br>• अपाङ्गता भएका व्यक्तिहरूको दैनिक क्रियाकलाप, गतिशीलता तथा आत्मनिर्भरता अभिवृद्धि गर्ने।<br>• आवश्यकता अनुसार गुणस्तरीय सहयोगी सामग्रीको पहुँच सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | • लक्षित लाभग्राहीहरूले आवश्यक सहयोगी सामग्री प्राप्त गर्नेछन्।<br>• अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनयापन तथा आवतजावतमा सहजता आउनेछ।<br>• लाभग्राहीहरूको कार्यक्षमता तथा सामाजिक सहभागीतामा वृद्धि हुनेछ। |
| संचालन प्रकृया | • स्वास्थ्य कार्यालयले स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी लाभग्राहीहरूको आवश्यकता पहिचान गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • आवश्यकता तथा प्राथमिकताका आधारमा सहयोगी सामग्रीको खरिद तथा व्यवस्थापन गरिनेछ। <br>• सम्बन्धित प्राविधिकको सिफारिसका आधारमा लाभग्राही छनोट गरी सामग्री वितरण गरिनेछ। <br>• वितरण गरिएको सामग्रीको अभिलेखीकरण तथा प्रतिवेदन तयार गरिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, दाखिला विवरण, प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.२० क्रियाकलापको नाम –ए आइ विधिबाट सक्रिय रुपमा क्षयरोग स्क्रिनीङ्ग कार्यक्रम**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२०३९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ। सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र छुटेका क्षयरोग बिरामीहरुको केश नोटिफिकेशन बढाउन CXR-AI प्रविधिबाट स्वास्थ्य पहुँच कम भएका क्षेत्रहरूमा छिटो र सही स्क्रिनिङ्ग गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | CXR-AI प्रविधिबाट क्षयरोगको छिटो एवं सहि निदान गर्ने |
| अपेक्षित प्रतिफल | CXR-AI प्रविधिबाट स्वचालित स्क्रिनिङ्ग भै समयमानै क्षयरोगको निदान भै उपचार केन्द्रमा प्रेषण हुनेछन्। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रकृया | • प्राथमिकताको आधारमा लक्षित समूह र सम्भावित लाभग्राही संख्या एकीन गर्ने<br>• स्क्रिनीङ्ग कार्यक्रम सञ्चालनका लागि जन/स्वास्थ्य सेवा कार्यालय तथा सम्बन्धित स्थानीय तहका स्वास्थ्य संस्थाहरु, समुदाय प्रतिनिधिहरू एवं स्वास्थ्य स्वंसेविकाहरुसँग समन्वय बैठक गरी समन्वय मार्फत स्थान, जनशक्ति, प्रचार-प्रसार र आवश्यक अनुमतिहरू सुनिश्चित गर्ने ।<br>• जोखिम समूहलाई सहज हुने गरी विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन वा बस्तीमै क्याम्प स्थल निर्धारण गर्ने र स्थान अनुगमन गरी पूर्वतयारी तथा भीड व्यवस्थापन दृष्टिले मिति निर्धारण गर्ने<br>• Portable Digital Chest X-ray को उपलब्धता, ढुवानी, Installation, र सञ्चालनका लागि प्राविधिक व्यवस्थापन सुनिश्चित गर्ने।<br>• क्षयरोग पुष्टि भएका व्यक्तिहरूलाई स्वास्थ्य शिक्षा प्रदान गरी उपचार सुरु गर्नका लागि नजिकको स्वास्थ्य संस्था वा DOTS सेन्टरमा प्रेषण गरी उपचारमा गएको नगएको सुनिश्चित गर्ने।<br>• उपचार सुरु गरेका बिरामीहरूको सम्पूर्ण विवरण स्वास्थ्य संस्थाको सम्बन्धित HMIS tools मा र NTPMIS मा अद्यावधिक गरी मासिक प्रतिवेदन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | स्क्रनिङ्ग संख्या, कर्मचारिको हाजिरी, ए.आई. पोजिटिभ केस दर, फल्स पोजिटिभ/ नेगेटिभ दर |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.२१ क्रियाकलापको नाम – एच आई भी टेष्ट किट व्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७४८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश प्रदेशमा HIV को निगरानी तथा परीक्षणमा सहजता ल्याउनका लागि HIV टेष्ट किट खरिद तथा व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | HIV संक्रमण रोकथाम तथा पहचान गर्न छिटो छरितो जाँचको लागि उक्त किटको उपलब्धता सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफल | समयमा नै HIV टेष्टकिट खरिद भै सेवा प्रवाह गुणस्तरिय र निरन्तर हुने । |
| संचालन प्रकृया | • आवश्यक टेस्ट किटको वार्षिक परिमाण प्रक्षेपण गर्ने।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने ।<br>• गुणस्तरको सुनिश्चितता गरेर मात्र टेस्ट किटहरु खरिद गर्ने ।<br>• खरिद गरीएका टेस्ट किटहरु आवश्यक स्वास्थ्य सँस्थामा उपलब्ध गराउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधिको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, वितरण प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.२२ क्रियाकलापको नाम –एच आई भी संक्रमित तथा प्रभावितहरुका लागि पोषणयुक्त खानेकुरा वितरण तथा व्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | एच.आई.भी. संक्रमित तथा प्रभावितहरुको उपचारमा नियमितता गराउन तथा उनीहरुको स्वास्थ्य अवस्थामा सुधार गर्न यो कार्यक्रम व्यवस्था गरीएको हो। यस कार्यक्रमबाट एच.आई.भी. उपचारको क्रममा औषधि सेवन गर्दा देखा पर्ने कमजोर शारीरिकपनलाई स्वस्थकर राख्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एच.आई.भी. भएका व्यक्तिहरुलाई आवश्यक थप पोषणयुक्त खानेकुरा व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | एच.आई.भी. उपचार सेवा नियमित भई स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ। |
| संचालन प्रकृया | पोषणयुक्त खानेकुरा वितरण तथा व्यवस्थापन<br>• प्रदेश अन्तर्गतका एच.आई.भी. भएकाहरु विभिन्न ए.आर.टि. साइटमा उपचाररत ए.आर.भी. लिने सेवाग्राहीहरुको विवरण तयार गर्ने,<br>• उपचाररत सेवाग्राहीहरुको संख्याका आधारमा पोषणयुक्त खानेकुराहरुको आवश्यक परिमाण एकिन गर्ने,<br>• राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम तर्फ अति आवश्यक पर्ने पोषणयूक्त खानेकुरा खरिद गरी सहजै उक्त पोषणयूक्त खानेकुराहरु उपलब्ध हुने गरी कर्णाली प्रदेश प्रदेशमा रहेका नवकिरण प्लस लगायतका सरोकारवाला संस्थाहरुसँग समन्वय गरी सबै ए.आर.टि. साइट तथा सेवामा दोहोरोपन नपर्ने गरी सामुदायिक हेरचाह केन्द्रमा आवश्यक वितरण व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | • नयाँ पत्ता लागेका एच.आई.भी. सेवाग्राही संख्या,<br>• ए.आर.टि. उपचारमा आएका सेवाग्राही संख्या,<br>• पोषणयूक्त खानेकुरा खरिद बील भर्पाइ कागजातहरु,<br>उपस्थिति विवरण, दाखिला, हस्तान्तरण फाराम आदि। |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

२.२३ क्रियाकलापको नाम – एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (अनुशिक्षण, तालिम तथा डेटा भेरिफिकेशन समेत)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८०४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट संचालन गरिएका स्वास्थ्य सम्बन्धी क्रियाकलापहरुको सहजिकरण, समन्वय, डेटा भेरिफिकेसन, अनुशिक्षण, नियमित अनुगमन, पृष्ठपोषण, मूल्यांकन तथा सुपरिवेक्षेणका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | नियमित, आवधिक कार्यस्थल अनुशिक्षण, अनुगमन, सुपरिवेक्षण गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा अपेक्षित सुधार हुने । |
| संचालन प्रकृया | स्थलगत अनुगमन कार्ययोजना निर्माण गरी उल्लेखित (खोप, विपद्/महामारी, सुरक्षित मातृत्व, पोषण, बालरोग, कीटजन्य, औलो, कालाजार, तथ्याकं, जनसङ्ख्या, आयुर्वेद, क्षयरोग, एच.आई.भी., कुष्ठरोग/अपाङ्गता, मानसिक स्वास्थ्य, नसर्ने रोग, श्वासप्रश्वास) विभिन्न कार्यक्रमको अनुगमन सुपरिवेक्षण मूल्याङ्कन गरी सोको समिक्षा गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

२.२४ क्रियाकलापको नाम– विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणाली (EHIRRS) सुदृढीकरण; स्वास्थ्य संस्थाहरुमा विद्युतीय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन (e-HMIS) प्रणाली विस्तार गर्ने कार्यक्रम



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४५७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२५८८ | | | | |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा HMIS Tool हरुको बैकल्पिक व्यवस्थाका लागि अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विद्युतीय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणालिको संचालनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरूमा भएको सेवा प्रवाहलाई अनलाइनमा रेकर्डिङ्ग गरी मासिक रूपमा अनलाइनबाट नै प्रतिवेदन तयार गर्ने । |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ । |
| संचालन प्रकृया | • यस कार्यक्रममा रहेको बजेटबाट प्रदेश अन्तरगतका स्वास्थ्य संस्थाहरूमा विद्युतीय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणालीको जडान गर्नका लागि स्वास्थ्य संस्थाहरू छनौट गर्ने,<br>• आवश्यकतानुसारका सामग्री खरिद गरी संस्थाहरूमा वितरण गर्ने,<br>• स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई EHIRRS/ EHMIS सम्बन्धी तालिम व्यवस्था गर्ने,<br>• IT सेवा प्रदायक संस्थासंग समन्वय गरी विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रणाली चलाउनको लागि स्वास्थ्य सेवा विभागबाट अनुमति प्राप्त IT सेवा प्रदायकसंग दुई पक्षिय सम्झौता गरि सेवा विस्तार गर्ने ।<br>• यस अघि EHIRRS/EHMIS सुचारू गरिएका स्वास्थ्य संस्थाहरुको वार्षिक नविकरण गर्ने।<br>• स्थानीय तहका स्वास्थ्य सँस्थामा eHMIS सम्बन्धि कार्यक्रम संचालन गरि digital अभिलेखलाई प्रबर्द्धन गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | छनोट भएका स्वास्थ्य संस्थाहिरूमा विधुतिय स्वास्थ्य सूचना अभिलेख प्रणाली प्रयोग भइरहेको हुनेछ। |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.२५ क्रियाकलापको नाम – तथ्यांक फोकल पर्सनहरुको लागि HMIS/DHIS, Data Quality र Data Verification सम्बन्धी क्षमता अभिवृद्धि**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, मूल्याङ्कन तथा गुणस्तरीय डेटा व्यवस्थापनका लागि प्रदेश सरकार र स्थानीय तहहरूमा कार्यरत तथ्यांक फोकल पर्सनहरूको क्षमता अभिवृद्धि अत्यावश्यक छ। यस कार्यक्रम मार्फत तथ्यांक संकलन, प्रविष्टि, विश्लेषण, प्रमाणीकरण तथा प्रयोग सम्बन्धी सीपहरू प्रदान गरी स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS), डिजिटल स्वास्थ्य सूचना प्रणाली (DHIS) र डेटा गुणस्तर (Data Quality) सुधारका लागि आवश्यक दक्षता विकास गरिने छ। साथै, समन्वय, सहजीकरण, सुपरिवेक्षण र पृष्ठपोषण प्रक्रियालाई व्यवस्थित गर्दै स्वास्थ्य प्रणालीलाई अझ प्रमाणिक, उत्तरदायी र डेटा—आधारित बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ। |
| उद्देश्य | -प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा कार्यरत तथ्यांक फोकल पर्सनहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्नु।<br>-HMIS/DHIS प्रणालीको प्रभावकारी उपयोग, डेटा प्रविष्टि, प्रमाणीकरण तथा विश्लेषणमा दक्ष बनाउनु।<br>-डेटा गुणस्तर (शुद्धता, पूर्णता, समयमै रिपोर्टिङ) सुधार गर्ने सीप विकास गर्नु।<br>-अनुगमन, सुपरिवेक्षण र डेटा—आधारित निर्णय प्रक्रियालाई संस्थागत बनाउनु। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | -प्रदेश तथा स्थानीय तहमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुऱ्याउनु। |
| अपेक्षित प्रतिफल | -स्वास्थ्यका प्रमुख सूचकहरूमा गुणात्मक सुधार हुने।<br>-समयमै, शुद्ध र भरपर्दो तथ्यांकको उपलब्धता हुने।<br>-अनुगमन तथा सुपरिवेक्षण प्रणाली सुदृढ हुने।<br>-निर्णय प्रक्रियामा डेटा प्रयोगको प्रवर्धन हुने। |
| संचालन प्रकृया | **लक्षित समूहः** प्रदेश तथा स्थानीय तहका कार्यरत जनस्वास्थ्य अधिकृत, तथ्यांक फोकल पर्सनलाई सहभागी गराईने छ<br>**तालिम अवधिः** आवश्यकता अनुसार ३ देखि ४ दिन<br>कार्यक्रम सम्बन्धित प्रतिवेदन तयार पार्ने र समीक्षा बैठक गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

## २.२६ क्रियाकलापको नाम – तथ्याङ्क फोकल पर्सन, जिन्सी शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखको लागि PAMS V2 सम्बन्धी ४ दिने क्षमता अभिवृद्धि कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५८९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयले Public Assets Management System (PAMS V२) सञ्चालनमा ल्याएको |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | हो। यो वेब-आधारित सूचना प्रणाली हो, जसले सरकारी कार्यालयहरूमा रहेका चल तथा अचल सम्पत्तिको अभिलेखीकरण, वर्गीकरण, खरिद, हस्तान्तरण, मर्मत, लिलाम तथा प्रतिवेदन व्यवस्थापनलाई डिजिटल माध्यमबाट एकीकृत रूपमा सञ्चालन गर्न सहयोग गर्दछ।<br><br>PAMS V२ ले कागजी अभिलेख प्रणालीलाई विस्थापन गर्दै सम्पत्ति व्यवस्थापनलाई विद्युतीय मध्यमबाट आधुनिक, सुरक्षित, पारदर्शी र तथ्याङ्कमा आधारित बनाउने कार्य गर्दछ। |
| उद्देश्य | • आधारभूत स्वास्थ्य आपूर्ति व्यवस्थापन प्रणाली (BHLT) बारे सैद्दान्तिक जानकारी प्रदान गर्ने ।<br><br>• PAMS V२ को अवधारणा, उद्देश्य र महत्व बुझ्ने।<br><br>• प्रणालीका प्रमुख मोड्युल तथा सुविधाहरूको जानकारी प्राप्त गर्ने।<br><br>• सार्वजनिक सम्पत्ति दर्ता तथा व्यवस्थापन प्रक्रिया बुझ्ने।<br><br>• प्रयोगकर्ताको भूमिका (Role) तथा जिम्मेवारी पहिचान गर्ने।<br><br>• प्रतिवेदन तथा निर्णय प्रक्रियामा PAMS V२ को उपयोगिता बुझ्ने। |
| अपेक्षित प्रतिफल | • PAMS V२ प्रणालीमा सहज रूपमा Login गर्न सक्ने।<br><br>• नयाँ सम्पत्ति दाखिला गर्न सक्ने।<br><br>• सम्पत्ति अद्यावधिक, हस्तान्तरण तथा मर्मत विवरण प्रविष्ट गर्न सक्ने।<br><br>• आवश्यक प्रतिवेदन तयार गर्न सक्ने।<br><br>• कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थित रूपमा व्यवस्थापन गर्न सक्षम हुने। |
| संचालन प्रकृया | • तालिमका लागि स्थान, समय र प्रशिक्षकको छनोट गर्ने ।<br><br>• तालिमका लागि आवश्यकताअनुसार बाह्य प्रशिक्षक ल्याएर तालिम संचालन गर्ने।<br><br>• सहभागीः जिल्लाका तथ्याङ्क फोकल पर्सन, स्थानीय तहका स्वास्थ्य तर्फको जिन्सी शाखा प्रमुख (PAMS V२ फोकल पर्सन) तथा आवश्यकता अनुसार अन्य स्वास्थ्यकर्मीहरु रहने। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • सहभागीहरुलाई झोला प्रदान गर्न सकिने,<br>• अवधिः ४ दिन<br>• तालिमका लागि सन्दर्भ सामग्री तथा उपकरणको व्यवस्था। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.२७ क्रियाकलापको नाम – दीर्घ तथा कडारोगका बिरामीलाई उपचार सहायता कार्यक्रम (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, एनिमिया, रिकेटस, अटिजम र सिकलसेल एनिमिया)**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश प्रदेशमा दीर्घ, कडा तथा गम्भीर प्रकारका (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर,स्पाइनल इन्जुरी, हेड इन्जुरी, एनिमिया, रिकेटस, अटिजम र सिकलसेल एनिमिया) रोगका बिरामीहरुको उपचार सहयोगका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | दिर्घ तथा कडारोगहरु (मुटुरोग,मृगौलारोग,क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, एनिमिया, रिकेटस, अटिजम र सिकलसेल एनिमिया) को उपचार व्यवस्थापनमा सहयोग गर्नु। |
| अपेक्षित प्रतिफल | उपचार व्यवस्थापनमा सहज पहुँच भएको हुनेछ। |
| संचालन प्रकृया | • नजिकको सेवा प्रदायक स्वास्थ्य संस्थामा उपचार सम्भव नभई थप उपचारका लागी विशिष्टकृत स्वास्थ्य सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थामा गई उपचार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | गर्नुपरेमा स्वास्थ्य उपचार सहायता स्वरुप उपचार गरेका (मुटुरोग, मृगौला रोग, कलेजो रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, एनिमिया, रिकेटस, अटिजम र सिकलसेल एनिमिया, थालासेमिया) का बिरामीहरुलाई उपचार सहयोग कार्यक्रम अन्तर्गत विनियेजित बजेटबाट खर्च हुने गरी आ.व २०८१/८२ मा लागु भएकाले कर्णाली प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार आ.व २०८१/८२ साउन १ गते पछि र आ.व २०८३/८४ सम्ममा उपचार खर्च पाउनका लागि निवेदन पेश गरेर रकम अपुग भई भुक्तानी दिन बाँकी रहेका दीर्घ, कडा तथा गम्भीर प्रकारका रोगहरुको उपचार गराई रहेका नागरिकहरुलाई उपचार खर्च उपलब्ध गराउनु पर्नेछ,<br>• संघिय सरकारले उपलब्ध गराउने विपन्न नागरिक उपचार सहायता अन्तर्गत रहेका रोगहरुको परिभाषा यस कार्यक्रममा पनि सो अनुसार हुनेछ,<br>• सेवाग्राहीलाई रकम उपलब्ध उराउदा संघिय सरकारले उपचार वापत उपलब्ध गराउने रकममा अपुग हुने थप रकम मात्र उपलब्ध गराउनु पर्नेछ,<br>• उपचार गरेका नागरिकलाई उपचार सहयोग खर्च उपलब्ध गराउदा निजले खर्च गरेको सम्वन्धित अस्पतालको वापत रु. एक लाखसम्म सोधभर्ना स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले रकम एकिन गरी निजको व्याक्तिगत खातामा उपलब्ध गराउने छ,<br>• उपचार सहयोग रकम एउटा व्यक्तिलाई निजको जीवनभरमा एक पटक मात्र उपलब्ध गराइने छ,<br>• उपचार सहयोग खर्च रकम प्राप्त गर्न उपचार भएका नागरिकले उपचार खर्च प्राप्तीको लागी स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले निवेदन लिने,<br>• निवेदन साथ देहाय बमोजिमका थप कागजातहरु पेश गर्ने:<br>१. नागरिकताको प्रतिलिपी, नाबालकको हकमा निजको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपी,<br>२. रोग खुलेको सम्वन्धित अस्पतालको सिफारिस कागज वा चिकित्सकको प्रिस्क्रिप्सन विवरण, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | ३. उपचाररत अस्पतालको ओ.पि.डी टिकट वा बिरामी भर्ना कागज, डिस्चार्ज लेटर र उपचार गराई रहेको सिफारिस पत्र,<br>४. अस्पतालबाट खर्च विवरण प्रमाणित गरेको पत्र (सक्कल बिलहरु भर्पाई) वा सो अस्पताल भन्दा बाहिरको खर्च बिलहरु भएमा सम्बन्धित अस्पतालले अनिवार्य प्रमाणित बिल,<br>५. एक वा सो भन्दा बढी अस्पतालमा उपचार गरेको भए अनिवार्य प्रेषण (रेफर) पुर्जा,<br>६. बिरामीको बैङ्क खाताको विवरण<br>• सेवा प्रदान गरिएको विवरण विधुतिय प्रणालीमा अभिलेख राख्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | उपचार खर्च लिएका बिरामी संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

**२.२८ क्रियाकलापको नाम – स्थानीय आम संचार माध्यमबाट स्वास्थ्य सन्देश प्रसारण (प्राईभेट टेलिभिजन, एफ.एम. अनलाईन, पत्रपत्रिका, होर्डिङ बोर्ड, डिजिटल बोर्ड आदि)**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.८९५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विभिन्न अस्पताल/स्वास्थ्य संस्था मार्फत प्रतिकारात्मक, उपचारात्मक, प्रबर्धनात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रदान हुदै आएको छ। राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा राज्यले गरेका प्रतिबद्धता, जनस्वास्थ्य सेवा ऐन/नियमावली, स्वास्थ्य नीति/रणनीतिका साथै सर्वव्यापी स्वास्थ्यको पहुँचको अवधारणा अनुसार प्रदेशको तर्फबाट विभिन्न रोगहरूबारे तथा स्वास्थ्यका अन्य |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सूचनाहरू बारेमा आम जनसमुदायलाई सुसूचित गराउन र सञ्चारका माध्यम मार्फत नागरिकहरुलाई स्वस्थपूर्वक बाँच्नका लागि सचेतना गराउन यस किसिमको कार्यक्रम राखिएको हो । |
| उद्देश्य | संचारकर्मीहरु एवं जनसमुदायलाई स्वास्थ्य सम्बन्धी गतिविधिका वारेमा जानकारी गराइ नागरिकहरुमा सकारात्मक व्यवहार परिवर्तनका लागि सचेतना फैलाउनु। |
| अपेक्षित प्रतिफल | नागरीकहरु सू-सूचित भइ स्वस्थकर बानी व्यवहार/जीवन शैली अपनाउनेछन्। |
| संचालन प्रकृया | • नेपाल पत्रकार महासंघ,प्रदेश इकाइको समन्वयमा क्रियाशील सञ्चारकर्मीलाई आमन्त्रण गरी स्वास्थ्यका पछिल्ला गतिविधि/विशेष कार्यक्रमका बिषयमा अन्तर्क्रिया मार्फत जानकारी गराउने र छलफल गर्ने,<br>• स्वास्थ्य सम्बन्धी सन्देशहरु छिटो छरितो माध्यमबाट प्रवाह गर्न टेलिभिजन, एफ.एम., अनलाइन पत्रपत्रिका होडिङ बोर्ड र डिजिटल बोर्ड मार्फत प्रकाशन, प्रसारण गर्ने,<br>• सञ्चारकर्मीहरुलाई प्रस्तुतिकरण, प्रेस विज्ञप्ति, उपलब्ध भएसम्म स्वास्थ्य शिक्षा सामग्री समेत उपलब्ध गराउने,<br>• महिनावारी स्वच्छता, पोषण, प्रजनन् स्वास्थ्य तथा अन्य स्वास्थ्य सम्बन्धी जानकारी विद्यालय र कलेजमा गएर गराउन सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल व्यक्ति |

## २.२९ क्रियाकलापको नाम – आयुर्वेद तथा वैकल्पिक चिकित्सा न्यूनतम सेवा मापदण्ड (MSS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२१९४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरका आयुर्वेद अस्पतालहरुको न्युनतम सेवा मापदण्डको अनुगमन, फलोअप तथा समिक्षा गर्न यस कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशस्तरका आयुर्वेद अस्पतालहरुको न्युनतम सेवा मापदण्डको अनुगमन गरी आवश्यकता अनुसार सुदृधिकरण गर्ने। |
| अपेक्षित प्रतिफल | प्रदेशस्तरका आयुर्वेद अस्पतालहरुको न्युनतम सेवा मापदण्डको हाल सम्मको उपलब्धि र समस्याको पहिचान भई निरन्तर सुदृधिकरण भई आयुर्वेद स्वास्थ्य संस्थाले दिने सेवाको गुणस्तरमा वृद्धी हुनेछ । |
| संचालन प्रकृया | • प्रदेशस्थित आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको वर्षमा दुई पटक फलोअप गर्ने।<br>• प्रदेशस्थित आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको न्युनतम सेवा मापदण्ड सम्बन्धित प्रदेशस्तरीय समिक्षा कार्यक्रम गर्ने।<br>• न्युनतम सेवा मापदण्डमा पत्ता लागेका समस्याहरुको समाधानका लागि आवश्यक सामग्री तथा उपकरणहरुको व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | न्युनतम सेवा मापदण्डको अभिमुखीकरण गरीएका अस्पतालको संख्या, अस्पतालबाट प्रदान गरीने सेवाको अनुगमन गरिएको संख्या, न्युनतम सेवा मापदण्डको समिक्षा गरीएको पटक |
| जिम्मेवार व्यक्ति/शाखा | सम्बन्धित शाखा प्रमुख र कार्यक्रम फोकल व्यक्ति |

### २.३० क्रियाकलापको नाम – कर्णाली प्रदेश समग्र आरोग्यता अभियान कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५९३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद, योग र ध्यानको प्राकृतिक विधिबाट शारीरिक तन्दुरुस्तीका साथै व्यक्तिमा सकारात्मक सोच र व्यक्तित्व विकास गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कर्णाली प्रदेश प्रदेशमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट संचालित विभिन्न सेवाहरुका अतिरिक्त योग, ध्यान, पंचकर्म तथा स्वस्थ जीवनशैली कार्यक्रमहरुको बारेमा सरोकारवाला निकायहरुलाई आवश्यक जानकारी दिएर आधारभुत आयुर्वेद सेवा लिने सेवाग्राहीहरुको संख्यामा बढोतरी गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद, योग, ध्यान र स्वस्थ जीवनशैली सम्बन्धी सचेतना प्राप्त गरेको हुनेछ। |
| संचालन प्रकृया | • जिल्लास्थित आयुर्वेद स्वास्थ्य केन्द्रहरुसंग आवश्यक समन्वय गरेर आयुर्वेद औषधालय, नागरिक आरोग्य सेवा केन्द्र, वैकल्पिक चिकित्सासंग सम्बन्धी काम गर्ने संस्था, सामुदायिक तथा निजी विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थीहरु, स्थानिय होटल व्यवसायीहरु, महिला स्वयंसेविका, परम्परागत स्वास्थ्यकर्मी, स्थानिय जडिबुटी सम्बन्धी काम गर्ने कृषक, जनप्रतिनिधि, जिल्लामा क्रियाशिल पत्रकारहरु लगायत सम्पुर्ण सरोकारवाला निकाय समेतको सहभागीतामा कर्णाली प्रदेश समग्र आरोग्यता अभियान कार्यक्रम संचालन गर्ने ।<br>• कर्णाली प्रदेश समग्र आरोग्यता अभियानमा निम्नानुसारका क्रियाकलापहरु संचालन गर्ने<br>1. आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी सरोकारवाला निकायहरुलाई अभिमुखिकरण।<br>2. योग, ध्यान तथा जीवनशैली व्यवस्थापन सम्बन्धी जनचेतनामुलक शिविर संचालन ।<br>3. स्थानिय जडिबुटीहरुको बारेमा जनचेतनामुलक कार्यक्रम ।<br>4. जिल्लास्थित क्रियाशिल पत्रकारहरुसंग अन्तरक्रिया कार्यक्रम ।<br>5. आयुर्वेद तथा आम्ची चिकित्सा सम्बन्धी डकुमेन्ट्रि निर्माण। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | 6. सामुदायिक तथा निजी विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थीहरुलाई कर्णाली प्रदेश समग्र आरोग्यता अभियानका बारेमा अभिमुखिकरण। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन ,उपस्थिति ,भ्रमण विल ,भरपाई आदि |
| जिम्मेवार व्यक्ति/शाखा | सम्बन्धित शाखा प्रमुख र कार्यक्रम फोकल व्यक्ति |

## २.३१ क्रियाकलापको नाम – प्रेषण केन्द्रको सेवा निरन्तरता तथा व्यवस्थापन खर्च

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५६३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ अनुसार देशभरका एम्बुलेन्सहरुलाई प्रेषण केन्द्र मार्फत संचालन गर्नुपर्ने व्यवस्था बमोजिम प्रदेशमा प्रादेशिक प्रेषण केन्द्र स्थापना भइसकेको सन्दर्भमा प्रेषण केन्द्र सञ्चालन एवं प्रदेशमा संचालनमा रहेको जिन प्रदेश एक्सपर्ट प्रयोगशालाको समेत निरन्तरताका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एकीकृत एम्वुलेन्स निर्देशिका बमोजिम प्रेषण केन्द्र मार्फत बिरामिहरुको प्रेषण गर्ने<br>क्षयरोगका बिरामीहरुको निदानका लागि जिन एकस्पर्ट ल्याव मार्फत नमुना परीक्षण गर्नु। |
| अपेक्षित प्रतिफल | • सबै आकस्मिक बिरामीहरु प्रेषण केन्द्र मार्फत तत्काल गुणस्तरीय सेवा लिने अवसर प्राप्त गर्नेछन्।<br>• क्षयरोगका बिरामीहरुको समयमा नै निदान भई उपचारमा सहयोग पुग्नेछ। |
| संचालन प्रकृया | • प्रेषण केन्द्र संचालनका लागि कर्मचारी व्यवस्थापन गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • जिन एक्स्पर्ट ल्यावको लागि कर्मचारी व्यवस्थापन गर्ने,<br>• प्रेषण केन्द्र र जिन एक्सपर्ट ल्यावको अन्य व्यवस्थापकीय खर्च गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कर्मचारीहरु नियुक्तिको सम्झौता, हाजिरी तथा अन्य बिल भर्पाईहरु |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल पर्सन |

**२.३२ क्रियाकलापको नाम – स्वास्थ्य निर्देशनालय अन्तरगतका निकायहरुको बायोमेडिकल मेसिनहरुको लागि मर्मत तथा मर्मतका लागि आवश्यक स्पेयर्स पार्टस् सामग्री खरिद तथा मर्मत समेत**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.३.२.३० | २२२२१ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश  प्रदेशका स्वास्थ्य संस्थाहरुमा संचालनमा नरहेका बायोमेडिकल उपकरणहरुलाई मर्मत संभार गरी पुन संचालनमा ल्याई स्वास्थ्य सेवामा सहयोग पुगोस् भनी यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरुमा संचालनमा नरहेका बायोमेडिकल उपकरणहरुलाई मर्मत संभार गरी पुन संचालनमा ल्याउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा संचालनमा नरहेका बायोमेडिकल उपकरणहरुलाई मर्मत संभार गरी स्वास्थ्य सेवा प्रवाहमा सहजता हुनेछ। |
| संचालन प्रकृया | • स्वास्थ्य संस्थाहरुमा बायोमेडिकल उपकरणहरु मर्मत गर्न स्थलगत भ्रमण गर्ने। स्थलगत भ्रमणका क्रममा पहिचान गरिएका तथा निर्देशनालय अन्तर्गतको प्रादेशिक बायोमेडिकल इकाइमा मर्मतको लागि आएका उपकरणहरू मर्मत गर्नका लागि स्पेयर पाट्र्स आवश्यक भएमा आवश्यक स्पेयर पाट्र्सहरूको छनोट गर्ने। |



तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

| | |
|---|---|
| | • छनौट स्पेयर पाट्र्सहरु खरिद गरी मर्मत गर्ने ।<br>• सम्बन्धित स्वास्थ्य संस्थालाई स्पेयर पाट्र्स हस्तान्तरण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन, माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन र मर्मत सम्पन्न प्रतिवेदन तथा विल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाइ, प्रादेशिक बायोमेडिकल फाट |

### २.३३ क्रियाकलापको नाम – स्वास्थ्य दिवसहरु मनाउने कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२८.१९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | निर्दिष्ट नारा सहित स्वास्थ्य सम्बन्धी दिवसहरी जस्तैः विश्व स्वास्थ्य दिवस, स्वास्थ्य सेवा दिवस, जनस्वास्थ्य दिवस, विश्व क्षयरोग दिवस, पुनर्स्थापना दिवस आदि मनाउने गरिन्छ। यस्ता दिवसको अवसरमा विभिन्न किसिमका कार्यक्रमहरु जस्तैः र्याली, अन्तरक्रिया आदि संचालन गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | • स्वास्थ्य सम्बन्धी दिवसहरु विभिन्न कार्यक्रमहरुको आयोजना गरि मनाउने<br>• समुदायमा स्वास्थ्य सम्बन्धी विषयहरुको बारेमा जानकारी गराई ज्ञानको अभिवृद्धि गर्न, स्वस्थ व्यवहार अपनाउन र स्वास्थ्य सेवाको उपयोग गर्न समेत अभिप्रेरित गर्ने। |
| अपेक्षित प्रतिफल | समुदायमा स्वास्थ्य सम्बन्धी विषयहरुमा सचेतना अभिवृद्धि हुनुको साथै स्वस्थ व्यवहार प्रवर्धन तथा उपलब्ध स्वास्थ्य सेवाको उपयोग वृद्धि हुने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रकृया | **लक्षित समूहः**<br>सर्वसाधारण, महिला, बालबालिका, पत्रकार, FCHVs, स्वास्थ्यकर्मी, जनस्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, समाज सेवीहरु आदि ।<br>**विधिः पूर्वतयारी**<br>- दिवस मनाउनको लागि विस्तृत कार्ययोजना तयार गर्ने, कुन स्थानमा संचालन गर्ने हो भन्ने कुरा निर्धारण गर्ने र कार्यक्रममा सबैको भूमिका स्पष्ट पार्ने,<br>- कार्यक्रम संचालनको मिति, स्थान र समय निर्धारण गर्ने,<br>- कार्यक्रम संचालनको लागि आवश्यक सामग्री, सन्देश, प्रस्तुतिकरणको तयारि गर्ने।<br>**दिवस मनाउने क्रममा गर्न सकिने क्रियाकलापहरु**<br>- व्यानर टास गर्ने<br>- सामाजिक माध्यम द्वारा वा मईकिंग गरेर जानकारी गराउने<br>- व्यानर र प्लेकार्ड सहित र्याली प्रदर्शन गर्ने<br>- स्वास्थ्य सन्देश भएका टि-शर्ट छपाई तथा वितरण<br>- स्वास्थ्य शिक्षा सामग्री वितरण गर्ने<br>- अन्तरक्रिया वा छलफल, विद्यालयमा हाजिरीजवाफ आदि कार्यक्रम पनि आयोजना गर्न सकिने छ |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | - कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन<br>- दिवस मनाएको संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | शाखा प्रमुख, कार्यक्रम फोकल पर्सन |

## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका क्रियाकलापहरु

**३.१ क्रियाकलापको नाम : महामारी व्यवस्थापनको लागि बफर स्टक सामग्री खरीद**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.९२ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगालिक विविधता, मौसम परिवर्तन तथा प्राकृतिक प्रकोप भैरहने र कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमानको आधारमा आवश्यकता भएका स्थानहरुमा सम्भाबित महामारीजन्य रोगहरुको उपचार तथा ब्यवस्थापनका लागि औषधी तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महामारी तथा बिपद्को समयमा हुने सक्ने जोखिम न्यूनिकरणका लागी औषधि तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| सचालन प्रकृया | • बफर स्टकका लागि आवश्यक विभिन्न सामग्रीहरुको सूची तयार गर्ने।<br>• प्रचलित खरिद कानून बमोजिम खरिद गरी मौज्दात राख्ने।<br>• आवश्यकता अनुसार वितरण गर्ने। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय, खरिद कागजात, दाखिला विवरण । |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाई, औषधी भण्डारण तथा वितरण फाट |

**३.२ कार्यक्रमको नाम: महामारी व्यवस्थापनको लागि आवश्यक पर्ने अपरझट टेस्ट किट खरिद**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.७४९ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विभिन्न समयमा देखापर्ने डेंगु, मलेरिया, स्क्रब टाईफस, कालाजार लगायत अन्य महामारीजन्य संक्रामक रोगहरुको शीघ्र व्यवस्थापनको लागि टेस्टकिट खरिद गरी विभिन्न स्वास्थ्य संस्था तथा जिल्ला स्टोरहरुमा उपलब्ध गराउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विभिन्न महामारी जन्य रोगहरुको निदान गरी समयमै प्रकोपको न्यूनिकरण तथा थप जोखिम हुनबाट बचाउनु। |
| अपेक्षित प्रतिफल | महामारीजन्य रोगहरुको समयमै पहिचान र नियन्त्रण भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आवश्यकताको आधारमा आवश्यक टेष्ट किटको सूची तयार गर्ने ।<br>• प्रचलित खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने।<br>• आवश्यकता अनुसार वितरण तथा मौज्दात गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णय, दाखिला प्रतिवेदन तथा बील भरपाईहरु |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाई, औषधी भण्डारण तथा वितरण फाँट |

### ३.३ क्रियाकलापको नामः औषधि तथा औषधीजन्य सामाग्री ढुवानी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.३३३ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप तथा खोपजन्य सामग्रीहरु र अन्य स्वास्थ्य सामग्रीहरु प्रभावकारी रुपमा गन्तब्यसम्म वितरण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आपूर्ति केन्द्रबाट प्रदेश अन्तर्गतका जन/स्वास्थ्य सेवा कार्यालयहरु तथा अस्पताल सम्म ढुवानी तथा वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधीजन्य सामग्री, खोप तथा खोपजन्य सामग्रीहरुको नियमित आपूर्ति भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पताल र जन/ स्वास्थ्य सेवा कार्यालयको स्टोरसम्म आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप, खोपजन्य सामग्री तथा अन्य स्वास्थ्य सामग्री ढुवानि तथा वितरण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | औषधि तथा औषधिजन्य सामग्रीहरु र खोप तथा खोपजन्य सामग्रीहरु पुगेको ह.फा., दाखिला प्रतिवेदन, बील भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाई, औषधी भण्डारण तथा वितरण फाट , खोप तथा कोल्डचेन फाट , बायोमेडिकल फाट |

**३.४ क्रियाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्डचेन व्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.११८ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भ्याक्सिन स्टोर तथा सव-स्टोरहरुमा कोल्ड चेन कायम गरी भ्याक्सिनको सुरक्षित भण्डार तथा ढुवानी गरी लक्षित वर्गसम्म उपलब्ध गराउन पर्ने हुन्छ । सो सन्दर्भमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डका आधारमा कोल्डचेन व्यवस्थापन गर्नुपर्ने भएकाले यो कार्यक्रम राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | • भ्याक्सिन व्यवस्थापन तथा ढुवानी कार्यमा सहजता ल्याउने ।<br>• भ्याक्सिनको गुणस्तर सुनिश्चित गर्ने।<br>• भ्याक्सिन स्टोरको मर्मत तथा सुदृढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | • गुणस्तरीय खोप सेवा प्रदान भएको हुने ।<br>• भ्याक्सिन क्यारियर सम्भार भई लामो समय टिक्ने ।<br>• खोप ढुवानी कार्य सरल हुने ।<br>• खोप स्टोरको नियमित तथा आकस्मिक मर्मत संभार हुने ।<br>• खोप स्टोरको प्याकेजिङ क्षेत्रमा उपयुक्त तापक्रम कायम रहने । |
| सञ्चालन प्रक्रिया | • आवश्यक परेका क्रियाकलापको कार्ययोजना तथा बजेट बाँडफाड गर्ने ।<br>• जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सव स्टोर व्यवस्थापनमा आवश्यक पर्ने कोल्डचेन सामग्रीहरु जस्तै भ्याक्सिन क्यारीयर झोला, फोम प्याड, जिपलग लगाएतका सामाग्रीहरु खरीद गर्ने।<br>• खोप प्याकेजिङ क्षेत्रमा एयर कन्डिसन खरीद, जडान र संचालन गर्ने।<br>• खोप तथा कोल्डचेनको रेखदेखको लागी जनशक्ति व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, जिन्सी रजिस्टर अभिलेख। |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद इकाई, खोप तथा कोल्डचेन फाँट |

**३.५ क्रियाकलापको नामः अक्सिजन सिलिन्डर रिफिल तथा मर्मत**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२०१६ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | निशुल्क औषधी तथा औषधिजन्य सामग्री वितरण सुचिमा मेडिकल अक्सिजन ग्यास समावेस भएकाले महामारीको समयमा नियमित अक्सिजन आपूर्ति सुनिश्चित गर्नका लागि अक्सिजन सिलिन्डर रिफिल तथ मर्मतका लागी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | अक्सिजन प्लान्ट नभएका वा बिग्रिएका अस्पतालहरूमा तथा महामारी फैलिएको अवस्थामा नियमित अक्सिजन आपूर्ति सेवा प्रवाह गर्नु । |
| अपेक्षित प्रतिफल | अस्पातालमा नियमित अक्सिजन आपूर्ति भई बिरामीको प्रभावकारी उपचारमा सहयोग पुग्ने। |
| सञ्चालन प्रक्रिया | • आवधिक रुपमा रिफिल तथा मर्मत गर्नुपर्ने अक्सिजन सिलिन्डरको सूची तयार गर्ने,<br>• प्रचलित खरिद कानून बमोजिम नियमित रिफिल तथा मर्मत गर्ने,<br>• माग तथा प्राथमिकता अनुसार वितरण गर्ने । |
| बजेट बाँडफाँट | मागको आधारमा आवधिकरुपमा रिफल गर्न तथा विग्रिएका सिलिण्डरको मर्मत गर्नको लागि अक्सिजन सिलिन्डर रिफिल र मर्मत कार्यको लागि ५/५ लाख रुपियाँ बाँडफाँट गरि स्विकृत गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु। |
| अनुगमन सूचक | मर्मत कागजात, खरिद कागजात, दाखिला विवरण |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाइ , औषधी भण्डारण तथा वितरण फाँट |

**३.६ कार्यक्रमको नाम: खोप तथा खोपजन्य सामाग्री र औषधी तथा अन्य स्वास्थ्य सामग्री आकस्मिक रुपमा ढुवानी गर्ने**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७४६ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अत्यावश्यक रुपमा माग भई आएका औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप तथा खोपजन्य सामग्रीहरु र अन्य स्वास्थ्य सामग्रीहरु प्रभावकारी रुपमा ढुवानी गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जिल्ला आकस्मिक माग प्राप्त भई तत्काल ढुवानी गर्नु पर्ने अवस्था तथा बोलपत्र मार्फत ढुवानी सेवा खरिद गर्दा बीचको समयमा खोप तथा औषधि सेवा ढुवानी गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा खोप, औषधी तथा औषधीजन्य सामग्रीहरुको समयमा नै आपूर्ति भई सेवा निरन्तर भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • माग तथा आवश्यकताको आधारमा ढुवानी गर्ने स्वास्थ्य सामाग्रीको सूची तयार गर्ने,<br>• स्वास्थ्य सामाग्रीहरुको ढिलो ढुवानी हुने अवस्थामा तथा आकस्मिक ढुवानी गर्नुपर्ने अवस्थामा यो बजेटबाट खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | हस्तान्तरण फाराम, दाखिला प्रतिवेदन तथा बील भरपाईहरु। |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाइ, औषधी भण्डारण तथा वितरण फाट, खोप तथा कोल्ड चेन फाट र बायोमेडिकल उपकरण फाँट |

## ३.७ कार्यक्रमको नाम: Basic Health Logistic management Information System (LMIS) सम्बन्धि अभिमुखिरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५९७ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रवाहका लागि औषधि तथा स्वास्थ्य सामग्रीको सुव्यवस्थित आपूर्ति व्यवस्थापन एक महत्वपूर्ण आधारशिला हो। यसका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Logistic Management Information System (LMIS) मार्फत विभिन्न स्वास्थ्य संस्थाहरूमा औषधि तथा सामग्रीको मौज्दात, खपत, आपूर्ति र माग सम्बन्धी विवरण अद्यावधिक गर्दै आएको छ। तर स्वास्थ्य संस्था तहमा कार्यरत जनशक्तिमा LMIS सम्बन्धी पर्याप्त ज्ञान र सीपको अभाव, अभिलेखीकरणमा त्रुटि, तथा समयमै प्रतिवेदन नआउने जस्ता समस्याहरू देखिएका छन्। यसै सन्दर्भमा सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न र LMIS प्रणालीको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न यो अभिमुखीकरण कार्यक्रम स्वीकृत कार्ययोजना अनुसार सञ्चालन गरिने भएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थामा कार्यरत सम्बन्धित कर्मचारीहरूलाई Basic Health Logistic Management Information System (LMIS) को अवधारणा, प्रयोग विधि र महत्वका बारेमा अभिमुखीकरण गरी प्रणालीको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्नु। |
| अपेक्षित प्रतिफल | • सहभागीहरूले Basic Health LMIS को उद्देश्य, संरचना तथा सञ्चालन प्रक्रियाबारे स्पष्ट ज्ञान हासिल गर्ने।<br>• स्वास्थ्य संस्थाबाट समयमै तथा गुणस्तरीय Logistic Reporting हुने।<br>• औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापनमा सुधार भई Stock-out तथा Over-stock को अवस्था न्यून हुने।<br>• प्रदेश तथा स्थानीय तहमा तथ्यमा आधारित योजना तथा निर्णय प्रक्रियालाई सहयोग पुग्ने। |
| सञ्चालन प्रकृया | • स्वीकृत वार्षिक कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गरिने।<br>• प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संस्थाका Logistic Focal Person, Pharmacy Personnel तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूलाई सहभागी गराइने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • LMIS सम्बन्धी अवधारणा, अभिलेख तथा प्रतिवेदन फाराम, Store Management, Forecasting and quantification तथा reporting सम्बन्धी विषयमा सहजीकरण गरिने। <br>• प्रस्तुतीकरण, समूह छलफल, अभ्यास तथा प्रश्नोत्तर विधिबाट अभिमुखीकरण सञ्चालन गरिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भर्पाईहरु । |

### ३.८ कार्यक्रमको नाम: कार्यालयको वार्षिक प्रगति समीक्षा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५४ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी र चुनौती सम्बन्धमा जिल्लास्तरका कार्यालय प्रमुख तथा फोकल पर्सनहरुसँग छलफल, प्रस्तुतीकरण र अनुभव आदान प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी र चुनौती सम्बन्धमा जिल्लास्तरका कार्यालय प्रमुख तथा फोकल पर्सनहरुसँग छलफल, प्रस्तुतीकरण र अनुभव आदान प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी र चुनौती सम्बन्धमा छलफल, प्रस्तुतीकरण र अनुभव आदान प्रदान गरी आगामी आ.ब. को कार्यक्रम तथा योजना संचालन गर्न सहयोग हुनेछ। |
| सञ्चालन प्रकृया | • वार्षिक समीक्षा तयारी समिति गठन गर्ने। <br>• प्रस्तुतीकरणको खाका तयारी गरी सरोकारवाला निकायहरुमा पत्राचार गर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • कार्यक्रम संचालन गरी सम्पन्न प्रतिवेदन तयारी गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठक माइन्यूट, भ्रमण बील, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा विल भरपाईहरु। |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाई, प्रशासन फाँट |

**३.९ क्रियाकलापको नामः खोप ढुवानीकर्ताहरुका लागी १ दिने खोप ढुवानी तथा व्यवस्थापन सम्वन्धी अभिमुखीकरण**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२५.६४९ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भ्याक्सिन स्टोर तथा सव-स्टोरहरुमा कोल्ड चेन कायम गरी भ्याक्सिनको सुरक्षित भण्डार तथा ढुवानी गरी लक्षित वर्गसम्म गुणस्तरीय खोपको उपलब्ध गराउन पर्ने हुन्छ।सो सन्दर्भमा खोप ढुवानीमा तथा व्यवस्थापनमा संलग्न कर्मचारीहरूको कोल्डचेन व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्नुपर्ने भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जिल्ला तथा स्थानीय तहमा कार्यरत खोप ढुवानी तथा व्यवस्थापनसँग सम्बन्धित कर्मचारी पदाधिकारीहरू तथा स्वास्थ्यकर्मीहरुको खोप ढुवानी तथा कोल्डचेन व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने। |
| अपेक्षित प्रतिफल | ढुवानी तथा कोल्डचेन व्यवस्थापन सम्बन्धी कर्मचारीहरुको क्षमता विकास भई भ्याक्सिनको गुणस्तर सुनिश्चितता तथा गुणस्तरीय खोप सेवा प्रदान हुने। |
| सञ्चालन प्रक्रिया | • कार्ययोजना स्वीकृत गर्ने। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • प्रदेश, जिल्ला तथा स्थानिय तहमा कार्यरत खोप ढुवानी तथा व्यवस्थापनसँग सम्बन्धित कर्मचारी छनौट गर्ने।<br>• एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | खोप तथा कोल्डचेन फाँट |

**३.१० क्रियाकलापको नाम :स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा नरहेका बायोमेडिकल उपकरणहरुको मर्मत सम्भार (स्प्यर पार्टस खरिद एवं जडान)**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७९८ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका स्वास्थ्य संस्थाहरुमा संचालनमा नरहेका (बिग्रेका) बायोमेडिकल उपकरणहरुलाई मर्मत संभार गरी पुन संचालनमा ल्याई स्वास्थ्य सेवामा सहयोग पुगोस भनी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य संस्थाहरुमा संचालनमा नरहेका बायोमेडिकल उपकरणहरुलाई मर्मत संभार गरी पुन संचालनमा ल्याउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा संचालनमा नरहेका बायोमेडिकल उपकरणहरुलाई मर्मत संभार गरी स्वास्थ्य सेवा प्रवाहमा सहजता हुनेछ । |
| सचालन प्रकृया | • स्वास्थ्य संस्थाहरुमा स्थलगत भ्रमण गरी पहिचान गरिएका तथा बायोमेडिकल वर्कशपमा मर्मतको लागि आएका उपकरणहरुको आवश्यक पर्ने स्पेर पाट्र्सहरु छनौट गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • छनौट गरिएका स्पेर पार्ट्सहरु तत्काल खरिद गरी मर्मत गर्ने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन, माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन र मर्मत सम्पन्न प्रतिवेदन तथा विल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | बायोमेडिकल उपकरण फाँट |

## ३.११ क्रियाकलापको नामः औषधि गुणस्तर परिक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७५४ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आवश्यकता अनुसार औषिधको गुणस्तर सुनिश्चितता गर्न औषधिको गुणस्तर परिक्षण कार्य गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रदेशस्तर तथा जिल्लास्तरमा औषिधको गुणस्तर शुनिश्चितता गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेशस्तर तथा जिल्लास्तरमा औषिधको गुणस्तर शुनिश्चितता हुनेछ । |
| सचालन प्रकृया | • आवश्यकता अनुसार गुणस्तर परिक्षण गर्नु पर्ने औषधि संकलन गर्ने ।<br>• औषधिको गुणस्तर मापन गर्ने नेपाल सरकारद्वारा मान्यता प्राप्त औषधि प्रयोगशालामा पठाई प्रतिवेदन प्राप्त गर्ने ।<br>• औषधि गुणस्तरको प्रतिवेदन सरोकारवाला निकायहरुलाई जानकारी गराउने। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | प्रयोगशालाको परिक्षण प्रतिवेदन तथा विल भरपाईहरु |
| जिम्मेवार व्यक्ति/शाखा | औषधी भण्डारण तथा वितरण फाँट |

### ३.१२ क्रियाकलापको नाम :स्वास्थ्य संस्थाहरुमा रहेका बायोमेडिकल उपकरणहरुको नक्शांकन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७९७ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका स्वास्थ्य संस्थाहरुमा रहेका मेसिनरी उपकरणहरुको वर्तमान अवस्थाको एकिकृत प्रतिवेदन तयार गरि उपकरणहरुको समुचित प्रयोग, मर्मत तथा पुन वितरणका लागी सहयोग पुगोस भन्ने हेतुले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मेसिनरी उपकरणहरुको वर्तमान अवस्थाको एकिकृत प्रतिवेदन तयार गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेशस्तरमा मेसिनरी उपकरणहरुको वर्तमान अवस्थाको एकिकृत प्रतिवेदन तयार हुनेछ। |
| सचालन प्रकृया | • वार्षक कार्ययोजना अनुसार आस्पतालहरुबाट Biomedical equipment को नक्सांकन तथा नियमित मर्मत गर्ने।<br>• प्रदेशमा रहेका स्वास्थ्य संस्थाहरुमा स्थलगत अवलोकन गरि digital Equipment Inventory अध्यावधिक गर्ने<br>• आवश्यकता अनुसार बायोमेडिकल उपकरणहरुको Inventory व्यवस्थापन सम्बन्धि कार्यशाला गोष्ठी गर्ने ।<br>• एकिकृत प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन, प्रदेश स्तरिय प्रोफाईल, दाखिला प्रतिवेदन तथा विल भरपाईहरु |



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | सम्बन्धित फाँट |

## ३.१३ क्रियाकलापको नामः औषधि तथा औषधि जन्य सामग्रीको प्याकिंग तथा रिप्याकिंग समेत

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१३९ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरुको सुरक्षित रुपमा आपूर्ति केन्द्र देखि जिल्लासम्म ढुवानीका लागि प्याकिङ्ग तथा रिप्याकिङ्ग कार्य गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | उपकरण, औषधि तथा औषधिजन्य सामग्रीहरु आवश्यकता अनुसार सुरक्षित रुपमा ढुवानी गर्न। |
| अपेक्षित प्रतिफल | उपकरण, औषधि तथा औषधिजन्य सामग्रीहरुको सुरक्षित रुपमा ढुवानी हुने । |
| सञ्चालन प्रकृया | • प्याकिङ्ग तथा रिप्याकिङ्गका लागि आवश्यक सामग्रीहरुको (कार्टुन, टेप, प्लास्टिक, डोरी, थैला, जिप लक आदि) सूची तयार गर्ने ।<br>• प्याकिङ्ग तथा रिप्याकिङ्गका लागि आवश्यक सामग्रीहरुको खरिद कानुन बमोजिम खरिद गर्ने ।<br>• प्याकिङ्ग तथा रिप्याकिङ्गका लागि आवश्यक जनशक्तिलाई दैनिक ज्यालादारीमा खटाउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला, विल भरपाईहरु |
| जिम्मेवारी व्यक्ति/शाखा | औषधी भण्डारण तथा वितरण फाँट |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ३.१४ क्रियाकलापको नामः म्याद गुज्रेका औषधी व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०१७ | २२५२२ | PLMBIS अनुसार | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र सुर्खेत तथा नेपालगन्ज स्थित स्टोरमा रहेका विभिन्न म्याद गुज्रेका औषधी तथा औषधीजन्य सामग्रीहरुको भौतिक गणना र रिप्याकिंग समेत गरि अलग्याई व्यवस्थित तरिकाले धुल्याउने कार्यका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | म्याद गुज्रेका औषधीहरुको व्यवस्थित रुपमा विसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेशस्तरिय स्टोरमा रहेका म्याद गुज्रेका औषधीहरुको व्यवस्थापन भई भण्डार व्यवस्थित हुनेछ । |
| सचालन प्रकृया | • म्याद गुज्रेका औषधीहरुको परिमाण एकिन गर्ने ।<br>• म्याद गुज्रेका औषधीहरुको भौतिक गणना र रिप्याकिंग गर्ने।<br>• भौतिक गणना र रिप्याकिंगको निम्ति नेपालगन्जस्थित स्टोरमा आवश्यक जनशक्तिलाई दैनिक ज्यालादारीमा खटाउने ।<br>• म्याद गुज्रेका औषधीहरुको व्यवस्थित रुपमा विसर्जन गर्ने ।<br>• विसर्जन गरिएका औषधिहरुको विस्तृत प्रतिवेदन मन्त्रालयमा पेश गर्ने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | प्रतिवेदन, तथा विल भरपाईहरु |
| जिम्मेवारी व्यक्ति/शाखा | औषधी भण्डारण तथा वितरण फाँट |

## ३.१५ कार्यक्रमको नामः आपूर्ति व्यवस्थापन सम्बन्धी विभिन्न बैठक सञ्चालन



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७८४ | २२५२२ | ३०० | प्र.स्वा.आ.व्य.केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरको आपुर्ति व्यवस्थापनलाई सुदृढ गराउन तथा आपूर्ति व्यवस्थापनमा रहेका सवल तथा सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरि समस्याको समाधान गर्न तथा पृष्ठपोषण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आपूर्ति व्यवस्थापनमा रहेका समस्याको समाधान गरी व्यवस्थापनमा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | आपूर्ति व्यवस्थापन सुदृढ भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • आवश्कता अनुसार सम्बन्धित सरोकारवालाहरू (प्रदेश, जिल्ला, स्थानीय आपूर्ती श्रृखला व्यवस्थापन समिति लगायत अन्य) सँग समन्वय गरी बैठक गर्ने।<br>• निर्णय अभिलेखीकरण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठक माइन्यूट, बील तथा भरपाईहरु । |
| जिम्मेवारी व्यक्ति/शाखा | औषधी भण्डारण तथा वितरण फाँट |

### ३.१६ कार्यक्रमको नाम: वार्षिक प्रगति प्रतिवेदन तयारी तथा छपाई

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५२ | २२५२२ | २०० | प्र.स्वा.आ.व्य. केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | वार्षिक प्रतिवेदन तयारी र छपाइ गर्ने । |
| अपेक्षित प्रतिफल | गत आ.व.मा सञ्चालित क्रियाकलापहरुको सुचना प्रवाह गर्ने तथा आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्यांकको प्रयोग भै सेवामा सुधार आउने। |
| सञ्चालन प्रकृया | • प्रतिवेदन मस्यौदाका लागि समिति गठन गर्ने<br>• तयारी बैठक, कार्य बाँडफाँड, शाखागत प्रतिवेदन तयारी, समन्वय बैठक, प्रतिवेदनहरु एकीकृत गर्ने ।<br>• छपाई तथा वितरण गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | वार्षिक प्रतिवेदन, निर्णय पुस्तिका, दाखिला तथा विल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन फाँट |

## ३.१७ कार्यक्रमको नाम: भ्याक्सिन स्टोर तथा सबस्टोरमा तापक्रम रेकर्ड लकबुक छपाई तथा वितरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५३ | २२५२२ | १०० | प्र.स्वा.आ.व्य. केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय खोप कार्यक्रमका खोपहरुको गुणस्तर सुनिश्चितता तथा भ्याक्सिन स्टोरहरुको निमयित रुपमा तापक्रम अभिलेख, प्रतिवेदन समेतका कार्य गर्नका लागि यो कार्यक्रम राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | राष्ट्रिय खोप कार्यक्रमका खोपहरुको गुणस्तर सुनिश्चितता तथा अभिलेख व्यवस्थापन गर्न। |
| अपेक्षित प्रतिफल | राष्ट्रिय खोप कार्यक्रमका खोपहरुको गुणस्तर सुनिश्चितता तथा अभिलेख व्यवस्थापन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • EVM/SOP बमोजिम तोकिएको ढाँचामा छपाई गर्ने ।<br>• आवश्यकता बमोजिम प्रदेश जिल्ला र स्थानीय तहका खोप भण्डारहरुमा वितरण गर्ने।<br>• खोप भण्डारहरुले नियमित रुपमा अभिलेख अद्यावधिक गरी राख्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन बील तथा भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | खरिद ईकाइ, खोप तथा कोल्डचेन फाँट |

## प्रदेश अस्पताल अन्तर्गतका क्रियाकलापहरू

### ४.१ क्रियाकलापको नामः जेष्ठ नागरिकहरू तथा गरीब असहायलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२९ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिकलाई सम्मान गर्दै आर्थिक अभावका कारण कोही पनि मानिसहरु स्वास्थ्य सेवाबाट बन्चित नहुन भन्ने उद्देश्यले गरीब असहायलाई अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | जेष्ठ नागरिक तथा गरीब असहायलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिक तथा गरीब असहायको स्वास्थ्य सेवामा पहुँच बृद्धि हुनेछ। |
| सचालन प्रकृया | • बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने<br>• औषधि खरिदः अस्पतालमा सेवा लिन आउने जेष्ठ नागरिक तथा गरीब असहाय को अनुमानित संख्या एकिन गरी निःशुल्क बितरणका लागि नियमानुसार औषधि तथा औषधिजन्य सामाग्री खरिद गर्ने।<br>• सेवा शुल्कः अस्पतालमा जाच गर्ने चिकित्सकको सिफारिसमा तोकिएको फाराम भरी जेष्ठ नागरिकको आर्थिक अवस्था हेरी आंशिक तथा पूर्ण निःशुल्क गर्ने,<br>• गरीब असहायलाई निःशुल्क सेवा प्रदान गर्ने,<br>• निःशुल्क र छुट गरिएको सेवा शुल्क अस्पताल विकास समितिमा सोधभर्ना गर्ने,<br>• नेपाल सरकारले जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य बीमा गर्ने भएकोले स्वास्थ्य बिमा गराउन उत्प्रेरणा गर्ने र स्वास्थ्य बिमा भएकाहरुलाई यो सुविधा उपलब्ध हुनेछैन। तर स्वास्थ्य बीमाको रकम अपुग भएमा यसै बमोजिम निःशुल्क सेवा दिन बाधा पर्नेछैन।<br>• प्राइभेट वार्ड वा क्याबिनमा बसी उपचार गरेमा यो सुविधा उपलव्ध हुने छैन । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रतिवेदन, दाखिला प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | सामाजिक सेवा एकाई /स्टोर |

## ४.२ क्रियाकलापको नामः अस्पताल सुरक्षा गार्ड

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.५.१०.६५ | २२४१९ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको भौतिक सम्पती, सेवा प्रदायक लगायत अस्पतालमा बिरामी, बिरामीका आफन्तको सुरक्षार्थ सुरक्षा गार्ड व्यवस्थापनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अबैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा जन धनको सुरक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सचालन प्रकृया | वार्षिक बजेटको परिधि भित्र रहि २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन |

## ४.३ क्रियाकलापको नामः अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४६ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु रिक्त भई बिशेषज्ञ सेवा सञ्चालन हुन कठिनाईकोले र बिरामीको चाप बढी भएका कारण अस्पतालमा सेवा बिस्तार गरी तत्काल बिशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | बिशेषज्ञ तथा बिशिष्टकृत सेवाहरु बिस्तार भइ नियमित सहज रुपमा सेवा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट सहज रुपमा बिशेषज्ञ तथा बिशिष्टकृत सेवा उपलव्ध भइ स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुने। |
| सचालन प्रकृया | • स्थान बिशेष रोगको प्रकोप तथा सेवा बिस्तार गरी बिरामीको चाप बढी भएमा आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने बिशेष प्रकारका जनशक्ति (जस्तै: Consultant Doctors, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psychosocial Counsellor, Anesthesia Assistant, Helper लगायत अन्य) करार सेवामा व्यवस्था गर्ने,<br>• यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन शाखा |

**४.४ क्रियाकलापको नामः पोषण पुनर्स्थापना गृह व्यवस्थापन तथा सुदृढीकरण**

| **क्रियाकलाप सकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.५.९८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | अस्पतालमा संचालनमा रहेको पोषण पुनर्स्थापना गृहको व्यवस्थापन तथा सेवा सुदृढिकरण गरी गुणस्तरीय पोषण कार्यक्रम सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | पोषण पुनर्स्थापना गृहको सुदृढीकरण गरी कुपोषणका कारणले हुने शिशु तथा बाल मृत्युदर घटाइ समग्र पोषणको अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | पोषण पुनर्स्थापना गृहको सेवा सुदृढीकरण भइ गुणस्तरीय सेवा प्रदान हुने। |
| सचालन प्रकृया | कार्यक्रम स्वीकृत गराई पोषण पुनर्स्थापना गृहको सुदृढीकरणका लागि निम्न कार्य गर्न सकिनेछः-<br>• भवन तथा भौतिक पूर्वाधारको मर्मत संभार,<br>• खानेपानी, बिद्युत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत,<br>• पोषण पुनर्स्थापना गृहको लागि फर्निचर तथा फिक्चर खरिद,<br>• पोषण पुनर्स्थापना गृहको फर्निचर मर्मत सुधार,<br>• पुनर्स्थापना गृहका लागि आवश्यक भाँडाकुडा, ग्यास चुलो, ग्यास लगायतका आवश्यक सामग्री खरिद,<br>• Night Duty गर्ने कर्मचारीलाई प्रचलित मापदण्ड अनुरुप खाजा खर्च उपलव्ध गराउन सकिने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद प्रकृया, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | पोषण पुनरस्थापना केन्द्र । |

**४.५क्रियाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत
उप-सचिव
प्रदेश सचिव
मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७.२.२२.५७ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशमा स्वास्थ्य बीमामा आवद्ध बिमितहरुको संख्या बढ्दै गएकोले अस्पतालमा सेवाग्राहीहरुलाई स्वास्थ्य बीमा सेवा छिटो छरितो तथा प्रभावकारी रुपमा सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य बीमाका बिमितहरुलाई छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा उपलव्ध गर्ने। |
| अपेक्षित प्रतिफल | बिमितहरुलाई प्रभावकारी सेवा उपलव्ध भइ बीमामा आबद्ध हुने संख्यामा बृद्धि हुने। |
| सचालन प्रकृया | • स्वास्थ्य बीमा कक्ष स्थापना गरी सञ्चालन गर्ने,<br>• अस्पतालमा आवश्यक कोठाको व्यवस्था गरी मर्मत, रंगरोगन,फर्निचर तथा पर्दा, कार्पेट, पंख्खा बिद्युत, कम्प्युटर, प्रिन्टर, यु= पि= एस=/इन्भरटर आदि आवश्यक सामग्रीको व्यवस्था गर्ने<br>• आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>• करार सेवा नियुक्त कर्मचारीलाई कार्य सम्पादनका आधारमा निरन्तरता दिन सकिने।<br>• मसलन्द, इन्टरनेट, संचार, मर्मत आदिमा खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर, नियुक्ति पत्र। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन/स्वास्थ्य बीमा |

**४.६ क्रियाकलापको नामः अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.४२७ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन, भ्याकुम र एअरको आपूर्ति अक्सिजन प्लान्टबाट भइराखेकोले प्लान्टको नियमित सर्भिसिङ, मर्मत गरी दुरुस्त राख्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अक्सिजन प्लान्टबाट पाइपद्धारा नियमित विरामीहरुलाई अक्सिजन, भ्याकुम र एअरको आपूर्ति गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने,<br>• अक्सिजन आपूर्ति गर्न आवश्यक पाइप लाईन, Bed headed panel लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने, |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | मर्मत/स्टोर शाखा |

### ४.७ क्रियाकलापको नाम – माहामारी तथा दैवी प्रकोप व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | महामारी, दैवीप्रकोप तथा सवारी दुर्घटना र बिषालु खानाबाट प्रभाबित मानिसहरुको समयमा नै उपचार तथा व्यवस्थापन गरी मानविय क्षति कम गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र बिषालु खानाबाट प्रभाबित मानिसहरुको समयमा नै उपचार तथा व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र बिषालु खानाबाट हुने अङ्गभङ्ग तथा मानविय क्षति कम हुने । |
| सञ्चालन प्रकृया | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र बिषालु खाना लगायतका अन्य आपतकालीन अवस्थामा निम्न कार्यमा खर्च गर्नेः-<br>• उपचार खर्च (□□□□ □□□ □□□□ □□□□ □□□□□□□ □□□□, सेवा शुल्क सोधभर्ना)<br>• आवश्यकता अनुसार यातायात खर्च दिन सकिने (एम्बुलेन्स खर्च) |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अभिलेख, प्रतिवेदन, खरिद आदेश, दाखिला प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | सामाजिक सेवा एकाई/आकस्मीक विभाग |

### ४.८ क्रियाकलापको नामः फिष्टुला केन्द्र संचालन तथा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८९ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रजनन् स्वास्थ्य रुग्णता अन्तरगत महिलाहरुमा हुने प्रसव फिष्टुलाका कारण महिलाले घर परिवार तथा समाजबाट बहिष्कृत हुनु पर्ने अवस्थाको अन्त गर्न उक्त समस्याको नि:शुल्क उपचारका सेवा निरन्तर प्रदान गरी महिलालाई स- |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सम्मान रुपमा घर परिवारमा पुनर्स्थापना गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | प्रसव फिष्टुलाको समयमा पहिचान तथा उपचार भइ समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | प्रसव फिष्टुलाको उपचार पश्चात स्वास्थ्य अवस्थामा सुधार भइ घर परिवारमा पुर्नस्थापित हुने। |
| सचालन प्रकृया | फिष्टुला केन्द्र संचालनका लागि निम्न कार्य गर्न सकिनेछः<br>• खानेपानी, बिद्युत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद गर्ने,<br>• अस्पताल फर्निचर मर्मत संभार, औषधि खरिद, बेड, मेट्रेस खरिद, मेसिनरी औजार तथा सामग्री खरिद गर्ने,<br>• केन्द्र संचालनका लागि आवश्यक जनशक्ति (स्टाफनर्स, अ.न.मी., भान्से, कार्यालय सहयोगी) करार सेवामा व्यवस्थापन गर्ने,<br>• Night Duty गर्ने कर्मचारीलाइ प्रचलित मापदण्ड अनुरुप खाजा खर्च उपलव्ध गराउन सकिने,<br>• करार सेवा नियुक्त कर्मचारीलाई कार्य सम्पादनका आधारमा निरन्तरता दिन सकिने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन। |
| जिम्मेवारी व्यक्ति/शाखा | प्रशासन/फिष्टुला केन्द्र |

**४.९ क्रियाकलापको नामः ई-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | ई-हेल्थ भन्नाले विद्युतीय उपकरणको माध्यमबाट विभिन्नसञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ  चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने र सेवाको अभिलेख तथा प्रतिवेदन गर्ने बिधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा संञ्चार प्रविधि मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वाथ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | • पहुँचबाहिर रहेका नागरिकहरुलाई बिशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने,<br>• विद्युतीय स्वास्थ्य मार्फत सेवाग्राहीहरुको अभिलेख राख्न र प्रतिवेदन गर्न सकिने,<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिबृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायलाई स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट अद्यावधिक स्वीकृत दूर चिकित्सा सेवा तथा विद्युतीय स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका अनुसार कार्यक्रम सञ्चालन हुने साथै EHR/EMR, eHMIS संचालनका लागि कार्यक्रम स्वीकृत गराइ निम्न कार्य गर्न सकिने छ,<br>• अस्पतालमा हाल सञ्चालनमा रहेको बिद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर सञ्चालन गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • अस्पतालहरूबाट बिधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server Upgrade, High end Desktop, Chromebook, laptop, core switch, Router, Wifi AP, Networking & components, Cloud Storage/Networking, laser printer, barcode reader, Battery Backup AC. आदि) तथा अन्य अति आवश्यक सामग्रीहरू खरिद गरी सञ्चालनमा ल्याउने, खरिद भएका सामग्रीहरुको मर्मत संभार गर्ने,<br>• प्राविधिक सेवा वापतको शुल्क भुक्तानी गर्न सकिने<br>• कर्मचारीहरुलाई software संचालन सम्बन्धी अभिमुखिकरण/तालिम संचालन गर्ने<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने।<br>• टेलिमेडिसन नियमित संचालनका लागि १ जना पाँचौ तहको अपरेटर (स्वास्थ्य प्राविधिक) करारमा नियुक्ति गर्न सकिने, |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन। |
| जिम्मेवारी व्यक्ति/शाखा | मेडिकल रेकर्ड/टेलिमेडिसिन |

**४.१० क्रियाकलापको नामः चौमासिक वार्षिक स्थिती तथा अनुगमन प्रतिवेदन तयारी तथा प्रकाशन**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | अस्पतालमा विगत आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालित क्रियाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको चौमासिक वार्षिक प्रतिवेदन तयार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालले गत आ.व.मा भए/गरेका क्रियाकलाप, सेवाको अवस्था, भौतिक तथा वित्तिय प्रगति सहित जनशक्तिको अवस्था बारे जानकारी हुने । |
| अपेक्षित प्रतिफल | सम्पादित क्रियाकलाप तथा प्रगती बारे जानकारी भइ आगामी योजना तर्जुमा, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्यांकको प्रयोग गरी कार्यक्रम कार्यान्वयनमा सुधार आउने। |
| सचालन प्रकृया | • तयारी बैठक, कार्य बाँडफाँड, विषयगत चौमासिक स्थिति सहितको वार्षिक प्रतिवेदन तयारी, समायोजन गर्ने<br>• नियमानुसार प्रगति पुस्तिका छपाइ गर्ने।<br>• प्रगति पुस्तिका मन्त्रालयमा पेश गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | प्रगति पुस्तिका, जिन्सी रजिष्टर। |
| जिम्मेवारी व्यक्ति/शाखा | मेडिकल रेकर्ड |

### ४.११ क्रियाकलापको नामः प्रेषण व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५५१ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका गरीब, बिपन्न, असहाय तथा लोपन्मुख जातिका बिरामीहरुलाई अस्पतालमा उपचार सम्भव नभइ थप उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा वा त्यस्ता बिरामीहरुको उपचार पश्चात  घरसम्म पुऱ्याउने व्यवस्थाका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | आर्थिक अभावका कारण स्वास्थ्य सेवाबाट बन्छित मानिसहरुका लागि यातायात सेवा उपलब्ध भइ स्वास्थ्य सेवाको पँहुच अभबृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पँहुचमा बृद्धि हुने। |
| सचालन प्रकृया | निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछः<br>• गरीब, बिपन्न, असहाय, लोपोन्मुख जातीका विरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा १००००। (दश हजार) सम्म प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गर्ने।<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुबिधा लिइ उपचार गर्न आएका गरीब बिपन्न, असहाय विरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा २ जनालाई वा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा १००००। सम्म भुक्तानी गर्न सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, भाडा बुझाएको रसिद, भरपाई, प्रतिवेदन। |
| जिम्मेवारी व्यक्ति/शाखा | सामाजिक सेवा एकाई |

## ४.१२ क्रियाकलापको नामः ल्याव सेवा संचालन तथा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७.२.९.४ | २७२१३ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगको निदान गरी उपचार गर्न प्रयोगशाला सेवाको ठूलो भूमिका रहेको हुन्छ। अस्पतालमा ल्याव सेवा व्यवस्थित गरी समय सापक्ष स्तरबृध्दि गर्दै नियमित गुणस्तरीय सेवा सञ्चालन गर्न आवश्यक केमिकल रिएजेन्ट आदी खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | गुणस्तरीय प्रयोगशाला परीक्षण प्रतिवेदन भइ रोग निदानमा सहयोग हुने । |
| अपेक्षित प्रतिफल | रोगको निदान तथा उपचारमा सहयोग हुने। |
| सचालन प्रकृया | • अस्पतालको ल्यावको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्य साथै आवश्यक केमिकल, रियजेन्ट तथा टेष्ट किट साथै उपकरण सामाग्रीको सूचि तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउने ।<br>• आवश्यक केमिकल रियजेन्ट, टेष्ट किट तथा प्रयोगशाला सम्बन्धी उपकरण, सामाग्री खरिद गर्ने।<br>• ल्यावमा भएका उपकरणहरुको Calibration गरी गुणस्तर कायम भएको सुनिस्चितता गर्ने |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर। |
| जिम्मेवारी व्यक्ति/शाखा | प्रयोगशाला/स्टोर |

## ४.१३ क्रियाकलापको नाम: इ एम आर कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५५२ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | एकिकृत स्वास्थ्य सूचना प्रणालीमा सरल र सहज तरिकाबाट स्वास्थ्य सेवा अभिलेख बिद्युतीय माध्यमबाट व्यवस्थित रुपमा राख्न तथा प्रतिवेदन गर्न साथै तथ्यमा आधारित योजना तयार गर्नका लागि समेत उपयोग हुने गरी अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन सुदृढीकरण गर्नको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | स्वास्थ्य सूचना प्रणालीलाइ चुस्त दुरुस्त र प्रविधिमैत्री हुने। |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन सुदृढीकरण भएको हुने। |
| सचालन प्रकृया | • अस्पतालमा हाल संचालनमा रहेको र संचालन हुने प्रकृयामा रहेका बिद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर संचालन तथा नयाँ जडान गर्ने।<br>• प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने ।<br>• अस्पतालहरूबाट बिधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 साथै अन्य तोकिएका System संग compatible हुने गरी सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server, High end Desktop, Chromebook, Laptop, core switch, Router, WIfi AP, Networking components, label printer, barcode reader, आदी) तथा अन्य अति आवश्यक सामाग्रीहरू खरिद गरि संचालनमा ल्याउने । खरिद भएका सामाग्रीहरुको मर्मत संभार गर्ने ।<br>• प्राविधिक सेवा वापतको शुल्क (AMC/CMC) उपलव्ध गराउन सकिने ।<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने ।<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने।<br>• कर्मचारीलाई EMR सम्बन्धी अभिमुखिकरण/तालिम संचालन गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| बजेट बाडफाट | स्वीकृत कार्यक्रम बमोजिम । |
| सन्दर्भ समाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | विधुतिय स्वास्थ्य अभिलेख संचालनको अवस्था, दाखिला प्रतिवेदन |
| जिम्मेवारी व्यक्ति/शाखा | मेडिकल रेकर्ड |

## ४.१४ क्रियाकलापको नाम: P & O Workshop Operation and Management

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.5.177 | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शारीरिक अपांङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गताका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा P&O सेवा उपलब्ध गराउन र अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन सहज र सरल बनाउने अभिप्रायले कृतिम अङ्ग, सहायक सामग्री व्यवस्थापन, मर्मत तथा प्रयोग सम्बन्धी अनुशिक्षणका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने कृतिम अङ्ग, सहायक सामग्रीको व्यवस्थापन गर्नु |
| अपेक्षित प्रतिफल | P & O सेवा प्राप्त गरेका नागरिकहरुले सरल सहजरुपमा सामान्य नागरिक सरह जीवन यापन गर्न सक्नेछन्। |
| सचालन प्रकृया | • P&O एकाई व्यवस्थापन गरी सो मार्फत प्रदेश भरिका सेवा ग्राहीहरुको माग गरी विवरण संकलन गर्ने<br>• सहायक सामग्री उत्पादक संस्थासँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री उत्पादन तथा सेवा उपलब्ध गराउने,<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई यसको प्रयोगका वारेमा अनुशिक्षण गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • उत्पादक संस्थासँग समन्वय गरी व्यक्तिको शारिरीक नाप लिई प्राविधिकको राय अनुसार सामग्री उत्पादन तथा सेवा व्यवस्थापन गर्ने,<br>• सहायक सामाग्रीहरुको मर्मत संभार गर्ने साथै मर्मतका लागि आवश्यक औजार सामाग्री खरिद गर्ने।<br>• आवश्यक भएका व्यक्तिहरुको पहिचान गरी यस किसिसका साहयता सामग्री उपलब्ध गराउन पहल गर्ने वा अन्य संस्थासँग समन्वय गराउने,<br>• सहायता सामग्रीहरु खरिद गरी वितरण गर्ने ।<br>• सहायक सामाग्री उत्पादनका लागि आवश्यक कच्चा पदार्थ एवं उपकरण सामाग्री खरिद गर्ने र अन्य व्यवस्थापन समेत गर्ने।<br>• P&O Workshop संचालनका लागि P&O टेक्निसियन करारमा राख्ने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |
| जिम्मेवारी व्यक्ति/शाखा | फिजियोथेरापि/P & O टेक्निसियन |

## ४.१५ क्रियाकलापको नाम: जलन उपचार सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.६९० | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधान २०७२ धारा ३५ ले प्रत्येक नागरिकलाई आकस्मिक उपचार र स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरे अनुरुप नेपाल सरकारको हरेक प्रदेशमा कम्तिमा एक सरकारी अस्पतालमा जलनको सघन उपचार सेवा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | संचालन गरी आकस्मिक स्वास्थ्य अवस्थाबाट जीवन रक्षा गर्ने नीति बमोजिम यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उदेश्य | अस्पतालमा जलन उपचार सेवा बिस्तार गर्ने। |
| अपेक्षित प्रतिफल | जलनको विरामीको उपचार भइ जीवन रक्षा हुने साथै अपाङ्गता हुन बाट बचाउने। |
| सचालन प्रकृया | • अस्पतालमा जलन उपचार सेवा (वर्न वार्ड) स्थापना तथा संचालनका लागि आवश्यक औजार उपकरण तथा फर्निचर खरिद साथै अन्य व्यवस्थापन खर्च गर्ने।<br>• विपन्न, असहाय जलनका घाइतेहरुको निःशुल्क उपचारका लागि आवश्यक औषधि तथा औषधिजन्य र सर्जिकल सामाग्री खरिद गर्ने।<br>• मौजुदा भवनमा वर्न वार्ड संचालन गर्न आवश्यक मर्मत संभार गर्ने। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रतिवेदन, खरिद सम्बन्धी कागजात, अनुगमन |
| जिम्मेवारी व्यक्ति/शाखा | जनरल सर्जरी विभाग |

## ४.१६ क्रियाकलापको नाम: अंकोलोजी सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम

| **क्रियाकलाप सकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५५० | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधान २०७२ धारा ३५ ले प्रत्येक नागरिकलाई आकस्मिक उपचार र स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरे अनुरुप नेपाल सरकारको हरेक प्रदेशमा कम्तिमा एक सरकारी अस्पतालमा क्यान्सर रोगको उपचार सेवा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | संचालन गर्ने नीति बमोजिम कर्णाली प्रदेशका जनताहरुलाई उक्त सेवा उपलव्ध गराउन यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | क्यान्सर रोग (अंकोलोजी) को निदान, उपचार सेवा बिस्तार गर्ने। |
| अपेक्षित प्रतिफल | • क्यान्सर रोगको शीघ्र पहिचान (Early Detection) हुने।<br>• क्यान्सर बिरामीको उपचार खर्चमा कमी हुने। |
| सचालन प्रकृया | • अस्पतालमा क्यान्सर उपचार सेवा (अंकोलोजी वार्ड) स्थापना तथा संचालनका लागि आवश्यक औजार उपकरण तथा फर्निचर खरिद गर्ने।<br>• क्यान्सर रोगको निदान तथा उपचारका लागि प्रयोगशाला सेवा बिस्तार गर्ने।<br>• जनशक्तिको शिप, दक्षता अभिबृद्धि गर्ने।<br>• स्वास्थ्य उपचारमा अपनाइने स्वास्थ्य सुरक्षाको (Universal Precausion) व्यवस्था गर्ने।<br>• क्यान्सर रोग उपचार सेवा प्रदान गर्ने कर्मचारीलाई विकास समितिको निर्णायानुसार उत्प्रेरणा भत्ता दिन सकिने। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रतिवेदन, खरिद सम्बन्धी कागजात, अनुगमन |
| जिम्मेवारी व्यक्ति/शाखा | जनरल मेडिसिन/बालरोग विभाग |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## मेहेलकुना अस्पताल अन्तर्गतका क्रियाकलापिहरू

**५.१ क्रियाकलापको नामः अस्पताल सुरक्षा कार्यक्रम**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७१३ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको भौतिक सम्पती, सेवा प्रदायक लगायत अस्पतालमा बिरामी, बिरामीका आफन्तको सुरक्षार्थ सुरक्षा गार्ड व्यवस्थापनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अबैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा जन धनको सुरक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सचालन प्रकृया | वार्षिक बजेटको परिधि भित्र रहि २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन |

**५.२ क्रियाकलापको नामः अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.५.४६ | २२५२२ | PLMBIS अनुसार | मेहलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु रिक्त भई बिशेषज्ञ सेवा सञ्चालन हुन कठिनाईकोले र बिरामीको चाप बढी भएका कारण अस्पतालमा सेवा बिस्तार गरी तत्काल बिशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | बिशेषज्ञ तथा बिशिष्टकृत सेवाहरु बिस्तार भइ नियमित सहज रुपमा सेवा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट सहज रुपमा बिशेषज्ञ तथा बिशिष्टकृत सेवा उपलव्ध भइ स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुने। |
| सचालन प्रकृया | • स्थान बिशेष रोगको प्रकोप तथा सेवा बिस्तार गरी बिरामीको चाप बढी भएमा आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने बिशेष प्रकारका जनशक्ति (जस्तै: Consultant Doctors, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psychosocial Counsellor, Anesthesia Assistant, Helper लगायत अन्य) करार सेवामा व्यवस्था गर्ने,<br>• यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |
| जिम्मेवार व्यक्ति/शाखा | प्रशासन |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ५.३ क्रियाकलापको नामः प्रेषण व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९८९ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका गरीब, बिपन्न, असहाय तथा लोपन्मुख जातिका बिरामीहरुलाई अस्पतालमा उपचार सम्भव नभइ थप उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा वा त्यस्ता बिरामीहरुको उपचार पश्चात घरसम्म पुऱ्याउने व्यवस्थाका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | आर्थिक अभावका कारण स्वास्थ्य सेवाबाट बन्छित मानिसहरुका लागि यातायात सेवा उपलब्ध भइ स्वास्थ्य सेवाको पँहुच अभबृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पँहुचमा बृद्धि हुने। |
| सचालन प्रकृया | निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछः-<br>• गरीब, विपन्न, असहाय, लोपोन्मुख जातीका विरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा १००००।- (दश हजार) सम्म प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गरिने।<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुबिधा लिइ उपचार गर्न आएका गरीब बिपन्न, असहाय विरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा २ जनालाई वा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा १००००।- सम्म भुक्तानी गर्न सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवा रजिष्टर, भाडा बुझाएको रसिद, भरपाई, प्रतिवेदन। |
| जिम्मेवारी व्यक्ति/शाखा | सामाजिक सेवा एकाइ |



तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

५.४ क्रियाकलापको नाम MPDSR तथा Birth Defect कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४५० | २२५२२ | १०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आकस्मिक प्रसूति सेवा (EOC) को आवश्यकता भएका सम्पूर्ण महिलाहरुले ती सेवाहरु उपभोग नगरे सम्म मातृ मृत्युदर घटाउने उद्देश्य पुरा हुन सक्दैन। त्यसैले MPDSR अन्तरगत मातृ तथा पेरिनेटल मृत्युको पहिचान गर्ने सुचितिकरण गर्ने र मृत्युको समीक्षा गरी आवस्यक कार्ययोजना बनाई कार्यान्वयन गरेर मृत्युलाई घटाउनका लागी यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उदेश्य | मातृ तथा पेरीनेटल मृत्युको संख्यामा कमि ल्याउने। |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसूति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्वन्धि जटिलताको व्यवस्थापन भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | **(क) आकस्मिक प्रसुति सेवाको अभिमुखिकरण तथा समीक्षा**<br>• कार्यक्रम सञ्चालन गर्नुपुर्व कार्यक्रमका विषयवस्तुका सम्वन्धमा पुर्वतयारी गर्न तथा समन्वय गर्नुपर्नेछ।<br>• यो कार्यक्रम सञ्चालन कार्यक्रम फोकल पर्सनले २ दिन मध्ये १ दिन अभिमुखिकरण र १दिन समीक्षा गर्ने गरी गर्नुपर्नेछ।<br>• यो कार्यक्रम सञ्चालन गर्दा EOC Monitoring Guideline अनुरुप गर्नुपर्नेछ।<br>• यसरी EOC Review गर्दा EOC Met need कम भएका स्वास्थ्य संस्थाहरुलाई प्राथमिक्ता दिनुपर्नेछ।<br>**(ख) परिवार कल्याण महाशाखाको समुदायस्तरको मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) को अद्यावधिक निर्देशिका बमोजिम गरिनेछ।** |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • (MPDSR) को २ दिन अभिमुखिकरण वा १ दिनको समीक्षा स्थानीय तह र अन्तरगतका स्वास्थ्य संस्थालाई समेटेर गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सुचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | प्रसुती विभाग |

## ५.५ क्रियाकलापको नाम : अस्पतालहरुमा EWARS सम्बन्धी अभिमुखिकरण तथा सेन्टिनेल साईटहरुको सञ्चालन खर्च

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.१५० | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | तोकिएका सेन्टिनल साइटहरुबाट विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको तत्काल र साप्ताहिक रुपमा निरन्तर प्रतिवेदन गर्ने प्रणाली नै EWARS (Early Warning and Reporting System) हो। रोगहरुको निरन्तर, समयमा, पूर्ण र गुणस्तरीय प्रतिवेदन गर्नाका लागि EWARS Sentinel Site मा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण तथा सेन्टिनल साइट सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | संक्रामक तथा महामारीजन्य रोगहरुको तथ्याङ्क, अभिलेख, व्यवस्थापन र सीघ्र प्रतिवेदनको सुनिश्चितता गर्नु |
| अपेक्षित प्रतिफल | • EWARS मा प्रतिवेदन गर्नुपर्ने रोगहरुको तोकिएको समयमा नै नियमित एवम् गुणस्तरीय प्रतिवेदन हुनेछ।<br>• महामारीजन्य रोगहरुका वारेमा समयमा नै जानकारी प्राप्तगरी सम्भावित महामारीको रोकथाम तथा प्रतिकार्यमा सहयोग हुनेछ। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • अभिमुखिकरण कार्यक्रम पूर्व कार्ययोजना तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गराइ सञ्चालन गर्नुपर्नेछ,<br>• श्रोत व्यक्तिका रुपमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, EDCD, स्वास्थ्य सेवा निर्देशनालय, स्वास्थ्य सेवा कार्यालय/अस्पतालका तालिम प्राप्त व्यक्ति र मेडिकल रेकर्डर वा सो कार्य गर्ने कर्मचारी हुने,<br>• सेन्टिनल साइटमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरु, RRT सम्पर्क व्यक्ति र अन्य स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी समेत अभिमुखिकरण कार्यक्रममा सहभागी हुने,<br>• सञ्चालनका लागि इन्टरनेट, कम्प्यूटर/ल्यापटम मर्मत, प्रिन्टर खरिद तथा मर्मत, तथ्याङ्क विश्लेषण गरी त्यसको प्रस्तुतिकरण, रिपोटिङ्ग कार्यमा आवश्यक पर्ने अन्य सामग्री खरिद तथा मर्मत गरिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अभिमुखिकरण कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | इमरजेन्सी/मेडिकल रेकर्ड |

**५.६ क्रियाकलापको नामः ई-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)**

| **क्रियाकलाप सकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | ई-हेल्थ भन्नाले विद्युतीय उपकरणको माध्यमबाट विभिन्नसञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ  चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने र सेवाको अभिलेख तथा प्रतिवेदन गर्ने बिधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | तथा संञ्चार प्रविधि मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वाथ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • पहुँचबाहिर रहेका नागरिकहरुलाई बिशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने,<br>• विद्युतीय स्वास्थ्य मार्फत सेवाग्राहीहरुको अभिलेख राख्न र प्रतिवेदन गर्न सकिने,<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिबृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायलाई स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट अद्याबधिक स्वीकृत दूर चिकित्सा सेवा तथा विद्युतीय स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका अनुसार कार्यक्रम सञ्चालन हुने साथै EHR/EMR, eHMIS संचालनका लागि कार्यक्रम स्वीकृत गराइ निम्न कार्य गर्न सकिने छ,<br>• अस्पतालमा हाल सञ्चालनमा रहेको बिद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर सञ्चालन गर्ने,<br>• अस्पतालहरूबाट बिधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server Upgrade, High end Desktop, Chromebook, laptop, core switch, Router, Wifi AP, Networking & components, Cloud Storage/Networking, laser printer, barcode reader, Battery Backup AC. आदि) तथा अन्य अति आवश्यक सामग्रीहरू खरिद गरी सञ्चालनमा ल्याउने, खरिद भएका सामग्रीहरुको मर्मत संभार गर्ने,<br>• प्राविधिक सेवा वापतको शुल्क भुक्तानी गर्न सकिने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • कर्मचारीहरुलाई software संचालन सम्बन्धी अभिमुखिकरण/तालिम संचालन गर्ने<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने।<br>• टेलिमेडिसन नियमित संचालनका लागि १ जना पाँचौ तहको अपरेटर (स्वास्थ्य प्राविधिक) करारमा नियुक्ति गर्न सकिने वा कार्यसम्पादन सन्तोजनक पाइएमा यस अघि कार्यरत कर्मचारीलाई निरन्तरता दिन सकिने,<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन। |
| जिम्मेवारी व्यक्ति/शाखा | मेडिकल रेकर्ड/टेलिमेडिसिन |

**५.७ क्रियाकलापको नाम: अस्पतालमा बिधुतीय अभिलेख प्रणाली (EHR) व्यवस्थापन खर्च**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४३६ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | एकिकृत स्वास्थ्य सूचना प्रणालीमा सरल र सहज तरिकाबाट स्वास्थ्य सेवा अभिलेख बिध्युतीय माध्यमबाट राख्न तथा प्रतिवेदन गर्न साथै तथ्यमा आधारित योजना तयार गर्नका लागि समेत उपयोग हुने गरी अस्पतालबाट प्रदान गरिने<br>स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन सुदृढीकरण गर्नको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उदेश्य | स्वास्थ्य सूचना प्रणालीलाइ चुस्त दुरुस्त र प्रविधिमैत्री हुने । |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन सुदृढीकरण भएको हुने । |
| सचालन प्रकृया | • अस्पतालमा हाल संचालनमा रहेको र संचालन हुने प्रकृयामा रहेका बिद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर संचालन तथा नयाँ जडान गर्ने ।<br>• प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने ।<br>• अस्पतालहरूबाट बिधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server, High end Desktop, Chromebook, Laptop, core switch, Router, WIfi AP, Networking components, label printer, barcode reader, आदि) तथा अन्य अति आवश्यक सामाग्रीहरू खरिद गरि संचालनमा ल्याउने। खरिद भएका सामाग्रीहरुको मर्मत संभार गर्ने ।<br>• प्राविधिक सेवा वापतको शुल्क (AMC/CMC) उपलव्ध गराउन सकिने ।<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने ।<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने।<br>• कर्मचारीलाई EHR सम्बन्धी अभिमुखिकरण/तालिम संचालन गर्ने। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | विधुतिय स्वास्थ्य अभिलेख संचालनको अवस्था, दाखिला प्रतिवेदन |
| जिम्मेवारी व्यक्ति/शाखा | मेडिकल रेकर्ड |

**५.८ क्रियाकलापको नाम: अस्पताल फोहोरमैला व्यवस्थापन कार्यक्रम**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४६ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट निस्कने फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर मध्ये सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा बिसर्जन सकिन्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण नगरि बिसर्जन गर्दा जनस्वास्थ्यमा असर गर्ने भएकोले अस्पतालजन्य फोहोरलाई निर्मलिकरण तथा सामान्य फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उदेश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरि व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| सचालन प्रकृया | Health Care Waste Management Guideline 2014अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ :<br>• भौतिकपूर्वाधारको निर्माण तथा मर्मत संभार<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण, सामाग्री खरिद तथा मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• सुरक्षा सामाग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद<br>• मेसिनरी औजार तथा सामाग्री खरिद<br>• कार्यालय सहयोगी १ जना करारमा नियूक्ति गर्न सकिने |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अनुगमन, कलरकोड डस्टबिन । |
| जिम्मेवार व्यक्ति/शाखा | अस्पताल व्यवस्थापक |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

५.९ क्रियाकलापको नामः ल्याव सेवा संचालन तथा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.४ | २७२१३ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगको निदान गरी उपचार गर्न प्रयोगशाला सेवाको ठूलो भूमिका रहेको हुन्छ। अस्पतालमा ल्याव सेवा व्यवस्थित गरी समय सापक्ष स्तरबृध्दि गर्दै नियमित गुणस्तरीय सेवा सञ्चालन गर्न आवश्यक केमिकल रिएजेन्ट आदी खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | गुणस्तरीय प्रयोगशाला परीक्षण प्रतिवेदन भइ रोग निदानमा सहयोग हुने । |
| अपेक्षित प्रतिफल | रोगको निदान तथा उपचारमा सहयोग हुने। |
| सचालन प्रकृया | • अस्पतालको ल्यावको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्य साथै आवश्यक केमिकल, रियजेन्ट तथा टेष्ट किट साथै उपकरण सामाग्रीको सूचि तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउने ।<br>• आवश्यक केमिकल रियजेन्ट, टेष्ट किट तथा प्रयोगशाला सम्बन्धी उपकरण, सामाग्री खरिद गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर। |
| जिम्मेवारी व्यक्ति | प्रयोगशाला/स्टोर |

५.१० क्रियाकलापको नाम: **CME Programme**

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२२४ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालका सबै स्वास्थ्यकर्मीहरुलाई चिकित्सा लगायत अन्य विषय सम्बन्धि जानकारी तथा ज्ञान आदानप्रदान गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उदेश्य | • अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुको ज्ञान अद्यावधिक गर्नुका साथै क्षमता विकास गर्नु ।<br>• अस्पतालमा आउने सेवाग्राहीहरुलाई वैज्ञानिक आधारमा सही सुलभ,सुरक्षित र गुणस्तरीय सेवा प्रवाह गर्नु ।<br>• पेशागत नैतिकता बलियो बनाउनुका साथै अन्तरक्रियात्मक सिकाईको प्रवर्द्धन गर्नु। |
| अपेक्षित प्रतिफल | • अस्पतालबाट प्रवाह हुने सेवाको गुणस्तर सुधार<br>• Evidence Based Practice को प्रवर्द्धन<br>• Teamwork र समन्वयात्मक भुमिकाको वृद्धि विकास |
| सचालन प्रकृया | • हरेक हप्ताको शुक्रवार र अस्पतालको आवश्यतानुसार संचालन गर्ने ।<br>• सहभागीहरुलाई चिया नास्ताको व्यवस्था गर्न सकिने<br>• CME का लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिने<br>• स्वास्थ्य सम्बन्धी बिशेष CME संचालन गर्न बाह्य श्रोतव्यक्ति आमन्त्रण गर्नु परेमा श्रोतव्यक्तिलाई नियमानुसार भत्ताको व्यवस्था गर्न सकिने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सुचक | उपस्थित रजिष्टर, खरिद सम्बन्धी कागजात । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख/ CME Focal Person |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ५.११ कृयाकलापको नामः बिरामीका लागि रासन सिदा

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.१.१.१ | २७१११ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका बिरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक पोषणयुक्त स्वस्थ खानाको व्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयूक्त खाना उपलव्ध हुने। |
| अपेक्षित प्रतिफल | • बिरामीलाई आर्थिर भार कम हुने।<br>• पोषणयूक्त खानाले उपचारमा सहयोग हुने । |
| सचालन प्रकृया | • प्रत्येक वर्षको माघ १ गते देखि पौष मसान्त सम्मका लागि उपचारका लागि अन्तरंग विभागमा भर्ना हुने बिरामीको संख्या र औशत बसाइ एकिन गर्ने<br>• बिरामीको संख्या र औशत बसाइ एकिन गर्दा DHIS/HMIS मा भएको विगत ३ वर्षको आधिकारिक दर्तालाई आधार लिनुपर्ने,<br>• तोकिएबमोजिमको स्केल अनुसार जिल्ला दररेट समितिको निर्णयानुसार लागत अनुमान तयार गर्ने।<br>• चिकित्सक/डाइटिसियनको सिफारिस बमोजिमको प्रचलित कानुन बमोजिमको दैनिक स्वच्छ तथा पोषणयुक्त खानाको व्यवस्था गर्ने<br>• प्रत्येक दिनको (आईतवार देखि शनिवार) फुडमेनु प्रदर्शन गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | HMIS/DHIS मा भएको दर्ता, सेवा रजिष्टर, डाइट स्लिप, खरिद सम्बन्धी कागजात, दैनिक रजिष्टर। |
| जिम्मेवारी व्यक्ति /शाखा | डाइटिसियन |

## प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र अन्तर्गतका क्रियाकलापहरु

### ६.१ गाउघर /शहरी क्लिनिक नसर्ने रोग व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०८१ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका नागरिकलाई नसर्ने रोगका बारेमा जनचेतना दिने तथा आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनु। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको न्यूनीकरण तथा स्वस्थ जीवनशैली व्यवस्थापन गर्न सहयोग पुग्नेछ। |
| सञ्चालन प्रकृया | स्वास्थ्य संस्थाको पहुँच नभएका एक वा एक भन्दा बढी स्थान छनोट गर्ने र स्वीकृत बजेट कार्यक्रमको परिधिभित्र रही औषधि खरिद र अन्य व्यवस्थापन तथा संचालनमा खर्च गर्नु पर्नेछ,<br><br>नियममित रुपमा तोकिएको स्थानमा सम्बन्धित पालिको समन्वयमा गाउँघर क्लिनिक संचालन गर्ने,<br><br>आवश्यकता अनुसार नसर्ने रोगहरुको न्यूनिकरण सम्बन्धी जानकारी मूलक सामग्रीको छपाई र अन्य चेकजाँचमा आवश्यक उपकरण लगायत अन्य सामग्री खरीद गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | कार्यक्रमकको चौमासिक प्रतिवेदन सामाजिक विकास मन्त्रालय र निर्देशनालयमा पठाउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, खरिद ईकाइको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, औषधी वितरण रजिष्टर, विरामीको विवरण |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवार तोकेको व्यक्ति |

### ६.२ क्रियाकलापको नामः जेष्ठ नागरीक स्वास्थ्य प्रर्वधन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिकहरुलाई निःशुल्क चेकजाँच गरी स्वास्थ्य प्रबर्धक गर्ने रसायन एवं शक्तिवर्धक आयुर्वेदिक औषधीहरु निःशुल्क वितरण गरी जेष्ठ नागरिकको स्वास्थ्य रक्षा गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जेष्ठ नागिरकलाई आवश्यकता अनुसार पुर्व कर्म पञ्चकर्म रसायन र योगको माध्यमबाट स्वास्थ्य संरक्षण प्रवर्धन गरि स्वास्थ्यमा पहुच विष्तार गर्ने। |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धन भएको हुनेछ। |
| संचालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा दैनिक सेवा लिन आउने जेष्ठ नागरिकहरु वा जेष्ठ नागरिकसँग सम्बन्धित काम गरीरहेका स्थानीय संघ संस्थाहरु बृद्धाश्रम,कारागार लगायत केन्द्रहरुको समन्वयमा तिनीहरुको त्यहाँ रहेका जेष्ठ नागरिकहरूको पहिचान गरी नियमित रुपमा स्वास्थ्य जाँच गर्ने तथा सार्वजनिक खरिद ऐन नियम र प्रचलित कानुन अनुसार निदानका लागि आवश्यक समाग्री र गुणस्तरीय औषधीको खरिद अन्य चिकित्साजन्य सामग्रीहरुको आवश्यकतानुसार व्यवस्था मिलाउने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • जेष्ठ नागरिकलाई सेवा दिन आवश्यक पर्ने संस्थामा उपलब्ध सबै प्रकारका सेवाहरुलाई यसै कार्यक्रम मार्फत नि:शुल्क सेवा दिने व्यवस्था गर्ने, • उमेर अनुसार जेष्ठ नागरिकको स्वास्थ्य समस्याहरुलाई विशेष ध्यान दिदै आचार रसायन,आहार बिहार योग समेत गराउन सकिने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश दाखिला रिपोर्ट सेवाग्राही संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**६.३ क्रियाकलापको नामः स्तनपायी आमाको लागि निःशुल्क दुग्धबर्धक औषधी वितरण कार्यक्रम**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१२ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्तनपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ तथा कुपोषण न्यूनीकरण गर्न दुग्धबर्धक औषधी बितरण गर्ने हेतुले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्तनपान गराइरहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धबर्धक औषधीको प्रयोग गरी भबिश्यमा हुन सक्ने कुपोषण जन्य रोगबाट बचाउने। |
| अपेक्षित प्रतिफल | स्तनपान गराइरहेका आमाहरु र बालबालिकाहरु शारिरीक तथा मानसिक रुपमा स्वस्थ भएको हुनेछन्। |
| संचालन प्रकृया | • अस्पताल तथा अनुसन्धान केन्द्रमा आउने स्तनपायी आमा सुत्केरी भएको ६ महिनाभित्रका आमाहरुलाई प्रत्येक १५ दिनको पुनरावृतमा दुग्दबर्धक आयुर्वेद औषधीहरु निःशुल्क वितरण गर्ने। • प्रदेशमा रहेका अस्पताल,औषधालय,नागरिक आरोग्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टरहरुसँग समन्वय गरी सो मार्फत स्तनपायी आमालाई स्तन्यवर्धक औषधीहरु तथा अन्य औषधीहरू बितरण गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दुग्दबर्धक औषधीहरु वितरण रेकर्ड |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ६.४ क्रियाकलापको नाम :पुर्वकर्म पञ्चकर्म संचालन तथा ब्यवस्थापन कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१९५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आधारभूत आयुर्वेद सेवा सम्बन्धित पुर्वकर्म पंञ्चकर्म कार्यक्रमका माध्यमबाट सेवाग्राहीहरुको उपचार तथा स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सेवाग्राहीहरुको जाँच गरी पुर्वकर्म पंञ्चकर्म कार्यक्रमका माध्यमबाट सेवाग्राहीहरुको उपचार तथा स्वास्थ्य प्रवर्धन गरी आवश्यक उपचारका साथै परामर्श दिने। |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुको स्वास्थ्य संरक्षण, प्रबर्धन र पुनर्स्थापनामा सघाउ पुगी सेवा विस्तार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • पूर्वकर्म,पंचकर्ममा प्रयोग हुने मुख्य गुणस्तरीय औषधीहरू खरिद गर्ने,<br>• स्वेदनकर्मको लागि तोकिएका द्रव्यहरूलाई रोग अनुसार प्रयोग गर्ने,<br>• स्नेहन, स्वेदन, शिरोधारा, कटीबस्ती, ग्रीवाबस्ती, नस्य कार्यक्रम संचालन गर्ने र प्राथमिकता अनुसार आवश्यक पूर्वकर्म,पंचकर्ममा प्रयोग हुने स्वचालित उपकरण तथा सामग्री समेत खरिद गरी पूर्वकर्म पञ्चकर्म सेवा निरन्तर प्रदान गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • सेवालाई प्रभावकारी बनाउन सेवाग्राहीको चाप अनुसार पुर्वकर्म/पंचकर्म सम्बन्धी कम्तिमा १ महिने तालिम प्राप्त आयुर्वेद स्वास्थ्यकर्मी सेवा करारमा लिई सेवा सुचारु गर्ने।<br>• आवश्यकता अनुसार कार्यालय समयभन्दा अघि पछि पुर्वकर्म/पंचकर्म सेवालाई निरन्तर दिन सकिने छ।<br>• समय समयमा प्रदेशमा कार्यरत अभ्याङ्गकर्ता तथा पञ्चकर्म सेवामा काम गर्ने कर्मचारीलाई पुनरताजकी तालिम वा अभिमुखिकरण कार्यक्रम संचालन गर्दै सेवाको सुदृढ गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बिरामीको तथ्याङ्क ,दाखिला प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ६.५ क्रियाकलापको नाम: निशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२० | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न आवश्यक ठानी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सा सम्बन्धी सचेतना अभिबृद्धिभइ स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू छनोट गरी आवश्यकता अनुसार मन्त्रालय ,निर्देशनालयले यस आ.ब मा कुनै प्रकारका स्वास्थ्य शिविर संञ्चालन नगरेको स्थान पहिचान गरि स्वीकृत कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने,<br>• प्रदेश अन्तर्गतका जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरु नजिकको आयुर्वेद औषधालय/नागरिक आरोग्य सेवा केन्द्र ,स्वास्थ्य सेवा निर्देशनालय,स्थानिय निकायसँग समन्वयन गरि विषेशज्ञ आयुर्वेद सहितको स्वास्थ्य शिविर संञ्चालन गर्ने, |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,खरिद आदेश औषधीको दाखिला बिरामी तथ्यांक आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**६.६ क्रियाकलापको नामः ल्याव सेवा ब्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.८२ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रयोगशालाको स्वास्थ्य सम्बन्धी उपकरण आवश्यकता पर्ने केमिकल रिएजेन्ट औजार उपकरण खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गुणस्तरीय प्रयोगशाला सेवा संचालन गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय प्रयोगशाला संचालन आई सेवा बिस्तार भएको हुनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • प्रयोगशालालाई आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी औजार रिएजेन्ट उपकरण तथा केमिकलको सूचि तथार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराउने ।<br>• सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने,<br>• दैनिक प्रयोगशाला सेवा लिने सेवाग्राहिको चाप र आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन सहित प्रयोगशालाको सामान्य मर्मत सम्भार समेत गर्न सकिने ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशालासँग सहकार्य गरि सेवा थप ब्यवस्थित बनाउन आवश्यक कार्य गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति प्रयोगशालाकर्मि |

### ६.७ क्रियाकलापको नामः विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.५१४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद योग शिक्षाका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद योग शिक्षा  कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विद्यार्थी र शिक्षकले घर परिवारमा योग गर्न प्रोत्साहन गर्ने तथा स्थानीय जडीबुटीको पहिचान संरक्षण तथा प्रयोग गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | स्वस्थ जीवनशैली आयुर्वेद योग जडिबुटी सम्बन्धी जानकारी प्राप्त भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद योग शिक्षा कार्यक्रम संञ्चालन निर्देशिकामा भने अनुसार समुदायक, निजि विद्यालयका शिक्षक शिक्षीकाहरूलाई समेत आयुर्वेद,योग शिक्षा तथा जीवनशैली व्यवस्थापन सम्बन्धित तोकिएको विषयवस्तुमा आधारित रही कक्षा संचालन गर्ने,<br>• प्रदेशभित्रका पालिकाहरूसँग समन्वयन गरी पालिकामा रहेका नमुना बिद्यालयहरूमा अध्ययनरत विद्यार्थी, स्वास्थ्य शिक्षक, शिक्षिकाहरू, बिध्यालय नर्स, स्थानीय तहमा रहेको शिक्षा विकास समन्वय इकाईसँग समन्वय गरी योग आयुर्वेद चिकित्साका बारेमा तालिम दिइ नियमित कक्षा संचालन र अभ्यास गराउने,<br>• आयुर्वेद स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरू लगायत योग शिक्षा तथा जीवनशैली व्यवस्थापनमा कक्षा सञ्चालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन ,उपस्थिति ,भ्रमण विल ,भर्पाई आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ६.८ क्रियाकलापको नामः वातसामक तेल निर्माण वितरण कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१९४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थामा सेवा लिन आउने जीर्ण बातरोगका विरामी, जेष्ठ नागरिक सेवाग्राहीको बात रोगलाई न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बातरोग तथा बेदना शमन गरी बिरामीको स्वास्थ्य रक्षा गर्न । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | बातरोग तथा बेदनाजन्य रोगको न्युनिकरण भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थामा आउने बातरोगी तथा जेष्ठनागरिक सेवाग्राहिको छनौट गर्ने,<br>• बातसामक विभिन्न तेल निर्माण गर्न कच्चा तेल, जडिबुटी तथा अन्य सामग्री सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने,<br>• खरिद गरी आवश्यकतानुसार अन्य जडिबुटि समेत मिसाएर विभिन्न वातनाशक तैल निमार्ण गरी बितरण गर्ने। निर्माण भएको तैल औषधि दाखिला गरी मागअनुसार जिल्लस्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा समेत आपूर्ति गर्ने,<br>• पुर्वकर्म पंञ्चकर्म अन्तर्गतका सेवाहरूमा आवश्यक पर्ने वातशामक तैल खरीद गरी सेवाग्राहीहरूलाई समुचित वितरण गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन तेल वितरण सूचि आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**६.९ क्रियाकलापको नामः राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवस मनाउने**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | कार्तिक महिनामा राष्ट्रिय तथा अन्तराष्टिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती माघ महिनामा राष्ट्रिय योग दिवस ध्यान दिवस  र असार महिनामा अन्तराष्ट्रिय योग दिवस मनाउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद तथा योग पद्धतिको संरक्षण तथा स्मरण गर्दै यसको प्रचार प्रसार गर्ने। |
| अपेक्षित प्रतिफल | योगाभ्यासबाट हुने लाभका विषयमा जनचेतना अभिबृदि भएको हुनेछ। |
| संचालन प्रकृया | • धन्वन्तरी जयन्तिका दिन स्वास्थ्य सम्बन्धी विभिन्न जनचेतनामूलक क्रियाकलाप सहित आरोग्य दिवस मनाउने,<br>• प्रत्यक वर्ष माघ १ गते र जुन २१ मा चिकित्सकीय योगाभ्यास Therapeutic yoga सहित सर्वसाधारणको उल्लेख्य सहभागीता हुन सक्ने स्थान छनोट गरी क्रमश राष्ट्रिय र अन्तर्राष्ट्रिय योग दिवस विविध क्रियाकलाप सहित अभियानका रुपमा मनाउने,<br>• योग र आयुर्वेदको महत्व वारे प्रचार प्रसार हुने विभिन्न सामाग्रीहरुको छपाई कार्य। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ६.१० क्रियाकलापको नामः क्षारसुत्र ब्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | पाइल्स ,फिसर ,फिष्टुला एवम् अन्य गुदद्वार सम्बन्धी रोगको पहिचान गरी आवश्यकता अनुसार शल्यकर्म गर्नका लागी यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पाइल्स ,फिसर ,फिष्टुला एवम् अन्य गुदद्वार सम्बन्धी रोगको स्कृनिङ्ग गरि रोग पत्ता लगाई आयुर्वेद चिकित्साका माध्ययमबाट उपचार गर्ने। |
| अपेक्षित प्रतिफल | गुदविकार सम्बन्धी समस्याहरूका बिरामीहरू समयमानै रोगको निदान र उपचार सेवा पाउनेछन्। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थामा आउने बिरामीहरूमा पाइल्स,फिसर,फिष्टुला लगाएत बिरामीको छनोट गरी आवश्यकतानुसार स्कृनिङ्ग, उपचार ,परामर्श सहित शल्यकर्म क्षारशुत्र सेवा प्रदान गर्ने,<br>• आवश्यकता अनुसार क्षारसुत्र कर्म तथा अन्य शल्य कर्म गर्नका लागि क्षारसुत्र निर्माण तथा आवश्यक यन्त्र उपकरण लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने,<br>• खरीद गरि गुणस्तरिय सेवा प्रदान गर्ने।<br>• आवश्यतानुसार जनशक्ति ब्यवस्थापन गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन ,बिरामी बिवरण आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.११ क्रियाकलापको नामः स्वास्थ्य जीवन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४१७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | स्वस्थ जीवनशैली परिवर्तनको लागि योग प्रणायाम ध्यानका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिवुटिको प्रयोग गरी स्वास्थ्य प्रर्वधन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई नसर्ने रोगहरु र तिनको रोकथामको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • अस्पताल तथा स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगअभ्यास गराउने रोग अनुसारको औषधी तथा आहार विहार सम्वन्धी जानकारी दिने,<br>• आवश्यकता अनुसार योग अभ्यास पश्चात शिलाजीत, अमृत चिया, तथा स्वास्थयवर्धक रसायन औषधी दिने,<br>• हरेक ३० दिनमा सुगर ,प्रेसर तौल साथै वि.एम.आई चेक जाँच गरी उचित परामर्श समेत दिने,<br>• विरामीलाई आवश्यकतानुसार पूर्वकर्म पंचकर्म सेवा उपलब्ध गराउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन ,कार्यक्रम सम्पन्न प्रतिवेदन उपस्थिती |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.१२ क्रियाकलापको नामः अस्पताल फोहोरमैला व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुदा सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा विसर्जन गर्न मिल्ने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्नुपर्ने हुदा यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलीकरण गरी व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| संचालन प्रकृया | Health Care Waste Management Guideline 2014 अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ:<br>• कर्मचारीलाई संक्रमण रोकथाम सम्बन्धी क्षमता विकास गर्ने,<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण,सामग्री मर्मत,<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद,<br>• फोहोरमैलाव्यवस्थापन गर्न आवश्यक मेसिनरी औजार तथा सामग्री खरिद,<br>• फोहोर व्यवस्थापनका लागि स्थानिय पालिका सग सम्झौता भएमा फोहोरको प्रकृति हेरी  मासिक रुपमा फोहोर व्यवस्थापन गरे वाफत सम्झौता अनुरुपको पैसा भुक्तानि गर्ने,<br>• बजेट परिधिभित्र रही संक्रमण रोकथाम सम्बन्धी तालिम सञ्चालन गर्न सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, खरिद ,दाखिला ,सम्झैता पत्र आदि । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**६.१३ क्रियाकलापको नामः सुर्खेत जिल्लास्थित नागरिक आरोग्य सेवा केन्द्र संचालन**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५९६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निः शुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने बिषयलाई मैलिक हकको रूपमा प्रत्याभूति गरेको छ ।मौलिक हक भित्र आयुर्वेद सेवा पनि परेकाले सुर्खेत जिल्लामा आयुर्वेद सेवा उपलब्ध नभएका पालिकाहरूमा संञ्चालित नागरिक आरोग्य सेवा केन्द्रहरूको संञ्चालन तथा ब्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नसर्ने रोगहरूको रोगथामको उपायहरूको बारेमा जानकारी गराउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य प्रबर्द्धन भइ सेवाग्राहीले स्वस्थ्य र दीर्घायू जीवन यापन गर्ने र नसर्ने रोगमा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • सुर्खेत जिल्लामा सञ्चालित नागरिक आरोग्य केन्द्रहरुमा जनशक्ति व्यवस्थापन गर्ने।<br>• सम्बन्धित स्थानीय तह सिफारिसमा प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रद्वारा हाल कार्यरत स्वास्थ्यकर्मी र सहयोगीलाई करार सम्झौता गरी सम्बन्धित स्थानीय तहमा जनशक्ति खटाउने।<br>• सम्वन्धित पालिकाको अनुरोधमा अन्य ब्यवस्थापकिय सहयोग गर्ने<br>• नागरिक आरोग्य कार्यक्रम संञ्चालन निर्देशिका २०७५ बमोजिम सेवा प्रवाह संञ्चालन गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रमको मासिक प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

### ६.१४ क्रियाकलापको नामः विशेषज्ञ स्वास्थ्य सेवा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु पदहरु पदपूर्ति नभइ विशेषज्ञ सेवा संचालन हुन नसकेकोले र बिरामीको चाप सगै आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा सहज रुपमा संचालन गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | बिशेषज्ञ तथा बिशेष प्रकृतीका सेवा नियमितरुमा संचालन भइ सेवा बिस्तार हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा गुणस्तरीय सेवा उपलव्ध भइ सेवाग्राहीको संख्यामा वृद्धि हुनेछ। |
| संचालन प्रकृया | • आवश्यकता एकिन गरी प्रचलित नियमानुसार सेवा करारमा जनशक्ति लिई सम्बन्धित बिषयको बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक अन्य कर्मचारीलाई सेवा करारमा लिई आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रवाह गर्ने।<br>• विशेषज्ञ तथा विशेष सेवा प्रवाह गर्न आवश्यक उपकरण, सुरक्षा सामाग्री सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्न सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कर्मचारीको हाजिरी विवरण दाखिला। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

### ६.१५ क्रियाकलापको नामः  सःशुल्क फार्मेसी स्थापना तथा संञ्चालन व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४१८ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्वेदमा निःशुल्क फार्मेसीबाट वितरण हुदै आएका औषधीहरू बाहेक अस्पतालमा आउने सेवाग्राहीहरूलाई विभिन्न प्रकारका अन्य आयुर्वेदिक औषधीहरू सहज र सुपथ मूल्यमा कार्यालयको हाताभित्रबाटै उपलब्ध गराई सहज सेवा उपलब्ध गराउन यो क्रियाकलाप राखिएको हो । |
| उद्देश्य | आयुर्वेदिक औषधीहरू सहज र सुपथ मुल्यमा कार्यालयको हाताभित्र नै उपलब्ध गराई सहज सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | लक्षित समूहले सुरक्षित एवम् गुणस्तरीय आयुर्वेद औषधीहरु सःशुल्क रुपमा पाउने छन्। |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियम, निर्देशिकाको परिधिमा रहेर अस्पताल फार्मेसि सेवा निर्देशिका २०७८ मा भएका व्यवस्था अनुरुप वर्ष भरि आवश्यक गुणस्तरीय आयुर्वेद औषधीहरु ठेक्का प्रकृया मार्फत आपुर्ति गरी  नियमानुसार सम्बन्धित औषधि विक्रेतासग सम्झौता गरी प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको सःशुल्क फार्मेसीको लागी खरिद गरी खुद्रा मुल्यमा ५ प्रतिशत छुट दिई सेवाग्राहीलाई बिक्री बितरण गरिनेछ।<br>• आवश्यकता अनुसार फार्मेसीमा आवश्यक पर्ने विभिन्न सामग्री खरिद तथा ब्यवस्थापन गरि संञ्चालन गर्न सकिने   । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ६.१६ क्रियाकलापको नामः अस्पताल सुदृढीकरण सेवा विस्तार र ब्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र मा हाल प्रदान सेवाहरुको सुदृढिकरण र थप सेवाहरुको विस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा बैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्साबाट स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद तथा वैकल्पिक चिकित्साका पंचकर्म, क्षारसुत्र,प्रयोगशाला, अस्पताल फार्मेसी, फिजियोथेरापी, एकुपञ्चर, प्राकृतिक आदि पद्दतिबाट गुणस्तरीय उपचार सेवा प्राप्त हुनेछ। |
| संचालन प्रकृया | • हाल प्रदान गरिएका सेवाहरुलाई निरन्तरता दिने,<br>• सेवा विस्तारका लागि आवश्यक सेवा तथा कार्यक्रमहरु छनौट गर्ने,<br>• सेवा विस्तार कार्यक्रमहरु छनौट गरी गुणस्तरीय सेवा विस्तार गरिने छ।<br>• सेवा विस्तारका तथा अस्पताल सुदृढिकरणका लागि सामान्य भौतिक पुर्वाधार निर्माण मर्मत,औजार उपकरण फर्निचर तथा आवश्यक अन्य सामग्री खरिद गरी संचालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश दाखिला प्रतिवेदन आदि। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.१७ क्रियाकलापको नामः औषधी ढुवानी तथा अन्य भाडा



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१०१ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद औषधी तथा औषधीजन्य सामग्रीहरु सुरक्षित रुपमा गन्तव्यसम्म ढुवानी गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेश अन्तर्गतका आयुर्वेद स्वास्थ्य संस्थाहरु सम्म ढुवानी गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधी जन्य सामग्रीहरुको नियमित आपुर्ति भएको हुनेछ। |
| सञ्चालन प्रकृया | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट जिल्लाको स्टोर र जिल्लाबाट पालिकासम्म आवश्यकता अनुसार आयुर्वेद औषधी तथा औषधीजन्य सामग्रीहरु साथै अन्य स्वास्थ्य सामग्री ढुवानि गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | समय समयमा औषधी औषधीजन्य सामग्रीहरु पुगेको ह.फा.,दाखीला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.१८ क्रियाकलापको नाम :अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | आयुर्वेद अस्पतालमा चोरी, अनैतिक कार्य, अबैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतीको सुरक्षा हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभुति भएको हुनेछ। |
| संचालन प्रकृया | • स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि हाल अस्पतालको सुरक्षार्थ करार सेवामा कार्यरत सुरक्षा गार्डलाई करार सेवा निरन्तरता गर्ने।<br>• आवश्यतानुसार सुरक्षा गार्डका लागि आवश्यक पोसक जुत्ता लगाएत समाग्री खरिद गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमनसूचक | हाजिर रजिष्टर, अनुगमन,दाखिला |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.१९ क्रियाकलापको नाम : अध्ययन अनुसन्धान र तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.१३.१४९ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका आयुर्वेद तथा वैकल्पिक चिकित्सा जडिबुटी खनिज साथै अन्य विभिन्न आर्थिक, सामाजिक र भौगोलिक तथा अन्य स्वास्थ्यका निर्धारक तत्वहरुको अध्ययन गरी स्वास्थ्यका क्षेत्रमा परिणाममुखी योजना बनाउन र विभिन्न आयुर्वेदका बिषयमा अध्ययन अनुसन्धान र यसका लागी आवश्यक पर्ने तालिम समेत दिनका लागि यो कार्यक्रम राखिएको हो। |
| उदेश्य | प्रदेशमा आयुर्वेद स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | प्रदेशको हाल आयुर्वेद तथा वैकल्पिक चिकित्सा जडिबुटी र सेवा प्रवाहको अवस्था बारे थाहा भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा, जडिबुटी,खनिजको तथा जनस्वास्थ्य क्षेत्रका बिषय छनोट गरि अध्ययन अनुसन्धान आवश्यक पर्ने समिति तथा समूहको गठन गरि नेपाल अनुसन्धान परिषद्ले तोकेको मापदण्ड पुरा हुने गरी बजेटको परिधिमा रहि  अध्ययन अनुसन्धान कार्य गर्ने,<br>• आयुर्वेद अस्पतालमा रहेको अध्ययन अनुसन्धान तथा समन्वय समितिसँग समन्वय गरी अध्ययन अनुसन्धान कार्य गर्नुपर्नेछ।<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि चिकित्सक,स्वास्थ्यकर्मि लगायत अन्यका लागि अती आवश्यक सेवा सँग सम्वन्धित तालिम संञ्चालन गर्ने।<br>• तालिमका लागि आवश्यक विषेशज्ञ चिकित्सक बाहिरबाट बोलाउन सकिनेछ ।<br>• अनुसन्धानबाट प्राप्त प्रतिवेदन मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| सन्दर्भ सामाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन स्वास्थ्य प्रोफाइल प्रतिवेदन ,बैठकका निर्णयहरु |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.२० क्रियाकलापको नामः च्यवनप्राश उत्पादन

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१७८६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने जडीबुटी र कच्चा पदार्थहरुबाट च्यवनप्रास उत्पादन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद उत्पादन केन्द्रबाट च्यवनप्रास निर्माण गरी उत्पादन भएको च्यवनप्रास आयुर्वेद कार्यालयहरूमा व्यवस्थित रूपमा वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | • लक्षित समूहले सुरक्षित प्रभावकारी गुणस्तरीय च्यवनप्रास निःशुल्क रुपमा प्राप्त गर्ने छन्।<br>• प्रदेशमा भएका जडिबुटी खनिज स्रोत साधनको समुचित प्रयोगमा आउनेछ । |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध आयुर्वेदिक जडीबुटी र खनिजलाई प्राथमिकता दिई च्यवनप्रास उत्पादन गर्ने,<br>• जडीबुटी, कच्चापदार्थ, आवश्यक अन्य सामग्री खरिदका साथै च्यवनप्राश निर्माण गरी लेवलिङ्ग प्याकिग गर्ने,<br>• च्यावनप्रास उत्पादन गर्दा कार्यालय समयभन्दा अघि पछि उत्पादन कार्यमा खटीएका चिकित्सक स्वास्थ्यकर्मि र अन्य कर्मचारीहरुलाई आवश्यक निर्णय अनुसार बजेट तथा नियम कानुनको परिधीभित्र रहि थप सुविधा उपलब्ध गराउन सकिनेछ,<br>• माग अनुसार जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा बितरणको लागी च्यवनप्राश आपूर्ति गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, हस्तान्तरण फारम आदी |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.२१ सिलाजित प्रशोधन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७८५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने कच्चा शिलाजित प्रशोधन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कच्चा शिलाजितको प्रशोधीत गर्ने र अस्पतालमा आउने सेवाग्राहीलाई व्यवस्थित रूपमा रोग अनुसार शिलाजितको वितरण गर्ने । |
| अपेक्षित प्रतिफल | प्रशोधीत शिलाजित प्राप्त भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध कच्चा शिलाजितको संकलन गर्ने,<br>• कच्चा शिलाजितलाई प्रशोधनका लागि विज्ञ जनशक्ति सहित अन्य कर्मचारी परिचालन गरि विधिपुर्वक प्रशोधन गर्ने,<br>• यसका लागि आवश्यक कच्चापदार्थ, अन्य सामग्री खरिद गर्ने,<br>• प्रशोधीत शिलाजितको उचित लेवलिङ्ग प्याकिग गर्ने,<br>• उत्पादन गरिएको शिलाजित जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा समेत आपूर्ति गर्ने,<br>• कार्यालय समय भन्दा अघि पछि उत्पादन कार्यमा खटीएका चिकित्सक स्वास्थ्यकर्मि र अन्य कर्मचारीहरुलाई आवश्यक निर्णय अनुसार बजेट तथा नियम कानुनको परिधीभित्र रहि थप सुविधा उपलब्ध गराउन सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, हस्तान्तरण फारम, वितरणको विवरण आदी |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.२२ क्रियाकलापको नामः फिजियोथेरापी सेवा संचालन तथा ब्यवस्थापन



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्बन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५ प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्। हाल नसर्ने रोगको ब्यापकता बढेसंगैअल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत वृद्धि भएको पाइन्छ। ती व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुदृढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन्। |
| संचालन प्रकृया | • अस्पतालको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको Assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने,<br>• फिजियोथेरापी सेवालाई थप सुदृढीकरण गर्ने ।<br>• फिजियोथेरापी सेवा प्रदान गर्न आवश्यक उपकरण सामग्रि खरिद गर्ने,<br>• आवश्यक फिजियोथेरापी सेवालाई प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।<br>• यस कार्यक्रमबाट फिजियोथेरापीष्ट र सहायक फिजियोथेरापीका कर्मचारी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**६.२३ क्रियाकलापको नामः आयुर्वेद औषधी निर्माण तथा आयुर्वेद संस्थाहरूमा बितरण ब्यवस्थापन कार्यक्रम**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने जडीबुटीजन्य कच्चापदार्थहरुबाट आयुर्वेद औषधी उत्पादन गरी आयुर्वेद संस्थाहरुमा तथा आयुर्वेद सेवा संचालन भएका पालिकाहरुमा रहेका आयुर्वेद औषधालय, नागरिक आरोग्य सेवा केन्द्रमा आयुर्वेदिक औषधी आपुर्ति गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | औषधी उत्पादन भइ आयुर्वेद कार्यालयहरूमा व्यवस्थित रूपमा वितरण गर्ने । |
| अपेक्षित प्रतिफल | लक्षित समूहले सुरक्षित प्रभावकारी गुणस्तरीय आयुर्वेद औषधीहरु नि:शुल्क रुपमा प्राप्त गर्ने छन् । |
| सञ्चालन प्रकृया | • सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने र कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध आयुर्वेदिक जडीबुटीलाई प्राथमिकता दिइ औषधी उत्पादनका लागि जडीबुटी खरिद गरिने छ,<br>• उत्पादनका लागि आवश्यक जडीबुटी, कच्चापदार्थ, आवश्यक अन्य सामग्री खरिद गरी जनशक्तिको व्यवस्थापन सहित आयुर्वेद फार्मेसीमा गुणस्तरीय आयुर्वेद औषधी निर्माण गर्ने,<br>• खनिजको प्रशोधन गरी औषधी उत्पादन गरी लेवलिङ्ग प्याकिग गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र,स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा समेत आपूर्ति गर्ने,<br>• औषधि निर्माण कार्यमा खटिने औषधि कुटवा कर्मचारिलाई औषधि निर्माण समयमा आवश्यक जोखिम भत्ता र खाजा खर्च समेत उपलब्ध गराउन सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | मागफारम, दाखिला प्रतिवेदन ,हस्तान्तरण फारम, |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**६.२४ क्रियाकलापको  नामः प्रदेशमा रहेका जडिबुटीको खेती संरक्षण प्रवर्धन महत्व तथा प्रयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.७२९ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशमा भएका जडिबुटीहरुको खेती संरक्षण प्रबर्धन महत्व तथा प्रयोग सम्बन्धि अभिमुखीकरण गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जडिबुटीको  खेती संरक्षण प्रबर्धन महत्व तथा यसको प्रयोग सम्बन्धि अभिमुखीकरण दिने। |
| अपेक्षित प्रतिफल | जडिबुटी खेती संरक्षण प्रबर्धन महत्व सम्बन्धी ज्ञान सिप तथा क्षमता अभिबृर्दि भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश भित्रका जिल्ला,पालिकामा रहेका औषधालय नागरिक आरोग्य केन्द्रहरुसँगको समन्वयमा अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • कार्यक्रममा आयुर्वेद चिकित्सक, आयुर्वेद स्वास्थ्यकर्मी, जडिबुटि खेति गर्ने कृषक, जनप्रतिनिधी ,समाजसेवी र अन्य सरोकारवाला सहित कम्तिमा २५ जनाको सहभागीतामा कार्यक्रम संचालन गर्ने,<br>• गुणस्तरीय जडीबुटी खेति भण्डारण सम्बन्धी जानकारी दिने सूचनामूलक सामग्री तयार गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.२५ क्रियाकलापको नामः समुदायमा स्थानीय रुपमा पाईने जडिबुटीहरुको उपयोगिता प्रयोग मात्राको बारेमा जनचेतना मुलक कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००८ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशमा भएका जडिबुटीहरुको उपयोगिता प्रयोग र जडिबुटीहरुको संरक्षण प्रवर्धन महत्व सम्बन्धि अभिमुखीकरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जडिबुटीको संरक्षण प्रवर्धन प्रयोग सम्बन्धि अभिमुखीकरण दिने । |
| अपेक्षित प्रतिफल | जडिबुटी उपयोगिता सम्बन्धी ज्ञान सिप तथा क्षमता अभिबृर्दि भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | • प्रदेश भित्रका जिल्ला,पालिकामा रहेका औषधालय नागरिक आरोग्य केन्द्रहरुसँगको समन्वयमा अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने, |



तथ्याङ्क अधिकृत
उप-सचिव
प्रदेश सचिव
मा. मन्त्री

| | |
|---|---|
| | • कार्यक्रममा आयुर्वेद चिकित्सक, आयुर्वेद स्वास्थ्यकर्मी, जडिबुटि खेति गर्ने कृषक, जनप्रतिनिधी ,समाजसेवी र अन्य सरोकारवाला सहित कम्तिमा २५ जनाको सहभागीतामा कार्यक्रम संचालन गर्ने,<br>• गुणस्तरीय जडीबुटी खेति भण्डारण सम्बन्धी जानकारी दिने सूचनामूलक सामग्री तयार गर्ने । |
| बजेट बाँडफाट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०८२ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका निर्देशिका २०८२ जडिबुटि खेति संरक्षण भण्डारण सम्बन्धि निर्देशिका,प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.२६ क्रियाकलापको नामः जडीवुटी संकलन भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७३१ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जडिबुटि क्षेत्रमा काम गर्ने अन्य आम मानिसहरुलाई जडिवुटिको संकलन भण्डारण, प्रशोधन, बजारीकरण सम्बन्धी आवश्यक जानकारी दिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जनतालाई जडीबुटीको संकलन भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धि जानकारी दिने। |
| अपेक्षित प्रतिफल | जडीबुटीको संकलन ,भण्डारण ,प्रशोधन ,बजारीकरण संरक्षण सम्वन्धी ज्ञान हासिल भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थासँगको समन्वयमा जडीवुटीको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको सहभागीतामा जडिबुटीको संकलन औषधी र जडिबुटीको |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र स्थानीय तहमा रहेका औषधालय नागरिक आरोग्य केन्द्रसँग समन्वयनमा प्रदेशका जिल्लाहरुमा कार्यक्रम संञ्चालन गरिने,<br>• कार्यक्रममा कम्तिमा २५ जना सहभागी रहनेछन्,<br>• अभिमुखीकरण कार्यक्रममा स्थानीय स्तरमा उपलब्ध जडीबुटीको परिचय र उपयोगिता,संकलन,भण्डारण,प्रशोधन,बजारीकरण Good Agriculture and Collection Practices (GACP) सम्बन्धी जानकारी दिने,<br>• कार्यक्रम संञ्चालन गर्न आवश्यक पुष्तक तथा सूचनामूलक सामग्री छपाई गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**६.२७ कर्णाली प्रदेशमा उपलब्ध जडिबुटीबाट आयुर्वेदिक औषधी उत्पादन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४० | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश जडिबुटीहरूको धनि प्रदेश भएकाले यहाँका बहुमुल्य जडिबुटीहरूको कम मुल्यमा बाहिर प्रदेश वा देशमा निर्यात हुने र सो बाट निर्मित औषधीहरूलाई बढी मूल्य तिरेर खरिद गर्नुपर्ने बाध्यतालाई कम गरी स्थानिय जडिबुटीहरूलाई सदुपयोग गर्न र कृषकहरूको मनोबल उच्च राख्न यो क्रियाकलाप राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | आयुर्वेद औषधी अभाव सृजना हुन नदिइ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधीजन्य जडिबुटी खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने |
| अपेक्षित प्रतिफल | औषधी उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ |
| सञ्चालन प्रकृया | • औषधी निर्माणका लागी आवश्यक कर्णाली प्रदेशमा पाईने जडिबुटीहरु र खनिजलाई प्राथामिकतमा राखी खरिद गर्ने ।<br>• कर्णालीमा उपलब्ध नहुने जडिबुटी वा खनिजलाई अन्य स्थानबाट खरिद गरि औषधी निर्माण गर्ने ।<br>• उत्पादीत औषधीहरुको गुणस्तर मापन गर्ने ।<br>• औषधि निर्माण कार्यमा खटिने औषधि कुटवा कर्मचारिलाई औषधि निर्माण समयमा आवश्यक जोखिम भत्ता समेत उपलब्ध गराउन सकिने छ ।<br>• माग बमोजिम जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा समेत आपूर्ति गर्ने, |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद प्रकृया, औषधी वितरण, दाखिला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**६.२८ क्रियाकलापको नामः CME Programme**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | हरेक हप्ता |

| | |
|---|---|
| परिचय | अस्पतालमा आउने बिरामीहरु धेरै प्रकारका हुने हुदा बिरामीहरको उपयुक्त व्यवस्थापन र दैनिक कार्यप्रणालीलाइ सजिलो बनाउन नियमित चिकित्सा शिक्षाको अति आबश्यक हुन्छ। अस्पताल सेवा सामुहिक कार्य सम्पादनवाट प्रभावकारी रुपमा संचालन हुन्छ। एक्लैले गर्दा मानिसको ज्यान बचाउने कार्य |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सारै कठीन हुन जान्छ।कुनै पनि सेवा ग्राहीको समस्या समयमै पत्ता लगाइ उचित व्यवस्थापन गर्ने र समस्या पछिसम्म रहि अशक्तता हुनबाट र अपांगता हुनवाट बचाउन पनि एक आपसमा सामुहिक छलफलवाट समस्या सजिलै समाधान गर्न सकिन्छ।<br><br>अस्पतालमा नियमित मेडीकल शिक्षाको जरुरी पर्दछ।कम्तीमा हप्तामा एकपटक वा अस्पतालको आवश्यकता अनुसार अस्पतालमा कार्यरत सबै चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ र अन्य सबै सेवाका कर्मचारीहरु सामुहिक रुपमा पालै पालो CME संचालन गर्न जरुरी हुने भएकोले यो कार्यक्रम राख्नु परेको हो। |
| उद्देश्य | • कर्मचारीहरुको नियमित मेडीकल शिक्षावाट अस्पतालको कार्य सम्पादनमा प्रभावकारिता बढ्न गै सेवाग्राहीहरुले समुचित सेवा समयमै प्राप्त गर्नु,<br>• अस्पतालमा कार्यरत कर्मचारीहरुको ज्ञान सिप र ब्यवहारमा निरन्तर परिवर्तन आइ कार्य दक्षतामा बृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवामा प्रभावकारिता बढेको हुनेछ । |
| संचालन प्रकृया | • प्रत्येक हप्तामा १ दिन पालै पालो १ हप्ता अगाडी नै बिषयबस्तुको कार्य बिभाजन गरी सहजकर्ताले पूर्व तयारी गरी कक्षा संचालन गर्ने,<br>• सहजकर्ताका रुपमा अस्पतालको विभिन्न शाखामा कार्यरत कर्मचारी र स्वास्थ्य क्षेत्र वा अन्य कार्यालयमा कार्यरत कार्यक्रम सम्बद्ध कर्मचारीहरु हुन सक्ने,<br>• समयानुकुलको परिमार्जित बिषयबस्तुको बारेमा छलफल गर्नु पर्ने,<br>• सहभागीहरुलाइ बर्षमा एकपटक मात्र बर्षभरी पुग्ने खालको स्टेशनरी दिइ सबै बिषयको नोट गरी सोही अनुसार कार्य गर्नु पर्ने,<br>• वजेटको परिधिभित्र रहि नियमित मेडीकल शिक्षा भएको दिन खाजाको ब्यवस्था गर्न सकिने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | अस्पतालको मासिक सेवामा बृद्धी गुणस्तरिय सेवा को अवस्था नियमित प्रतिवेदनको अवस्था। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.२९ क्रियाकलापको नाम – नसर्ने रोग ब्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका नागरिकलाई नसर्ने रोगका बारेमा जनचेतना दिने तथा आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको न्यूनीकरण तथा स्वस्थ जीवनशैली व्यवस्थापन गर्न सहयोग पुग्नेछ। |
| सञ्चालन प्रकृया | • स्वीकृत बजेट कार्यक्रमको परिधिभित्र रही नसर्ने रोगको सचेतना फैलाउदै कार्यक्रम संचालनमा खर्च गर्नु पर्नेछ,<br>• स्थानीय तहको स्वास्थ्य शाखाको समन्वयमा गाउँघर क्लिनिकहरूमा सँगसगै कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>• आवश्यकता अनुसार नसर्ने रोगहरुको न्यूनिकरण सम्बन्धी जानकारीमूलक सामग्रीको छपाई र अन्य चेकजाँचमा आवश्यक उपकरण लगायत अन्य सामग्री खरीद गर्ने,<br>• कार्यक्रमको चौमासिक प्रतिवेदन सामाजिक विकास मन्त्रालय र निर्देशनालयमा पेश गर्ने। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण विल,भर्पाइ, खरिद आदेश |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.३० क्रियाकलापको नाम – प्राथमिक उपचारका औषधीहरु खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७९९ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी तथा यन्त्र उपकरण खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय प्राथमीक सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान तथा उपचार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ। |
| संचालन प्रकृया | • सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने<br>• आवश्यक पर्ने यन्त्र तथा उपकरण र औषधीको सुची तयार पार्ने,<br>• प्राथमीक उपचार सेवाका लागि अत्यावश्यक यन्त्र उपकरण र औषधी खरिद गर्ने,<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन निमावलि अनुसार खरिद गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णय, दाखिला प्रतिवेदन। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**६.३१ क्रियाकलापको नाम: आयुर्वेद स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली संचालन तथा मेडिकल रेकर्डस ब्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०६७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य ब्यवस्थापन सुचना प्रणालीलाई ब्यवस्थित रुपमा संचालन गर्न र गत आ व मा संचालित क्रियाकलापहरुका तथ्याङ्कमा कमी कमजोरी औल्याउन र सुधार गर्न मेडिकल रेकर्डस ब्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | तथ्याङ्क तथा कार्यक्रमहरुको विश्लेषण मार्फत समस्याहरु पहिचान गरी समाधान गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य ब्यवस्थापन सुचना प्रणालीमा देखीएका समस्याहरु पहिचान गरी समाधानको खोजी भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | • स्वीकृत कार्ययोजना अनुसार जिल्ला र स्थानीय तहका आयुर्वेदक संस्थाहरुमा आयुर्वेद स्वास्थ्य सुचना प्रणाली AHMIS र आयुर्वेद सेवा कार्यक्रमको तथ्याङ्कलाई ब्यवस्थित राख्न मेडिकल रेकर्डस ब्यवस्थापन गर्ने।<br>• प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको EHR/EMR प्रणाली लाई थप ब्यवस्थित बनाउन आवश्यक कार्य गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा मेडिकल रेकर्डर |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ६.३२ क्रियाकलापको नामः अन्तरंग सेवा संचालन तथा ब्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००१ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा हाल अन्तरंग विभागबाँट प्रदान गरीएको सेवालाई थप विस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा बैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्साबाट स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा रहेको अन्तरंग विभागमा आयुर्वेद तथा वैकल्पिक चिकित्साका पंचकर्म, क्षारसुत्र, फिजियोथेरापी, एकुपञ्चर, प्राकृतिक आदि पद्दतिबाट गुणस्तरीय उपचार सेवा प्राप्त हुनेछ। |
| सञ्चालन प्रकृया | • हाल प्रदान गरिएका सेवाहरुलाई निरन्तरता दिने,<br>• गुणस्तरीय सेवा विस्तार गर्न आवश्यक परेमा जनशक्ति समेत करारमा लिन सकिने छ,<br>• गुणस्तरीय सेवा विस्तारका लागि सामान्य भौतिक पुर्वाधार निर्माण मर्मत, औजार उपकरण फर्निचर तथा आवश्यक अन्य सामग्री खरिद गरी संचालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रमको मासिक प्रतिवेदन , |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.३३ क्रियाकलापको नाम – पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको स्क्रनिङ्ग कार्यक्रम



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको गाँउगाँउमा पुगी निशुल्क स्क्रिनिङ्ग शिविर संचालन गरी जनचेतना दिने र प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा विरामीलाई बोलाई आयुर्वेद चिकित्सा सेवाद्वारा उपचार गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको उपचारमा सहयोग पुग्नेछ। |
| सञ्चालन प्रकृया | प्रदेशका विभिन्न स्थानमा सम्बन्धित गत आ व मा  स्क्रीनिङ्ग शिविर नभएका पालिको समन्वयमा पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको स्क्रीनिङ्ग शिविर संचालन गर्ने,<br>मलद्वार सम्बन्धी रोगहरुको बारेमा जानकारी प्रदान गर्न अभिमुखीकरण गर्ने,<br>आवश्यकता अनुसार पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको न्यूनिकरण, नसर्ने रोगहरुको न्यूनिकरण लगायत अन्य स्वास्थ्य सम्बन्धी जानकारी मूलक सामग्रीको छपाई गर्ने, साथै आवश्यक औषधि वितरण गर्न सकिने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,भ्रमण आदेश, बिरामी तथ्यांक |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ६.३४ क्रियाकलापको नामः अक्कुपंचर सेवा संचालन तथा ब्यवस्थापन



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा रहेको सेवालाई थप व्यवस्थित गर्न अक्कुपंचर सेवा विस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा बैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय अक्कुपंचर सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय अक्कुपंचर सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |
| संचालन प्रकृया | • अस्पतालको अक्कुपंचर इकाईमा आएका बिरामीहरुको Assessment गरी अक्कुपंचर सेवा प्रदान गर्ने,<br>• आवश्यक अक्कुपंचर सेवालाई प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।<br>• यस कार्यक्रमबाट अक्कुपंचर चिकित्सक र सहायक अक्कुपंचरका र अन्य आवश्यक कर्मचारी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अक्कुपंचर सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

## ६.३५ क्रियाकलापको नामः चिकित्सक स्वास्थ्यकर्मिलाई क्षारसुत्र तथा पंचकर्म सम्बन्धी तालिम कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५४५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा कार्यरत कर्मचारीहरुको सेवा सम्बन्धी तथा अन्य कर्मचारीहरुलाई क्षमता अभिबृद्धि गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सेवा सम्बन्धी तथा अन्य क्षमता अभिबृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • कर्मचारीहरुले सेवा सम्बन्धी तथा अन्य क्षमता अभिबृद्धि प्राप्त गर्नेछन्। |
| संचालन प्रकृया | • कर्मचारीहरुलाई पंचकर्म सम्बन्धी तालिम संचालन गर्ने।<br>• विषयबस्तु कार्यक्रम स्वीकृत गराई संचालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.३६ क्रियाकलापको नामः चुर्ण औषधी उत्पादन तथा वितरण कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२२०२ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको औषधी उत्पादन शाखाबाट जडीबुटीजन्य कच्चापदार्थहरुबाट आयुर्वेद औषधी उत्पादन गरीप्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा आउने विरामीलाई निशुल्क रुपमा वितरण गर्न साथै आयुर्वेद संस्थाहरुमा तथा आयुर्वेद सेवा संचालन भएका पालिकाहरुमा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | रहेका आयुर्वेद औषधालय, नागरिक आरोग्य सेवा केन्द्रमा आयुर्वेदिक औषधी आपुर्ति गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | औषधी उत्पादन भइ आयुर्वेद कार्यालयहरूमा व्यवस्थित रूपमा निशुल्क वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | लक्षित समूहले सुरक्षित प्रभावकारी गुणस्तरीय आयुर्वेद औषधीहरु निःशुल्क रुपमा प्राप्त गर्ने छन् । |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध आयुर्वेदिक जडीबुटीलाई प्राथमिकता दिइ औषधी उत्पादनका लागि जडीबुटी खरिद गरिने छ,<br>• उत्पादनका लागि आवश्यक जडीबुटी, कच्चापदार्थ, आवश्यक अन्य सामग्री खरिद गरी जनशक्तिको व्यवस्थापन सहित आयुर्वेद फार्मेसीमा गुणस्तरीय आयुर्वेद औषधी निर्माण गर्ने,<br>• खनिजको प्रशोधन गरी औषधी उत्पादन गरी लेवलिङ्ग प्याकिग गर्ने,<br>• औषधि निर्माण समयमा औषधि कुटुवा कर्मचारिलाई खाजा खर्च उपलब्ध गराउन सकिने छ ।<br>• माग अनुसार जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क बितरणको लागी औषधीहरुको आपूर्ति गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, हस्तान्तरण फारम |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

### ६.३७ क्रियाकलापको नामः जीवनशैली परिवर्तन कार्यक्रम PHC सालकोट

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२१३७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वस्थ जीवनशैली परिवर्तनका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिवुटिको प्रयोग गरि स्वास्थ्य प्रर्वधन सालकोट प्राथमिक स्वास्थ्य केन्द्र बाँट संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई नसर्ने रोगहरु र तिनको रोकथामको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • सालकोट प्राथमिक स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगअभ्यास गराउने रोग अनुसारको औषधी तथा आहार विहार सम्वन्धी जानकारी दिने,<br>• आवश्यकता अनुसार सालकोट प्राथमिक स्वास्थ्य केन्द्रमा आयुर्वेद चिकित्सक, आयुर्वेद स्वास्थ्यकर्मी, सहयोगी जनशक्ति ब्यवस्थापन गर्ने।<br>• औषधी उपकरण आवश्यक अन्य सामाग्री खरिद ब्यवस्थापन गर्ने। सोका लागि प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रले व्यवस्थापन गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बिरामी तथ्यांक प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति। |

## ६.३८ क्रियाकलापको नामः ऋतुअनुसार शोधन कार्यक्रम

| **क्रियाकलाप संकेत नं** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५४२ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | संक्रामक तथा नसर्ने रोगहरुको प्रकोप न्युनिकरण एवं रोकथाम गर्नको लागि ऋतुअनुसार शरिरको शोधन गराउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ऋतुअनुसार शरीरको शोधनका माध्यमबाट स्वास्थ्य उपचार तथा प्रवर्धन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालमा सेवा लिने सेवाग्राही तथा कर्मचारीहरुले ऋतुशोधनद्धारा विभिन्न रोगहरुको रोकथाम तथा उपचार मार्फत स्वास्थ्य लाभ भएको हुनेछ। |
| संचालन प्रक्रिया | • दैनिक अस्पतालमा सेवा लिने सेवाग्राहीहरुलाई ऋतुशोधन सम्बन्धी सचेतना कार्यक्रम गर्ने।<br>• कर्मचारीहरुलाई ऋतुशोधन सम्बन्धी बिषयमा अभिमुखिकरण गर्ने ।<br>• बजेटको परिधिभित्र रहि कार्यक्रम संचालन गर्न आवश्यक सामाग्रीहरु खरिद गर्न सकिने ।<br>• ऋतुशोधन सम्बन्धी सुचनामूलक समाग्री छपाई गर्ने।<br>• चिकित्सकको परामर्श बमोजिम शोधनक्रियाहरु संचालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रमको सम्पन्न प्रतिवेदन, कार्यक्रमको पटक संख्या र लाभान्वित संख्या उपस्थिति, कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ६.३९ क्रियाकलापको नामः नर्सिङ्ग तथा स्वास्थ्यकर्मीलाई CPD कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५४७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी सेवा प्रवाह उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धी अस्पतालमा काम गर्ने नर्सङ्ग तथा स्वास्थ्यकर्मि लगायत अन्य कर्मचारीहरुको ज्ञान, सीप र क्षमता विकास गर्न यो तालिम कार्यक्रम राखिएको हो। |
| उद्देश्य | समयानुसार प्रविधिको प्रयोग गरी सेवा प्रवाह उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धी अस्पतालमा काम गर्ने कर्मचारीहरुको ज्ञान, सीप र क्षमता विकास गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | नर्सिङ्ग तथा स्वास्थ्यकर्मिहरुको ज्ञान ,सीप तथा क्षमता अभिबृद्धि भइ गुणस्तरीय सेवामा सुधार हुनेछ। |
| संचालन प्रकृया | • बजेटको परिधिभित्र रही प्रदेश भित्रका आयुर्वेद संस्थाबाट समेत सहभागीहरुको छनौट गरिने छ।<br>• अस्पतालको सेवा प्रवाहमा उपयोगि कक्षाहरु संचालन गर्नुपर्नेछ ।<br>• बजेटको परिधिभित्र रहि आवश्यकता अनुसार यस कार्यक्रमलाई आवश्यक पर्ने अन्य सामग्रीहरु पनि यसै बजेटबाट व्यवस्थापन गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन तथा भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको शाखा । |

### ६.४० क्रियाकलापको नामः चिकित्सकहरुलाई क्षारसुत्र सम्बन्धी तालिम

| **क्रियाकलाप संकेत नं** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२६०१ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने अर्श, भगन्दर, परिकर्तिका एवं अन्य गुदद्वारजन्य रोगीको पहिचान गरी आवश्यकता अनुसार शल्यक्रिया गर्न वा जटिल प्रकृतिका विरामीहरुलाई सुविधासम्पन्न स्थानमा प्रेषण गर्ने हेतुले यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | अर्श, भगन्दर, परिकर्तिका एवं अन्य गुदद्वारजन्य रोग स्क्रिनिङ्ग गरी रोग पत्ता लगाएर उपचार गर्न सिकाउने । |
| अपेक्षित प्रतिफल | गुदविकार सम्बन्धि समस्या भएका विरामीहरुले समयमै आफ्नो रोगको निदान पश्चात सेवा पाउनेछन । |
| संचालन प्रक्रिया | • कर्णालीमा कार्यरत आयुर्वेद चिकित्सकहरुलाई क्षारसुत्र सम्वन्धी ५ दिनको तालिम संचालन गर्ने ।<br>• विभिन्न सैदान्तिक तथा प्रयोगात्मक कक्षाहरु संचालन गर्ने ।<br>• क्षारसुत्र तालिम संचालन सन्दर्भ पुस्तिका तयारी गर्ने।<br>• प्रयोगात्मक कक्षा संचालनका लागि समाग्री खरिद गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिती विवरण आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ६.४१ क्रियाकलापको नामः स्वर्णविन्दु प्रासन निर्माण तथा वितरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००३ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बच्चाहरुको शारीरिक तथा मानसिक गतिमा सुधार ल्याउनको लागि शास्त्रमा वर्णित १६ संस्कार मध्ये स्वर्णप्राशन पनि महत्वपुर्ण संस्कार हो। यसमा मह, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | अश्वगन्धा, शंखपुष्पी, वचा आदिलाई सुनसंग मिसाएर तयार पारिएको रसायन औषधीको प्रयोग गरिन्छ । बच्चाको शारीरिक,मानसिक वृद्धि विकासका साथै प्रतिरक्षा प्रणालीमा सुधार ल्याउनको लागि यो कार्यक्रम राखिएको हो। |
| उदेश्य | बच्चामा रोग प्रतिरोधात्मक शक्ति,ओज, आयु, सुन्दरता, अग्निवल बढाउने |
| अपेक्षित प्रतिफल | प्राकृतिक रुपमा नै बच्चाको रोग प्रतिरोधात्मक क्षमता बृद्धि भएको हुनेछ । |
| संचालन प्रक्रिया | • स्वर्णप्राशनको निर्माण विधिः स्वर्णप्राशनमा स्वर्ण भष्म, मह र औषधियुक्त घ्यू मिश्रित हुन्छ । औषधियुक्त गाईको घ्युमा, आमलकी, वचा, मण्डुकपर्णी, गुडुची, शतावरी, यष्ठीमधु, अश्वगन्धा, शंखपुष्पी आदि जडिबुटीको एवं प्रक्षेप द्रव्यको रुपमा मरिच, सौंफ, पिप्पली आदिको निश्चित मात्रा राखेर विशेष विधिबाट तयार गर्ने ।<br>• स्वर्णविन्दु प्राशनको निर्माण द्रव्यगुण विज्ञ/रसशास्त्र/भैषज्य विज्ञहरुद्वारा गराउनु पर्नेछ।<br>• बजेटको परिधिभित्र रहि सामाजिक विकास मन्त्रालय,स्वास्थ्य सेवा निर्देशनालय आयुर्वेद स्वास्थ्य केन्द्र,औषधालय,नागरिक आरोग्य केन्द्र तथा वीरेन्द्रनगर नगरपालिका भित्रका स्वास्थ्यकर्मिहरु लगायत अन्यलाई स्वर्णविन्दु प्राशन कार्यक्रमका बिषयमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।<br>• १ बर्ष देखि ५ वर्ष मुनिका बच्चालाई प्रत्येक महिनाको पुष्य नक्षत्रमा स्वर्णविन्दु प्राशन गराउने।<br>• स्वर्णविन्दु प्राशन सेवा प्राप्त गर्ने बच्चाहरुको लगत संकलन तथा विवरण अध्यावधिक गरेर AHMIS मा प्रविष्टी गर्ने।<br>• कार्यक्रम अभिलेखिकरण रजिष्टर र सेवाग्राही पुर्जा छपाई गर्ने।<br>• कार्यक्रम बर्षभरी संचालन गर्नका लागि आवश्यक सम्पुर्ण सामग्रीहरु खरिद गर्ने। |
| सन्दर्भ सामग्री | स्वर्णविन्दु निर्माण सम्बन्धी प्राचिन ग्रन्थहरु, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०८२, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, |
| अनुगमन सूचक | स्वर्णविन्दु निर्माण तथा खरिद,औषधि वितरण, सेवाग्राहीको संख्या |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |
|---|---|

## प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका क्रियाकलापहरु

**७.१ क्रियाकलापको नाम : प्रयोगशालामा अडिटिङ्ग तथा (SOP) निर्माण तथा व्यवस्थापन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५२० | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सरकार मातहत भएको प्रदेश जन प्रयोगशालालाई ISO Accreditation लैजान र प्रयोगशालाको लागि जाँचहरुको SOP निर्माण गरी प्रयोगशाला सेवाको गुणस्तर कायम गर्न, प्रयोगशाला गुणस्तरियको लागि विभिन्न डकुमेन्ट तयार गरि अडिटिङ्ग कागजात तथा SOP निर्माण कार्यमा सहयोग र सेवामा गुणस्तरियता कायम गर्न यो कार्यक्रम राखियको हो । |
| उद्देश्य | प्रयोगशालामा अडिटिङ्ग कार्य सुरु हुने र SOP निर्माण हुने। |
| अपेक्षित प्रतिफल | परिक्षण कार्यमा गुणस्तर कायम हुने र ISO Accreditation तथा NEQASकार्यक्रम सञ्चालन गर्न सहज हुनेछ। |
| संचालन प्रकृया | • प्रयोगशाला निर्देशकको अध्यक्षतामा Lab auditing and ISO accreditation समिति गठन गरि आन्तरिक अडिटको कार्ययोजना तथा चेकलिष्ट तयार गर्ने।<br>• यस समितिमा प्रदेश भित्रका दुई जना प्रयोगशाला विज्ञ आमन्त्रित गर्न सकिने छ।<br>• यस lab audit कार्यमा केन्द्रबाट प्रयोगशाला विज्ञ आमन्त्रित गरी वाह्य अडिट गर्न सकिने छ।<br>• प्रयोगशाला SOP निर्माणको लागि दुई दिने कार्यशाला गोष्टी संञ्चालन गर्ने ।<br>• दुई जना प्रयोगशालाकर्मिलाई लेखन तथा डकुमेन्टको कार्य NPHL सँग सहकार्य र समन्वय गरि भैपरि आउने खर्च समेत यसैबाट गर्न सकिने छ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठक माईनुट,सहभागीहरुको उपस्थिति हाजिरी ,कार्यक्र मसम्पन्न प्रतिवेदन साथै बिल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र तोकिएको फोकल पर्सन । |

**७.२ क्रियाकलापको नामः प्रयोगशालाको लागि अत्यावश्यक साम्रगी खरिद (VTM, Reagent, RDT) तथा PCR ल्याव व्यवस्थापन खर्च**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजार)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.३३३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा विभिन्न रोगको निदान निगरानी गर्न, महामारी प्रतिकार्य तथा प्रकोपको अवस्था पहिचान गरी समयमै निदानको लागि PCR परिक्षण संचालन व्यबस्थापन तथा रिपोटिङ्ग कार्यमा सहजता कायम गर्न र PCR परिक्षणमा आवश्यक पर्ने साम्रगी तथा केमिकलहरु व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विभिन्न रोगको शीघ्र निदान ,निगरानी तथा प्रकोपको अवस्था पहिचान गरी नागरिकको स्वास्थ्य अवस्था स्वस्थ्य राख्न तथा रोगको फैलावट वाट वचाउने तथा समयमै पहीचान गर्ने। |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई समयमा नै रोगको नियन्त्रण हुनेछ। |
| संचालन प्रकृया | • आवश्यक पर्ने (VTM, Reagent, RDT) तथा PCR किट तथा केमिकलहरुको सूची तयार गर्ने र खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने।<br>• PCR ल्यावमा आवश्यक पावर ब्याकअप, A/C जडान, सरसफाइ तथा फुमिगेसन मेसिन व्यवस्थापन गर्ने। |



तथ्याङ्क अधिकृत   उप-सचिव   प्रदेश सचिव   मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश दाखिला प्रतिवेदन, विल भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

**७.३ क्रियाकलापको नामः गुणस्तर निगरानी तथा परिक्षण कार्यक्रम**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजार)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२६०२ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रयोगशाला परिक्षणमा क्वालिटि कन्ट्रोल कार्य गर्न तथा क्षयरोग,औलो रोग नियन्त्रण कार्यक्रममा तोकिएको लक्ष्य अनुसारको QC स्लाईड संकलन र परिक्षण गर्ने। रोगको भारअनुसार द्रुत परिक्षण तथा स्लाईड परिक्षण विधिलाई सुधार गर्दै तथ्याङ्कि बवस्थालाई सुधार गरी रेकडिङ्ग तथा रिपोर्टिङ्ग लाइ व्यवस्थित गर्न यो कार्यक्रम राखियको हो। |
| उद्देश्य | विभिन्न रोगको परिक्षण कार्यमा गुणस्तर कायम गर्न विभिन्न प्रयोगशालाको परिक्षणामा<br>निगरानी तथा कन्ट्रोल गर्ने। |
| अपेक्षित प्रतिफल | क्षयरोग तथा औलो रोग परिक्षणभई रोग निदान भएका नमुना तथा सलाइड पुन परिक्षणमा सहयोग भई समयमा नै रोगको नियन्त्रणमा राष्ट्रिय लक्ष्य पुरा हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशाला परिक्षण कार्यमा गुणस्तर कायम गर्न तथा खानेपानी निगरानीमा आवश्यक पर्ने किट तथा केमिकलहरुको सूची तयार गर्ने खरिद समितिको निर्णय अनुसार खरिद गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • प्रयोगशाला गुणस्तर निगरानीका लागि सहायक स्तरको दुई जना जनशक्ति (क.अ. र ल्या.अ.) करारमा सेवामा लिइ QC स्लाईड संकलन, रेकर्ड र परिक्षण गर्ने।<br>• प्रदेश तथा जिल्लामा रहेका नमुना संकलन, QC मा सहभागी गराउन अनसाइड कोचिङ्ग गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, विल भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

### ७.४ क्रियाकलापको नामः ISO Accreditation को लागि तयारी तथा व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५५३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रयोगशाला सेवामा ISO Accreditationले विश्वव्यापि गुणस्तर, सुरक्षा र दक्षताको मापदण्ड पुरा गरेको प्रमाणित गर्दछ ।प्रयोगशाला परिक्षणमा क्वालिटि कायम गर्न विश्वसनियता बढाउन तथा सेवाग्रहीको आवशयकता पुरा गर्न गुणस्तरिय मापदण्ड अपनाएको सुनिश्चित कायम गर्न विभिन्न कन्सेल्टी संस्थाले प्रमाणीकरण प्रकियामा सहयोग गर्छन। यस प्रयोगशालालाई ISO-15189 प्रमाणीकरण प्रकियामालैजान यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | यस प्रयोगशालालाई ISO-15189 प्रमाणीकरण तथा दर्ता प्रकियामा लैजाने । |
| अपेक्षित प्रतिफल | ISO-15189 प्रमाणीकरणप्रयोगशालाले गुणस्तरिय परिक्षण सेवा तथा सेवाग्रहीको विश्वसनियता बढाउन मद्दत पुर्याउछ। |
| संचालन प्रकृया | • प्रयोगशालाको Gap Analysis सेवाका लागि परामर्श सेवा लिने । |



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

| | |
|---|---|
| | • Quality Manual, QSP, SOP तथा अन्य Documents तयारी गर्ने ।<br>• उपकरण Calibration गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | मिटिङ्ग माईनुट,परामर्स Consultancy नियुक्ति तथा प्रतिवेदन, बिल भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन। |

**७.५ क्रियाकलापको नामः प्रयोगशालामा AMR कार्यक्रम संचालन व्यवस्थापन तथा ओरेन्टेसन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५३२ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सूक्ष्मजिवी प्रतिरोधि क्षमता विश्वब्यापी समस्याको रुपमा बढ्दै गएको छ। औषधी प्रतिरोधी सूक्ष्मजिवीलाई कल्चर विधिबाट पहिचान तथा ट्याकिङ्ग गरी यसको असर लाई न्युनिकरण गर्दछ। प्रदेशमा संचालित AMR सर्भिलेनस साईटमा साम्रगी व्वस्थापन, तथा तथ्याङ्क विष्लेषण,सुदृढिकरण र व्यवस्थापन गर्न अनसाईट कोचिङ्ग सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | AMR सर्भिलेनस साईटको सुदृढिकरण, बिस्तार तथा व्यवस्थापन। |
| अपेक्षित प्रतिफल | सूक्ष्मजिवी प्रतिरोधि क्षमता पहिचान भई उपचारमा गुणस्तिरयता कायम हुने। |
| संचालन प्रकृया | • ब्याक्टेरियोलोजी ल्याबमा आवश्यक पर्ने केमिकलहरुको सूची तयार गर्ने खरिद समितिको निर्णय अनुसार खरिद गर्ने ।<br>• प्रयोगशाला गुणस्तर निगरानीका तथा डाटा सुधारका लागि अनसाईट कोचिङ्ग गर्ने र कल्चर नमुना संकलनको लागि ढुवानी खर्च गर्न सकिने। |

तथ्याङ्क अधिकृत उप-सचिव



प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, बिल भरपाई। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन। |

**७.६ क्रियाकलापको नामः नयाँ भवनमा PCR ल्याव स्थानातरण कार्यक्रम**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५९९ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा विभिन्न रोगको निदान निगरानी गर्न, महामारी तथा प्रकोपको अवस्था पहिचान । |
| उद्देश्य | विभिन्न रोगको शीघ्र निदान ,निगरानी तथाप्रकोपको अवस्था पहिचान गरी नागरिकको स्वास्थ्य अवस्था स्वस्थ्य राख्न सहयोग गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई समयमा नै रोगको नियन्त्रण हुनेछ । |
| संचालन प्रकृया | • पुरानो पिसिआर ल्यावमा भएका सामग्री नयाँ भवनमा सारि नया भवनमा ल्याव संचानलका लागि सामग्री व्यवस्थापन ओसार पसार गर्ने तथा व्याकअप, पासवक्स, पार्टेशन तथा मर्मत संचालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, बिल भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ७.७ क्रियाकलापको नामः प्रयोगशाला सेवाको स्तरोन्नति तथा न्युनतम मापदण्ड कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५९५ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका सरकारी तथा निजि प्रयोगशालाहरुबाट हुन सक्ने मानवीय तथा यान्त्रिक त्रुटीहरुलाई समयमा नै पहिचान गरी नियन्त्रण गर्न तथा संचालकहरुले मापदण्ड अनुसार संचालन गरे नगरेको सुनिश्चतता र प्रदेश अन्तर्गत संचालित प्रयोगशाला सेवाको एकरुपता सम्बन्धी क्रियाकलापहरुको अनुगमन साथै स्थलगत निरिक्षण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशाला सेवाको न्युनतम मापदण्डमापन गर्ने रगुणस्तरीयता अभिबृद्धि गर्ने \| |
| अपेक्षित प्रतिफल | प्रयोगशालाको सेवा सुदृढ भइ गुणस्तरीय सेवा प्रवाह हुनेछ। |
| संचालन प्रकृया | • सरकारी स्तरमा कार्यरत प्रयोगशाला कर्मचारीहरुलाई न्युनतम मापदण्ड मापन सम्बन्धी एक दिने ओरिएन्टेसन सञ्चालन गरिनेछ।<br>• प्रयोगशाला वर्गिकरण तथा निरिक्षण चेकलिष्टको प्रयोग गरी अनुगमन कार्य गर्ने।<br>• जिल्ला स्थित निजि तथा सरकारी प्रयोगशाला सेवाको न्युनतम मापदण्ड मापन गर्न स्थलगत अनुगमन गर्ने र देखिएका कमि कमजोरी सुधारका लागि लिखित सुझाव दिने।<br>• मन्त्रालयको सहभागीतामा स्थलगत अनुगमन गर्नु पर्नेछ<br>• अनुगमनको एकीकृत प्रतिवेदन त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | तालिम र अनुगमन प्रतिवेदन,विल भरपाईहरु । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन तथा अनुगमन समिति |

**७.८ क्रियाकलापको नामः महामारीको बेला चाहिने किट तथा केमिकल बफर स्टक राख्ने**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७७० | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा विभिन्न रोगको निदान निगरानी गर्न, महामारी तथा प्रकोपको अवस्था पहिचान गरी समयमै निदानको लागि विभिन्न किसिमका (आर.डी.टि) टेष्टकिट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विभिन्न रोगको शीघ्र निदान ,निगरानी तथाप्रकोपको अवस्था पहिचान गरी नागरिकको स्वास्थ्य अवस्था स्वस्थ्य राख्नको लागी बफर स्टक कायम गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई समयमा नै रोगको नियन्त्रण हुनेछ । |
| संचालन प्रकृया | • महामारीको समयमा आवश्यक पर्ने किट तथा केमिकलहरुको सूची तयार गरी<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, बिल भरपाई । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

**७.९ क्रियाकलापको नामः महामारी तथा प्रकोप व्यवस्थापनमा नमुना संकलन ढुवानी किट केमिकल वफर स्टक तथा RRT परिचालन खर्च**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५३१ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा विभिन्न रोगको निदान, निगरानी गर्न, महामारी तथा प्रकोपको अवस्था पहिचान गरी समयमै निदानको लागि विभिन्न किसिमका (आर.डी.टि) टेष्टकिट तथा केमिकलहरुको आवश्यकव्यवस्थापन गर्न, केश देखा परेको स्थानमा नमुना संकलन तथा ढुवानी कार्य, परिक्षण तथा रिपोटिङ्गर आवश्यक अनुसार RRT परिचालनगर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विभिन्न रोगको शीघ्र निदान ,निगरानी तथाप्रकोपको अवस्था पहिचान गरी नागरिकको स्वास्थ्य अवस्था स्वस्थ्य राख्नको लागी बफर स्टक कायम गर्ने। |
| अपेक्षित प्रतिफल | समयमा रोग तथा जनस्वास्थ्य समस्याको नमुना संकलन तथा ढुवानी कार्य र रोगको परिक्षण भई निदान तथा निगरानी र प्रतिकार्यमा सहयोग भई समयमा नै रोगको नियन्त्रण  हुनेछ । |
| संचालन प्रकृया | • महामारीको समयमा आवश्यक पर्ने किट तथा केमिकलहरुको सूची तयार गर्ने र ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने ।<br>• केश देखा परेको स्थानमा नमुना संकलन ढुवानी तथा परिक्षण कार्य लागि प्रयोगशालाकर्मी परिचालन गर्न सकिने छ।<br>• जिल्ला तथा पालिका RRT टोलि आवश्यक अनुसार परिचालन गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, विल भरपाई। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

### ७.१० क्रियाकलापको नामः प्रयोगशालाको लागि रिएजेन्ट तथा केमिकल खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.६६५ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा दैनिक विभिन्न रोगको निदान तथा निगरानीको लागि विभिन्न किसिमका रिएजेन्ट तथा केमिकलहरु आवश्यक पर्ने भएकोले प्रयोगशालाबाट प्रदान गरिने गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विभिन्न रोगको दैनिक सेवाग्राहीको रोग निदान तथा निगरानी गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवा सुचारु गर्ने। |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्य समस्याको रुपमा रहेको विभिन्न रोगहरुको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा दैनिक आवश्यक पर्ने रिएजेन्ट, केमिकल तथा अन्य सहायक सामग्रीको सूची तयार गर्ने,<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला प्रतिवेदन, विल भरपाई। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन। |

### ७.११ क्रियाकलापको नामः प्रयोगशालाजन्य फोहोरमैला व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७८० | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा दैनिक उत्सर्जित हुने फोहोरहरुलाई उचित व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालाजन्य फोहोरमैलालाई व्यवस्थित विसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशालाजन्य फोहोरमैलालाई व्यवस्थित विसर्जन भएको हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालाबाट उत्सर्जित फोहोरमैलाको वर्गीकरण गर्ने,<br>• फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने आवश्यक सामाग्रीहरुको सूची तयार गरी खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने,<br>• फोहोरमैला व्यस्थापनका लागि काम गर्ने अन्य संस्थासँग समन्वय गरी आवश्यक परेमा सम्झौता गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला, सम्झौता पत्र, विल भरपाई तथा अन्य। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

### ७.१२ क्रियाकलापको नामः जिन एक्सपर्ट पिसिआर ओरियन्टेशन/समीक्षा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजार) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८१ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका जिन एक्सपर्ट केन्द्रहरुबाट सम्पादित वार्षिक क्रियाकलापबाट भएको सिकाई, अनुभव आदानप्रदान, आगामी दिनमा सुधार गर्नुपर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | पक्षहरु तथा सम्पादित कामको मूल्याङ्कन र नयाँ कर्मचारीहरुलाई त्यस सम्बन्धी ज्ञान, सीप क्षमता अभिबृद्धि गर्न अभिमुखिकरणका कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कार्यक्रमको मूल्याकंन र अभिमुखिकरण मार्फत प्रयोगशालाकर्मीहरुको ज्ञान, सीप क्षमता विकास गर्ने। |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा थप गुणस्तरीय भएको हुनेछ । |
| संचालन प्रकृया | • समीक्षा/ अभिमुखिकरण र कार्ययोजना तयारी गर्न दुई दिने कार्यक्रम संचालन गर्ने,<br>• प्रस्तुतिकरणको खाका तयार गरी सम्बन्धित केन्द्रहरुलाई पत्राचार गर्ने,<br>• कार्यक्रम संचालन गर्ने,<br>• बजेटको परिधिभित्र रही आवश्यकता अनुसार आवश्यक पर्ने सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण विल, भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

## ७.१३ क्रियाकलापको नामः आधारभूत औलो माईक्रोस्कोपी तालिम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजार)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५२९ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश तथा स्थानीय तह अन्तर्गत प्रयोगशालामा कार्यरत कर्मचारीहरुको औलो रोगको माईक्रोसकोपी विधि परिक्षणमा ज्ञान ,सीप र क्षमता, विकास गर्न यो तालिम कार्यक्रम राखिएको हो । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीको क्षमता, ज्ञान र सीप विकास गरी औलो रोग निवारणमा साथै गुणस्तरीय सेवा प्रवाह हुने । |
| अपेक्षित प्रतिफल | प्रयोगशालाकर्मीको ज्ञान ,सीप तथा क्षमता अभिबृद्धिभइ रोगको समयमा नै निदान तथा नियन्त्रणमा सहयोग पुगी गुणस्तरीय सेवा प्रबाहहुने छ । |
| संचालन प्रकृया | • यो तालिम २१ दिन सम्म संचालन हुनेछ,<br>• बजेटको परिधिभित्र रही प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई आवश्यकता र औचित्यका आधारमा अधिकतम १४ जना सम्म छनौट गरी यो तालिम संचालन गरिनेछ ।<br>• यस तालिममा प्रतिदिन चार जना सहजकर्ता र तालिम अवधिभर श्रोत व्यक्तिबाट संचालन हुनेछ ।<br>• यो तालिममा प्राक्टिकल तथा डेमोशट्रेशनको लागि खर्च गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन,भ्रमण विल तथा भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

### ७.१४ क्रियाकलापको नामः आधारभूत टि.वी.माईक्रोस्कोपी तालिम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजार)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५२८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश तथा स्थानीय तह अन्तर्गत प्रयोगशालामा कार्यरत कर्मचारीहरुको टी.वी. रोगको माईक्रोसकोपी विधि परिक्षणमा ज्ञान ,सीप र क्षमता, विकास गर्न यो तालिम कार्यक्रम राखिएको हो । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीको क्षमता, ज्ञान र सीप विकास गरी गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशालाकर्मीको ज्ञान ,सीप तथा क्षमता अभिबृद्धिभइ रोगको समयमा नै निदान तथा नियन्त्रणमा सहयोग पुगी गुणस्तरीय सेवा प्रबाहहुनेछ । |
| संचालन प्रकृया | • यो तालिम 6 दिन सम्म संचालन हुनेछ,<br>• बजेटको परिधिभित्र रही प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई आवश्यकता र औचित्यका आधारमा अधिकतम १२ जना सम्म छनौट गरी यो तालिम संचालन गरिनेछ।<br>• यस तालिममा प्रतिदिन चार जना सहजकर्ता र तालिम अवधिभर श्रोतव्यक्तिबाट यो तालिम संचालन तथा निरिक्षण हुनेछ ।<br>• यो तालिममा प्राक्टिकल तथा डेमोशट्रेशनको लागी खर्च गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन, भ्रमण विल तथा भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

### ७.१५ क्रियाकलापको नामः न्यापिड टेस्ट किट खरिद (HIV, HBsAg, HCV, HAV etc)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५३० | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय जनस्वास्थ्य प्रयोगशालामा विभिन्न रोगको निदान ,निगरानी तथा प्रकोपको अवस्थामा रोगको पहिचानका साथै गुणस्तर कायम गर्नका लागिविभिन्न |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | किसिमका टेष्टकिटहरु आवश्यक पर्ने भएकाले प्रयोगशालाबाट प्रदान गरिनेगुणस्तरीय सेवा निरन्तर रुपमासञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विभिन्न रोगको निदान ,निगरानी तथा प्रकोपकोअवस्था पहिचान गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवाको व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • आवश्यक टेष्ट किटहरु तथा केमिकल सूची तयार गर्ने,<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार सामग्री खरिद गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश ,दाखिला प्रतिवेदन, विल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

**७.१६ क्रियाकलापको नामः प्रयोगशालाको रिफरेन्स ल्यावको लागि रियजेन्ट, क्यालिब्रेटर, कन्टोल, कन्जुमेवल खरिद तथा उपकरण मर्मत**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५२६ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको रिफरेन्स ल्यावमा आवश्यक पर्ने विभिन्न किसिमका रियजेन्ट, क्यालिब्रेटर, कन्टोल, कन्जुमेवल तथाउपकरण संचालन, व्यवस्थापन र नियमित मर्मत संभार आवश्यक पर्ने भएकोलेसर्ने तथा नसर्ने रोगको निदान तथा निगरानीको गरि गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका यो कार्यक्रम राखिएको हो । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | विभिन्न रोगको निदान तथा निगरानी गरी निरन्तर गुणस्तरीय प्रयोगशाला सेवाको व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा आवश्यक पर्ने रियजेन्ट, कन्ट्रोल, क्यालिविरेटर तथा केमिकलहरु रको सूची तयार गर्ने र समितिको निर्णय अनुसार खरिद गर्ने,<br>• प्रयोगशालाको उपकरणहरुको मर्मत संभार तथाब्याकअप मर्मत गर्ने,<br>• प्रयोगशालाको सुचना प्रणाली तथा सफ्टवेयर अद्यवधि, मर्मत गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, मर्मत आदेश ,एकीकृत दाखिला प्रतिवेदन, विल भरपाईहरु। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन। |

### ७.१७ क्रियाकलापकोनामः प्रयोगशाला मेशिन तथा औजारहरुको AMC तथा PMC व्यास्थापन र QC गर्ने

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५२४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गुणस्तरीय प्रयोगशाला सेवाप्रवाहमा उपकरण तथामेसिनको अवस्थालाई चुस्त राख्न अति आवश्यक हुनुको साथै समयमै रोग रोकथाम तथा निदान गर्न मद्यत गर्दछ। उपकरण मर्मत विवरणले उपकरणको समस्या पहिचान, मर्मत प्रक्रिया, र सुधारपछिको अवस्थालाई बुझाउँछ। उपकरणको प्रभावकारिताउपयोग, दीर्घायु सुनिश्चित गर्नर आर्थिक भार कम गर्न टेवा पुर्याउने भएकोलेयो कार्यक्रम राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | प्रयोगशाला उपकरणको नियमित संचालन,मर्मत संभार तथा व्यवस्थापन भई गुणस्तरीय सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | प्रयोगशाला उपकरणहरुको प्रभावकारी सञ्चालन भई गुणस्तरीय सेवामा सुधार हुनेछ। |
| संचालन प्रकृया | • प्रयोगशालाका सम्पुर्ण उपकरणको ईन्भेन्टरी लिष्ट तयार गर्ने।यो ईन्भेन्टरी लिष्ट तयार गर्न प्रदेशिक वायोमेडिकल युनिट संग समन्वयन गर्न सकिने छ।<br>• सम्बन्धित उपकरण सप्लायर्स संग Annual maintenance Contract तथा Preventive maintenance Contract गर्न सकिने छ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | मर्मत आदेश, खरिद आदेश, दाखिला प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

### ७.१८ क्रियाकलापको नामः प्रयोगशालामा दैनिक जाँचको लागि केमिकल तथा कीट खरिद

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१७७३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय जनस्वास्थ्य प्रयोगशालामा विभिन्न रोगको निदान तथा निगरानीको लागि विभिन्न किसिमका केमिकलहरु तथा किट आवश्यक पर्ने भएकोले प्रयोगशालाबाट प्रदान गरिने गुणस्तरीय सेवा सुचारु रुपमा सञ्चालन गर्नका यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विभिन्न रोगको निदान तथा निगरानी गरी निरन्तर गुणस्तर कायम गर्ने र प्रयोगशाला सेवाहरुको व्यवस्थापनको गर्ने । |



तथ्याङ्क अधिकृत   उप-सचिव   प्रदेश सचिव   मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | रोग तथा जनस्वास्थ्य समस्याको समयमा नै निदान तथा निगरानीमा सहयोग भई गुणस्तरीय सेवा कायम हुनेछ । |
| संचालन प्रकृया | • प्रयोगशालामा आवश्यक पर्ने कीट तथा केमिकलहरुको सूची तयार गर्ने<br>• खरिद ईकाई/समितिको निर्णय अनुसार खरिद गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश ,एकीकृत दाखिला प्रतिवेदन, बिल भरपाईहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुख र कार्यालयले तोकिएको फोकल पर्सन । |

## जन/स्वास्थ्य सेवा कार्यालय अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु

**८.१ क्रियाकलापको नामः १० वटै पालिकाहरुमा मानसिक स्वास्थ्य कार्यक्रम वडास्तरमा मास स्क्रिनिङ्ग गरी आत्महत्या लगायत मानसिक रोग नियन्त्रण**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५७० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | दैनिक रुपमा मानसिक स्वाथ्यका समस्याहरु बढ्दै गएकाले मास स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन गरी मानसिक स्वास्थ्य समस्या समयमै पहिचान र व्यवस्थापन गर्नु अवश्यक रहेको छ। जसबाट चिन्ता, तनाव, डिप्रेसन, आत्महत्याको जोखिम, तथा अन्य मानसिक स्वास्थ्य समस्याहरू प्रारम्भिक चरणमै पहिचान गर्न सकिन्छ। जोखिममा रहेका व्यक्तिलाई स्वास्थ्य संस्था वा विशेषज्ञ सेवामा समयमै प्रेषणा गर्न सकिन्छ । विभिन्न मानसिक स्वास्थ्य समस्याहरू भएका तथा आत्महत्याको जोखिम भएका व्यक्तिहरू पहिचान गरी तत्काल परामर्श र उपचारमा जोड्न सकिने भएकाले यो कार्यक्रम राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | मानसिक स्वास्थ्य समस्याको समयमै पहिचान गरी जोखिममा रहेका व्यक्तिलाई आवश्यक परामर्श तथा उपचार गर्ने र आवश्यकता अनुसार प्रेषणको व्यवस्थापन गर्न। मानिसक स्वास्थ्य सम्बन्धी समुदायस्तरमा चेतना अभिबृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्न। |
| अपेक्षित प्रतिफल | • मानसिक स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान हुनेछ ।<br>• जोखिममा रहेका व्यक्तिले समयमै परामर्श र उपचार पाउनेछन ।<br>• आत्महत्या रोकथाममा योगदान पुग्नेछ । |
| संचालन प्रकृया | • स्थानीय तहमा स्वास्थ्य संस्था, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका (FCHV), विद्यालय, वडा कार्यालय आमा समूह, युवा क्लब लगाएतका सामाजिक संघ-संस्थाहरुसंग समन्वय गरी मानसिक स्वास्थ्यको मास स्क्रिनिङ्ग सम्बन्धी समन्वय गर्ने ।<br>• मानसिक स्वास्थ्य समस्याको भार बढी भएका तथा स्वास्थ्य सेवाको पहुँच कम भएका वडा तथा स्थानको पहिचान गरी जिल्ला तथा स्थानीय तहको समन्वयमा स्वास्थ्यकर्मी लगायत स्वयमसेविकाहरुलाई अभिमुखिकरण गरी स्वास्थ्य संस्था मार्फत बृहत स्क्रिनिङ्ग शिविर सञ्चालन गरिनेछ।<br>• आवश्यकता अनुसार मनोचिकित्सक लगायतका मानसिक स्वास्थ्य विज्ञ परिचालन गर्न सकिनेछ।<br>    • स्क्रिनिङ्गमा पहिचान भएका विरामीहरुको थप उपचार आवश्यक परेमा विशेषज्ञ अस्पताल वा विशिष्टिकृत अस्पतालमा प्रेषण र निज बिरामीलाई यातयात खर्च उपलब्ध गराउनु पर्नेछ।<br>    • वडामा सञ्चालन हुने शिविर आवश्यकता आधारमा एक देखि दुई दिनसम्म सञ्चालन गरिनेछ।<br>    • स्क्रिनिङ्गमा प्राप्त भएका तथ्याङ्कलाई HMIS मा प्रतिवेदन गर्नुपर्नेछ।<br>    • **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.२ क्रियाकलापको नामः CME Programme**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, दैलेख, रुकुम पश्चिम, सल्यान, हुम्ला, डोल्पा, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगहरुको परिमार्जित उपचार पद्धति तथा नयाँ-नयाँ रोगहरु साथै स्वास्थ्य सेवा व्यवस्थापनका विविध पक्षका बारेमा जानकारी गराउन अस्पतालहरुमा नियमित चिकित्सा शिक्षा (CME) को आवश्यकता पर्दछ। कम्तीमा हप्तामा एकपटक अस्पतालमा कार्यरत सबै स्वास्थ्यकर्मी, नर्सिङ, चिकित्सक र अन्य सबै सेवाका कर्मचारीहरुका लागि सामूहिक रुपमा पालैपालो कक्षा संचालन गर्न जरुरी हुने भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | रोगहरुको उपचार पद्धति तथा नयाँ-नयाँ रोगहरु लगायत स्वास्थ्य सेवा व्यवस्थापनमा विविध पक्षका बारेमा अद्यावधिक जानकारी प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | सेवा प्रदायकको ज्ञानमा अभिवृद्धि भई सेवामा प्रभावकारिता बढ्ने। |
| संचालन प्रक्रिया | • हरेक हप्तामा एक दिन पालैपालो गरी एक हप्ता अगाडि विषयवस्तुको कार्य विभाजन गरी सहजकर्ताले पूर्वतयारी गरी कक्षा संचालन गर्नुपर्ने ।<br>• सहजकर्ता अस्पतालको विभिन्न शाखामा कार्यरत कर्मचारी र स्वास्थ्य सेवा कार्यलयमा कार्यरत कार्यक्रम सम्बद्ध कर्मचारीहरु हुनसक्ने।<br>• समयानुकुल परिमार्जित विषयवस्तुको बारेमा छलफल गर्नुपर्ने।<br>• सहभागीहरुलाई सबै विषयवस्तुको नोट उपलब्ध गराउने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • विषयवस्तुको विज्ञ भएसम्म विज्ञकै नेतृत्वमा कक्षा संचालन गर्नुपर्ने ।<br>• **संचालन गर्ने व्यक्तिः** चिकित्सा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | उपस्थिति र प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा शाखा प्रमुख |

**८.३ क्रियाकलापको नामः HMIS अभिलेख तथा प्रतिवेदन फाराम, निर्देशिका छपाई**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.५.२९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा HMIS Tool र सूचना, शिक्षा तथा संचार सामग्रीहरुको समयमै आपूर्ति गर्ने कार्य महत्वपूर्ण भएकाले यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | HMIS Tool तथा IEC Material हरु विकास तथा छपाई गरी स्वास्थ्य संस्थाहरुलाई आपूर्ति गर्नु। |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ । |
| संचालन प्रक्रिया | यस कार्यक्रममा रहेको बजेटबाट मुख्य गरी दुई प्रकारका स्वास्थ्य सामग्रीहरुको विकास तथा छपाई गरिनेछः-<br>१. स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) संग सम्बन्धीत अभिलेख रजिस्टर तथा प्रतिवेदन फारामहरु<br>२. स्वास्थ्य सम्बन्धी सूचना, शिक्षा तथा संचार सामग्रीहरु माथि उल्लेखित सामग्रीहरुको आवश्यक परिमाण निर्धारण गरी प्रचलित आर्थिक कार्यविधि तथा ऐन |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | नियमावलीहरुको परिधि भित्र रही विज्ञहरुको परिचालन गरी विकास तथा छपाई गरी स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइने छ।<br>**संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, ह.फा. |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.४ क्रियाकलापको नामः HMIS तथ्यांक भेरिफिकेशन तथा फलोअप कार्यक्रम/मिटिङ्ग

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२१३४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम, सल्यान, दैलेख, हुम्ला, जुम्ला, सुर्खेत, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | तथ्याङ्कलाई आधार बनाएर नीति निर्माण तथा योजना तर्जुमा लगायतका महत्वपूर्ण कामहरू गरिने भएकाले यसको विश्वसनीयता र शुद्धता अपरिहार्य हुन्छ । त्यसैले नियमित रुपमा तथ्याङ्कको अध्ययन, अनुगमन, स्थलगत अनुशिक्षण र शुद्धीकरण गर्नु अत्यावश्यक हुने भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नियमित सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | तथ्याङ्क गुणस्तरमा सुधार भएको तथा तथ्यमा आधारित योजना तर्जुमा भएको हुनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रक्रिया | • समयमा प्रतिवेदन नहुने तथा तथ्याङ्कमा एकरूपतामा समस्या भएका स्वास्थ्य संस्थाहरू पहिचान गरी रिपोर्टिङ तथा अभिलेख फर्मेट अनुसारको गुणस्तरीयता र एकरूपताको लेखाजोखा गरी सुधार गर्न लगाउने ।<br>• स्थानीय तह वा सम्बन्धित स्वास्थ्य संस्थामा स्थलगत अनुशिक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।<br>• **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता र खाजा खर्च। |
| सन्दर्भ सामग्री | HMIS Tools, DHIS2 प्रतिवेदन, फर्म-फर्मेट, तथ्याङ्क भेरिफिकेशन सम्बन्धी निर्देशिका, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली प्रदेश खर्च मापदण्ड |
| अनुगमन सूचक | HMIS/DHIS2 प्रतिवेदन तथा तथ्यांकीय गुणस्तरको अवस्था । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.५ क्रियाकलापको नाम – HMIS/LMIS/eLMIS/DHIS२ रिफेसर तथा अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४२ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला, डोल्पा, रुकुम पश्चिम, हुम्ला, कालिकोट र सल्यान, सुर्खेत, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नीति निर्माण तथा तथ्यमा आधारित योजना तर्जुमा गर्दा तथ्याङ्कलाई आधार बनाई महत्वपूर्ण कामहरू गरिने भएकाले परिमार्जित HMIS Tools अनुसारको विश्वसनीयता र शुद्धता कायम गर्न साथै औषधिहरु तथा औषधिजन्य वस्तुहरुको आपूर्ति व्यवस्थापन सरल र सहज तरिकावाट गर्न सो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | रिफ्रेसर तथा अभिमुखीकरण, अनुशिक्षण मार्फत ज्ञान र सीप विकासमा क्षमता अभिवृद्धि गर्न यो कार्यक्रमको राखिएको छ। |
| उद्देश्य | HMIS/LMIS/eLMIS/DHIS2 /LMIS सम्बन्धी आधारभूत ज्ञान, सीप अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | HMIS/LMIS/eLMIS/DHIS2 /LMIS सम्बन्धी ज्ञानको विकास भई अनलाइन प्रतिवेदनमा सुदृढीकरण हुनेछ । |
| संचालन प्रक्रिया | • परिमार्जित HMIS/LMIS/eLMIS/DHIS2 सम्बन्धमा स्वास्थ्यकर्मीहरुलाई रिफ्रेसर तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।<br>• यो कार्यक्रम गर्दा आवश्यकता अनुसार स्वास्थ्य सेवा निर्देशनालय तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गर्न सकिनेछ ।<br>• कार्यक्रम स्थान जिल्ला वा कुनै स्थानीयतहमा समन्वय गरी गर्न सकिनेछ।<br>• **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | HMIS/LMIS/eLMIS/DHIS2 का प्रतिवेदन तथा सूचकहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.६ क्रियाकलापको नामः MPDSR/MNH Roadmap 2030/ANC to PNC Continuum of care /PNC Home visit कार्यक्रम समिक्षा तथा अभिमुखिकरण र अनुगमन**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.2055 | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | मातृ मृत्यू सम्वन्धी प्रतिवेदन २०२१ अनुसार नेपालमा मातृ अनुपात प्रति लाख जीवित जन्ममा १५१ रहेको छ। मृत्यु भएका महिलाहरु मध्ये ३३ प्रतिशत महिलाहरुको मृत्यु गर्भावस्थामा ६ प्रतिशतको प्रसव अवस्थामा र ६१ प्रतिशतको मृत्यु सुत्केरी अवस्थामा भएको पाइएको छ। दिगो विकास लक्ष्यले कुनै पनि देशमा मातृ मृत्यु अनुपात विश्वव्यापी औसतको दोव्वर भन्दा वढि नहुने गरी प्रति लाख जिवित जन्ममा ७० भन्दा कममा घटाउने लक्ष्य राखेको छ। विश्वव्यापी लक्ष्य अनुरुप नेपालले पनि सन २००६ मा प्रति लाख जिवित जन्ममा २८१ रहेको मातृ मृत्यु अनुपातलाइ घटाएर सन २०२२ सम्ममा ११६,२०२५ सम्ममा ९९ र २०३० सम्म ७० पुर्याउने प्रतिवद्ता जनाएको छ। गुणस्तरीय गर्भवती सेवा प्रसुति सेवा र सुत्केरी सेवा प्रदान गरी विद्यमान मातृ मृत्यु अनुपात र नवजात शिशु मृत्यु दरलाइ घटाइ दिगो विकास लक्ष्य हासिल गर्न वजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | गुणस्तरीय सेवा प्रदान गरी मातृ तथा नवजात शिशु रुग्णता र मृत्यदरमा कमी ल्याउने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवा प्रदान मार्फत मातृ तथा नवजात शिशु स्वास्थ्य सुधार आई रुग्णता र मृत्युदरमा कमी |
| संचालन प्रकृया | • परिवार कल्याण महाशाखाको समुदायस्तरको मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) को अद्यावधिक निर्देशिका बमोजिम गरिनेछ।<br>• स्थानीय तह र अन्तरगतका स्वास्थ्य संस्थालाई समेटेर MPDSR को एक दिन अभिमुखिकरण र समीक्षा कार्यक्रम गर्नु पर्नेछ।<br>• स्थानीय तहमा उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रमको संचालन निर्देशिका वमोजिम स्थानीयतह स्वास्थ्य शाखा र स्वास्थ्यकर्मीहरुको सहभागीतामा एक दिनको समिक्षा गर्ने।<br>• गर्भावती सेवा तथा सुत्केरी सेवा निरन्तर सम्वन्धी सहजिकरण सामग्री २०७९ अनुसार स्वास्थ्य शाखा र अन्तर्गतका नर्सिङ कर्मचारीहरुलाई अभिमुखिकरण तथा समिक्षा गर्ने।<br>• **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.७ क्रियाकलापको नामः Nutrition rehabilitation home**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, हुम्ला, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गम्भीर खालका कुपोषित बालबालिकालाई अन्तरङ्ग चिकित्सकीय उपचार तथा पोषणयुक्त खाना उपलब्ध गराउन अस्पतालमा पोषण पुनर्स्थापना केन्द्र वा Stabilization Center संचालनार्थ आवश्यक व्यवस्थापनका लागि यो क्रियाकलाप राखिएको छ |
| उद्देश्य | अस्पतालमा पोषण पुनर्स्थापना केन्द्र वा Stabilization Centre नियमित रुपमा संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालको पोषण पुनर्स्थापना केन्द्र वा Stabilization Centre मा देखिएका समस्याहरुको समाधान गरी नियमित रुपमा गुणस्तरीय सेवा प्रवाह हुने। |
| संचालन प्रकृया | • कडा शीघ्र कुपोषण भएका बालबालिकाहरुको उपचारको लागि जिल्ला स्वास्थ्य सेवा कार्यालय अन्तर्गत Nutrition rehabilitation home संचालनको लागि आवश्यक व्यवस्थापन गर्ने ।<br>• पहिचान भएका बालबालिकाहरुको पोषण उपचार तथा पोषणको अवस्था सुधारमा खर्च गर्ने।<br>• वार्षिक बजेटको परिधि भित्र रही जन/स्वास्थ्य सेवा कार्यालयहरुले स्वीकृत कार्ययोजना अनुसार खर्च गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.८ क्रियाकलापको नाम: QC का लागी TB र मलेरिया सलाईडको ढुवानी

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.४०२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालाहरुमा संकलित स्लाइडहरुको गुणस्तर कायम तथा नियन्त्रण गर्न क्षयरोग र मलेरियाका स्लाइडहरु पुनःजाँच गर्नका लागि संकलित नमुनाहरुको ढुवानी गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशाला सेवाको गुणस्तरीयता कायम राख्ने । |
| अपेक्षित प्रतिफल | सेवा प्रवाह छिटो र गुणस्तरीय हुनेछ। |
| संचालन प्रकृया | • स्थानीय तह तथा जिल्लाका प्रयोगशालामा जाँच गरिएका क्षयरोग र मलेरियाका स्लाइडहरुलाई प्रदेश जनस्वास्थ्य प्रयोगशालासम्म ल्याई गुणस्तर जाँच गर्ने ।<br>• प्रत्येक चार महिनाको अन्त्यमा एक पटक गरी वर्षको ४ पटक QC का लागि टि.बी. र मलेरिया स्लाइडको ढुवानी गर्ने ।<br>• बजेटले पुग्ने भएमा आवश्यकतानुसार अन्य रोगसँग सम्बन्धित नमुनाहरु पनि ढुवानी गर्न सकिनेछ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | चौमासिक रिपोर्ट तथा सलाइडहरु, QC रिपोर्ट फारम र भ्रमण आदेश । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.९ क्रियाकलापको नामः TB/HIV-CABA संक्रमित वालवालिका हरूका लागि पोषण वापतको सहयोग**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.५.७५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय सल्यान, दैलेख, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एच.आइ.भी. रणनीतिक योजना २०२१-२०२६ ले परिलक्षित गरे अनुसार एच.आई.भी संक्रमित तथा प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहारको लागि परिवार र समुदायको क्षमता अभिवृद्धि गर्ने कुरामा नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेको छ । यसै प्रतिबद्धतालाई पूरा गर्दै एच.आई.भी.बाट संक्रमित तथा प्रभावित बालबालिकाहरूलाई पोषण बापत सहयोग उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एच.आइ.भी. संक्रमित बालबालिकाहरुको पोषणको अवस्थामा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | HIV संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेलचेक्राइबाट संरक्षणका लागि वातावरण तयार गर्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगायत उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण र स्याहार लगायतका आधारभूत बालअधिकारको सुनिश्चित गर्ने । |
| संचालन प्रक्रिया | • जिल्ला CABA कार्यान्वयन समितिको निर्णयानुसार एच.आई.भी. संक्रमितहरूलाई एकमुष्ठ रकम रू.१२००० बैंक खातामा जम्मा गरी |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | भुक्तानी हुनेछ । उक्त रकमबाट नियमित रूपमा विद्यालय पठाउने, नियमित रूपमा स्थानीय स्वास्थ्य संस्थामा जाँच गराउने र एन्टिरेट्रोभाइरल उपचारका लागि सहयोगको दायित्व बालबालिकाको अभिभावकको हुनेछ ।<br>• जिल्ला CABA कार्यान्वयन समिति गठन नभएको जिल्लाको हकमा जन/स्वास्थ्य सेवा कार्यालय प्रमुख, अस्पताल प्रमुख र ए.आर.टी.मा कार्यरत स्वास्थ्यकर्मी, फोकल पर्सन तथा सम्बन्धित साझेदार संस्थाहरूसँग बैठकमा निर्णय गराई माग भई आएमा एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७० अनुसार भुक्तानी हुनेछ । यसको अभिलेख समेत अद्यावधिक गर्नुपर्ने छ ।<br>• **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | पोषण खर्च नगद अनुदान |
| सन्दर्भ सामग्री | राष्ट्रिय एच.आइ.भी. रणनीतिक योजना २०२१-२०२६, नेपाल एच.आइ.भी. भिजन २०२०, एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७०, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | कार्य सम्पन्न प्रतिवेदन, सेवाग्राहीको सूची, भुक्तानी दिएको अभिलेख । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

### ८.१० क्रियाकलापको नामः अक्सिजन सिलिन्डर रिफिल तथा मर्मत

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२०१६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | अक्सिजन सिलिन्डर रिफिल तथा मर्मत स्वास्थ्य संस्थाहरूको एक अत्यावश्यक सेवा हो जसले अक्सिजन सिलिण्डर भराई गरेर बिरामीहरूलाई आवश्यक अक्सिजन आपूर्ति सुनिश्चित गर्छ। |
| उद्देश्य | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| संचालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने,<br>• स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ प्रक्रिया अगाडि बढाउने,<br>• **संचालन गर्ने व्यक्तिः** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

## ८.११ क्रियाकलापको नामः अस्पताल सुरक्षा कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | PLMBIS अनुसार | सबै स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षाका लागि यस शीर्षकमा बजेट विनियोजन गरिएको छ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध वस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतिको सुरक्षा हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ । |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराई २४ घण्टा अस्पताल सुरक्षाको लागि तालिम प्राप्त व्यक्तिलाई सेवा करार वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने ।<br>यस कार्यक्रम अन्तर्गत सम्झौता भई करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा नियमित रुपमा पेश गर्ने ।<br>**संचालन गर्ने व्यक्तिः** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन । |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

## ८.१२ क्रियाकलापको नाम – अस्पतालजन्य फोहोरमैला व्यव्स्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.२२.१८८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट, रुकुम पश्चिम, सल्यान, दैलेख र हुम्ला, डोल्पा, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुँदा सामान्य प्रकारको फोहोरलाई डम्पिङ साइटमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलीकरण गरी विसर्जन गर्नुपर्ने हुँदा यस शीर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलीकरण गरी व्यवस्थित रुपमा विसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| संचालन प्रक्रिया | • स्वीकृत बजेटको परिधि भित्र रही निम्न क्रियाकलापहरु मध्येबाट आवश्यकतानुसार गर्न सकिनेछः<br>• Health Care Waste Management Guidelines सम्बन्धी अभिमुखीकरण वा तालिम गर्ने।<br>• Health Care Waste Management सम्बन्धी नीति २०७९, Health Care Waste Management SOP<br>• अस्पतालको फोहोरमैला व्यवस्थापन गर्न जनशक्ति अभावका कारण कठिनाई भएमा सोको व्यवस्थापन समेत गर्ने ।<br>• **संचालन गर्ने व्यक्तिः** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, हाजिर, आदि |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

### ८.१३ क्रियाकलापको नाम – अस्पतालमा अक्सिजन प्लान्ट ब्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 2.7.22.427 | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय कालिकोट, दैलेख, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन, भ्याकुम र एअरको आपूर्ति अक्सिजन प्लान्टबाट भइराखेकोले प्लान्टको नियमित सर्भिसिङ, मर्मत गरी दुरुस्त राख्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अक्सिजन प्लान्टबाट नियमित पाइपद्वारा विरामीहरुलाई अक्सिजन, भ्याकुम र एअरको आपूर्ति गर्न। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| संचालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने,<br>• अक्सिजन आपूर्ति गर्न आवश्यक पाइप लाईन, Bed headed panel लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने,<br>• प्राविधिक प्रतिवेदन, स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराई प्रक्रिया अगाडि बढाउने।<br>• **संचालन गर्ने व्यक्तिः** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

**८.१४ क्रियाकलापको नामः अस्पतालमा विद्युतीय अभिलेख प्रणाली (EHR) व्यवस्थापन खर्च**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४३६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | एकिकृत स्वास्थ्य सूचना प्रणालीमा सरल र सहज तरिकाबाट स्वास्थ्य सेवा अभिलेख बिद्युतीय माध्यमबाट राख्न तथा प्रतिवेदन गर्न साथै तथ्यमा आधारित योजना तयार गर्नका लागि समेत उपयोग हुने गरी अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन सुदृढीकरण गर्नको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | स्वास्थ्य सूचना प्रणालीलाइ चुस्त दुरुस्त र प्रविधिमैत्री हुने । |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन सुदृढीकरण भएको हुने । |
| सचालन प्रकृया | • अस्पतालमा हाल संचालनमा रहेको र संचालन हुने प्रकृयामा रहेका बिद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर संचालन तथा नयाँ जडान गर्ने।<br>• अस्पतालहरूबाट विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागि आवश्यक उपकरण) Server, High end Desktop, Chromebook, Laptop, core switch, Router, WIfi AP, Networking components, label printer, barcode reader, आदि  तथा अन्य अति आवश्यक सामाग्रीहरू खरिद गरि संचालनमा ल्याउने।<br>• खरिद भएका सामाग्रीहरुको मर्मत संभार गर्ने ।<br>• प्राविधिक सेवा वापतको शुल्क (AMC/CMC) उपलव्ध गराउन सकिने ।<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने ।<br>• प्रचलित ऐन कानूनको  अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने ।<br>• **संचालन गर्ने व्यक्ति:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | विधुतिय स्वास्थ्य अभिलेख संचालनको अवस्था, दाखिला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

## ८.१५ क्रियाकलापको नाम : आँखा सेवा विस्तार

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आँखा सम्बन्धी रोगको निदान रोकथाम, उपचार तथा व्यवस्थापन गर्न जिल्ला अस्पतालबाटै आँखा सेवा विस्तार गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | आँखा उपचार सेवा बिस्तार गर्न। |
| अपेक्षित प्रतिफल | आँखाको समस्या भएका बिरामीहरुले सर्वसुलभ रुपमा सेवा पाएका हुनेछ । |
| संचालन प्रक्रिया | • आँखा सम्बन्धी रोगको निदान, रोकथान, उपचार तथा व्यवस्थापन गर्न अस्पतालमा आवश्यक पर्ने औजार, उपकरणको व्यवस्थापन गर्ने। यसरी व्यवस्थापन गर्दा औजार उपकरणको हकमा बजेटको परिधि भित्र रही विस्तार गर्दै लैजाने।<br>• साझेदार सस्थाहरुवाट उपकरणको व्यवस्थापन गर्न सकिने।<br>• **संचालन गर्ने व्यक्ति:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | आँखा सेवा बिस्तार ,लाभग्राहीको संख्या |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवारी व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

## ८.१६ क्रियाकलापको नामः ई- हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, डोल्पा, दैलेख, सल्यान, हुम्ला, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | दूर चिकित्सा सेवा भन्नाले श्रव्य, दृश्य र अन्य विद्युतीय सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने चिकित्सकीय विधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा सञ्चार प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन साथै जिल्ला अस्पताल र स्वास्थ्य संस्थाहरुमा e-Governance प्रवर्द्धन गर्न अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीहरू इ-हेल्थ (टेलिमेडिसिन, EHR/EMR/EHIRRS/eHMIS) को संचालन, आवश्यक सामग्री खरिद एवं व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | कर्णाली प्रदेशका दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाहमा अभिवृद्धि गर्नु तथा अस्पताल र स्वास्थ्य संस्थाहरूमा भएको सेवा प्रवाहलाई छिटो छरितो एवं कागजमुक्त बनाई अनलाइनमा रेकर्डिङ गरी मासिक रूपमा अनलाइनबाट नै रिपोर्ट तयार गरी नियमित स्वास्थ्य सूचना प्रणालीमा पठाउने। |
| अपेक्षित प्रतिफल | दूर चिकित्सा सेवाको विस्तार तथा विद्युतीय माध्यमबाट अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रकृया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछः-<br>• दूरदराजमा रहेका विपन्न, सीमान्तकृत तथा आकस्मिक स्वास्थ्य सेवा आवश्यक भएका बिरामीहरूलाई स्वास्थ्य चौकी, आधारभूत अस्पताल, जिल्ला अस्पतालमा रहेका जनशक्ति मार्फत तोकिएका विशेषज्ञ चिकित्सकहरूसँग निर्धारित टेलिमेडिसिन प्रणाली मार्फत स्वास्थ्य जाँच तथा परामर्श सेवा उपलब्ध गराउने।<br>• दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम खर्च गर्ने ।<br>• दूर चिकित्सा स्वास्थ्य सेवा लिएका सेवाग्राहीहरुको अभिलेख राख्ने र सोको प्रतिवेदन नियमित रुपमा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पठाउने ।<br>• आवश्यकता अनुसार स्वास्थ्यकर्मीहरूलाई EHR/EMR/EHIRRS/eHMIS सम्बन्धी तालिम व्यवस्था गर्ने ।<br>• जिल्ला अस्पतालमा हाल संचालनमा रहेका EHR/EMR/Telemedicine सम्बन्धी software हरुको maintenance तथा upgrade मा खर्च गर्ने ।<br>• IT सेवा प्रदायक संस्थासँग सम्झौता गरी विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रणाली चलाउनको लागि नयाँ संस्थाको लागि युजर खरिद गर्ने । हाल EHR/EMR/EHIRRS/eHMIS लागु गरिएका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्न नवीकरण गरी नियमित सञ्चालन गर्ने ।<br>• EHR/EMR/Telemedicine/EHIRRS/eHMIS सम्बन्धी समीक्षा गर्ने, योजना तयार गर्ने तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्न सकिनेछ ।<br>• बजेटले पुग्ने भएमा यस कार्यक्रमबाट mobile health (mHealth) बारे अभिमुखीकरण समेत संचालन गर्न सकिनेछ ।<br>• **संचालन गर्ने व्यक्ति:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | विभिन्न प्रतिवेदनहरु, उपस्थिति, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

## ८.१७ क्रियाकलापको नाम – एकीकृत जनस्वास्थ्य अभियान तथा बिशेषज्ञ स्वास्थ्य शिविर

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| 2.7.22.10 | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | न्यून मानव विकास सूचकाङ्क भएका तथा महामारी तथा प्रकोपबाट पटक पटक प्रभावित क्षेत्र तथा स्वास्थ्य सेवाको पहुँच नभएका स्थायीय तहहरुसंग समन्वय गरी एकीकृत रुपमा स्वास्थ्य सेवाका साथै विशेषज्ञ सेवा दिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • एकीकृत जनस्वास्थ्य अभियानमा स्वास्थ्य प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक क्रियाकलापहरु सञ्चालन गरी सचेतना अभिवृद्धि गर्नु ।<br>• समुदायस्तरमा विशेषज्ञ स्वास्थ्य शिविर मार्फत पहुँच बाहिर रहेका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा स्वीकृत बाँडफाँडका आधारमा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछः<br>• जिल्ला भित्र रहेका सेवाको पहुँचबाट टाढा रहेका सीमान्तकृत तथा पिछडिएका वर्ग र क्षेत्रको स्वास्थ्य आवश्यकता पहिचान गर्ने र सोका आधारमा अभियानमा प्रदान गरिने सेवाहरुको प्याकेज तय गर्ने।<br>• स्थान छनौट गर्दा दुर्गम स्थानलाई प्राथमिकतामा राख्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • वार्षिक बजेटको परिधिलाई हेरी विशेषज्ञ शिविरको संख्या र सेवाहरु तय गर्ने । शिविरमा स्वास्थ्य आवश्यकताका आधारमा सामान्य चिकित्सा, दन्त, नाक, कान र घाँटी, आँखा, छाला तथा यौनरोग, महिला तथा प्रजनन स्वास्थ्य, बालरोग, मानसिक स्वास्थ्य, हाडजोर्नी आदि उपलब्ध गराउन सकिनेछ ।<br>• बजेटको परिधि भित्र रही समुदायस्तरमा सञ्चालित शिविर तथा रोग स्क्रिनिङ कार्यक्रममा पहिचान भएका बिरामीहरुलाई थप उपचारका लागि जिल्ला स्थित अस्पताल वा सुविधा भएको स्थानीय आधारभूत अस्पतालमा छुट्टै शल्य चिकित्सा शिविर संचालन गरी सेवा प्रदान गर्न सकिनेछ ।<br>• शिविर स्थलमा प्रमुख स्वास्थ्य समस्याहरुमा आधारित भई विभिन्न व्यवहार परिवर्तन संचार सामग्रीहरुको प्रदर्शनी तथा वितरण, पोषण कर्नर, लक्षित समूह अनुसार स्वास्थ्य शिक्षा सेसनहरु संचालन, भूमिका अभिनय, सचेतनामूलक सांगीतिक तथा सांस्कृतिक प्रस्तुति, योग शिविर आदि प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्ने ।<br>• कार्यक्रम संचालन हुने स्थान र मिति तय भए पछि लक्षित सेवाग्राहीको सहभागीतालाई सुनिश्चित गर्न कम्तीमा १० दिन अघि देखि कार्यक्रम बारे आमसंचार माध्यम (एफ.एम.) बाट व्यापक प्रचार-प्रसार गर्ने तथा कार्यक्रम संचालन हुने स्थानमा गई कार्यक्रम हुनुभन्दा अगावै जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका लगायत सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया मार्फत कार्यक्रम बारे जानकारी गराई व्यापक प्रचारप्रसार गराउन सकिने।<br>• स्थानीय तहमा सञ्चालन हुने शिविर आवश्यकता आधारमा एक देखि दुई दिनसम्म सञ्चालन गरिनेछ,<br>• शिविरबाट प्रदान गरिएको सेवालाई HMIS प्रतिवेदन गरिनेछ।<br>• जनस्वास्थ्य अभियान तथा विशेषज्ञ शिविरमा आवश्यक पर्ने जनशक्तिहरु उपलब्ध गराइने सेवा तथा शिविरको संख्या अनुसार स्वीकृत बजेटको परिधिभित्र रही परिचालन गर्ने ।<br>• शिबिर संचालन भए पश्चात मन्त्रालय र निर्देशनालयमा प्रतिवेदन अनिवार्य पेश गर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • **संचालन गर्ने व्यक्तिः** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवाग्राहीको अभिलेख, शिविर संचालन प्रतिवेदन, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

**८.१८ क्रियाकलापको नाम –पाँच पालिकाहरुमा एकीकृत जनस्वास्थ्य अभियान तथा विशेषज्ञ स्वास्थ्य शिविर**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| 2.7.22.२567 | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | न्यून मानव विकास सूचकाङ्क भएका तथा महामारी तथा प्रकोपबाट पटक पटक प्रभावित क्षेत्र तथा स्वास्थ्य सेवाको पहुँच नभएका स्थायीय तहहरुसंग समन्वय गरी एकीकृत रुपमा स्वास्थ्य सेवाका साथै विशेषज्ञ सेवा दिन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • एकीकृत जनस्वास्थ्य अभियानमा स्वास्थ्य प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक क्रियाकलापहरु सञ्चालन गरी सचेतना अभिवृद्धि गर्नु ।<br>• समुदायस्तरमा विशेषज्ञ स्वास्थ्य शिविर मार्फत पहुँच बाहिर रहेका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा स्वीकृत बाँडफाँडका आधारमा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछः<br>• जिल्ला समन्वय समितिको बैठकबाट रोग incidence, prevalence, स्वास्थ्य सेवाको पहुँचका आधारमा पालिका छनोट गरी कार्यक्रम संचालन गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • जिल्ला भित्र रहेका सेवाको पहुँचबाट टाढा रहेका सीमान्तकृत तथा पिछडिएका वर्ग र क्षेत्र समेटिने गरि सेवाहरुको प्याकेज तय गर्ने।<br>• स्थान छनौट गर्दा दुर्गम स्थानलाई प्राथमिकतामा राख्ने।<br>• वार्षिक बजेटको परिधिलाई हेरी विशेषज्ञ शिविरको संख्या र सेवाहरु तय गर्ने । शिविरमा स्वास्थ्य आवश्यकताका आधारमा सामान्य चिकित्सा, दन्त, नाक, कान र घाँटी, आँखा, छाला तथा यौनरोग, महिला तथा प्रजनन स्वास्थ्य, बालरोग, हाडजोर्नी आदि उपलब्ध गराउन सकिनेछ।<br>• बजेटको परिधि भित्र रही समुदायस्तरमा सञ्चालित शिविर तथा रोग स्क्रिनिङ कार्यक्रममा पहिचान भएका बिरामीहरुलाई थप उपचारका लागि जिल्ला स्थित अस्पताल वा सुविधा भएको स्थानीय आधारभूत अस्पतालमा छुट्टै शल्य चिकित्सा शिविर संचालन गरी सेवा प्रदान गर्न सकिनेछ ।<br>• शिविर स्थलमा प्रमुख स्वास्थ्य समस्याहरुमा आधारित भई विभिन्न व्यवहार परिवर्तन संचार सामग्रीहरुको प्रदर्शनी तथा वितरण, पोषण कर्नर, लक्षित समूह अनुसार स्वास्थ्य शिक्षा सेसनहरु संचालन, भूमिका अभिनय, सचेतनामूलक सांगीतिक तथा सांस्कृतिक प्रस्तुति, योग शिविर आदि प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्ने ।<br>• कार्यक्रम संचालन हुने स्थान र मिति तय भएपछि लक्षित सेवाग्राहीको सहभागीतालाई सुनिश्चित गर्न कम्तीमा दश दिन अघि देखि कार्यक्रम बारे आमसंचार माध्यम (एफ.एम.) बाट व्यापक प्रचार-प्रसार गर्ने तथा कार्यक्रम संचालन हुने स्थानमा गई कार्यक्रम हुनुभन्दा अगावै जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका लगायत सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया मार्फत कार्यक्रम बारे जानकारी गराई व्यापक प्रचारप्रसार गराउन सकिने।<br>• स्थानीय तहमा सञ्चालन हुने शिविर आवश्यकता आधारमा एक देखि दुई दिनसम्म सञ्चालन गरिनेछ,<br>• शिविरबाट प्रदान गरिएको सेवालाई HMIS प्रतिवेदन गरिनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • जनस्वास्थ्य अभियान तथा विशेषज्ञ शिविरमा आवश्यक पर्ने जनशक्तिहरु उपलब्ध गराइने सेवा तथा शिविरको संख्या अनुसार स्वीकृत बजेटको परिधिभित्र रही परिचालन गर्ने।<br>• **संचालन गर्ने व्यक्ति:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवाग्राहीको अभिलेख, शिविर संचालन प्रतिवेदन, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

## ८.१९ क्रियाकलापको नामः खोपबाट बचाउन सकिने रोगहरुको खोज पड्ताल तथा नमुना संकलन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| 2.7.22.2088 | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत, कालिकोट, जुम्ला, रुकुम पश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोपबाट बचाउन सकिने रोगहरुको उन्मुलन, निवारण र नियन्त्रणको अवस्थाको वारेमा जानकारी लिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | खोपबाट बचाउन सकिने रोगहरुको उन्मुलन, निवारण र नियन्त्रणको अवस्थाको बारेमा जानकारी लिनु र सो अनुसार कार्ययोजना गर्नु |
| अपेक्षित प्रतिफल | खोपवाट वचाउन सकिने रोगहरुको न्यूनीकरण हुने |
| सचालन प्रकृया | • खोपबाट बचाउन सकिने रोगहरुको नमुना संकलन गर्ने<br>• खोपवाट बचाउन सकिने रोगहरुको जानकारी र अभिमुखीकरण गर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • खोपवाट बचाउन सकिने रोगहरुको नमुना संकलन रजानकारी र अभिमुखीकरण गरेको प्रतिवेदन सम्वन्धित कार्यालय प्रमुख र स्वास्थ्य सेवा निर्देशनालयमा पठाउने<br>• **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अभिलेख तथा प्रतिवेदनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.२० क्रियाकलापको नामः घरमा सुत्केरी शुन्य (पूर्ण संस्थागत सुत्केरी) अभियान संचालन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०९० | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला, दैलेख, रुकुम पश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व, शिशु मृत्युदरमा कमि गर्न नवजात शिशु र आमाको पोषणको अवस्थामा सुधार ल्याउन र समग्रमा घरमा रहेर सुत्केरी हुने अवस्थालाई रोकि सिँगो समाजलाई नै शुन्य प्रशुती स्थानियतह तथा समूदाय घोषणा गरी कायम राख्ने उद्धेश्यका साथ यो कार्यक्रम सामाजिक बिकास मन्त्रालयबाट राखिएको हो। नेपालको संविधान २०७२ को धारा २२६ र २२७ को प्रयोग गरी धारा ३५ तथा ३९सँग सम्बन्धीत रहेर सेवाको पहुच वा घरमै सुत्केरी हुने संख्यामा शुन्य प्रशुती कार्यक्रम कार्यान्वयन गर्ने यस कार्यक्रमको उदेश्य रहेको छ । |
| उदेश्यहरु | सुरक्षित तथा गुणस्तरिय सेवा प्रदान गर्ने, मातृ तथा नवजात शिशु मृत्युदरमा कमि ल्याउने र घरमै सुत्केरी हुने संख्यालाई शुन्य बनाउने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | शुन्य होम डेलिभरी |
| संचालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयद्वारा स्वीकृत गरि जारी गरिएको कार्यविधि अनुसार घरमा सुत्केरी हुने संख्या उच्च रहेको स्थानीय तह तथा वडा छनौट गरि घरमा हुने सुत्केरीलाई शुन्य बनाउन विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरि आवश्यक क्रियाकलापहरु संचालन गर्ने ।<br>• कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरिसकेपछि स्थानीय तह तथा वडालाई पूर्ण संस्थागत सुत्केरी घोषणा अभियान संचालन गर्ने र त्यसको दिगोपनाका लागि आवश्यक क्रियाकलापहरु गर्ने ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| अनुगमनका सूचक | कार्यक्रम प्रतिवेदन, अभिलेख तथा प्रतिवेदन । |
| सन्दर्भ सामाग्रि | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

### ८.२१ क्रियाकलापको नामः जिन एक्स्पर्ट परिक्षण तथा व्यवस्थापन खर्च

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२८१ | २२५२२ | १०० | स्वास्थ्य सेवा कार्यालय, दैलेख र सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | द्रुत परीक्षणमा प्रयोग हुने अटोमेटिक पि.सि.आर. सेवा सुचारु गर्न जिन एक्सपर्ट सेवामा आवश्यक हुने परीक्षण व्यवस्थापन र online reporting का लागि इन्टरनेट सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | जिन एक्सपर्ट सेवा नियमित र अविछिन्न रुपमा उपलब्ध गराउनुका साथै क्षयरोग परीक्षणको तथ्याङ्क वास्तविक समयमा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | जिन एक्सपर्ट सेवा नियमित सञ्चालन हुने र क्षयरोग परीक्षणको तथ्याङ्क वास्तविक समयमा उपलब्ध हुनेछ । |
| संचालन प्रकृया | • जिन एक्सपर्ट परीक्षण तथा व्यवस्थापन अन्तर्गत निम्न कार्य बापत रकम उपलब्ध गराउने,<br>• क्षयरोग निदान भएका बिरामीलाई परीक्षण नतिजा उपलब्ध भएको साथै उपचारमा दर्ता भएको सुनिश्चित गर्ने,<br>• NTPMIS र DHIS2 मा रेकर्ड भएको विवरणका आधारमा रकम उपलब्ध गराउने।<br>• Online reporting का लागि internet उपलब्ध हुन नसकेका Gene Xpert परीक्षण केन्द्रलाई internet खर्च उपलब्ध गराउने र सबै संस्थाले अनिवार्य online reporting गर्ने ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अभिलेख तथा प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.२२ क्रियाकलापको नाम : दन्त सेवा विस्तार

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | दाँत सम्बन्धी रोगको निदान ,रोकथाम ,उपचार तथा व्यवस्थापन गर्न जिल्ला अस्पतालबाटै दन्त सेवा विस्तार गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | दाँत उपचार सेवा विस्तार गर्न । |
| अपेक्षित प्रतिफल | दाँतको समस्या भएका विरामीहरुले सर्वसुलभ रुपमा सेवा पाएका हुनेछ । |
| संचालन प्रक्रिया | • दाँत सम्बन्धी रोगको निदान ,रोकथाम ,उपचार तथा व्यवस्थापन गर्न अस्पतालमा आवश्यक पर्ने औजार, उपकरणको व्यवस्थापन गर्ने।<br>• यसरी व्यवस्थापन गर्दा औजार उपकरणको हकमा वजेटको परिधि भित्र रही विस्तार गर्दै लैजाने।<br>• साझेदार सस्थाहरुवाट उपकरणको व्यवस्थापन गर्न सकिने।<br>• **संचालन गर्ने व्यक्ती:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दन्त सेवा बिस्तार र लाभग्राहीको संख्या |
| जिम्मेवारी व्यक्ति | चिकित्सा सेवा शाखा प्रमुख |

**८.२३ क्रियाकलापको नाम: पाँच पालिकाहरुमा जेष्ठनागरिक निशुल्क स्वास्थ्य उपचार, प्रोत्साहन तथा स्क्रिनिङ्ग सेवा**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२५६८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | ज्येष्ठ नागरिकहरूको स्वास्थ्य अवस्था सुधार, नसर्ने तथा उमेरसँग सम्बन्धित रोगहरूको समयमै पहिचान, उपचार तथा व्यवस्थापन गर्न तथा स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न पाँच पालिकामा निःशुल्क स्वास्थ्य उपचार, स्वास्थ्य परीक्षण (स्क्रिनिङ) तथा आवश्यक प्रोत्साहनसहितको सेवा सञ्चालन गरिनेछ। |
| उद्देश्य | ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचार, स्क्रिनिङ तथा आवश्यक स्वास्थ्य सेवा प्रदान गरी स्वस्थ तथा गुणस्तरीय जीवनयापनमा सहयोग पुऱ्याउनु। |
| अपेक्षित प्रतिफल | ज्येष्ठ नागरिकको स्वास्थ्य सेवामा पहुँच तथा स्वास्थ्य अवस्था सुधार। |
| संचालन प्रक्रिया | • स्थानीय तहसँग समन्वय गरी प्रथामिकताका आधारमा पाँच पालिकामा कार्यक्रम सञ्चालन गर्ने।<br>• विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन गरी ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, नसर्ने तथा उमेरसँग सम्बन्धित रोगहरूको स्क्रिनिङ, निःशुल्क उपचार, औषधि वितरण, परामर्श तथा आवश्यक रेफरल सेवा प्रदान गर्ने।<br>• आवश्यकतानुसार स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा सम्बन्धी गतिविधि सञ्चालन गर्ने तथा कार्यक्रमको अभिलेखीकरण, प्रतिवेदन र अनुगमन गर्ने<br>• **संचालन गर्ने व्यक्ती:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| अनुगमनका सूचक | • कार्यक्रम प्रतिवेदन, अभिलेख तथा नियमित रिपोर्टिङ।<br>• स्वास्थ्य  परीक्षण तथा उपचार सेवा प्राप्त गरेका ज्येष्ठ नागरिकहरूको संख्या। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

**८.२४ क्रियाकलापको नामः  पूर्ण खोप सुनिश्चितता तथा दिगोपना सहजिकरण कार्यक्रम**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०८७ | २२५२२ | PLMBIS अनुसार | जन/स्वास्थ्य सेवा कार्यालय, कालिकोट, दैलेख, रुकुम पश्चिम, सल्यान, हुम्ला, डोल्पा, सुर्खेत, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप कार्यक्रमलाई पुर्ण तथा दिगोपनालाई निरन्तरता दिनका लागि समूदाय परिचालनका लागि खोपको कभरेज कम तथा ड्रपआउट बढि भएका स्थानियतह वा स्वास्थ्य संस्थाहरु वा समूदायहरु छनोट गरि खोप कार्यक्रमलाई प्रभावकारी तवरबाट संचालन गर्नका लागि स्थानियतह स्वास्थ्य संस्था र स्वास्थ्यकर्मिहरुलाई सहजिकरण गर्नका लागि यस कार्यक्रमका लागि बजेट बिनियोजन गरिएको छ। |
| उदेश्यहरु | हरेक समूदायमा रहेका खोप लगाउने उमेरका बालबालिकाहरुले पुरामात्रामा सबै खोल लगाई पुर्ण खोप तथा दिगोपना सुनिश्चितता भएको हुने छ । |
| संचालन प्रक्रिया | • जिल्ला खोप समन्वय समितिको बैठकबाट कार्ययोजना निर्माण गरि कभरेज कम भएका स्थान छनोट गरि जन/स्वास्थ्य सेवा कार्यालयबाट कार्यक्रमहरु संचालन गरिने छ।<br>• यसका साथै पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७१ बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिने छ। |
| अपेक्षित प्रतिफल | खोपको कभरेज १०० प्रतिसत सुनिश्चित भएको हुने छ । |
| अनुगमनका सूचक | अभिलेख तथा प्रतिवेदन |
| सन्दर्भ सामाग्रि | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| जिम्मेवार ब्यक्ति | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.२५ क्रियाकलापको नाम– पेन/पेन प्लस क्लिनिक संचालन**



तथ्याङ्क अधिकृत   उप-सचिव   प्रदेश सचिव   मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१३९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय कालिकोट, दैलेख, हुम्ला, डोल्पा, रुकुम पश्चिम, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | पेन-प्लस नसर्ने रोगहरूको (NCDs) एकीकृत स्वास्थ्य सेवा प्रदान गर्ने पहिलो तहको रेफरल क्लिनिक हो, जुन पेन (PEN) कार्यक्रमको आधारमा निर्माण गरिएको हो। PEN- Plus लागु भएको जिल्ला अन्तर्गतका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल र जिल्लामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई पेन-प्लस(PEN-Plus) कार्यक्रमको अभिमुखीकरण गरी नसर्ने रोगको स्क्रिनिङ, निदान, उपचार र रेफरल चेन लाई थप सुदृढीकरण गर्ने। |
| उद्देश्य | नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परिक्षण गर्ने र आवश्यकता अनुसार प्रेषणको व्यवस्था मिलाउने र नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिबृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको समयमा नै पहिचान ,रोकथाम उपचार गरी त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न सम्भव हुनेछ। |
| संचालन प्रकृया | • पेन/पेन प्लस क्लिनिक संचालनका लागि आवश्यक जनशक्ति र सामग्रीको व्यवस्थापन गर्ने<br>• कार्यक्रमको अभिलेख तथा प्रतिवेदन अनिवार्य रुपमा HMIS / DHIS२ मार्फत गर्नुपर्नेछ।<br>• **संचालन गर्ने व्यक्तिः** चिकित्सा सेवा शाखा प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, हाजिरी, HMIS/DHIS२ अभिलेख |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

**८.२६ क्रियाकलापको नाम – पोषण प्रवर्द्धन तथा विषादी न्यूनीकरण अभियान संचालन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७८ | २२५२२ | PLMBIS अनुसार | जन/स्वास्थ्य सेवा कार्यालय, दैलेख,सल्यान, जुम्ला, रुकुम पश्चिम, सुर्खेत, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल जनसांखिक सर्वेक्षण २०२२ का अनुसार नेपालमा ३३ प्रतिशत र कर्णाली प्रदेशमा बालमृत्यु दर ४६ प्रतिशत रहेको छ । त्यसै गरि पोषणमा विषयमा नेपालमा २५ प्रतिशत र कर्णाली प्रदेशमा ३५ प्रतिशत बालबालिकामा कुपोषण रहेको छ । आधुनिकता संगै कृषिजन्य उत्पादनमा अधिकमा मात्रमा वृद्धि गर्न विषादीमा प्रयोग अत्यधिक मात्रामा भैरहेको अवस्था बिद्ध्यमान रहेको छ । विषादी युक्त खानेकुराले नसर्ने रोगको भार वृद्धि भैरहेको छ । त्यसैले विषादीको प्रयोगलाई न्यूनीकरण स्वस्थ खानेलाई प्रवर्धन गरि नसर्ने रोगलाई न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पोषण प्रवर्धन साथै विषादी न्यूनीकरण गर्ने तथा नसर्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने |
| अपेक्षित प्रतिफल | पोषण प्रवर्धन साथै विषादीको प्रयोग कम भइ नसर्ने रोगहरुको न्यूनीकरण हुने । |
| संचालन प्रकृया | • जिल्लामा विषादी प्रयोगको अवस्था पत्ता लगाउनको जिल्ला स्थित सरोकारवालाहरु सँग समन्वय तथा बैठक गर्ने ।यस समन्वयमात्मक बैठकमा विशेष गरी जिल्ला प्रशासन कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरेनेरी अस्पताल तथा विज्ञ केन्द्र साथै स्थानिय तह, भेटेरेरी व्यवसायी संघ प्रतिनिधि, बिउबिजक तथा विषादी व्यवसायी संघ प्रतिनिधि तथा अन्य |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सरोकारवालाहरुलाई आमन्त्रित गरि विषादी प्रयोगको अवस्थाको प्रस्तुतीकरण र अन्तरक्रिया गर्ने ।<br>• पोषण प्रवर्धन साथै विषादी न्यूनीकरण गर्नको लागि स्थानीय तहमा स्वास्थ्य, शिक्षा, कृषि तथा भेटेरेनरी, कृषि सहकारी, कृषक समूह बीच समिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>• जन/स्वास्थ्य सेवा कार्यालयको अगुवाईमा कृषि कार्यालयसँग समन्वय गरी विषादी नियन्त्रित तथा समुचित प्रयोग अभियान संचालन गर्ने ।<br>• जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित स्थानीय तहको अगुवाइमा जिल्लाको सदरमुकाममा तथा स्थानीय तहको मुख्य बजारमा अवस्थित विषादीजन्य वस्तुहरु पाइने स्थानमा अनुमति पत्रको अनुगमन गर्ने तथा म्याद गुज्रिका र कालोसूचीमा परेका विषादीहरुको बिक्री वितरण नगर्ने साथै व्यवस्थापन गर्न आवश्यक सल्लाह प्रदान गर्ने।<br>• जिल्लाको मुख्य-मुख्य बजार क्षेत्रमा विषादी न्यूनीकरण सम्बन्धित जनचेतनामुलक सामग्रीको प्रदर्शन गर्ने।<br>• बजेटको परिधिभित्र रहेर पोषण प्रवर्धन, विषादी नियन्त्रण तथा स्वस्थ खानपानको सन्देशमुलक चित्रण सार्बजनिक स्थानमा राख्ने (Flex, Hoarding board) आदि ।<br>• बुँदा न. १ मा उल्लेख भए बमोजिमका पक्ष समेटी बजेटको परिधिभित्र रही एक वा धेरै कार्यक्रमको कार्ययोजना तयार गर्न सकिने छ ।<br>• मिति तय भए पश्चात सम्बन्धित सरोकारवालासँग समन्वय गरी कार्यक्रमको प्रचार प्रचार गर्ने र कार्यक्रम संचालन गर्ने ।<br>**संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | नसर्ने रोगको बिरामीको संख्या, कुपोषणको बालबालिकाको संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

८.२७ क्रियाकलापको नाम: प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आर.आर.टी परिचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.३६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, जुम्ला, डोल्पा, हुम्ला, दैलेख, रुकुम पश्चिम, सल्यान, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको मौसम तथा भौगोलिक विविधताका कारण समय, स्थान र परिवेश अनुसार विभिन्न प्रकोप, विपद तथा महामारीहरुको समस्या न्यूनीकरण गर्न पूर्व तयारी तथा तत्काल प्रतिकार्य गर्न RRT Mobilization गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | महामारी तथा विपदबाट हुन सक्ने सम्भावित क्षतिको समयमै न्यूनीकरण प्रतिकार्य, रोकथाम निगरानी तथा व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | जिल्ला, स्थानीय तह र समुदायमा पूर्व तयारी तथा प्रतिकार्य मार्फत सम्भावित महामारी तथा विपद नियन्त्रण तथा व्यवस्थापन हुने । |
| सञ्चालन प्रक्रिया | • द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका २०७९, आर.आर.टी. गठन गरी पूर्व तयारी तथा समीक्षा बैठक बस्ने।<br>• प्रकोप व्यवस्थापनका लागि द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गर्ने। जिल्लामा उपलब्ध भएसम्म तालिम प्राप्त फिल्ड इपिडिमियोलोजिस्टलाई आर.आर.टी. मा महामारी विज्ञको रुपमा सहभागी गराई परिचालन गराउनुपर्नेछ।<br>• विपद व्यवस्थापनका लागि आवश्यकतानुसार सरोकारवालाहरु बीच समन्वय बैठकहरु संचालन गर्ने। साथै, जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागीता जनाई स्वास्थ्य क्षेत्रबाट भएका पूर्व तयारी तथा प्रतिकार्य बारे |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | जानकारी गराउने र महामारी नियन्त्रणका लागि अन्य विषयगत क्षेत्रबाट हुने सहयोगका लागि समन्वय गर्ने।<br>• जिल्लास्तरको विपद प्रतिकार्य योजना (time) बनाई सोही योजना अनुसार काम गर्ने।<br>• स्थानीय तहका RRT सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने।<br>• महामारीको अवस्था निम्तिन सक्ने सम्भाव्य रोगहरु (outbreak prone diseases) को तथ्याङ्कीय तथा इपिडिमियोलोजिकल विश्लेषणद्वारा नियमित सर्भिलेन्स गर्नुपर्नेछ।<br>• पानीजन्य रोगको नियन्त्रणका लागि नियमित पानी परीक्षण तथा सर्भिलेन्स कार्यक्रम संचालन गर्ने।<br>• महामारी व्यवस्थापनको लागि आवश्यक सामाग्री व्यवस्थापन गर्न सकिने छ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | विपद पूर्वतयारी प्रतिकार्य योजना, बैठक माइन्युट तथा प्रतिवेदनहरु। |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.२८ क्रियाकलापको नामः प्रदेश अन्तर्गतका अस्पतालहरुमा NCD Corner को स्थापना

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२५.५७९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | नसर्ने रोगहरु (मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर, श्वासप्रश्वास लगायतका दीर्घ रोगहरु) को भार बढ्दै गइरहेको परिप्रेक्ष्यमा त्यसको समयमा रोकथामका लागि सचेतनामूलक गतिविधिहरु संचालनको साथै समयमै पहिचान, उपचार तथा व्यवस्थापन गर्न अत्यावश्यक भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | उच्च जोखिममा रहेका व्यक्तिको पहिचान गरि स्वास्थ्य शिक्षा,परामर्श,उपचार तथा व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोग बारे सचेतना, पहिचान उपचार तथा व्यवस्थापन र त्यसबाट हुने जटिलता, न्यूनीकरण हुनेछ। |
| संचालन प्रकृया | • स्वास्थ्य संस्था भित्र NCD Corner को स्थापना: कक्ष, उपकरण, IEC/BCC सामग्रीहरु व्यवस्थापन गर्ने ।<br>• नसर्ने रोगका बिरामीहरुलाइ लक्षित गरी स्वास्थ्य शिक्षा सामग्रीहरुको प्रयोगद्वारा स्वास्थ्य सचेतनामुलक कार्यक्रम नियमित रुपमा संचालन गर्ने।<br>• **संचालन गर्ने व्यक्ती:** चिकित्सा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम प्रतिवेदन, रेकर्ड। |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा शाखा प्रमुख |

**८.२९ क्रियाकलापको नामः प्रदेश तथा प्रदेश अन्तर्गत गठन भएका तथ्यांक व्यवस्थापन समितिको नियमित बैठक बसी तथ्याङ्कको विश्लेषण र पृष्ठपोषण गर्ने**

| **क्रियाकलाप सकेत नं.** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| ७.२.२२.१७२३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, रुकुम पश्चिम, हुम्ला, डोल्पा, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | स्वास्थ्यका तथ्यांकमा भएका त्रुटिहरूलाई हटाई प्रयोग योग्य बनाउन र आगामी दिनमा त्रुटिहरू दोहोरिन नदिन, तथ्यांक सुधार एवं प्रदेश, जिल्ला, स्थानीय तह र अस्पताल/स्वास्थ्य संस्थासँग समन्वय एवं सहकार्यका लागि तथ्यांक व्यवस्थापन समितिको मासिक बैठकलाई व्यवस्थित रूपमा संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | तथ्याङ्कीय गुणस्तरमा सुधार भएको हुनेछ । |
| अपेक्षित प्रतिफल | तथ्याङ्कीय त्रुटिहरु न्यूनीकरण हुँदै नियमित रूपमा तथ्यांकमा सुधार भएको हुनेछ। |
| संचालन प्रक्रिया | • कार्यालय प्रमुखको संयोजकत्वमा सम्बन्धित सबै कार्यक्रम फोकल पर्सनहरु सहित तथ्यांक सहायक/अधिकृत सदस्य-सचिव रहने गरी जिल्ला तथ्याङ्क व्यवस्थापन समिति गठन भएको हुनुपर्ने छ।<br>• कर्णाली खर्च मापदण्ड अनुसार बैठक कार्यालय समय अघि-पछि बसेको हुनुपर्ने र एउटै निकायका कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाइने प्रावधानलाई पालना गर्ने।<br>• सो समितिको नियमित मासिक बैठक बसी तथ्याङ्कीय विश्लेषणको प्रस्तुतीकरण सहित पालिका/स्वास्थ्य संस्थाहरुलाई पृष्ठपोषण दिने।<br>• यस कार्यक्रमबाट स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख वा HMIS/DHIS2 फोकल पर्सन सहित अनलाइन मार्फत बैठक बसी पृष्ठपोषण दिन सकिनेछ ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | बैठक माइन्युट, कार्यक्रम सम्बन्धी फोटो, तथ्यांक विश्लेषण फारामहरु । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.३० क्रियाकलापको नाम : फिजियोथेरापी सेवा संचालन तथा ब्यवस्थापन**



तथ्याङ्क अधिकृत  उप-सचिव  प्रदेश सचिव  मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालिकोट, डोल्पा, मुगु, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्बन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । हाल नसर्ने रोगको ब्यापकता बढेसंगैअल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत वृद्धि भएको पाइन्छ । ती व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुदृढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |
| संचालन प्रकृया | • अस्पतालको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने,<br>• फिजियोथेरापी सेवा प्रदान गर्न आवश्यक सामाग्रि खरिद गर्ने,<br>• यस कार्यक्रमबाट फिजियोथेरापी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने ।<br>• **संचालन गर्ने व्यक्ती** : चिकित्सा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाटँ | फिजियोथेरापी इकाईमा कार्यरत फिजियोथेरापिस्टको पारिश्रमिक उपलब्ध गराउन र बजेटको परिधि भित्र रहि अन्य सेवाप्रवाह गर्न आवश्यक सामग्री र अन्य व्यवस्थापन समेत गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । कर्णाली खर्च मापदण्ड २०82 |
| अनुगमन सूचक | फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

**८.३१ क्रियाकलापको नामः वार्षिक प्रगति प्रतिवेदन छपाई (अन्य)**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२५.३४० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम, कालिकोट, दैलेख, डोल्पा, सल्यान, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कार्यालयको गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धि, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | वार्षिक प्रतिवेदन तयारी र छपाइ गर्ने । |
| अपेक्षित प्रतिफल | आगामी योजना, कार्यक्रम र निर्णय प्रक्रियामा सूचना एवं तथ्याङ्कको प्रयोग भई स्वास्थ्य सेवामा सुधार आउने । |
| संचालन प्रक्रिया | पुर्व तयारी बैठक, कार्य विभाजन, विषयगत समन्वय बैठक, समायोजन, सञ्चार खर्च र छपाइ गर्ने ।<br>**संचालन गर्ने व्यक्तीः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | वार्षिक प्रतिवेदन पुस्तिका, दाखिला प्रतिवेदन । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

### ८.३२ क्रियाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्ड चेन व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.११८ | २२५२२ | PLMBIS अनुसार | जन/स्वास्थ्य सेवा कार्यालय, कालिकोट, हुम्ला, सल्यान, रुकुम पश्चिम, सुर्खेत, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप सेवालाई नियमित र गुणस्तरीय बनाउन सबै तहमा कोल्डचेन सामग्री निरन्तर संचालनमा सहयोगको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । भ्याक्सिन स्टोर तथा भ्याक्सिन वितरण केन्द्रहरुमा कोल्डचेन कायम गरी भ्याक्सिनको सुरक्षित भण्डार तथा लक्षित वर्गसम्म सेवा उपलब्ध गराउनुपर्ने हुन्छ । यो कार्य नियमित रुपमा मासिक, त्रैमासिक, वार्षिक कार्ययोजना अनुसार संचालन गर्नुपर्दछ। |
| उद्देश्य | • उपयुक्त कोल्डचेन व्यवस्थापन गरी गुणस्तरीय खोप सेवा उपलब्ध गराउने ।<br>• खोप सेसन साइटमा भ्याक्सिन भायल राख्न जिप लक तथा फोम प्याड खरिद गर्ने ।<br>• खोप कोल्डचेन व्यवस्थापनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी बनाउने । |
| अपेक्षित प्रतिफल | खोप कोल्डचेन भण्डारणमा गुणस्तर कायम हुनेछ ।खोप सेवा निरन्तर र गुणस्तरीय हुनेछ।भ्याक्सिन खेर जाने दर समेत घट्नेछ । निरन्तर रुपमा जिपलक, फोमप्याड उपलब्ध गराई खोप कोल्डचेनको गुणस्तर कायम गर्न मद्दत पुग्नेछ । |
| संचालन प्रक्रिया | **लक्षित संस्थाहरुः** |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • खोप कोल्डचेन भण्डारण तथा वितरण गर्ने भ्याक्सिन स्टोर, खोप शाखा, भ्याक्सिन वितरण केन्द्र, सब स्टोर र स्वास्थ्य संस्थाहरु ।<br><br>**सञ्चालन गर्ने अवधिः**<br><br>• खोप कोल्ड चेन भण्डारणमा गुणस्तर कायम गर्न आवश्यकता अनुसार निरन्तर।<br>• जिप लक तथा फम प्याडको हकमा पहिलो त्रैमासिकमा नै आवश्यकता निर्धारण गरी वर्षभरिको लागि खरिद गरी वितरण गर्ने ।<br><br>**सञ्चालन विधिः**<br><br>• जिल्ला भ्याक्सिन स्टोरहरुबाट जिल्ला भित्रका भ्याक्सिन वितरण केन्द्रमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा सोको औचित्य सहित योजना बनाई कम्तीमा ३ महिनाको लागि उपलब्ध गराउनु पर्दछ।<br>• प्रत्येक भ्याक्सिन स्टोरले मट्टितेल/डिजेलबाट चल्ने जेनेरेटरको लगबुक अद्यावधिक गरी प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।<br>• जिल्लामा रहेका भ्याक्सिन सबस्टोर र भ्याक्सिन वितरण केन्द्रहरुमा कोल्डचेन उपकरणहरु निरन्तर संचालन गर्न विद्युत नभएका तथा विद्युत निरन्तरता नहुने भ्याक्सिन स्टोरहरुलाई प्राथमिकतामा राखी इन्धन उपलब्ध गराई विवरण अद्यावधिक गर्नुपर्नेछ।<br>• जिप लक र फोम प्याड खरिद गर्दा जिप लक गुणस्तरीय किसिमको, राम्रो लक लाग्ने तथा नच्यातिने र फम प्याड (कम्तीमा ३० मि.मि. मोटाई भएको) मा खोलेको भायल अडिने र भ्याक्सिन क्यारियरमा भएको तापक्रम कायम रहिरहने खालको हुनुपर्दछ । यस्तो खालको सामग्री जिल्लामा नपाइएको खण्डमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी सो सामग्री आपूर्ति गर्ने आपूर्तिकर्तासँग वर्षभरिका लागि आवश्यक परिमाणको सामग्री खरिद गर्नुपर्दछ ।<br>• जिल्लाको स्वास्थ्य संस्थाको विवरण (प्रा.स्वा.के., स्वास्थ्य चौकी र अन्य खोप संचालन गर्ने संस्थाहरु) लिई सोही अनुसार बजेटको परिधिमा रही प्रत्येक स्वास्थ्य संस्थालाई २ वटा फोम प्याड र कम्तीमा २० वटा जिपलक उपलब्ध हुने गरी खरिद योजना बनाई खोप कोल्डचेनसँगै उपलब्ध गराउने व्यवस्था गर्ने । |



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

| | |
|---|---|
| | • फोमप्याड स्थानीय स्तरमा खरिद गर्दा विगतमा नयाँ भ्याक्सिन क्यारियर प्राप्त हुँदा उपलब्ध गुणस्तरीय फोमप्याडको नमुना अनुसार (मोटाइ, साइज र रङ्ग आदि) खरिद गरी गुणस्तर कायम गर्ने ।<br>• रेफ्रिजिरेटर, जेनेरेटरको मर्मत र जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सबस्टोरमा रहेका कोल्डचेन सामग्रीहरु तथा आवश्यक कोल्डचेन सामग्रीहरु खरिद तथा कोल्डचेन व्यवस्थापन गर्ने ।<br>• नियमित खोप सेवा र आकस्मिक अवस्थामा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोप तथा सरसफाइ प्रवर्द्धनसँग सम्बन्धित अन्य सामग्रीको व्यवस्थापन गर्ने।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, जिन्सी रजिस्टर अभिलेख । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.३३ क्रियाकलापको नामः महामारी ब्यवस्थापनको लागि बफर स्टक खरिद/महामारी व्यवस्थापनको लागी बफर स्टक सामाग्री खरीद**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.९२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा, जाजरकोट, दैलेख, मुगु, रुकुम पश्चिम, हुम्ला, सल्यान, जुम्ला, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | महामारी तथा सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक औषधि, स्वास्थ्य सामग्री तथा उपकरणको पर्याप्त बफरस्टक व्यवस्था गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | महामारी व्यवस्थापनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गर्नु। |
| अपेक्षित प्रतिफल | आवश्यक स्वास्थ्य सामग्रीको समयमै उपलब्धता सुनिश्चित हुनेछ।<br>महामारी प्रतिकार्य तथा स्वास्थ्य सेवा प्रवाहमा सहजता आउनेछ। |
| संचालन प्रक्रिया | • विगत वर्षको trend, आगामी बर्षको प्रक्षेपणको आधारमा आवश्यक औषधि तथा औसधिजन्य सामग्रीको सुची तयार गर्ने<br>• सुची तयार गर्दा आपतकालीन अवस्थामा पोषणजन्य सामग्री, प्रजनन स्वास्थ्यका औषधि तथा सामग्रीलाई समेत अनिवार्य समावेश गर्ने<br>• आवश्यक सामग्रीको सूची तथा परिमाण निर्धारण गर्ने।<br>• प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्ने।<br>• खरिद गरिएका सामग्री सुरक्षित भण्डारण तथा आवश्यकताअनुसार वितरण गर्ने।<br>• मौज्दातको नियमित अभिलेखीकरण र अनुगमन गर्ने।<br>**प्रक्षेपण गर्ने तरिकाः**<br>✓ PAMS, Morbidity-based Forecasting, Consumption-based Quantification तथा अघिल्लो वर्षको मौज्दात (Stock) लाई आधार मानी आवश्यक परिमाण निर्धारण गर्ने।<br>✓ प्रदेश आपूर्ति केन्द्र , निर्देशानालाय र स्थानीय तह संग आवश्यक समन्वय गर्ने<br>✓ आवश्यकता अनुसार जिल्ला द्रुत प्रतिकार्य टोलि तथा जिल्ला विपत व्यबस्थापन समितिलाई Buffer Stock को अवस्था तथा उपलब्धताको बारेमा जानकारी गराउने |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८२ तथा प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली, राष्ट्रिय महामारी व्यवस्थापन सम्बन्धी निर्देशिका, प्रचलित कर्णाली प्रदेश खर्च मापदण्ड तथा निर्देशिकाहरू। |
| अनुगमन सूचक | खरिद तथा वितरण प्रतिवेदन, स्टक रजिस्टर, फोटो तथा सम्बन्धित अभिलेख। |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

### ८.३४ क्रियाकलापको नाम – मानसिक स्वास्थ्य सम्बन्धी तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्वव्यापी रुपमा देखिएका सबै किसिमका स्वास्थ्य समस्याहरु मध्ये १४% समस्या वा रोगको भार मानसिक स्वास्थ्य समस्या, नसालु पदार्थ तथा लागु औषधको प्रयोगले ओगटेको छ । सन् २०१७ मा विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको प्रतिवेदन अनुसार विश्वभर ३२२ मिलियन जनसंख्या डिप्रेसन र २४४ मिलियन जनसंख्या चिन्ताजन्य रोगबाट ग्रसित रहेको पाइएको छ । यस्तो खालको समस्या नेपालमा पनि रहेको छ । नेपालमा पनि मानसिक स्वास्थ्य समस्या दिनानुदिन बढ्दै गएको अवस्थामा सो सेवाको दायरा बढाउन नसकिएको अवस्था छ । मानसिक स्वास्थ्य सेवालाई पनि अन्य स्वास्थ्य सेवा जस्तै एकीकृत गरी समुदायमा उपलब्ध गराउनका लागि सामुदायिक मानसिक स्वास्थ्य सेवा प्याकेज २०७४ जारी गरी लागु गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाहमा अभिवृद्धि गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | • तालिम प्राप्त सेवा प्रदायकहरुको संख्यामा वृद्धि भई स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय मानसिक स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।<br>• मानसिक स्वास्थ्य समस्या र सेवाको अन्तर घटेको हुनेछ । |
| संचालन प्रक्रिया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछः-<br>• जन/स्वास्थ्य कार्यालयले विभिन्न साझेदार संस्थाको सहकार्यमा मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएका स्थानहरु र विद्यमान स्वास्थ्य जनशक्तिको क्षमताको अवस्था पहिचान गर्ने ।<br>• पहिचान भएका मानसिक स्वास्थ्य समस्याहरुको आधारमा कार्यक्रम संचालन योजना तयार गर्ने।<br>• बजेटको परिधिभित्र रही राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोकेको मोड्युलहरु प्रयोग गरी तालिम/ अभिमुखीकरण सञ्चालन गर्ने ।<br>• प्याकेज अनुसार  महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई मानसिक स्वास्थ्यका विषयमा २ दिने मोडुलर तालिम संचालन गर्न सकिने छ।<br>• कार्यक्रम संचालनका लागि आवश्यक तालिम सामग्रीहरुको व्यवस्थापन पनि यसै बजेटबाट गर्न सकिनेछ ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.३५ क्रियाकलापको नामः ल्याव सेवा व्यवस्थापन**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.८२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गुणस्तरीय प्रयोगशाला सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक प्रयोगशाला सामग्री, उपकरण, केमिकल, टेस्टकिट तथा सेवाको व्यवस्थापनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | प्रयोगशाला सेवाको गुणस्तर, नियमितता तथा पहुँच अभिवृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा नियमित र गुणस्तरीय हुनेछ।<br>आवश्यक परीक्षण सेवा सहज रूपमा निरन्तर उपलब्ध हुनेछ। |
| संचालन प्रक्रिया | आवश्यक ल्याव सामग्री, रिएजेण्ट तथा उपकरणको आवश्यकता निर्धारण गर्ने।<br>प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम खरिद तथा व्यवस्थापन गर्ने।<br>सामग्रीको सुरक्षित भण्डारण, वितरण तथा नियमित उपलब्धताको सुनिश्चित गर्ने।<br>उपकरण तथा सामग्रीको अभिलेखीकरण र अनुगमन गर्ने।<br>**संचालन गर्ने व्यक्ती:** चिकित्सा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद तथा वितरण प्रतिवेदन, स्टक रजिस्टर, ल्याव परीक्षण अभिलेख, फोटो तथा सम्बन्धित कागजात। |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा शाखा प्रमुख |

**८.३६ क्रियाकलापको नामः ल्याव सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९७ | २२५२२ | PLMBIS अनुसार | जन/स्वास्थ्य सेवा कार्यालय, कालिकोट, डोल्पा, मुगु, हुम्ला, रुकुम पश्चिम, सल्यान, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लामा संचालित प्रयोगशालाहरुमा मौजुदा उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको प्रभावकारीरुपले प्रयोग भई प्रयोगशाला सेवा नियमित संचालन गर्न र प्रयोगशालामा कार्यरत कर्मचारीहरुले उपकरणहरुको सही प्रयोगका लागि क्षमता अभिवृद्धि गर्न प्रयोगशाला संचालन तथा व्यवस्थापनको लागि तथा प्रदेशमा रहेका स्वास्थ्य कार्यालयहरुबाट प्रयोगशाला सेवा सहज रुपमा संचालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालाबाट गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा सहज रुपमा संचालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह हुनेछ । |
| संचालन प्रकृया | प्रयोगशालामा आवश्यक उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको खरिद तथा मौज्दातमा रहेका सामग्रीहरुको सही व्यस्थापन गर्ने ।<br>**संचालन गर्ने व्यक्ती:** कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट, सेवा रजिस्टर । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |

**८.३७ क्रियाकलापको नामः वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाइ (पानी सुद्धिकरण, हात धुने प्रवर्धन, फोहरमैला व्यस्थापन र जलवायू परिवर्तन) सम्बन्धि सचेतना कार्यक्रम**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१२१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सुर्खेत, हुम्ला, रुकुम पश्चिम, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | हालको अवस्थामा पनि समूदायका मानिसहरुमा वातावरणिय र पेशागत स्वास्थ्य सुरक्षा तथा सरसफाईको बिषयमा ज्ञानको कमि भएको देखिन्छ । यसका कारण समूदायमा विभिन्न किसिमका स्वास्थ्य समस्या तथा सरुवा रोगहरुको सामना गरि रहनु परेको अवस्था छ । यस कार्यक्रमको मुख्य उदेश्य समूदाय सरसफाई सचेतनाका साथै मुख्य गरेर साबुन पानीले हात धुने र पानिको सुद्धिकरणका बिधिहरुको बारेमा मानिसहरुको ब्यबहार परिवर्तन गर्ने र समूदायलाई फोहोर ब्यबस्थापन र जलवायू परिवर्तन र यसका असरहरुको बारेमा सचेतना फैलाउनु हो । |
| उदेश्य | पिछिडिएको समूदाय जोखिम युक्त पेशामा रहेका मानिसहरु वा स्वास्थ्य सेवाको पहुच कम भएका समूदाय लक्षित गरि वातावरणिय सरसफाई पानि सुद्धिकरण हात धुने तरिका र जलवायू परिवर्तन र यसका असरहरुको बारेमा सचेतना फैलाउनु हो । |
| अपेक्षित प्रतिफल | वातावरणिय सरसफाई तथा ब्यक्तिगत सरसफाईका साथै समूदाय सचेत भई संक्रामक तथा पेशागत सरसफाईका कारणले लाग्ने रोगहरुमा कमि आएको हुने छ । |
| संचालन प्रक्रिया | • सम्बन्धित समुदायस्तरका जनप्रतिनिधि, स्थानिय स्वास्थ्य संस्थाका प्रमुख तथा अन्य प्रतनिधि सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरु आमासमूह र पेशागत लक्षित व्यक्तिहरु लक्षित गरि बढिमा ३० जनाको सहभागीतामा यो सचेतना प्रयोगात्मका कार्य संचालन गर्नु पर्ने छ ।<br>• झुपरपट्टि भएका समूदायका घरधुरी, सुकुम्वासी बस्ति क्षेत्र तथा समूदायमा पिछिडीएका क्षेत्र तथा समूदायमा यो कार्यक्रम लक्षित गरि संचालन गर्नुपर्ने छ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • पानी शुद्धिकरणका लागि सचेतनामूलक क्रियाकलापहरु संचालन गर्ने तथा पानी शुद्ध गर्ने बिधि,साबुन पानिले हात धुने तरिका चर्पिको प्रयोग घर वरपरको सरसफाई र जलवायू परिवर्तका उदाहरण सहित सचेतना पश्चात प्रयोगात्क शिकाई अनिवार्य गर्नुपर्ने छ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामाग्रिहरु | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रमसंग सम्बन्धित प्रतिवेदनहरु । |
| जिम्मेवारी व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.३८ क्रियाकलाप नामः वार्षिक/अर्ध वार्षिक कार्यक्रम समीक्षा, वार्षिक कार्यक्रम तर्जुमा र कार्ययोजना तर्जुमा कार्यक्रम**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१३५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, दैलेख, हुम्ला, रुकुम पश्चिम, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गत आ.व.मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुमा देखिएका समस्याहरुको पहिचान, तथ्याङ्कीय लेखाजोखा तथा विश्लेषण गरी भएका कमी कमजोरी औंल्याउन र आगामी कार्ययोजना बनाई समस्याहरुको समाधान तथा कार्यक्रमका सूचकमा सुधार गर्ने उद्देश्यले  यो कार्यशाला गोष्ठी राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य कार्यालय तथा स्थानीय तहबाट सञ्चालन हुने स्वास्थ्य कार्यक्रमहरुको विश्लेषण मार्फत समस्याहरु पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | समस्याहरु पहिचान गरी समाधानको कार्ययोजना बनेको हुनेछ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रकृया | • पूर्व तयारी बैठक, स्वीकृत कार्ययोजना अनुसार स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, तथ्यांक तथा विकास साझेदार संस्थाहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई सहभागी गराई संचालन गर्ने ।<br>• स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्ययोजना, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

**८.३९ क्रियाकलापको नाम – विशेषज्ञ स्वास्थ्य सेवा/विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१८१४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा, कालिकोट, मुगु, रुकुम पश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२१९९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ विशेषज्ञ सेवा सञ्चालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा सेवा बिस्तार गरी तत्काल बिशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | विशेषज्ञ तथा बिशिष्टकृत सेवाहरु बिस्तार भइ  नियमित रुपमा सेवा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा बिशेषज्ञ तथा बिशिष्टकृत सेवा उपलव्ध भइ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुने। |
| सचालन प्रकृया | • स्थान बिशेष रोगको प्रकोप तथा सेवा बिस्तार गरी बिरामीको चाप बढी भएमा आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने बिशेष प्रकारका जनशक्ति (जस्तै: Consultant Doctors, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff, Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psychosocial Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने,<br>• यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने।<br>• **संचालन गर्ने व्यक्ती:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |
| जिम्मेवार व्यक्ती/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

**८.४० क्रियाकलापको नामः शुन्य डोज भएका बालबालिकाहरुको खोज र खोप कार्यक्रम**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२०८९ | २२५२२ | PLMBIS अनुसार | जन/स्वास्थ्य सेवा कार्यालय, सुर्खेत, जुम्ला, दैलेख, रुकुम पश्चिम, हुम्ला. सल्यान, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गत आर्थिक बर्षको ६ महिनाको खोपको प्रगतीको बिश्लेषण र खोपबाट बन्चित बालबालिकाहरुको खोजि गरि खोप प्रदान गर्न तथा पूर्ण खोप घोषणा निर्देशिका बमोजिम पूर्ण खोप घोषणा र दिगोपनाका लागि सबै तहमा कार्य गर्न गराउन यो कार्यक्रमको व्यवस्था गरिएको छ। जोखिमयुक्त स्थानीय तहहरुमा बालबालिकाहरु छुट हुन सक्ने सम्भावाना उच्च भएको स्थान छनोट गरि ६ देखि ५९ महिना सम्मका बालबालिकाहरुलाइ राष्ट्रिय खोप तालिका अनुसार लगाउनु पर्ने खोप हरु लगाएको/नलगाएको वा आशिंक लगाएको पहिचान गरि नियमित खोपमा समावेश गरि पूर्ण खोप लगाउनको लागि स्वास्थ्यकर्मीहरु र सा.स्वा.स्वय.से लाई परिचालन गरि राष्ट्रिय खोप तालिका अनुसार खोप पुरा नगरेका बालबालिकाहरुको खोजि खोप सेवाको पहुचमा ल्याउनको लागि यो कार्यक्रम व्यवस्था गरिएको छ। |
| उदेश्यहरु | • खोप सेवाको पहुच कम भएका समुह, बस्ती, क्षेत्रको पहिचान गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • शुन्य डोज र ड्रोप आउट बच्चाहरुको पहिचान गरि खोप सेवाको पहुचमा ल्याउने।<br>• पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका कार्यक्रम वडा स्तरबाट नै पूर्ण खोप सुनिश्चितता प्रमाणीकरण भएको यकिन गरि अध्यावधिक गर्न । |
| संचालन प्रक्रिया | • स्थानियतहका स्वास्थ्य संस्थाको HMIS Report तथा अन्य जानकारीबाट पूर्ण खोप लगाउन छुट भएका बालबालिकाहरुको पहिचान गर्न घरधुरी सर्वेक्षण(माघ ,फाल्गुन, चैत)मार्फत खोज र खोप अभियान संचालन गर्ने र बैशाख महिनालाई खोप महिनाको रुममा मनाउने<br>• स्वास्थ्य संस्थाले भिटामिन ए बितरण गर्दा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सो महिना सुन्य डोज र ड्रोप आउट भएको बच्चा खोजि गरि खोप केन्द्रमा खोप लगाउन ल्याउने बारे अग्रिम जानकारी अभिमुखीकरण मार्फत गराउनु पर्नेछ तर भिटामिन ए खुवाउने बालबालिका र खोप छुट भएका बालबालिकाको Line Listing छुट्टा छुट्टै गर्नुपर्ने छ।सोको लागि आवश्यक फारम वितरण गर्नु पर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्थानीय तहहरुबाट सो समयमा अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्नेछ।स्वास्थ्यकर्मीहरुबाट शुन्य डोज, ड्रप आउट बालबालिका खोजी घरधुरी सर्वेक्षण गर्न सकिनेछ।<br>• **संचालन गर्ने व्यक्ती:** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| अपेक्षित प्रतिफल | शुन्य डोज र ड्रोप आउट बालबालिकाहरुको खोजि गरी खोप प्राप्त भएको सुनिश्चितता तथा निर्देशिका बमोजिम पूर्ण खोप सुनिश्चितता र दिगोपना निरन्तर भएको हुनेछ । |
| अनुगमनक सूचक | अभिलेख तथा प्रतिवेदन |
| सन्दर्भ सामाग्रि | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ८.४१ क्रियाकलाप नाम – सर्जिकल सामानहरु खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०७४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा पाउने नागरिकको अधिकार सुनिश्चित गर्न आवश्यक भए बमोजिमका सर्जिकल सामग्रीहरु खरिद गर्न यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | सर्जिकल सामग्री खरिद गरी प्रभावकारी रुपमा सल्यक्रिया सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | सर्जिकल सामग्री उपलब्धता भइ प्रभावकारी रूपमा सल्य चिकित्सा सेवा प्रवाह हुनेछ । |
| संचालन प्रकृया | • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार सर्जिकल सामग्री खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने<br>• माग र आवश्यकता भएको अवस्थामा आवश्यक सर्जिकल सामग्रीहरुको व्यवस्थापन गर्न सकिने छ,<br>• खरिद गरीएको सर्जिकल सामग्री आवश्यकता अनुसार अस्पतालमा वितरण गर्ने।<br>• **संचालन गर्ने व्यक्ती:** चिकित्सा सेवा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, सर्जिकल सामग्रीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण |
| जिम्मेवार व्यक्ति/शाखा | चिकित्सा सेवा शाखा प्रमुख |

तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

## ८.४२ क्रियाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम/ स्वास्थ्य बीमा कार्यक्रम व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.५७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, कालिकोट, डोल्पा, रुकुम पश्चिम, हुम्ला, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य बीमामा अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको पहुँच कम रहेकाले सो समुदायलाई बिमामा आवद्द गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | स्वास्थ्य बीमामा अपाङ्ग, अति विपन्न, सिमान्तकृत, लोपोन्मुख समुदायको पहुँच बढाउने। |
| अपेक्षित प्रतिफल | अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको बीमा सेवामा आवद्धता बढ्नेछ। |
| संचालन प्रकृया | **लक्षित समुह** : अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदाय<br>**बिधिः**अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको पहिचाँन गरी स्थानिय तह तथा विभिन्न सरेकारवालासंग समन्वय गरी विमा सेवामा आबद्ध गर्ने ।<br>**संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखले तोकेको कार्यक्रम फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | विमामा आबद्ध भएका लक्षित समुहको सङ्ख्या । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.४३ क्रियाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम व्यवस्थापन



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७४१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य बीमामा अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको पहुँच कम रहेकाले सो समुदायलाई बिमामा आवद्द गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरीएको छ। |
| उद्देश्य | स्वास्थ्य बीमामा अपाङ्ग, अति विपन्न, सिमान्तकृत, लोपोन्मुख समुदायको पहुँच बढाउने। |
| अपेक्षित प्रतिफल | अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको बीमा सेवामा आवद्धता बढ्नेछ। |
| संचालन प्रकृया | **लक्षित समुह** : अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदाय<br>**विधिः**अपाङ्ग, अति विपन्न, सिमान्तकृत तथा लोपोन्मुख समुदायको पहिचाँन गरी स्थानिय तह तथा विभिन्न सरेकारवालासंग समन्वय गरी विमा सेवामा आबद्ध गर्ने ।<br>**संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखले तोकेको कार्यक्रम फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | विमामा आबद्ध भएका लक्षित समुहको सङ्ख्या । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.४४ क्रियाकलापको नामः स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको जिल्लास्तरीय समीक्षा गोष्ठी

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.४६० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लाभित्र सञ्चालन भइरहेका विभिन्न स्वास्थ्य कार्यक्रमहरूको प्रगति, उपलब्धि, चुनौती तथा सिकाइहरूको समीक्षा गरी कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी, गुणस्तरीय र परिणाममुखी बनाउन जिल्लास्तरीय समीक्षा गोष्ठी सञ्चालन गरिनेछ। समीक्षा गोष्ठीमार्फत स्वास्थ्य सेवा कार्यालय, जिल्ला अस्पताल, स्थानीय तह, स्वास्थ्य संस्था तथा सम्बन्धित सरोकारवालाबीच अनुभव आदानप्रदान, समस्या विश्लेषण तथा आगामी कार्ययोजना तर्जुमा गरिनेछ। |
| उद्देश्य | जिल्लामा सञ्चालन भएका स्वास्थ्य कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा सूचकहरूको समीक्षा गर्ने, कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या, चुनौती तथा असल अभ्यासहरूको पहिचान गर्ने, सरोकारवालाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्दै आगामी कार्ययोजना तयार गरी स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको जिल्लास्तरीय समीक्षा सम्पन्न हुनेछ। कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूको समाधानका लागि स्पष्ट कार्ययोजना तयार हुनेछ। स्वास्थ्य संस्थाहरू तथा स्थानीय तहबीच समन्वय र सहकार्य अभिवृद्धि भई कार्यक्रमहरूको गुणस्तर तथा प्रभावकारिता सुधार हुनेछ। |
| संचालन प्रकृया | • स्वास्थ्य सेवा कार्यालयको समन्वयमा जिल्लास्तरीय समीक्षा गोष्ठी सञ्चालन गरिनेछ।<br>• गोष्ठीमा जिल्ला अस्पताल, स्थानीय तह, स्वास्थ्य संस्था, कार्यक्रम फोकल पर्सन तथा सम्बन्धित सरोकारवालाहरूको सहभागीता गराइनेछ।<br>• स्वास्थ्य कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति, HMIS लगायतका सूचकहरूको प्रस्तुतीकरण तथा समीक्षा गरिनेछ।<br>• कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या, चुनौती, सिकाइ तथा असल अभ्यासमाथि छलफल गरिनेछ।<br>• आवश्यकतानुसार समूहगत छलफल गरी सुधारका उपाय तथा आगामी कार्ययोजना तयार गरिनेछ। |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • गोष्ठी सम्पन्न भएपछि निर्णय तथा सुझावसहितको प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरिनेछ ।<br>• **संचालन गर्ने व्यक्तिः** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखले तोकेको कार्यक्रम फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | जिल्लास्तरीय समीक्षा गोष्ठी सम्पन्न प्रतिवेदन, निर्णय पुस्तिका तथा आगामी कार्ययोजना। |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## ८.४५ क्रियाकलापको नामः ल्याव सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शिर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१९७ | २२४१२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लामा संचालित प्रयोगशालाहरुमा मौजुदा उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको प्रभावकारीरुपले प्रयोग भई प्रयोगशाला सेवा नियमित संचालन गर्न र प्रयोगशालामा कार्यरत कर्मचारीहरुले उपकरणहरुको सही प्रयोगका लागि क्षमता अभिवृद्धि गर्न प्रयोगशाला संचालन तथा व्यवस्थापनको लागि तथा प्रदेशमा रहेका स्वास्थ्य कार्यालयहरुबाट प्रयोगशाला सेवा सहज रुपमा संचालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालाबाट गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा सहज रुपमा संचालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह हुनेछ । |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रकृया | प्रयोगशालामा आवश्यक उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको खरिद तथा मौज्दातमा रहेका सामग्रीहरुको सही व्यस्थापन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट, सेवा रजिस्टर । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

**८.४६ क्रियाकलापको नामः जनस्वास्थ्य ल्याव तथा क्षयरोगको लागि सहयोगी कर्मचारी व्यवस्थापन/ नियमित खोप कार्यक्रममा जनशक्ति परामर्श सेवा**/ HMIS, DHIS र LMIS **तथ्यांक प्रविष्टि तथा व्यवस्थापनका लागि कम्प्युटर जनशक्ति परामर्श सेवा/बगैचे/माली सेवा**

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट (हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.५.१०.३७ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| २.५.१०.२३ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| २.५.१०.२२ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| २.५.१०.२१ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य प्रयोगशाला तथा क्षयरोग (TB) कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न दक्ष र पर्याप्त सहयोगी कर्मचारीको व्यवस्थापन अत्यन्त आवश्यक हुन्छ। सहयोगी कर्मचारीहरूले प्रयोगशाला सेवा, नमुना व्यवस्थापन, संक्रमण रोकथाम तथा प्रशासनिक कार्यलाई व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेल्छन्। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | नियमित खोप कार्यक्रम (Routine Immunization Program) बालबालिका तथा गर्भवती महिलालाई खोपमार्फत रोकथाम गर्न सकिने रोगहरूबाट सुरक्षित राख्ने राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम हो। यस कार्यक्रमको सफल कार्यान्वयनका लागि दक्ष जनशक्ति, प्रभावकारी व्यवस्थापन तथा गुणस्तरीय परामर्श सेवा आवश्यक हुन्छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS), जिल्ला स्वास्थ्य सूचना प्रणाली (DHIS2) तथा Logistic Management Information System (LMIS) स्वास्थ्य क्षेत्रका प्रमुख डिजिटल सूचना प्रणालीहरू हुन्। यी प्रणालीहरूमा समयमै, पूर्ण र गुणस्तरीय तथ्यांक प्रविष्टि तथा व्यवस्थापन गर्न दक्ष कम्प्युटर जनशक्ति र प्रभावकारी परामर्श सेवाको आवश्यकता पर्दछ। यसले स्वास्थ्य सेवा योजना, अनुगमन, मूल्याङ्कन तथा निर्णय प्रक्रियालाई थप प्रभावकारी बनाउँछ । |
| उदेश्यहरु | • प्रयोगशाला तथा TB सेवाको गुणस्तर सुधार गर्ने।<br>• नमुना संकलन, ढुवानी र अभिलेखीकरणलाई व्यवस्थित गर्ने।<br>• संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) लाई प्रभावकारी बनाउने।<br>• स्वास्थ्यकर्मीलाई प्राविधिक कार्यमा सहयोग पुऱ्याउने।<br>• नियमित खोपको पहुँच र कभरेजमा वृद्धि।<br>• छुटेका बालबालिकाको संख्या घट्ने।<br>• अभिभावकको विश्वास र सन्तुष्टि बढ्ने।<br>• HMIS, DHIS2 तथा LMIS मा समयमै र गुणस्तरीय तथ्यांक प्रविष्टि सुनिश्चित गर्ने।<br>• तथ्यांकको शुद्धता, पूर्णता र समयमै प्रतिवेदन (Timeliness) कायम गर्ने।<br>• स्वास्थ्य संस्थाका कर्मचारीलाई प्रणाली प्रयोगमा प्राविधिक सहयोग तथा परामर्श उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | • गुणस्तरीय प्रयोगशाला तथा TB सेवा।<br>• समयमै परीक्षण तथा प्रतिवेदन।<br>• संक्रमणको जोखिममा कमी।<br>• तथ्यांकको शुद्धता र समयमै प्रतिवेदन। |



तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

| | |
|---|---|
| | • समयमै, पूर्ण तथा गुणस्तरीय तथ्यांक प्रविष्टि।<br>• HMIS, DHIS2 तथा LMIS तथ्यांकबीच राम्रो समन्वय।<br>• तथ्यांकको शुद्धता, पूर्णता तथा समयमै प्रतिवेदनमा सुधार। |
| संचालन प्रक्रिया | • सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ वमोजिम अन्तिम संसोधन अनुसार।<br>• यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्ययोजना |
| जिम्मेवारी व्यक्ति | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

### ८.४७ क्रियाकलापको नाम –स्वास्थ्यकर्मिहरुका लागी Anti-Microbial Resistance अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.६.१ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय,जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्रदेखि विशिष्टिकृत अस्पतालमा उपचारमा आउने विरामीहरुको उपचारका लागि बिभिन्न् औषधिको सिफारिस गरेतापनि आम नागरिकहरुले चिकित्सक तथा स्वास्थ्यकर्मिहरुले सिफारिस गरेका औषधि नियमित सेवन नगर्ने गरेका विभिन्न रोगमा प्रयोग हुने औषधिहरुको अनुचित प्रयोगले औषधिहरुले काम नगर्ने र औषधिहरु रेसिसटेन्ट हुने क्रम दिनानुदिन बढदै गएकाले यसको सहि प्रयोग गर्न र गराउनका लागी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा कार्यरत बिशेषगरि प्रिस्काईबर स्वास्थ्यकर्मिहरुका यो कार्यक्रम राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | स्वास्थ्य सेवामा प्रयोग भएका औषधी तथा औषधिजन्य सामाग्री,औषधिको गुणस्तर, Anti-Microbial Resistance बारेमा स्वास्थ्यकर्मिहरुलाई जानकारी प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | सेवा प्रदायकहरुले औषधी तथा औषधिजन्य सामाग्री,औषधिको गुणस्तर, Anti-Microbial Resistance बारेमा जानकारी प्राप्त भई सेवा प्रदायकले औषधीको समुचित प्रयोग गर्न र गराउन सहयोग पुग्नेछ र समुदायमा औषधिको जथाभावी सिफारिसमा कमी आउनेछ भने सेवाग्राहीले जथाभावी औषधि प्रयोगमा न्यूनीकरण हुनेछ। |
| संचालन प्रकृया | • जनस्वास्वास्थ्य सेवा कार्यलयले सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा कार्यरत विशेषगरि प्रिस्काईबर स्वास्थ्यकर्मिहरु सहभागी गराई एक दिनको अभिमुखिकरण कार्यक्रम बजेटको परिधिभित्र रहि प्रत्येक स्थानिय तहमा गई सन्चालन गर्नु पर्नेछ ।<br>• सरकारी तथा निजी अस्पताल, स्थानीय स्वास्थ्य संस्था, औषधि पसल, पोलिक्लिनिकमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई, शिक्षक, पत्रकार समेत सहभागी गराई कार्यक्रम सन्चालन गर्न सकिनेछ।<br>• प्रतिजैविक औषधिको प्रतिरोध कम गर्न सचेतनामुलक सामाग्रि छपाई गरि समुदायमा बितरण समेत गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

### ८.४८ क्रियाकलापको नामः जिल्लामा रहेका निजि स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५४९ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | जिल्ला भित्र सन्चालनमा रहेका निजि स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरिवक्षण गर्ने र नियमित दर्ता भएका स्वास्थ्य संस्थाको नविकरण भए नभएको र सेवा प्रवाहाको अवस्था र दर्ता नभयका निजि स्वास्थ्य संस्थाहररुलाई कानुन बमोजिम दर्ता प्रकृयामा ल्याउने र नागरिकलाई सहज र शुलभ स्वास्थ्य सेवा प्रदना गर्न सहजता ल्याउनका लागी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्ला भित्र सन्चालनमा रहेका निजि स्वास्थ्य संस्थाहरुलाई कानुनि नियमित अनुगमन गर्न र नियमसंगत सन्चालन नभएका निजि स्वास्थ्य संस्थाहरुलाई कानुनि दायरामा ल्याई सन्चालन गराउनका लागी । |
| अपेक्षित प्रतिफल | नागरिकहरुले सर्वशुलब रुपमा स्वास्थ्य सेवा प्राप्त भएको हुनेछ । |
| संचालन प्रकृया | • जनस्वास्थ्य सेवा कार्यालय,जिल्ला प्रशाशन कार्यालय,जिल्ला प्रहरि कार्यालय,उध्योग व्यापार संघ,औषधि व्यावसाहि संघ लगायतको सहभागीतामा जिल्लामा संन्चालित निजि स्वास्थ्य संस्थाको नियमित रुपमा अनुगमन गरी नियम र प्रचलित कानुन अनुसार गुणस्तरीय सेवा प्रदान गर्नको लागी अनुगमन तथा नियमन गर्ने ।<br>• निजि स्वास्थ्य संस्थाले नागरिकलाई सेवा दिन आवश्यक सेवा तथा सुविधाहरु र लिने शुल्क नागरिक वडापत्र मार्फत नागरिकलाई जानकारि दिने व्यावस्था गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अनुगमन प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ८.४९ क्रियाकलापको नामः एकिकृत अनुगमन तथा सुपरिवेक्षण सम्वन्धी डिजिटाइजेसन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५२३ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | डिजिटल प्रविधिको विकाससँगै सरकारी तथा स्वास्थ्य सेवा प्रणालीमा अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी, पारदर्शी तथा तथ्याङ्कमा आधारित बनाउन एकीकृत अनुगमन तथा सुपरिवेक्षण (Integrated Monitoring and Supervision) को डिजिटाइजेसन आवश्यक भएको छ।<br><br>पहिले अनुगमनका क्रममा कागजी फाराम प्रयोग गरी विवरण सङ्कलन, विश्लेषण तथा प्रतिवेदन तयार गरिन्थ्यो। यस प्रक्रियामा समय बढी लाग्ने, त्रुटि हुने तथा तथ्याङ्कको एकरूपता कायम गर्न कठिनाइ हुने समस्या थियो। डिजिटाइजेसनले मोबाइल, ट्याब्लेट वा कम्प्युटरमार्फत प्रत्यक्ष रूपमा तथ्याङ्क सङ्कलन, विश्लेषण, प्रतिवेदन तथा अनुगमन गर्न सहज हुनेछ। |
| उद्देश्य | अनुगमन तथा सुपरिवेक्षण प्रक्रियालाई छिटो, सरल र प्रभावकारी बनाउने।<br><br>कागजी अभिलेखको सट्टा डिजिटल प्रणालीको प्रयोग बढाउने।<br><br>वास्तविक समयमा (Real-time) तथ्याङ्क उपलब्ध गराउने।<br><br>तथ्याङ्कको शुद्धता, पूर्णता र विश्वसनीयता सुधार गर्ने।<br><br>निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउने।<br><br>अनुगमनका सिफारिसहरूको कार्यान्वयन अनुगमन गर्न सहज बनाउने। |
| अपेक्षित प्रतिफल | • गुणस्तरीय अनुगमन तथा सुपरिवेक्षण।<br>• समयमै प्रतिवेदन र प्रतिक्रिया।<br>• सुधारात्मक कार्यको प्रभावकारी कार्यान्वयन।<br>• तथ्याङ्कमा आधारित व्यवस्थापकीय निर्णय।<br>• स्वास्थ्य सेवाको गुणस्तरमा सुधार।<br>• संस्थागत सुशासन र जवाफदेहिता अभिवृद्धि। |
| सचालन प्रकृया | • एकिकृत अनुगमन तथ सुपरिवेक्षण डिजिटाइजेसन प्लेट फर्म तयार गर्न सफ्टवयर निर्माण गर्ने कम्पनी सगँ सम्झौता गर्ने<br>• यसरी सम्झौता गर्न सरकारी निर्माताहरुलाइ प्राथमिकता दिने |

तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

| | |
|---|---|
| | • सस्थाहरुमा स्थलगत रुपमा उपस्थिति भै गर्नु पर्ने साथै तथ्यांकीय गुणस्तरीय मापन समावेश गर्नु पर्ने। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सम्रग सस्था व्यवस्थापन र तथ्यांकीय एकरुपता/गुणस्तर |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ८.५० क्रियाकलापको नामः औटिसि विस्तार तथा स्थलगत अनुशिक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५४० | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल जनसांखिक सर्वेक्षण २०२२ का अनुसार नेपालमा नवजात शिशु मृत्युदर २१ प्रतिहजार,शिशु मृत्युदर २८ प्रति हजार र वाल मृत्युदर ३३ प्रति हजार रहेको छ। त्यसै गरि ५ वर्ष मुनिका वालवालिकामा पोषणको अवस्था हेर्दा २५ प्रतिशत वालवालिकामा पुड्कोपना,८ प्रितिशतमा ख्याउटेपना र २४ प्रतिशतमा कम तौल रहेको देखिन्छ। कर्णाली प्रदेश अवस्था झनै भयावह रहेको देखिन्छ। शीघ्र कुपोषित वालवालिकाको उचित व्यवस्थापन गरी मृत्युदर कम गर्न OTC को विस्तार तथा नियमित अनुगमन गर्न आवश्यक देखिन्छ साथै OTC का प्राविधिक कर्मचारीहरु लाई दक्ष र निपुर्ण वनाउन स्थालगत अनुशिक्षण सन्चालन गर्नु पर्ने देखिन्छ। |
| उद्देश्य | वालवालिकामा सवै प्रकारका कुपोषणको अन्त्य गरी नवजात मृन्यूदर,शिशु मृत्यूदर र वालमृत्यू दर न्यूनिकरण गर्नुका साथै विरामी हुने दर कम गर्नु यसको मुख्य उद्‌श्य हो। |
| अपेक्षित प्रतिफल | समुदायमा पोषण लेखा जोखा वाट शिघ्र कुपोषणमा देखिएका वालवालिकाहरुलाइ RUTF वाट उपचार हुनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रकृया | • आवश्यक भएका स्थानमा OTC को विस्तार गर्ने साथै आवश्यक उपकरण र सामग्री खरिद गरी वितरण गर्ने।<br>• OTC मा अनसाइट कोचिङ तथा सहजिकरणका गर्न सकिनेछ।<br>• OTC मा तथ्यांकीय गुणस्तरको अवस्था पहिचानल तथा पृष्टपोषणका लागी तथ्यांक फोकल पर्सनलाइ प्रयोग गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | OTC को व्यवस्थापन, कुपोषीत बालबालिकाले उपचार पाएको संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

### ८.५१ क्रियाकलापको नामः तथ्यांक व्यवस्थापन सम्वन्धी अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५२२ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | तथ्यांक व्यवस्थापन (Data Management) भनेको कुनै पनि संस्था वा कार्यक्रमका लागि आवश्यक तथ्यांकलाई व्यवस्थित रूपमा संकलन, अभिलेखीकरण, प्रमाणीकरण, विश्लेषण, भण्डारण, सुरक्षा, अद्यावधिक तथा प्रयोग गर्ने समग्र प्रक्रिया हो। स्वास्थ्य क्षेत्रमा तथ्यांक व्यवस्थापनले सेवा प्रवाहको अवस्था बुझ्न, कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न, स्रोत—साधनको उचित व्यवस्थापन गर्न तथा प्रमाणमा आधारित निर्णय लिन महत्वपूर्ण भूमिका खेल्छ। विशेष गरी स्वास्थ्य क्षेत्रमा तथ्यांक व्यवस्थापनको महत्त्व अत्यन्तै उच्च रहेको छ, किनकि स्वास्थ्य सेवाको योजना निर्माण, स्रोत व्यवस्थापन, रोग नियन्त्रण, सेवा प्रवाहको मूल्याङ्कन तथा जनस्वास्थ्य सुधारका लागि विश्वसनीय तथ्यांक आवश्यक परेकाले तथ्यांको महत्व र प्रयोगको लागी यो कार्यक्रम राखिएको हो। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | • गुणस्तरीय, पूर्ण र समयमै तथ्यांक उपलब्ध गराउनु।<br>• प्रमाणमा आधारित योजना तथा निर्णय प्रक्रियालाई सहयोग गर्नु।<br>• स्वास्थ्य कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।<br>• सेवा प्रवाहको अवस्था तथा उपलब्धिहरू मापन गर्नु।<br>• नीति निर्माण तथा स्रोत व्यवस्थापनमा सहयोग पुऱ्याउनु। |
| अपेक्षित प्रतिफल | • तथ्यांक व्यवस्थापनको आधारभूत अवधारणा बुझ्ने।<br>• तथ्यांकको गुणस्तरका मापदण्डहरू पहिचान गर्ने।<br>• सही अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीको अभ्यास गर्ने।<br>• DHIS2/HMIS जस्ता प्रणालीमा तथ्यांक व्यवस्थापनको महत्व बुझ्ने।<br>• तथ्यांकलाई प्रमाणमा आधारित निर्णय प्रक्रियामा प्रयोग गर्न सक्षम हुने। |
| सचालन प्रकृया | • स्वास्थ्य शाखा प्रमुख वा तथ्यांक फोकल पर्सन र सरोकारवालहरु लाइ अभिमुखकरण गर्ने।<br>• सो कार्यक्रम जिल्ला वा स्थानीयतह हरुमा गर्न सकिने छ।<br>• स्वास्थ्यका तथ्यांक र HMIS/DHIS2 का तथ्यांक सम्वन्धी अभिमुखकरण गर्ने |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | तथ्यांकम एकरुपता, तथ्यमा आधारित निति तथा कार्यक्रमहरु |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ८.५२ क्रियाकलापको नामः नसर्ने रोग तथा मानसिक रोग परिक्षण कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५६९ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नसर्ने रोग (Non-Communicable Diseases - NCDs) तथा मानसिक स्वास्थ्य समस्या आज विश्वव्यापी सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा रहेका छन्। नेपालमा पनि उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्यान्सर, दीर्घ श्वासप्रश्वास रोग तथा मानसिक रोगहरूको भार निरन्तर बढिरहेको छ। यी रोगहरू समयमै पहिचान गरी उचित उपचार र व्यवस्थापन गर्न नसर्ने तथा मानसिक रोगहरू सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरि स्थानियतहलाई स्क्रिनिङ गर्न प्रोत्साहन गरिने छ। यस कार्यक्रमको मुख्य उद्देश्य जोखिममा रहेका व्यक्तिहरूलाई प्रारम्भिक चरणमै पहिचान गरी समयमै उपचार, परामर्श तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गरि निरन्तर उपचार व्यवस्थापन गर्नु हो। |
| उद्देश्य | • नसर्ने तथा मानसिक रोगहरूको प्रारम्भिक पहिचान गर्नु।<br>• जोखिममा रहेका व्यक्तिहरूको समयमै परीक्षण तथा उपचार सुनिश्चित गर्नु।<br>• रोगका जटिलता तथा मृत्यु दर कम गर्नु।<br>• स्वस्थ जीवनशैली अपनाउन समुदायलाई प्रोत्साहित गर्नु।<br>• स्वास्थ्य संस्थामा नियमित फलोअप र रेफरल प्रणालीलाई सुदृढ गर्नु। |
| अपेक्षित प्रतिफल | • नसर्ने तथा मानसिक रोगहरूको प्रारम्भिक पहिचानमा वृद्धि।<br>• समयमै उपचार तथा नियमित फलोअप सुनिश्चित।<br>• जटिलता, अपाङ्गता तथा अकाल मृत्युमा कमी।<br>• स्वस्थ जीवनशैली सम्बन्धी जनचेतना अभिवृद्धि।<br>• समुदायमा मानसिक स्वास्थ्यप्रतिको कलङ्क (Stigma) न्यूनीकरण।<br>• स्वास्थ्य संस्थामा गुणस्तरीय NCD तथा मानसिक स्वास्थ्य सेवा विस्तार। |
| सचालन प्रकृया | • स्थानीय तहहरु सगँ समन्वय गरी सचेतना कार्यक्रमहरु सन्चालन गर्ने<br>• स्थानियतहको सभागितामा नसर्ने तथा मानसिक रोग सम्वन्धी स्क्रीनिङ गरी नियमित उपचार तथा व्यवस्थापन गर्न प्रोत्सहान गर्ने<br>• विभिन्न समुदायहरुमा आवश्यकता अनुसार नसर्ने तथा मानसिक रोग सम्वन्धी स्क्रीनिङ गर्न सकिनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | HMIS/DHIS2 प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

**८.५३ क्रियाकलापको नामः कैदि बन्दीहरूका लागि मासिक स्वास्थ्य सेवा प्रवाह**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०६० | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२०२ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लामा रहेका कारागारका कैदी बन्दीहरुको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो क्रियाकलापमा बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | कैदी बन्दीहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | कैदी बन्दीहरुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान भई स्वास्थ्य सुधार भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | कारागारमा रहेका कैदी बन्दीहरुको विवरण तथा निजहरुमा रहेको स्वास्थ्य समस्याहरु समेत पहिचान गर्ने गरी नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने । |
| बजेट बाँडफाँट | • वार्षिक बजेटको परिधि भित्र रही स्वास्थ्य सेवा प्रवाह गर्दा आवश्यक पर्ने औषधि, स्वास्थ्य जाँच सम्बन्धी उपकरण, प्रयोगशाला परीक्षण सम्बन्धी सामग्री, मुख्य स्वास्थ्य समस्याहरु बारे स्वास्थ्य शिक्षा सामग्री, अभिलेख रजिस्टर तथा अन्य आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • स्वास्थ्य बिमा बोर्डले जारी गरेको कैदी तथा थुनुवाहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्ने कार्यविधि २०७९ अनुसार स्वास्थ्य बिमाका लागि सहजीकरण गर्ने।<br>• कार्यक्रममा खटिने जनशक्तिलाई नियमानुसार दैनिक भत्ता, यातायात खर्च, खाजा खर्च, विविध आदि। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सेवाग्राहीको अभिलेख, कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ८.५४ क्रियाकलापको नामः  क्षयरोग/कुष्ठरोग सम्बन्धी क्षमता अभिवृद्धि

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.११ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | क्षयरोग तथा कुष्ठरोग अझैपनि नेपालमा एक जनस्वास्थ्यको समस्याको रुपमा रहेको छ। यी दुवै संक्रामक रोगहरू हुन् ।  यसको समयमै पहिचान गरि सही उपचार, सम्पर्क पहिचान, stigma घटाउन सके यि रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्ने देखिन्छ ।  जसको लागी स्वास्थ्य सेवा प्रदायकहरुलाई क्षयरोग तथा कुष्ठरोग सम्वन्धि ज्ञान सिप र क्षमतमाको अभिवृद्धि गरि क्षयरोग तथा कुष्ठरोगको उचित व्यवस्थापनको लागी यो तालिम राखिएको छ । |
| उद्देश्य | • क्षयरोग र कुष्ठरोगको समयमै पहिचान र व्यवस्थापनको लागी स्वास्थ्यकर्मीहरुको ज्ञान सिप तथा क्षमताको वृद्धि गर्ने ।<br>• Standardized treatment, referral, contact tracing, infection control, counselling तथा Recording and reporting मा सुधार गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • कार्यक्रमका सूचकहरूको समुचित विश्लेषण गरि सेवा गुणस्तर र उपचार प्रकृयामा सुधार गर्ने ।<br>• TB र leprosy का जोखिम समूह र पहिचान गर्ने लान्छना तथगा भेदभाव न्युनिकरणको लागी आवश्यक परामर्श सेवा प्रदान गर्नको लागी सहभागीको क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | क्षयरोग तथा कुष्ठरोग सम्वन्धी क्षमता अभिवृद्धि हुने |
| सचालन प्रकृया | • वार्षिक योजना अनुसार तालिमको मिति, स्थान, अवधि र सहभागी संख्या तय गर्ने।<br>कार्यक्रम संचालन हुने प्रदेश तथा स्थानिय तहका प्रतिनिधि प्रशिक्षक तथा सहभागी संस्थासँग समन्वय गर्ने।<br>• Training agenda, manual, hands out, attendance, pre/post test, evaluation form, certificate template आदि तयार गर्ने।<br>• तालिम मोड्युल तथा विधिबाट कार्यक्रम संचालन गर्ने । |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अभिलेख तथा प्रतिवेदनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख तथा कार्यक्रम फोकल पर्सन |

**८.५५ क्रियाकलापको नामः खोपको कभरेज कम भएका स्थानिय तहहरुमा जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०५३ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | खोपको कभरेज अपेक्षित लक्ष्यभन्दा कम रहेका स्थानीय तहका वडाहरूमा खाप कार्यक्रम प्रभावकारिता अभिवृद्धि गर्न वडा स्तरमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्ने र अन्तरकिया कार्यकमहरूले खोप सेवाको वर्तमान अवस्था, कभरेज, कमजोरी तथा चुनौतीहरूको समिक्षा र विश्लेषण गर्नुका साथै, कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि छुट खोप तथा शून्य डोज भएका बालवालिकाको पहिचान गरी उनीहरूलाई खोप सेवाको दायरामा ल्याउने स्थानीय रणनीति तथा कार्ययोजना निर्माण गरी समुदायलाई सचेत बनाउँदै सबै बालवालिकालाई खोप पहुँच सुनिश्चित गरि खोप कार्यक्मको दिगोपना कायम गर्न यो कार्यकम राखिएको हो। |
| उद्देश्य | वडा स्तरका जनप्रतिनिधि, स्वास्थ्यकर्मीहरु तथा सरोकारवालासँग अन्तरक्ियामार्फत खोप कभरेजको अवस्था, चुनौती र सुधार पक्षको समिक्षा र विश्लेषण गर्नु।<br><br>स्थानीय सरोकारवालाको सहकार्यमा छुट खोप तथा शून्य डोज भएका बालवालिकाको पहिचान गरी उनीहरूलाई खोप सेवोको दायरामा ल्याउनु। |
| अपेक्षित प्रतिफल | खोप छुट र शून्य डोज रहेका बालबालिकाको पहिचान भई उनीहरूलाई खोप सेवामा दायरामा ल्याउन प्रभावकारी कार्ययोजना तयार हुनेछ। |
| सचालन प्रकृया | • खोप कभरेज कम भएका वडाहरूको पहिचान गरी त्यहाँका जनप्रतिनिधि, स्वास्थ्यकर्मी र सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सन्चालन गर्ने, अन्तरक्रियामा खोप कभरेजको अवस्थावारे जानकारी दिनुपर्नेछ ।<br>• छुट र शून्य डोज बालवालिकार्को पहिचान गर्नु र उनीहरूलाई खोप सेवामा समावेश गर्ने उपायहरूमा छलफल गरी कार्ययोजना बनाउनु पर्नेछ।<br>• यस अन्तरक्रिया कार्यक्रममा जिल्ला जनस्वास्थ्य सेवा कार्यालय/स्वास्थ्य कार्यालय र स्थानीय तहबीच समन्वय गरी कार्यकम व्यवस्थित रूपमा सन्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खोप कभरेज, खोप अभिलेख तथा प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ८.५६ क्रियाकलापको नामः जिल्लामा रहेमा निजी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५४९ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्ला भित्र सन्चालनमा रहेका निजि स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरिवक्षण गर्ने र नियमित दर्ता भएका स्वास्थ्य संस्थाको नविकरण भए नभएको र सेवा प्रवाहाको अवस्था र दर्ता नभयका निजि स्वास्थ्य संस्थाहररुलाई कानुन बमोजिम दर्ता प्रकृयामा ल्याउने र नागरिकलाई सहज र शुलभ स्वास्थ्य सेवा प्रदना गर्न सहजता ल्याउनका लागी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्ला भित्र सन्चालनमा रहेका निजि स्वास्थ्य संस्थाहरुलाई कानुनि नियमित अनुगमन गर्न र नियमसंगत सन्चालन नभएका निजि स्वास्थ्य संस्थाहरुलाई कानुनि दायरामा ल्याई सन्चालन गराउनका लागी । |
| अपेक्षित प्रतिफल | नागरिकहरुले सर्वशुलब रुपमा स्वास्थ्य सेवा प्राप्त भएको हुनेछ । |
| संचालन प्रकृया | • जनस्वास्थ्य सेवा कार्यालय,जिल्ला प्रशाशन कार्यालय,जिल्ला प्रहरि कार्यालय,उध्योग व्यापार संघ,औषधि व्यावसाहि संघ लगायतको सहभागीतामा जिल्लामा संन्चालित निजि स्वास्थ्य संस्थाको नियमित रुपमा अनुगमन गरी नियम र प्रचलित कानुन अनुसार गुणस्तरीय सेवा प्रदान गर्नको लागी अनुगमन तथा नियमन गर्ने ।<br>• निजि स्वास्थ्य संस्थाले नागरिकलाई सेवा दिन आवश्यक सेवा तथा सुविधाहरु र लिने शुल्क नागरिक वडापत्र मार्फत नागरिकलाई जानकारि दिने व्यावस्था गर्ने<br>• अनुगमनमा खटिने सहभागीहरुलाई यातायात खर्च, दैनिक भ्रमण खर्च ,गाडी भाडामा लिन र खाजा खर्च लगायत यसै कार्यक्रमबाट खर्च गर्न सकिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अनुगमन प्रतिवेदन |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले तोकेको व्यक्ति |
|---|---|

**८.५७ क्रियाकलापको नामः पाम्स भि टु सम्वन्धी अभिमुखिकरण**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.२५३५ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले Public Assets Management System (PAMS v2) सञ्चालनमा ल्याएको हो। यो वेब-आधारित सूचना प्रणाली हो, जसले सरकारी कार्यालयहरूमा रहेका चल तथा अचल सम्पत्तिको अभिलेखीकरण, वर्गीकरण, खरिद, हस्तान्तरण, मर्मत, लिलाम, राइट—अफ तथा प्रतिवेदन व्यवस्थापनलाई डिजिटल माध्यमबाट एकीकृत रूपमा सञ्चालन गर्न सहयोग गर्दछ। PAMS v2 ले म्यानुअल अभिलेख प्रणालीलाई विस्थापन गर्दै सम्पत्ति व्यवस्थापनलाई आधुनिक, सुरक्षित, पारदर्शी र तथ्याङ्कमा आधारित बनाउने कार्य गर्दछ। |
| उद्देश्य | • PAMS v2 को अवधारणा र उद्देश्य बुझ्ने।<br>• प्रणालीका प्रमुख मोड्युल तथा सुविधाहरूको जानकारी प्राप्त गर्ने।<br>• सार्वजनिक सम्पत्ति दर्ता तथा व्यवस्थापन प्रक्रिया बुझ्ने।<br>• प्रयोगकर्ताको भूमिका (Role) तथा जिम्मेवारी पहिचान गर्ने।<br>• प्रतिवेदन तथा निर्णय प्रक्रियामा PAMS v2 को उपयोगिता बुझ्ने। |
| अपेक्षित प्रतिफल | • PAMS v2 प्रणालीमा सहज रूपमा Login गर्न सक्ने।<br>• नयाँ सम्पत्ति दर्ता गर्न सक्ने।<br>• सम्पत्ति अद्यावधिक, हस्तान्तरण तथा मर्मत विवरण प्रविष्ट गर्न सक्ने।<br>• आवश्यक प्रतिवेदन तयार गर्न सक्ने।<br>• कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थित रूपमा व्यवस्थापन गर्न सक्षम हुने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सचालन प्रकृया | • स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य स्टोर प्रमुखहरु लाइ अभिमुखकरण गर्ने।<br>• बजेटका आधारमा स्वास्थ्य शाखा प्रमुखहरुको सहभागीतामा पनि यो कार्यक्रम गर्न सकिने छ।<br>• सो कार्यक्रम जिल्ला वा स्थानीयतह हरुमा गर्न सकिने छ। |
| सन्दर्भ समाग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | PAMS V2 सम्वन्धी प्रतिवेदनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

**८.५८ क्रियाकलापको नामः समुदाय स्तरीय मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम (MPDSR) को समिक्षा (स्वास्थ्य शाखा प्रमुख, MNH Focal person)**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१७३ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवा मार्फत हरेक नागरिकलाई नि:शुल्क रुपमा सेवा पुऱ्याउने लक्ष्य लिएको छ । संविधान तथा ऐनमा प्रदत्त हकमा कुनै पनि महिलाहरुले सन्तान जन्माउँदा ज्यान गुमाउनु हुँदैन भन्ने कुरालाई यस कार्यक्रमले मान्यता दिएको छ । मातृ मृत्यु निगरानी तथा प्रतिकार्यले समुदाय तथा स्वास्थ्य संस्थास्तरमा हुने मातृ मृत्युलाई घटाउन सहयोग पुऱ्याउने भएकोले कर्णाली प्रदेशमा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | यस अघि सो कार्यक्रम लागु नभएका स्वास्थ्य सेवा कार्यालयहरुमा बजेट व्यवस्थापन गरिएको छ । |
| उद्देश्य | समुदायमा भएका मातृ मृत्युको पहिचान गर्ने, गणना गर्ने, मृत्युको कारण पहिचान गर्ने, मृत्युको समीक्षा गरी भविष्यमा मातृ मृत्यु हुन नदिन स्वास्थ्य संस्था तथा समुदायस्तरमा आवश्यक क्रियाकलापहरु संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | • समुदायमा हुने सबै १२ देखि ५५ वर्षका महिलाहरुको मृत्यु सुचित भई मातृ मृत्यु पहिचान हुने र सो को समीक्षा गरी प्रतिकार्य भएको हुनेछ ।<br>• आगामी वर्षहरुमा मातृ तथा नवशिशु मुत्युको संख्या घटेको हुनेछ । |
| संचालन प्रक्रिया | बजेटको परिधि भित्र रही यस कार्यक्रमबाट निम्नानुसार क्रियाकलापहरु संचालन गर्न सकिनेछः<br>• जिल्ला/पालिकास्तरमा स्वास्थ्यकर्मीहरुलाई समिक्षा/अभिमुखीकरण- २ दिन<br>सहभागीहरुः स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम फोकल पर्सन लगायत सबै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी एवं तथ्याङ्क सम्बन्धी काम गर्ने कर्मचारीहरु ।<br>• महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई अभिमुखीकरण- १ दिन<br>• माथि उल्लेखित अभिमुखीकरणहरु संचालन गर्दा आवश्यक पर्ने तालिम सामग्री र अन्य सामग्री पनि यसैबाट व्यवस्थापन गर्न सकिनेछ ।<br>• एम.पि.डि.एस.आर. मार्गदर्शन तथा कार्यक्रम संचालन निर्देशिका बमोजिम मौखिक परीक्षण (verbal autopsy), समिति गठन, सूचितीकरण (notification), प्रारम्भिक पहिचान गरी अनलाइन ईन्ट्री गर्नका लागि पनि यसै शीर्षकबाट बजेट व्यवस्थापन गर्न सकिनेछ भने स्वास्थ्य सेवा कार्यालय तथा सम्बन्धित स्थानीय तहहरुले अनिवार्य रुपमा यी क्रियाकलापहरु संचालन भएको सुनिश्चितता गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ८.५९ क्रियाकलापको नामः स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरुकालागि नसर्ने रोगको स्क्रिनिङ सम्वन्धी अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६.१ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा नसर्ने रोग (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दीर्घ श्वासप्रश्वास रोग लगायत) को भार दिनप्रतिदिन बढ्दै गएको छ। समयमै जोखिम पहिचान तथा स्क्रिनिङ गरी उपचार र व्यवस्थापनमा जोड दिनु जनस्वास्थ्यको प्रमुख प्राथमिकता हो। स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरी गुणस्तरीय नसर्ने रोग स्क्रिनिङ सेवा सञ्चालन तथा समुदायमा प्रारम्भिक पहिचान बढाउने उद्देश्यले जुम्ला जिल्लामा यो अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको नसर्ने रोगको जोखिम मूल्याङ्कन, स्क्रिनिङ, प्रारम्भिक व्यवस्थापन, परामर्श, अभिलेखीकरण तथा आवश्यकतानुसार रिफरल सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • स्थानीय तहका स्वास्थ्यकर्मीहरू नसर्ने रोगको स्क्रिनिङ सम्बन्धी राष्ट्रिय मापदण्डअनुसार सेवा प्रदान गर्न सक्षम भएका हुनेछन्।<br>• स्वास्थ्य संस्थाहरूमा नियमित रूपमा नसर्ने रोग स्क्रिनिङ सेवा सञ्चालन हुने वातावरण तयार भएको हुनेछ।<br>• जोखिममा रहेका व्यक्तिहरूको समयमै पहिचान, परामर्श, उपचार तथा रिफरल प्रणाली प्रभावकारी बनेको हुनेछ। |
| संचालन प्रक्रिया | • स्वीकृत वार्षिक कार्ययोजनाअनुसार स्वास्थ्य सेवा कार्यालय, जुम्लाको समन्वयमा स्थानीय तहका स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मीहरूको सहभागीतामा जिल्ला स्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>• कार्यक्रममा नसर्ने रोगको अवस्था, जोखिम कारक, WHO PEN तथा राष्ट्रिय प्रोटोकलअनुसार स्क्रिनिङ प्रक्रिया, रक्तचाप तथा रक्तचिनी परीक्षण, BMI |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | मापन, जोखिम मूल्याङ्कन, जीवनशैली परामर्श, अभिलेखीकरण, प्रतिवेदन तथा रिफरल प्रणाली सम्बन्धी विषयमा सहजीकरण गर्ने।<br>• आवश्यकता गर्ने। नुसार व्यावहारिक अभ्यास (Demonstration) तथा समूह छलफल सञ्चालन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ८.६० क्रियाकलापको नामः स्वास्थ्य कर्मीहरुकालागी एन्टी माईक्रोविएल रेस्टिटेन्ट अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६.१ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्रदेखि विशिष्टिकृत अस्पतालमा उपचारमा आउने विरामीहरुको उपचारका लागि बिभिन्न् औषधिको सिफारिस गरेतापनि आम नागरिकहरुले चिकित्सक तथा स्वास्थ्यकर्मिहरुले सिफारिस गरेका औषधि नियमित सेवन नगर्ने गरेका विभिन्न रोगमा प्रयोग हुने औषधिहरुको अनुचित प्रयोगले औषधिहरुले काम नगर्ने र औषधिहरु रेसिसटेन्ट हुने क्रम दिनानुदिन बढदै गएकाले यसको सहि प्रयोग गर्न र गराउनका लागी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा कार्यरत बिशेषगरि प्रिस्काईबर स्वास्थ्यकर्मिहरुका यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवामा प्रयोग भएका औषधी तथा औषधिजन्य सामाग्री,औषधिको गुणस्तर, Anti-Microbial Resistance बारेमा स्वास्थ्यकर्मिहरुलाई जानकारी प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | सेवा प्रदायकहरुले औषधी तथा औषधिजन्य सामाग्री,औषधिको गुणस्तर, Anti-Microbial Resistance बारेमा जानकारी प्राप्त भई सेवा प्रदायकले औषधीको समुचित |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | प्रयोग गर्न र गराउन सहयोग पुग्नेछ र समुदायमा औषधिको जथाभावी सिफारिसमा कमी आउनेछ भने सेवाग्राहीले जथाभावी औषधि प्रयोगमा न्यूनीकरण हुनेछ। |
| संचालन प्रकृया | • AMR अभिमुखिकरण जनस्वास्वास्थ्य सेवा कार्यलयले सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा कार्यरत बिशेषगरि प्रिस्काईबर स्वास्थ्यकर्मिहरुका सहभागी गराई २ दिनको अभिमुखिकरण कार्यक्रम सन्चालन गर्नु पर्नेछ<br>• सरकारी तथा निजी अस्पताल, स्थानीय स्वास्थ्य संस्था, औषधि पसल,पोलिक्लिनिकमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई समेत सहभागी गराई कार्यक्रम सन्चालन गर्नु पर्नेछ ।<br>• प्रतिजैविक औषधिको प्रतिरोध कम बजेटको परिधिभित्र रहेर स्वास्थ्यकर्मिहरुलाई सचेतनामुलक सामाग्रि छपाई गरि समुदायमा बितरण समेत गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ८.६१ क्रियाकलापको नामः सडक दुर्घटना सम्बन्धि सचेतना कार्यक्रम

| **क्रियाकलाप संकेत नं.** | **खर्च शीर्षक** | **बजेट(हजारमा)** | **सञ्चालन गर्ने निकाय** | **सञ्चालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.२०९१ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला, दैलेख, मुगु, सल्यान, जाजरकोट, कालिकोट र हुम्ला, रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सार्वजनिक यातायात, निजि सवारी साधनको प्रयोग गर्ने वा सडक वारपार गर्ने सर्वसाधारणहरु बर्षेनी दुर्घटना हुन गई शरिरमा घाउ चोट पटक तथा मृत्यू समेत हुने अवस्था नेपालमा दिनानु दिन बृध्दि हुदै गएको हुदा सडकमा सवारी साधन तथा |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सर्वसाधारणमा रहेको सडकको उपयोगका साथै ट्राफिक नियमहरुलाई हरेक नागरिक सम्म पुर्याउने उदेश्यले यो कार्यक्रमलाई माथि उल्लेखित जिल्लाहरुमा राखिएको हो । |
| उद्देश्य | सडक दुर्घटना र यसबाट हुने जनधनको क्षति न्यूनिकरणका लागि सरोकारवाला र आम जनसमूदायलाई जनस्वास्थ्यमा परेको प्रभाव न्यूनिकरणका लागि सचेतना तथा पैरवी गर्ने। |
| अपेक्षित प्रतिफल | समस्याहरु पहिचान गरी समाधानको कार्ययोजना बनेको हुनेछ । |
| संचालन प्रक्रिया | • स्वीकृत कार्ययोजना अनुसार जिल्ला प्रशासन कार्यालय जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालय स्थानीय तहका साथै यातायात ब्याबसायी लगायतको समन्वयमा जिल्ला स्तरमा सचेतना अन्तरक्रिया र जिल्लाका मुख्य सडक क्षेत्रमा ट्राफिक नियमहरु उल्लेखित होर्डिङ बोर्ड राख्ने ।<br>• **संचालन गर्ने व्यक्ति :** जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले तोकेको फोकल पर्सन |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्ययोजना, कार्यक्रम सम्बन्धी फोटो । |
| जिम्मेवार व्यक्ति/शाखा | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा प्रमुख |

## आयुर्वेद स्वास्थ्य केन्द्रहरु अन्तर्गतका कार्यक्रमहरु

### ९.१ क्रियाकलापको नाम – गाउँघर/शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ केन्द्र, जुम्ला, दैलेख, सल्यान, कालिकोट, | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | जाजरकोट, मुगु, रुकुम पश्चिम, डोल्पा,हुम्ला | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुको पहुँचबाट टाढा रहेका नागरिकलाई नसर्ने रोगका बारेमा जनचेतना फैलाउने तथा नसर्ने रोगको रोकथाम तथा उपचारका लागि आयुर्वेद चिकित्सा सेवा उपलव्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउने । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको न्युनिकरण तथा व्यवस्थापन गर्न सहयोग पुग्नेछ । |
| संचालन प्रकृया | • स्वीकृत बजेटको परिधिभित्र रही औषधी खरिद, कार्यक्रम संचालन तथा अन्य व्यवस्थापन खर्च गर्नुपर्नेछ।<br>• नियमित रुपमा १५ दिनको अन्तरमा स्थानीय तहको स्वास्थ्य शाखाको समन्वयमा हाल स्वास्थ्य चौकीहरूले खोप तथा गाउँघर क्लिनिकहरूमा सञ्चालन गर्दै आएका स्थानहरूमा फरक मितिमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।<br>• आवश्यकता अनुसार नसर्ने रोगहरुको न्यूनिकरण सम्बन्धी जानकारीमूलक सामग्रीको छपाई र अन्य चेकजाँचमा आवश्यक उपकरण लगायत अन्य सामग्री खरीद गर्ने।<br>• कार्यक्रम संचालन गरेको चौमासिक प्रतिवेदन स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पठाउने।<br>• यो कार्यक्रम वर्ष भरी नै नियमित रुपमा संचालन गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, खरिद ईकाइको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, औषधी वितरण रजिष्टर, विरामीको विवरण |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

**९.२ क्रियाकलापको नामः स्तनपायी आमाको लागि निःशुल्क दुग्धवर्धक औषधी वितरण/ स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक जडिबुटी तथा अन्य औषधि वितरण कार्यक्रम/मातृ तथा शिशु स्वास्थ्य सम्बर्धनात्मक कार्यक्रम सञ्चालन**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१२ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख, जाजरकोट, सल्यान, जुम्ला, रुकुमपश्चिम, कालिकोट, डोल्पा, मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१५३१ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | |
| २.७.२२.५ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | |

| | |
|---|---|
| परिचय | स्तनपान गराई रहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धवर्धक औषधी खरिद गरी वितरण गर्ने हेतुले यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | प्रयाप्त दुध नआउने समस्या भएका स्तनपान गराई रहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धवर्धक औषधीको प्रयोग गरी भविष्यमा हुन सक्ने कुपोषणजन्य रोगबाट बचाउने । |
| अपेक्षित प्रतिफल | स्तनपान गराई रहेका आमाहरु र बच्चाहरुको शारिरिक तथा मानसिक रुपमा स्वस्थ हुनेछन । |
| संचालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने स्तनपायी आमालाई प्रत्येक १५ दिनको पुनरावृतमा दुग्धवर्धक आयुर्वेद औषधीहरु निःशुल्क रुपमा वितरण गर्ने ।<br>• सुत्केरी भएको ६ महिना भित्रका महिलाहरुलाई जिल्लामा रहेका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्रहरु वर्थिङ्ग सेन्टरहरुसंग आवश्यक समन्वय गरी सो मार्फत पनि औषधि वितरण गर्न सकिनेछ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • AHMIS मा तोकिएको ढाँचा अनुसार स्तनपायी आमालाई औषधी वितरण गरेको रेकर्ड राखेको हुनुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद प्रक्रिया, दाखिला प्रतिवेदन, औषधी तथा तेल वितरणको विवरण |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.३ क्रियाकलापको नामः आयुर्वेद स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गोष्ठी तथा कर्मचारीको क्षमता अभिवृद्धि**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५७१ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुको गत आ.व.को क्रियाकलापहरु र तथ्यांकको लेखाजोखा गरी कमी कमजोरी औल्याउन र सुधार गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्बेश्य | तथ्यांक तथा कार्यक्रमहरुको विश्लेषण मार्फत समस्याहरु पहिचान गरी समाधान गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य संस्थाहरुको समस्या पहिचान गरी समाधानको कार्ययोजना बनेको हुनेछ। |
| संचालन प्रक्रिया | • स्वीकृत कार्य योजना अनुसार स्थानीय तहमा रहेका आयुर्वेद औषधालयहरु, नागरिक आरोग्य सेवा केन्द्रहरु तथा सम्पुर्ण सरोकारवालाहरुलाई सहभागी गराई संचालन गर्ने।<br>• जिल्लास्तरीय समिक्षा गोष्ठीहरु संचालन गर्दा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयहरुसँग समन्वय गरी संचालन गर्ने । |



तथ्याङ्क अधिकृत
उप-सचिव
प्रदेश सचिव
मा. मन्त्री

| | |
|---|---|
| | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा कार्यरत प्राविधिक र प्रशासनिक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका लागि बजेटको परिधि भित्र रहेर तपशिलमा उल्लेखित जुनसुकै तालिम पनि आवश्यकताका आधारमा संचालन गर्न सकिनेछ ।<br>१. AHMIS तालिम<br>२. कम्प्युटर सम्बन्धि तालिम<br>३. औषधि निर्माण तथा सरसफाई सम्बन्धि तालिम<br>४. पंचकर्म तथा योग सम्बन्धि तालिम |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.४ क्रियाकलापको नामः नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालन कार्यक्रम/नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालन खर्च/नागरिक आरोग्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन/नागरिक आरोग्य कार्यक्रम**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४१९ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र जुम्ला, मुगु, हुम्ला, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९६८ | | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | |
| २.७.२२.२३ | | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,दैलेख | |
| २.७.२२.२१२८ | | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,रुकुम पश्चिम | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | नागरिककलाई शारिरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार स्थानिय तहसंगको सहकार्य र आमनागरिकको सहभागीतामा नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालनार्थ यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" को मुल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरी स्थानिय तहमा स्वस्थ जीवनशैली अबलम्बनका लागि अभियानमुलक कार्यक्रमका रुपमा नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | • नागरिक आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन ।<br>• स्वस्थ जीवनशैली अवलम्बनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ।<br>• विभिन्न सर्ने तथा नसर्ने रोगहरु न्यूनिकरण गर्न सघाउ पुग्नेछ । |
| संचालन प्रक्रिया | • नागरिक आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन ।<br>• स्वस्थ जीवनशैली अवलम्बनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ।<br>• विभिन्न सर्ने तथा नसर्ने रोगहरु न्यूनिकरण गर्न सघाउ पुग्नेछ । |
| बजेट बाँडफाँड | • स्थानीय तहसंगको समन्वयमा नागरिक आरोग्य अभियान संचालन गर्ने ।<br>• आयुर्वेद स्वास्थ्य केन्द्रबाट विगत आ.व मा पालिकामा सञ्चालित नागरिक आरोग्य केन्द्रमा कार्यरत अभ्याङ्गकर्तालाई सम्बन्धित पालिकाको सिफारिसमा करार सेवामा निरन्तरता दिने तथा नयाँ स्थानीय तहमा नागरिक आरोग्य केन्द्र सञ्चालन गर्नु पर्ने भएमा नयाँ अभ्याङ्गकर्ताको व्यवस्था गर्ने र सम्बन्धित स्थानीय तहमा कामकाजमा खटाउने र बाँकी बजेटको परिधिमा रहि अन्य कार्य गर्ने।<br>• स्वस्थ जीवनशैली, योग तथा जडिबुटी सम्बन्धी जानकारी स्थानिय विद्यालय र समुदायलाई दिने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • नागरिक आरोग्य समिति र नागरिक आरोग्य समुह समेतको सहयोगमा विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, नागरिक समाज लगायतको सहभागीतामा नागरिक आरोग्य अभियान संचालन गर्ने ।<br>• जिल्ला वा स्थानियस्तरमा क्रियाशिल योग समुहको सहयोगमा माग र आवश्यकता अनुसार सम्बन्धित पालिकाको समन्वयमा योग साधना तथा ध्यान शिविर संचालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण आदेश, |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.५ क्रियाकलापको नामः आहारशैली तथा भान्साघर औषधालय कार्यक्रम**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९९० | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,रुकुमपश्चिम, जुम्ला, जाजरकोट, कालिकोट दैलेख, मुगु, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | संक्रामक रोग, कुपोषण तथा नसर्ने रोगहरुको प्रकोप न्युनिकरण एवं रोकथाम गर्नको लागि अर्गानिक, जैविक एवं रैथाने खानालाई प्रयोगमा ल्याउनका लागि भान्साघर औषधालय कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अर्गानिक जैविक तथा रैथाने खानाको माध्यमबाट स्वास्थ्य प्रवर्धन गर्ने । |
| अपेक्षित प्रतिफल | स्वस्थ भान्सा, असल खानपिन, रहन-सहन र चालचलन सम्बन्धी अभ्यासहरु मार्फत नागरिकहरुको व्यक्तिगत एवं सामुदायिक तवरमा व्यवहारमा परिवर्तन भएको हुनेछ। |
| संचालन प्रक्रिया | • स्थानीय तहमा रहेका आयुर्वेद औषधालयहरु र नागरिक आरोग्य सेवा केन्द्रहरुसंग आवश्यक समन्वय गरेर समुदायस्तरमा रहेका गृहिणीहरु, महिला |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

|  |  |
|---|---|
|  | स्वयंसेविका, किसान, होटलमा काम गर्ने कुक आदिलाई राखेर कार्यक्रम संचालन गर्नुपर्नेछ ।<br>• सहभागीहरुलाई भान्साघरमा प्रयोग हुने जडिबुटीजन्य मसलाहरुको औषधिय महत्वका बारेमा बताउनु पर्नेछ ।<br>• सहभागीहरुलाई योग र ध्यानको प्रयोगात्मक अभ्यास गराई षडरसयुक्त एवं सात्विक भोजनको सेवन गराउने ।<br>• एक समुहमा कम्तिमा २५ जनासम्म सहभागी गराउनु पर्नेछ ।<br>• आवश्यकता अनुसार कृषि विकास कार्यालय स्थानिय तहमा रहेका कृषि शाखासंग तथा स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरुसंग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।<br>• मन्त्रालयलयले उपलब्ध गराएको प्रश्नावली बमोजिम कार्यक्रम सञ्चालन पूर्व अभिमुखीकरणमा सहभागीहरूको हालको अवस्था तथ्यांक संकलन गरि अभिलेख राखुपर्नेछ। कार्यक्रमको प्रभावकारीता समेत मापन गर्न सकिनेछ। सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| बजेट बाँडफाँड | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रमको प्रश्नावली र प्रतिवेदन, कार्यक्रमको पटक संख्या र लाभान्वित संख्या उपस्थिति, कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.६ क्रियाकलापको नामः पुर्वकर्म/पंचकर्म तथा योग सेवा विस्तार कार्यक्रम/पुर्वकर्म/पंचकर्म लगायत आयुर्वेद सेवा कार्यक्रम/पुर्वकर्म/पंचकर्म संचालन तथा व्यवस्थापन कार्यक्रम**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
|  |  |  |  |  |



तथ्याङ्क अधिकृत
उप-सचिव
प्रदेश सचिव
मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला, हुम्ला, रुकुमपश्चिम, कालिकोट, जाजरकोट, डोल्पा, सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९५ | | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | |
| २.७.२२.१९५ | | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,मुगु | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई पुर्वकर्म/पंचकर्म र योग सेवाको माध्यमबाट स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | आयुर्वेदको सेवा लिन आउने सेवाग्राहीहरुलाई पुर्वकर्म/पंचकर्म तथा योग सेवाको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन गरी आवश्यक उपचारका साथै परामर्श दिने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीहरुको स्वास्थ्य संरक्षण, प्रवर्धन र पुर्नस्थापनामा सघाउ पुगी पुर्वकर्म/पंचकर्म तथा योग सेवाहरुको विस्तार भएको हुनेछ। |
| संचालन प्रक्रिया | • बजेटको परिधि भित्र रही पुर्वकर्म/पंचकर्म अन्तर्गत स्नेहन, स्वेदन, शिरोधारा, कटीवस्ती, ग्रीवावस्ती, नस्य र कार्यालमा वा अन्य योगका संघ संस्थासगको साझेदारीमा नियमित योग सेवा नियमित रुपमा संचालन गर्नुपर्नेछ ।<br>• नियमित रुपमा कार्यालयमा गुणस्तरीय पुर्वकर्म/पंचकर्म तथा योग सेवा संचालनको लागि बजेटको परिधीमा रहि आवश्यक जनशक्ति (चिकित्सक,स्वास्थ्य कर्मी, तालिम प्राप्त अभ्याङ्गकर्ता), औषधीहरु तथा स्वचालित आधुनिक उपकरण लगाएत अन्य सामग्रीहरुको व्यवस्थापन गरी सेवा दिने।<br>• सेवाग्राहीहरुको मासिक विवरण रजिष्टरमा अध्यावधिक गरी AHMIS मा प्रविष्ट गर्ने। |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | विरामी तथ्यांक, दाखिला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.७ क्रियाकलापको नामः स्वस्थ जीवन, योग ध्यान तथा तनाव व्यवस्थापन सम्बन्धि कार्यक्रम/स्वस्थ जीवन कार्यक्रम/स्वस्थ जीवन योग तथा तनाव व्यवस्थापन**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००७ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला, कालिकोट, जाजरकोट, | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२१३१ | | | आयुर्वेद स्वास्थ्य केन्द्र,रुकुमपश्चिम | |
| २.७.२२.२९ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | |
| २.७.२२.५०७ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान, दैलेख | |

| | |
|---|---|
| परिचय | स्वस्थ जीवनशैली परिवर्तनका लागि योग प्रणायाम ध्यानका माध्यमबाट नसर्ने रोगको न्यूनिकरण गर्नका साथै स्थानीय जडिवुटिको प्रयोग गरी स्वास्थ्य प्रर्वधन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकिय सेवा दिने र जनताहरुलाई नसर्ने रोगहरु र तिनको रोकथामको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवा ग्राहीमा मानसिक तथा शारीरीक थकान, तनाव व्यवस्थापन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगअभ्यास गराउने रोग अनुसारको औषधी तथा आहार विहार सम्वन्धी जानकारी दिने,<br>• आवश्यकता अनुसार योगाभ्यास पश्चात शिलाजीत, अमृत चिया, तथा स्वास्थ्य वर्धक रसायन औषधी दिने, |

तथ्याङ्क अधिकृत | उप-सचिव | प्रदेश सचिव | मा. मन्त्री

| | |
|---|---|
| | • कार्यालय तथा अन्य स्थानमा स्वस्थ जीवन, योग ध्यान तथा तनाव व्यवस्थापन सकरात्मक सोच सम्बन्धि कार्यक्रम संचालन गर्ने।<br>• हरेक १५ दिनमा सुगर, प्रेसर तौल साथै वि.एम.आई चेक जाँच गरी उचित परामर्श समेत दिने,<br>• बिरामीलाई आवश्यकतानुसार पूर्वकर्म पंचकर्म सेवा उपलब्ध गराउने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड  बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन ,कार्यक्रम सम्पन्न प्रतिवेदन उपस्थिती |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**९.८ क्रियाकलापको नामः आयुर्वेद तथा वैकल्पिक चिकित्साको सेवा बिस्तार तथा सुदृढिकरण/ आयुर्वेद स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम/आयुर्वेद स्वास्थ्य केन्द्रको सेवा सुदृढिकरण**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२५९८ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२०२४ | | | आयुर्वेद स्वास्थ्य केन्द्र,कालिकोट | |
| २.७.२२.२००४ | | | आयुर्वेद स्वास्थ्य केन्द्र,जाजरकोट, रुकुमपश्चिम, दैलेख | |
| २.७.२२.२१७२ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु, जुम्ला, हुम्ला, हुम्ला, डोल्पा | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य केन्द्रहरुले हाल प्रदान गर्दै आएका सेवाहरुको सुदृढिकरण र थप सेवाहरुको विस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा बैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्साबाट स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद तथा वैकल्पिक चिकित्साका पंचकर्म, क्षारसुत्र,प्रयोगशाला, अस्पताल फार्मेसी, फिजियोथेरापी, एकुपञ्चर, प्राकृतिक आदि पद्दतिबाट गुणस्तरीय उपचार सेवा प्राप्त हुनेछ। |
| संचालन प्रकृया | • हाल प्रदान गरिएका सेवाहरुलाई निरन्तरता दिने र संचालित सेवाको सुदृढीकरण गर्ने ।<br>• सेवा विस्तारका लागि आवश्यक सेवा तथा कार्यक्रमहरु छनौट गर्ने,<br>• सेवा विस्तार कार्यक्रमहरु छनौट गरी गुणस्तरीय सेवा विस्तार गर्ने,<br>• आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवाको सुदृढिकरणका लागि बजेटको परिधि भित्र रहि सेवासँग सम्बन्धित आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा दिने विभिन्न शाखाहरुका लागि आवश्यक पर्ने मेसिनरी औजार, औषधी, उपकरण, फर्निचर तथा आवश्यक अन्य सामग्री र सेवाको आवश्यकतालाई प्राथमिकता अनुसार बिस्तारसँगै सेवा सुचारु र सुदृढ गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश ,दाखिला प्रतिवेदन आदि । |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति तथा शाखा |

**९.९ क्रियाकलापको नामः औषधालय,नागरिक आरोग्य केन्द्र अनुगमन तथा onsite coaching**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२५३८ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्थानिय तहका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान सिप दक्षतामा अभिवृद्धि गर्न कार्यस्थलमै अनुशिक्षण गरी आयुर्वेद स्वास्थ्य सेवालाई प्रवर्धन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | आयुर्वेद औषधालय र नागरिक आरोग्य सेवा केन्द्रहरुमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरिय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहमा अभिवृद्धि भएको हुनेछ । |
| संचालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य केन्द्रका फोकल पर्सन वा कामकाज गर्न तोकिएका व्यक्ति यसका लागि सहभागी हुनेछन ।<br>• कार्यक्रमको फोकल पर्सनले coach संग छलफल गरी बजेटको परिधी भित्र रही कति वटा संस्थाहरुमा अनुगमन तथा onsite coaching गर्ने हो सो को योजना तयार गर्नु पर्दछ ।<br>• अनुगमन तथा onsite coaching विशेष गरी सेवा प्रवाह र रेकर्डिङ्ग रिपोटिङ्गमा केन्द्रित गर्नुपर्दछ ।<br>• पुर्वाधार, जनशक्ति कमजोर भएका स्वास्थ्य संस्था, स्वास्थ्यका सूचकहरु कमजोर भएका औषधालय र नागरिक आरोग्य सेवा केन्द्रहरुलाई प्राथमिकता दिनुपर्दछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.१० क्रियाकलापको नामः आयुर्वेद संस्थाहरुमा वेसिक ल्याव सेवा संचालन कार्यक्रम**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.३ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख, हुम्ला, कालिकोट, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२५०६ | | | आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट आवश्यक रोगहरुको निदानका लागि वेसिक ल्याव सेवा संचालन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्धेश्य | गुणस्तरीय प्रयोगशाला सेवा संचालन गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय प्रयोगशाला संचालनमा आएर सेवा विस्तार हुनुका साथै सेवाग्राहीहरुको संख्यामा वृद्धि भएको हुनेछ। |
| संचालन प्रक्रिया | • प्रयोगशालाका लागि आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी औजार उपकरण तथा केमिकलहरुको सूची तयार गरी कार्यक्रम तथा लागत अनुमान स्विकृत गराउने ।<br>• सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित ऐन कानुन बमोजिम खरिद कार्य गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन, विरामी तथ्यांक |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.११ क्रियाकलापको नामः आयुर्वेद तथा योग सम्बन्धि निःशुल्क स्वास्थ्य शिविर संचालन/ निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,डोल्पा, दैलेख, कालिकोट,जाजरकोट, रुकुमपश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२२० | | | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु, जुम्ला | |

| | |
|---|---|
| परिचय | मानिसको दैनिक जीवनशैलीमा परिवर्तन गरी रोगको रोकथाम गर्न आयुर्वेद स्वास्थ्य संस्थाहरुको सहज पहुँच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धि सचेतना र सेवा प्रवाह गर्नुका साथै योग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर संचालन गर्न आवश्यकता महशुस गरी यो क्रियाकलाप राखिएको छ । |
| उद्बेश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरुमा आयुर्वेद तथा योग सम्बन्धी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद तथा योग चिकित्साको पहुँच नपुगेका जनताले आयुर्वेद चिकित्साबाट स्वास्थ्य लाभ लिन सक्ने छन्। |
| संचालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरुको छनौट गरी कार्यक्रम स्थल निर्धारण गर्ने ।<br>• सम्बन्धित स्थानिय तहसँग समन्वय गरी आयुर्वेद औषधालयहरु र नागरिक आरोग्य सेवा केन्द्रहरुसंग आवश्यक समन्वय गरी कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने ।<br>• निःशुल्क आयुर्वेद तथा योग शिविर संचालन गर्दा नियमानुसार शिविरको लागि पुर्व तयारी बैठक भत्ता, दैनिक भ्रमण भत्ता, सहजकर्ता भत्ता, खाना तथा खाजा र स्टेशनरी तथा विविध खर्च आदि ।<br>• शिविर संचालन गर्दा यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ । |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • शिविरमा सेवा लिएका सेवाग्राहीहरुको तथ्यांक AHMIS मा अध्यावधिक गरेर प्रविष्टी गर्ने ।<br>• शिविर संचालन गर्दा मन्त्रालय र निर्देशनालयसंग आवश्यक समन्वय गरी गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | औषधी खरिद, दाखिला प्रतिवेदन, विरामी तथ्यांक, शिविर सम्पन्न प्रतिवेदन, |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.१२ क्रियाकलापको नामः जेष्ठनागरिक स्वास्थ्य प्रवर्धन कार्यक्रम/ जेष्ठ नागरिक निशुल्क शिवीर, स्वास्थ्य, सम्मान सहयोग कार्यक्रम**

| **क्रियाकलाप संकेत नं** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.६ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट, दैलेख, सल्यान, डोल्पा, हुम्ला, कालिकोट, जुम्ला, मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१०६ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुमपश्चिम | |

| | |
|---|---|
| परिचय | जेष्ठनागरिक सेवाग्राहीहरुको पहिचान गरी आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा नियमित रुपमा सेवा लिन आउने जेष्ठनागरिकहरुको निःशुल्क जाँच गरी स्वास्थ्य प्रवर्धन गर्न तथा विभिन्न उपचारात्मक स्वास्थ्य सेवा(योग सेवा, पंचकर्म सेवा, रसायन तथा शक्तिवर्धक औषधीहरु वितरण) उपलव्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जेष्ठनागरिकलाई आवश्यकता अनुसार आयुर्वेद चिकित्सा अन्तर्गतका पुर्वकर्म/पंचकर्म, योग, रसायन तथा शक्तिवर्धक औषधीहरुको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन साथै उचित परामर्श गरी स्वास्थ्यमा पहुँच विस्तार गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | जेष्ठनागरिकमा स्वास्थ्यको पहुँच प्रवर्धन भएको हुनेछ। |
| संचालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा दैनिक सेवा लिन आउने जेष्ठनागरिकहरु वा यसमा काम गरिरहेका स्थानिय संघ, संस्थाहरु, बृद्धाश्रम, कारागार लगायत केन्द्रहरुको समन्वयमा त्यहाँ रहेका जेष्ठनागरिकहरुको पहिचान गरी नियमित रुपमा स्वास्थ्य जाँच गर्ने तथा औषधीको व्यवस्था मिलाउने ।<br>• जेष्ठनागरिकहरुलाई आवश्यकता अनुसार जीवनशैली परिवर्तन,आचार रसायन, आहार-विहार, योग तथा व्यायामका विभिन्न विधीहरु ध्यान पुर्वक सिकाउनु पर्नेछ ।<br>• पहिचान गरिएका जेष्ठनागरिकहरुको स्वास्थ्य संस्थामा निःशुल्क स्वास्थ्य जाँच(प्रयोगशाला सेवा तथा अन्य सबै जाँचहरु) गरी आवश्यकता अनुसार पंचकर्म, योग सेवा लगायत रसायन औषधीहरु निःशुल्क रुपमा वितरणको व्यवस्था मिलाउनु पर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट, सेवाग्राही संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.१३ क्रियाकलापको नामः विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम/ विद्यालय आयुर्वेद योग शिक्षा कार्यक्रम**

| **क्रियाकलाप संकेत नं** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.७ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान, हुम्ला, दैलेख, जाजरकोट, डोल्पा, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.४१३ | | | आयुर्वेद स्वास्थ्य केन्द्र,मुगु | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | विद्यालयहरुमा आयुर्वेद तथा योग शिक्षाका बारेमा आवश्यक सचेतना फैलाउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | शिक्षक तथा विद्यार्थीहरुलाई नेपालको मौलिक तथा राष्ट्रिय चिकित्सा प्रणालीका बारेमा आवश्यक जानकारी दिएर योग र स्थानिय जटिबुटीहरुको बारेमा आवश्यक सचेतना फैलाउने । |
| अपेक्षित प्रतिफल | स्वस्थ जीवनशैली, योग र आयुर्वेद सम्बन्धी सचेतना प्राप्त हुनेछ। |
| संचालन प्रक्रिया | • आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन निर्देशिकामा भने बमोजिम सामुदायिक निजी तथा धार्मिक विद्यालयका शिक्षक शिक्षिकाहरुलाई समेत आयुर्वेद योग शिक्षा तथा जीवनशैली व्यवस्थापन सम्बन्धी तोकिएको विषयवस्तुमा आधारित रहेर कक्षा संचालन गर्नुपर्नेछ ।<br>• जिल्लास्थित पालिकाहरुसंग आवश्यक समन्वय गरी पालिकामा रहेका नमुना विद्यालयका बिद्यार्थी, स्वास्थ्य शिक्षक/ शिक्षिकाहरु, स्थानिय तहमा रहेका शिक्षा विकास समन्वय इकाई आदि सरोकारवाला निकायहरुलाई योग तथा आयुर्वेद चिकित्साका बारेमा तालिम दिई नियमित कक्षा संचालन र अभ्यास गराउने।<br>• जिल्लास्थित सम्पुर्ण आयुर्वेद स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाहरु लगायत योग शिक्षा,जीवनशैली व्यवस्थापन, स्थानियस्तरमा प्राप्त हुने जडीबुटीहरुको महत्व र उपयोगिताबारे कक्षा संचालन गर्ने।<br>• जिल्ला सदरमुकामस्थित विद्यालयहरूमा यो कार्यक्रम सञ्चालन गर्न पाइने छैन। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, भ्रमण विल, भरपाई आदि । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.१४ क्रियाकलापको नामः जनचेतनामुलक सामग्री निर्माण**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.५७९ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान, डोल्पा, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लास्थित आयुर्वेद स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने विभिन्न सेवाहरु स्थानियस्तरमा प्राप्त हुने जडिबुटीहरु, योग, तथा पंचकर्म सेवाका बारेमा जनस्तरमा जानकारी दिने उद्देश्यले सूचनाहरू सञ्चारमाध्यममा प्रकाशन गर्नका लागि जनचेतनामूलक सन्देश सामाग्री निर्माण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्धेश्य | आयुर्वेदका विषयवस्तुहरु समेटिएको सन्देश निर्माण गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य सेवाको बारेमा जानकारी प्राप्त भई सेवाग्राहीहरुको संख्या बढेको हुनेछ। |
| संचालन प्रक्रिया | आयुर्वेद स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने विभिन्न सेवाहरुका बारेमा जनहितका सूचनाहरू सञ्चारमाध्यममा प्रकाशन गर्नका लागि सञ्चारमाध्यम, विज्ञापन एजेन्सीहरू मार्फत सन्देश सामाग्री निर्माण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सूचना सामाग्री जिन्सी दाखिला। |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ९.१५ आयुर्वेद संस्थाहरुबाट वातशामक तेल वितरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.१ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख, जाजरकोट, जुम्ला, डोल्पा, कालिकोट, मुगु, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जीर्ण वातव्याधीका बिरामी जेष्ठनागरिक तथा दुर्बल बिरामीहरुलाई अभ्यङ्ग/स्नेहन सेवामार्फत बातरोगलाई न्युनिकरण गरी स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | वातव्याधीजन्य विकार र वेदनाजन्य रोगको न्यूनिकरण गरी बिरामीको स्वास्थ्य रक्षा गर्नु । |
| अपेक्षित प्रतिफल | वातव्याधी र वेदनाजन्य रोगको न्यूनिकरण भएको हुनेछ । |
| संचालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य संस्थामा आउने वातव्याधीका रोगी र जेष्ठनागरिक सेवाग्राहीहरुको छनौट गर्ने।<br>• वातशामक विभिन्न कच्चा तेल आवश्यक यन्त्र,उपकरण, भाडा र अन्य सामग्री खरिद गरी आवश्यकता अनुसार वातसामक जडिबुटीहरु समेत मिसाएर विभिन्न वातनाशक तेल निर्माण गरी वितरण गर्ने।<br>• रोग र रोगीको आवश्यकता अनुसार पुर्वकर्म/पंचकर्म सेवामा आवश्यक पर्ने तेल खरिद गरी न्यायोचित रुपमा वितरण गर्ने ।<br>• तेल निर्माण तथा वितरण गरिएको विवरण अद्यावधिक गरी राख्ने ।<br>• आवश्यकतानुसार सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा समन्वय गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कच्चा पदार्थ तथा तेल खरिदको दाखिला प्रतिवेदन,तेल निर्माण तथा वितरण प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ९.१६ क्रियाकलापको नामः परम्परागत स्वास्थ्यकर्मीसंग अन्तर्क्रिया कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२९.३ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख, हुम्ला, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आफ्नो धर्म, संस्कृति, प्रथा, प्रचलन अनुसार परम्परागत रुपमा काम गर्दै आएका धामी, झाँक्री, डाँग्री, झारफुक गर्ने व्यक्ति र आम्ची लगायत विभिन्न जडिबुटीहरुको माध्यमबाट विरामीहरुको उपचार गर्ने व्यक्तिहरुको ज्ञान तथा सिपलाई सही ढंगले प्रयोगमा ल्याउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्वेश्य | परम्परागत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्दै परम्परागत ज्ञानलाई खोज, अनुसन्धान र संरक्षण गर्ने। |
| अपेक्षित प्रतिफल | परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञानमा सुधार भई ज्ञानको संरक्षण हुनेछ । |
| संचालन प्रक्रिया | • जिल्लाभित्र रहेका धामी, झाँक्री, डाँग्री, आम्ची, झारफुक गर्ने व्यक्ति र जडिबुटीको माध्यमबाट उपचार गर्ने व्यक्तिहरुलाई स्थानिय तहको समन्वयमा छनौट गर्नुपर्नेछ ।<br>• जिल्लाभित्र कार्यरत रहेका परम्परागत स्वास्थ्यकर्मीहरुको अभिलेख तथा लागत संकलन र परम्परागत स्वास्थ्यकर्मीहरुले दिदै आएका सेवाका बारेमा संरक्षरण र सम्बर्धन गर्नु पर्ने राम्रा अभ्यास ज्ञानशिपलाई संकलन सगै प्रतिवेदन बनाई निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पठाउने।<br>• परम्परागत स्वास्थ्यकर्मीहरुको सही ज्ञान सीपहरुको संरक्षण गरी मानसिक स्वास्थ्य समस्याहरुको बारेमा जानकारी प्रदान गर्ने ।<br>• परम्परागत स्वास्थ्यकर्मीहरुलाई सही ज्ञान र सूचनाको बारेमा जानकारी दिने।<br>• परम्परागत स्वास्थ्यकर्मीहरुबाट भएका गलत प्रयोग तथा व्यवहारमा सुधार गर्दै लैजान सुझाव दिने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | परम्परागत स्वास्थ्यकर्मीहरुको अभिलेख तथा लगत संकलन,कार्यक्रम सम्पन्न प्रतिवेदन |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.१७ क्रियाकलापको नामः महिला स्वयंसेविकाहरुलाई आयुर्वेद तथा जडिबुटीहरु सम्बन्धि अभिमुखिकरण कार्यक्रम**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.४ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट, मुगु, हुम्ला, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद, योग, स्वस्थ जीवनशैली तथा जडिबुटीहरु सम्बन्धी जानकारी दिई स्वयंसेविकाको माध्यमबाट स्थानिय जनताहरुलाई आयुर्वेद र जडिबुटीहरुको परिचय, प्रयोग र महत्वको बारेमा जानकारी दिनको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | आयुर्वेद चिकित्सा सेवा र जडिबुटीहरुको बारेमा आवश्यक जानकारी दिने । |
| अपेक्षित प्रतिफल | आयुर्वेदको सेवा लिने सेवाग्राहीको संख्यामा वृद्धि हुनुका साथै जडिबुटीको संरक्षण एवं प्रवर्धन गर्नमा मद्दत पुगेको हुनेछ । |
| संचालन प्रक्रिया | • जिल्लास्थित विभिन्न पालिका तथा स्थानिय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी यस अघि अभिमुखिकरण कार्यक्रममा सहभागी नभएका महिला स्वयंसेविकाहरुलाई छनौट गरी कार्यक्रम संचालन गर्ने ।<br>• कार्यक्रममा आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरु, स्थानिय जडिबुटीहरुको परिचय र उपयोगिता, नसर्ने रोगको नियन्त्रण र व्यवस्थापनको लागि आयुर्वेद तथा वैकल्पिक चिकित्साको बारेमा जानकारी दिने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकिको व्यक्ति |

## ९.१८ राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति, राष्ट्रिय/अन्तर्राष्ट्रिय योग दिवस

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.५ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.५६७ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला | |

| | |
|---|---|
| परिचय | महत्वपुर्ण दिवसहरु मार्फत जनचेतना स्थानीयस्तर सम्ममा फैलाई आयुर्वेद चिकित्सा सम्बन्धी सकारात्मक सोचको विकास गरी स्वस्थ जीवनशैलीलाई बढावा दिन यो कार्यक्रम राखिएको छ । |
| उद्धेश्य | आयुर्वेद स्वास्थ्य सेवाको महत्व जनस्तरसम्म फैलाई जनचेतना स्थानियस्तरमा पुर्याउने । |
| अपेक्षित प्रतिफल | व्यवहारमा परिवर्तन भई दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास हुनेछ । |
| संचालन प्रक्रिया | • दिवस मनाउनु पुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना बनाउनु पर्नेछ,<br>• आयुर्वेद सम्बन्धी महत्वपुर्ण दिवसहरु, राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय/अन्तर्राष्ट्रिय योग दिवस, क्रमशः कार्तिक कृष्ण त्रयोदशी,माघ १ गते र जुन २१ गते सचेतनामुलक क्रियाकलाप गरेर मनाउनु पर्नेछ । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ बमोजिम। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | दस्तावेजहरु, सहभागीहरुको विवरण, बैठकका निर्णयहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ९.१९ क्षारसुत्र सेवा तथा सामान्य शल्यक्रिया सेवा संचालन तथा व्यवस्थापन/ क्षारसुत्र व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.८ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,जाजरकोट, दैलेख, सल्यान, कालिकोट, मुगु, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९६ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने अर्श, भगन्दर, परिकर्तिका एवं अन्य गुदद्वारजन्य रोगीको पहिचान गरी आवश्यकता अनुसार शल्यक्रिया गर्न वा जटिल प्रकृतिका विरामीहरुलाई सुविधासम्पन्न स्थानमा प्रेषण गर्ने हेतुले यो कार्यक्रम राखिएको हो। |
| उद्वेश्य | अर्श, भगन्दर, परिकर्तिका एवं अन्य गुदद्वारजन्य रोग स्क्रिनिङ्ग गरी रोग पत्ता लगाएर उपचार गर्नु। |
| अपेक्षित प्रतिफल | गुदविकार सम्बन्धि समस्या भएका विरामीहरुले समयमै आफ्नो रोगको निदान पश्चात सेवा पाउनेछन । |
| संचालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा गुदद्वार सम्बन्धि रोगको लागि सेवा लिन आउने विरामीहरु वा विभिन्न गाउँघर क्लिनिक तथा स्वास्थ्य शिविरहरुमा चेकजाँच गरेर प्रेषण गरिएका गुदद्वारसम्बन्धी रोगहरुका विरामीहरुलाई दक्ष जनशक्ति र पुर्वाधार उपलव्ध भएको अवस्थामा शल्यक्रिया वा क्षारसुत्र सेवा प्रदान गर्ने |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • जिल्लामा जनशक्ति र पुर्वाधारको अभावका कारण शल्यक्रिया र क्षारसुत्र सेवा दिन असम्भव भएमा त्यस्ता विरामीहरुलाई नजिकमा रहेको क्षारसुत्र सेवा प्रदान गर्ने सरकारी आयुर्वेद संस्थाहरुमा प्रेषण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, विरामी विवरण आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ९.२० क्रियाकलापको नामः जडिबुटी संकलन, भण्डारण, प्रशोधन तथा बजारिकरण सम्बन्धि कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९९१ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जडिबुटि क्षेत्रमा काम गर्ने अन्य आम मानिसहरुलाई जडिवुटिको संकलन ,भण्डारण , प्रशोधन ,बजारीकरण सम्बन्धी आवश्यक जानकारी दिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जनतालाई जडीबुटीको संकलन भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धि जानकारी दिने। |
| अपेक्षित प्रतिफल | जडीबुटीको संकलन ,भण्डारण ,प्रशोधन ,बजारीकरण संरक्षण सम्वन्धी ज्ञान हासिल भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • जडीवुटीको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको सहभागीतामा जडिबुटीको संकलन औषधी र जडिबुटीको भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र स्थानीय तहमा रहेका औषधालय नागरिक आरोग्य केन्द्रसँग समन्वयनमा प्रदेशका जिल्लाहरुमा कार्यक्रम संञ्चालन गरिने, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • कार्यक्रममा कम्तिमा २५ जना सहभागी रहने छन्, <br>• अभिमुखीकरण कार्यक्रममा स्थानीय स्तरमा उपलब्ध जडीबुटीको परिचय र उपयोगिता,संकलन,भण्डारण,प्रशोधन,बजारीकरण Good Agriculture and Collection Practices (GACP) सम्बन्धी जानकारी दिने, <br>• कार्यक्रम संञ्चालन गर्न आवश्यक सूचनामूलक सामग्री छपाई गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.२१ क्रियाकलापको नामः आयुर्वेद स्वास्थ्य केन्द्रहरुको MSS नतिजाको आधारमा सेवा सुदृढिकरण/ आयुर्वेद स्वास्थ्य केन्द्रको MSS तथा नतिजाको आधारमा सेवा सुदृधिकरण**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९९४ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२१३२ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुमपश्चिम | |

| | |
|---|---|
| परिचय | जिल्लास्थित आयुर्वेद स्वास्थ्य केन्द्रहरु आफैले वा बाह्य निकायबाट गरेको MSS प्रतिवेदनको नतिजाका आधारमा कार्यालयमा सुधार गर्नुपर्ने कामहरुको सूची तयार गर्ने गरी सोही बमोजिम कामहरु गर्दै स्वास्थ्य सेवाको गुणस्तरमा क्रमशः सुधार ल्याउनको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्धेश्य | आयुर्वेद स्वास्थ्य केन्द्रले प्रदान गर्ने सेवाहरुको सुदृढिकरण गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | स्वास्थ्यका विभिन्न सेवाहरुको सुदृढिकरण भई MSS को नतिजामा सुधार भएको हुनेछ। |
| संचालन प्रक्रिया | • कार्यालय आफैले गरेको स्वमुल्यांकन वा विगतका वर्षहरुमा निर्देशनालयले गरेको MSS प्रतिवेदनले औंल्याएका सुधार गर्नुपर्ने कामहरुको एकमुष्ट सूची तयार गर्ने र सोही सूचीको आधारमा कार्ययोजना तयार गरेर बजेटको परिधिभित्र रहेर प्राथमिकताका आधारमा क्रमशः सुधारका कामहरु गर्ने।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुको लागि MSS का लागि स्रोत व्यक्ति तयार गरि वर्षमा कम्तिमा २ पटक MSS को मुल्याङ्कन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | MSS को स्कोर तथा कार्ययोजना, खरिद आदेश, दाखिला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ९.२२ क्रियाकलापको नामः आयुर्वेद स्वास्थ्य केन्द्र तथा नागरिक आरोग्य केन्द्रहरुको AHMIS व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९९६ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| | | | आयुर्वेद स्वास्थ्य केन्द्र,डोल्पा | |

| | |
|---|---|
| परिचय | AHMIS प्रतिवेदनमा आउने तथ्यांकीय त्रुटीहरु कम गर्न यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट आयुर्वेद स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सुदृढिकरण गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | AHMIS प्रणालीमा समयमै विरामी तथ्यांक प्रविष्टी भएको हुनेछ । |
| संचालन प्रक्रिया | • नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत स्वास्थ्यकर्मिलाई AHMIS प्रणाली सम्बन्धि अभिमुखिकरण गर्ने।<br>• AHMIS सेवालाई प्रभावकारी बनाउनको लागि चाहिने कम्प्युटर, ल्यापटप, प्रिन्टर, लगायत अन्य सामग्रीहरु खरिद गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन आदि । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ९.२३ क्रियाकलापको नामः स्वर्णविन्दु प्रासन निर्माण तथा वितरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००३ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र,दैलेख<br>आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बच्चाहरुको शारीरिक तथा मानसिक गतिमा सुधार ल्याउनको लागि शास्त्रमा वर्णित १६ संस्कार मध्ये स्वर्णप्राशन पनि महत्वपुर्ण संस्कार हो । यसमा मह, अश्वगन्धा, शंखपुष्पी, वचा आदिलाई सुनसंग मिसाएर तयार पारिएको रसायन औषधीको प्रयोग गरिन्छ।बच्चाको शारीरिक,मानसिक वृद्धि विकासका साथै प्रतिरक्षा प्रणालीमा सुधार ल्याउनको लागि  यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | बच्चामा रोग प्रतिरोधात्मक शक्ति,ओज, आयु, सुन्दरता, अग्निवल बढाउने |
| अपेक्षित प्रतिफल | प्राकृतिक रुपमा नै बच्चाको रोग प्रतिरोधात्मक क्षमता बृद्धि भएको हुनेछ । |



तथ्याङ्क अधिकृत    उप-सचिव    प्रदेश सचिव    मा. मन्त्री

| | |
|---|---|
| संचालन प्रक्रिया | • स्वर्णप्राशनको निर्माण विधिः स्वर्णप्राशनमा स्वर्ण भष्म, मह र औषधियुक्त घ्यू मिश्रित हुन्छ । औषधियुक्त गाईको घ्युमा, आमलकी, वचा, मण्डुकपर्णी, गुडुची, शतावरी, यष्ठीमधु, अश्वगन्धा, शंखपुष्पी आदि जडिबुटीको एवं प्रक्षेप द्रव्यको रुपमा मरिच, सौंफ, पिप्पली आदिको निश्चित मात्रा राखेर विशेष विधिबाट तयार गर्ने ।<br>• स्वर्णविन्दु प्राशनको निर्माण द्रव्यगुण विज्ञ/रसशास्त्र/भैषज्य विज्ञहरुद्वारा गराउनु पर्नेछ।<br>• स्वर्णविन्दु प्राशन कार्यालय आफै निर्माण गर्न नसक्ने अवस्था भएमा बजारबाट खरिद गरेर बच्चाहरुलाई निःशुल्क रुपमा सेवन गराउन सकिने छ ।<br>• ५ वर्ष मुनिका बच्चालाई प्रत्येक महिनाको पुष्य नक्षत्रमा सम्भव भएसम्म स्वर्णविन्दु प्राशन सेवन गराउने व्यवस्था मिलाउनु पर्नेछ ।<br>• स्वर्णविन्दु प्राशन कार्यक्रम बजेटले पुगेसम्म वर्षभरी नै संचालन गर्ने व्यवस्था मिलाउने ।<br>• स्वर्णविन्दु प्राशन सेवा प्राप्त गर्ने बच्चाहरुको लगत संकलन तथा विवरण अध्यावधिक गरेर AHMIS मा प्रविष्टी गर्ने ।<br>• आवश्यतानुसार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय र अन्य निकाय सग समुन्वय गर्दै कार्यक्रम सुचारु गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | स्वर्णविन्दु निर्माण तथा खरिद,औषधि वितरण, सेवाग्राहीको संख्या |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.२४ क्रियाकलापको नामः स्थानिय तहहरु सँगको सहकार्यमा आम्चि लगाएत अन्य परम्परागत चिकित्सा सेवाको अभिलेखिकरण तथा अन्तरक्रिया कार्यक्रम**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.२०१२ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विद्याहरुलाई एकिकृत रुपमा समेटेर परम्परागत चिकित्सा पद्धतिहरुको संरक्षण गर्न, अभिलेखिकरण गर्न र सरोकारवाला निकायहरुसंग आवश्यक अन्तर्कियाका माध्यमबाट जनचेतनाको विकास गर्दै स्वास्थ्य सेवामा सबै उपचार पद्धतिहरुको समिश्रण गरी सेवाग्राहीहरुको स्वास्थ्य अवस्थालाई प्रवर्धन गर्ने हेतुले यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | आम्ची लगायत परम्परागत चिकित्सा प्रणालीको बारेमा जनचेतना अभिवृद्धि गरेर आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विकास अनि विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | परम्परागत रुपमा समाजमा सेवा गर्दै आईरहेका आम्ची, धामी, झाँकी आदि सेवा प्रदायक संस्था वा व्यक्तिहरुको क्षमता अभिवृद्धिका अतिरिक्त सेवाहरुको अभिलेखिकरण भएको हुनेछ । |
| संचालन प्रक्रिया | • स्थानिय तहहरुसंग आवश्यक समन्वय गरेर वास्तविक रुपमा सहभागी छनौट गर्नुपर्नेछ ।<br>• परम्परागत स्वास्थ्यकर्मीहरुको अभिलेखिकरणको लागि सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने ।<br>• आम्ची चिकित्सासंग सम्बन्धित विज्ञ बोलाई सो सेवाको वारेमा सरोकारवाला व्यक्तिहरुसंग आवश्यक अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सहभागीको विवरण कार्यक्रम सम्पन्न प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.२५ क्रियाकलापको नामः स्थानीय तहको सहकार्यमा आम्ची (सेवा रिग्पा) चिकित्साको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९३ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका हिमाली जिल्लाहरुमा परापुर्वकाल देखि नै संचालनमा रहेको आम्ची चिकित्सा सेवालाई प्रवर्धन गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्लामा रहेका आम्ची सेवाको ज्ञान सीपलाई पुस्तान्तरणका लागि डकुन्टेशन गर्ने। |
| अपेक्षित प्रतिफल | आम्ची सेवा पुस्तान्तरण भई, डकुमन्टेशनको अभिलेखिकरणका साथै बिस्तार भएको हुनेछ। |
| संचालन प्रक्रिया | • आम्ची (सेवा रिग्पा) सम्बन्धी कार्य गरिरहेका मुगुमकार्मारोङ गाउँपालिकाका स्थानीय व्यक्तिमा भएको ज्ञानसीपको अभिलेखन साथै सेवा प्रदान गर्ने। आम्ची उपचारमा प्रयोग हुने सामाग्री/जडिबुटीहरूको विवरण तयार गर्ने।<br>• स्थानीय तहको समन्वयमा आम्ची (सेवा रिग्पा) संरक्षण सम्वर्द्धनका लागि योजना बनाउने। आम्ची सँगसँगै बसेर ज्ञानसीप आर्जन गर्नका लागि एक जना स्थानीय आम्चीहरूको भाषा जान्ने स्वास्थ्यकर्मी वा आम्चीका परिवारभित्रको प्रमाणपत्र तह उतीर्ण गरेको वा परमपरागत रुपमा आम्ची (सेवा रिग्पा) काम गर्दै आएको व्यक्तिलाई करार सेवामा लिने वा निरन्तरता दिने ।<br>• मुगुमकार्मारोङ गाउँपालिकाको समन्वयमा आम्ची (सेवा रिग्पा) उपचार केन्द्र स्थापना गरी सेवा प्रवाह गर्नुका साथै आवश्यक अनुगमन गर्ने।<br>• करार सेवामा भएको कर्मचारीले आम्ची चिकित्सा सेवा प्रदायक स्थानमा गएर आम्चि स्वास्थ्यकर्मीको ज्ञानशिप उपचारविधि प्रयोग हुने औषधि उपचार हुने रोग लगायतको ज्ञान शिप सिक्ने र अन्य विवरण मासिक रुपमा प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयमा पेश गर्ने।<br>• आम्ची सेवा प्रदायक संस्थाहरुको सेवामा सहजिकरण गर्दै आगामी दिनमा आम्चिको ज्ञानसीप उपचारको संरक्षण र प्रवर्धन गर्न सकिने खाका तयार गर्नुपर्नेछ। |



तथ्याङ्क अधिकृत  उप-सचिव  प्रदेश सचिव  मा. मन्त्री

| | |
|---|---|
| | • आयुर्वेद स्वास्थ्य संस्थाहरु र आम्ची सेवा प्रदायक संस्थाहरु विच एक आपसमा समन्वय तथा सहजिकरण गरेर सेवा प्रवाह गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | करार सम्झौता पत्र, मासिक प्रतिवेदन, भ्रमण प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.२६ क्रियाकलापको नामः Anorectal Disease पहिचान सम्बन्धि स्कृनिङ्ग तथा क्षारसुत्र सेवा संचालन तथा व्यवस्थापन/ अर्श, परिकर्तिका तथा भगन्दर पहिचान सम्बन्धि स्कृनिङ्ग शिविर**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०४० | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२००० | | | आयुर्वेद स्वास्थ्य केन्द्र,रुकुम | |

| | |
|---|---|
| परिचय | पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको गाँउगाँउमा पुगी निशुल्क स्क्रिनिङ्ग शिविर संचालन गरी जनचेतना दिने र आयुर्वेद स्वास्थ्य केन्द्रमा विरामीलाई बोलाई आयुर्वेद चिकित्सा सेवाद्वारा उपचार गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका जनतालाई घरदैलोमा नै प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको न्युनिकरणमा सहयोग पुग्नेछ। |
| सञ्चालन प्रकृया | कार्यक्रम बनाई स्वीकृत गरी तोकिएको एक वा एक भन्दा बढी स्थानमा सम्बन्धित पालिको समन्वयमा पाईल्स फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको स्क्रीनिङ्ग शिविर संचालन गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | स्क्रीनिङ्ग शिविर संचालन गर्दा चिकित्सक परिचालन गरी गर्नु पर्नेछ । शिविर सञ्चालन गर्दा आफ्नो कार्यालय रहेको स्थानीय तह बाहेक अन्यत्र सञ्चालन गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, भ्रमण आदेश औषधी खरीद खरिद आदेश दाखिला प्रतिवेदन , बिरामी तथ्यांक |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

## ९.२७ क्रियाकलापको नामः जेष्ठ नागरिक निःशुल्क फार्मेशी सञ्चालन तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१९६ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जेष्ठनागरिकहरुका लागि मात्र लक्षित गरेर कार्यालयको हातामै निःशुल्क रुपमा जेष्ठनागरिक फार्मेसी संचालन गरेर सेवा प्रवाहलाई जेष्ठनागरिक मैत्री बनाउनको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धन गर्ने । |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिकहरुले बिना झन्झट, छिटो छरितो माध्यमबाट सेवा प्राप्त गरेका हुनेछन । |
| संचालन प्रक्रिया | सम्भव भए सम्म कार्यालयको हाता भित्र नै निःशुल्क जेष्ठनागरिक फार्मेसी सेवा संचालन गर्ने सम्भव नभएमा जेष्ठ नागरिक संघ संस्था र स्थानीय पालिकाको समन्वयमा उचित स्थानको छनोट गरी निःशुल्क जेष्ठ नागरिक फार्मेसी सेवा संचालन गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | जेष्ठ नागरिकका लागि आवश्यक पर्ने सम्पुर्ण औषधि एक ठाउँबाट नै वितरण गर्ने व्यवस्था मिलाउने ।<br><br>निःशुल्क जेष्ठ नागरिक फार्मेसी सेवा संचालन गर्न आवश्यक भौतिक संरचना फर्निचर र अन्य सामग्रीको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।<br><br>निःशुल्क जेष्ठनागरिक फार्मेसीबाट सेवा लिने सेवाग्राहीहरुको विवरण अध्यावधिक गरेर AHMIS मा महिना महिनामा प्रविष्टी गर्न लगाउने र सोको प्रतिवेदन निर्देशनालयमा समेत पेश गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला प्रतिवेदन, सेवाग्राहीको संख्या, औषधि वितरण रजिष्टर |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.२८ क्रियाकलापको नामः स्थानिय एकल जडिबुटीबाट चुर्ण औषधि निर्माण/ रुरल फार्मेसी औषधी निर्माण वितरण व्यवस्थापन**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७०३ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२८ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाईने जडिबुटीजन्य कच्चा पदार्थहरुबाट एकल चुर्ण औषधी निर्माण तथा उत्पादन गरी आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई निःशुल्क रुपमा वितरण गरी उनीहरुको स्वास्थ्य अवस्थालाई थप प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | आयुर्वेद स्वास्थ्य केन्द्रबाट निर्माण गरिएको चुर्ण औषधी जिल्लास्थित सबै आयुर्वेद स्वास्थ्य संस्थाहरुमा व्यवस्थित रुपमा वितरण गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | गुणस्तरिय आयुर्वेद औषधीहरु निःशुल्क प्राप्त गरी स्वास्थ्य लाभ भएको हुनेछ । |
| संचालन प्रक्रिया | • कर्णाली प्रदेशमा मात्र पाईने जडिबुटीजन्य कच्चा पदार्थ संकलन तथा खरिद गरी रुरल फार्मेसीमा औषधी उत्पादन तथा औषधी आपुर्ति गर्ने।<br>• स्थानियस्तरमा पाईने जडिबुटीहरुको बढि भन्दा बढि सदुपयोग गरी महत्वपुर्ण औषधिय जडिबुटीहरुलाई प्राथमिकतामा राखेर एकल गुणस्तरीय आयुर्वेद चुर्ण औषधीमात्र निर्माण गर्नुपर्नेछ।<br>• आयुर्वेद स्वास्थ्य केन्द्रले निर्माण गरेको औषधीहरुमा प्रदेश सरकारबाट निःशुल्क र उपयोगिताका बारेमा स्पष्टसंग लेखी गुणस्तर मापन गरेर मात्र वितरण गर्न सकिनेछ।<br>• उत्पादन गरिएको औषधिहरुको वितरण गरिएको विवरण सहित रेकर्ड राख्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | एकल चुर्ण औषधी निर्माण प्रतिवेदन, दाखिला प्रतिवेदन,हस्तान्तरण फारम |
| जिम्मेवार व्यक्ति/शाखा | प्राविधिक जनशक्ति तथा औषधि कुटुवा |

**९.२९ क्रियाकलापको नामः निजीस्तरवाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको लागत संकलन तथा अनुगमन निरिक्षण**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२९.२ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लामा रहेका निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाहरुको लागत संकलन तथा अनुगमन निरिक्षण गरी त्यसमा देखिएका कमी कमजोरीहरुलाई |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सुधार गर्न र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई व्यवस्थित गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | जिल्लामा रहेका निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको नियमन गर्ने। |
| अपेक्षित प्रतिफल | जिल्लामा रहेका आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाहरु निश्चित मापदण्ड अनुरुप संचालित भएका हुनेछन। |
| संचालन प्रक्रिया | स्वास्थ्य सेवा कार्यालयको समन्वयमा जिल्लामा रहेका निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको अनुगमन निरीक्षण गरी मापदण्ड बमोजिम संचालन गर्न निर्देशन दिने र निजीस्तरमा संचालित स्वास्थ्य संस्थाको तथ्यांक समेत संकलन गरी विवरण अध्यावधिक गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | निजीस्तरबाट संचालित संस्थाहरुको विवरण, भ्रमण प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

**९.३० क्रियाकलापको नामः प्राथमिक उपचारका सामानहरु खरिद**

| **क्रियाकलाप संकेत नं** | **खर्च शिर्षक** | **बजेट (हजारमा)** | **संचालन गर्ने निकाय** | **संचालन गर्ने अवधि** |
|---|---|---|---|---|
| २.७.२२.१६९७ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु<br>आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी तथा यन्त्र उपकरण खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्वेश्य | गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवा उपलव्ध गराउने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान तथा उपचार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ। |
| संचालन प्रक्रिया | • प्राथमिक स्वास्थ्य सेवाका लागि अत्यावश्यक पर्ने औषधी, यन्त्र, उपकरण खरिद गर्ने।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन, नियमको परिधिमा रहेर गुणस्तरीय सामानहरु खरिद गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णय, दाखिला प्रतिवेदन |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

## ९.३१ क्रियाकलापको नामः अक्कुपन्चर सेवा संचालन तथा ब्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२६ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य केन्द्रमा रहेको सेवालाई थप ब्यवस्थित गर्न अक्कुपंचर सेवा विस्तार गरी आमनागरिकलाई गुणस्तरीय आयुर्वेद तथा बैकल्पीक चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय अक्कुपंचर सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय अक्कुपंचर सेवा सहज रुपमा प्राप्त गर्नेछन्। |
| संचालन प्रकृया | • आयुर्वेद स्वास्थ्य केन्द्रमा अक्कुपंचर सेवा लिन आएका बिरामीहरुको assessment गरी आयुर्वेद सेवा, पूर्वकर्म ,योग र अक्कुपंचर सेवा प्रदान गर्ने,<br>• आयुर्वेद सेवा, पूर्वकर्म ,योग अक्कुपंचर सेवालाई थप सुदृढीकरण गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • आयुर्वेद सेवा, पूर्वकर्म ,योग आवश्यक अक्कुपंचर सेवालाई प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | अक्कुपंचर सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |
| जिम्मेवार व्यक्ति | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.३२ क्रियाकलापको नामः प्रयोगशालाको लागि केमिकल औजार उपकरण सामाग्री खरिद/ प्रयोगशालाको लागि रियजेन्ट तथा केमिकल खरिद**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.२५०७ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान, जाजरकोट | |
| २.७.२२.६६५ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा रहेका प्रयोगशालाहरुको गुणस्तरियता कायम गर्न र कर्मचारीहरुको ज्ञान सिप र क्षमता विकास गर्न प्रयोगशालाको लागि आवश्यक केमिकल, औजार उपकरण सामग्रीहरु खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्वेश्य | आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद गरी ज्ञान, सिप र क्षमता विकास गरी परिक्षणको गुणस्तरियता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई गुणस्तरियता कायम भएको हुनेछ । |
| संचालन प्रक्रिया | आयुर्वेद स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक पर्ने केमिकल, तथा उपकरण, प्रयोगशाला संचालन संग सम्वन्धित अन्य सामग्री सामग्रीहरुको स्पेशिफिकेशन स्वीकृत |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधित) खरिद गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय, दाखिला रिपोर्ट |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले तोकेको व्यक्ति |

**९.३३ क्रियाकलापको नामः समुदायमा स्थानिय रुपमा पाईने जडिबुटीहरुको उपयोगिता प्रयोग मात्राको बारेमा जनचेतना मुलक कार्यक्रम/जडिबुटी परिचयात्मक तथा जनचेतना कार्यक्रम**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२००८ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुमपश्चिम | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१९ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा, मुगु | |

| | |
|---|---|
| परिचय | जिल्लास्थित आयुर्वेद स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने विभिन्न सेवाहरुका अतिरिक्त स्थानियस्तरमा प्राप्त हुने जडिबुटीहरुको परिचय, उपयोगिता,प्रयोग विधि र आवश्यक औषधिय मात्राका बारेमा जनस्तरमा जानकारी दिने उद्धेश्यले यो कार्यक्रम राखिएको हो। |
| उद्धेश्य | स्थानिय जडिबुटीहरुको महत्व र उपयोगिताका बारेमा सरोकारवाला पक्षलाई जानकारी दिनु । |
| अपेक्षित प्रतिफल | स्थानिय जडिबुटीहरुको बारेमा जानकारी प्राप्त भई सेवाग्राहीहरुको संख्या बढेको हुनेछ। |
| संचालन प्रक्रिया | • आयुर्वेदका विषयवस्तु समेटिएको सूचनामुलक सामग्रीहरु एकिन गरेर छपाई गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • विभिन्न विद्युतीय एवं छापा माध्यममा जडिबुटीहरु सम्बन्धि आवश्यक सूचनामुलक सन्देश तथा सूचनाहरु प्रकाशन, प्रसारण तथा वितरण गर्ने।<br>• जिल्लास्थित एफ.एम रेडियोहरु वा जिल्लामा क्रियाशिल संचारकर्मीहरुसंग आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम पनि संचालन गर्न सकिनेछ।<br>• जिल्लामा प्राप्त हुने औषधिय जडिबुटीहरुको संकलन गरेर कार्यालय परिसरमा सुख्खा हर्वेरियम तयार गर्ने।<br>• जिल्लामा पाईने जडिबुटीहरुको बारेमा पुस्तिका तयार पार्न सकिने छ।<br>• स्थानीय तह लगायत सरोकारवाला सम्पुर्ण निकायहरुसंग आवश्यक समन्वय गरेर  अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सूचना प्रकाशन, प्रसारण, जिन्सी रजिष्टर, श्रव्य-दृष्य सामग्रीहरु आदि । |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

**९.३४ क्रियाकलापको नामः आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि सूचना सामाग्री प्रकाशन प्रसारण**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.८ | २२५२२ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२९.९ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | |
| २.७.२९.९ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य सेवाका बारे जानकारी गराउन श्रव्यदृष्य रेडियो, छापा, विद्युतीय माध्ययमबाट सामग्री तयार गरी आयुर्वेद सम्बन्धी सचेतना जगाउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद विषय समेटिएको सन्देश उत्पादन र प्रशारण तथा प्रकाशन गर्ने । |
| अपेक्षित प्रतिफल | जनसमुदायमा आयुर्वेद सेवाको बारेमा जानकारी हुनेछ । |
| सञ्चालन प्रकृया | • आयुर्वेद विषय समेटिएको सूचनामूलक आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सँग सम्बन्धित सामग्रीहरू एकिन गरि सन्देशमूलक सामाग्री तयार गर्ने।<br>• विभिन्न अनलाईन एवम् छापा माध्यमबाट सूचनामूलक सन्देश प्रसारण तथा प्रकाशन वितरण गर्ने।<br>• कार्यालयको वार्षिक पुस्तिका छपाई तथा डिजिटल नागरिक वडापत्र तयार गर्ने ।<br>• आयुर्वेद स्वास्थ्य केन्द्रको सेवा सम्बन्धी भिडियो डकुमेन्ट्री निर्माण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | सूचना प्रसारण सम्झैता पत्र आदि |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

### ९.३५ क्रियाकलापको नामः अत्यावश्यक आयुर्वेद औषधी खरिद/अत्यावश्यक औषधि खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.१ | २७२१३ | PLMBIS अनुसार | आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान, दैलेख, जाजरकोट, जुम्ला, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७.२.९.२ | | | आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु, हुम्ला, कालिकोट, रुकुमपश्चिम | |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकारलाई सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदका लागि यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | रोगहरुको प्राथमिकता अनुसार आवश्यक हुने औषधी खरिद गर्ने। |
| अपेक्षित प्रतिफल | आवश्यक आयुर्वेद औषधि खरिद भई लक्षित समूहमा वितरण भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद औषधीको प्राथमिकता निर्धारण गरी नेपाल सरकारले तोकिए अनुसारका निःशुल्क बितरण गरिने अत्यावश्यक आयुर्वेद औषधिहरु वार्षिक रुपमा अपुग नहुने गरी बिरामी तथ्यांकको आधारमा खरिद गर्ने।<br>• बिरामी र रोगको अवस्था हेरी कार्यालयको आवश्यकताका आधारमा थप आवश्यक पर्ने अन्य आयुर्वेदिक औषधिहरु पनि यहि शिर्षकबाट खरिद गर्न सकिने छ।<br>• अत्यावश्यक आयुर्वेद औषधि खरिद गर्दा सकेसम्म अनिवार्य रुपमा स्वदेशमै उत्पादित र GMP Certified औषधिहरु किन्नु पर्नेछ।<br>• सम्भव भएसम्म सिंहदरवार वैद्यखाना विकास समितिवाट उत्पादित अत्यावश्यक औषधिहरु खरीद गर्ने।<br>• मापदण्ड अनुसार गुणस्तरयुक्त औषधीहरू खरिद गरी निःशुल्क सूचिका आयुर्वेद औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ तथा कार्यक्रमसंग सम्बन्धित प्रचलित कानुनहरु |
| अनुगमन सूचक | खरिद आदेश दाखिला रिपोर्ट |
| जिम्मेवार व्यक्ति/शाखा | कार्यालय प्रमुखले जिम्मेवारी तोकेको व्यक्ति |

तथ्याङ्क अधिकृत उप-सचिव  प्रदेश सचिव मा. मन्त्री

## पूँजीगततर्फका क्रियाकलापहरु

**खर्च शीर्षकः गैर आवासीय भवन निर्माण/खरिद (३१११२), अन्य सार्वजनिक निर्माण (३११५९) र निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) अन्तर्गतका क्रियाकलापहरू**

| | |
|---|---|
| परिचय | सरकारी तथा सार्वजनिक प्रयोगका निर्माण तथा निर्मित संरचनाको मर्मत तथा सुधारका लागि पुँजीगत खर्च शीर्षक तर्फ ३१११२ (गैर आवासीय भवन निर्माण/खरिद), ३११५९ (अन्य सार्वजनिक निर्माण) र ३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च) खर्च शीर्षकहरूमा बजेट विनियोजन गरिएको छ । <br><br> खर्च शीर्षक ३१११२ गैर आवासीय भवन निर्माण/खरिद अन्तर्गत डिजाइन तथा इष्टिमेट बमोजिम कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउन्ड वाल निर्माण लगायतका भवनजन्य संरचनाको निर्माण खरीद गर्न लाग्ने खर्चहरूको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्ने कार्यक्रमहरू पर्दछन्, भने खर्च शीर्षक ३११५९ अन्य सार्वजनिक निर्माणमा गैर आवासीय भवन निर्माण बाहेकका अन्य सार्वजनिक प्रयोजनका लागि प्रयोग हुने निर्माण वा खरिद जस्तैः कम्पाउण्ड वाल, घेराबार, खेलमैदान, रङ्गशाला शौचालय आदि पर्दछन। <br><br> खर्च शीर्षक ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च अन्तर्गत भइरहेको भवन तथा अन्य संरचना सम्बन्धी संरचनाको आयु थप हुने गरी गरिने पुँजीगत प्रकृतिका कार्यक्रमहरू जस्तैः निर्मित भवन, कक्षाकोठा, कम्पाउण्ड वाल, शौचालय, खेलमैदान आदिको मर्मत तथा संरचनात्मक सुधारजन्य कार्यहरू पर्दछन् । |
| उद्देश्य | सरकारी/सार्वजनिक प्रयोगका गैर आवासीय भवन निर्माण तथा मर्मत सुधार साथै अन्य सार्वजनिक निर्माण गर्नु । |
| अपेक्षित प्रतिफल | प्रदेशको शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा भौतिक पूर्वाधारको विकास भई सेवा प्रवाह प्रभावकारी हुनका साथै आवासका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध हुनेछ । |
| सञ्चालन प्रकृया | क्रियाकलाप संचालन गर्दा प्रचलित ऐन, कानुन, सार्वजनिक खरिद ऐन तथा नियमावली तथा कर्णाली प्रदेश विनियोजन ऐन २०८३/०८४ र आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने मार्गदर्शनको पुर्ण परिपालन गर्नुपर्नेछ। |
| सञ्चालन अवधी | स्वीकृत वार्षिक कार्यक्रम अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाट | PLMBIS अनुसार (स्वीकृत कार्य योजना अनुसार) |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार |
| प्रगति सूचक | अनुगमन प्रतिवेदन, बिल भर्पाई र फोटोहरू |

## अनुसूचीहरुः

### अनुसूची-१

### औषधीका प्रतिकूल असर व्यवस्थापनमा प्रयोग हुने औषधीहरूको सूची

| Adverse reaction | Suspected agents | Suggested management |
|---|---|---|
| Anorexia | Z, Pto, Eto | Appetite stimulant (for example, pizotifen) |
| Arthralgia | Z | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol; exercise |
| Change in behavior talkativeness, irritability) | Cs, Ofx | Haloperidol; pyridoxine 50mg/250mg of Cs, up to 200mg/day maximum |
| Cutaneous reaction | H, R, Z, E, Pto, Eto, Cs,PAS, S and other aminoglycosides | Antihistamines; hydrocortisone creams |
| Depression | Cs,H, Pto, Eto | Selective serotonin reuptake inhibitors (fluoxetine, sertraline); tricyclic antidepressants (amitriptyline) |
| Diarrhoea | PAS | Rehydration; loperamide |
| Excessive salivation | Eto, Pto | Ice chips; metoclopramide |
| Flu-like syndrome | R | Paracetamol |
| Gastritis | PAS, Pto, Eto | Antacids (for example, calcium carbonate); H2 blockers; proton pump inhibitors |
| Gynecomastia | Pto, Eto | Reassurance; surveillance |
| Headaches | Pto, Eto | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol; exercise |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | | |
|---|---|---|
| Insomnia | Ofx, Lfx, Mfx | Antihistamine; zolpidem |
| Metallic taste | Pto, Eto | Reassurance |
| Musculoskeletal pain | No specific medicine | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol |
| Nausea and vomiting | Pto, Eto, PAS, R H, Z, E | Rehydration; metoclopramide; divide dose (morning and afternoon) only if both doses can be supervised |
| Olfactory hallucination | Pto, Eto | Reassurance |
| Peripheral neuropathy | I, N, H, Cs, S, Km, Pto, Eto, FQ | Increase pyridoxine to maximum daily dose (200 mg/day); tricyclic antidepressants (for example, amitriptyline) |
| Pain at injection site | S, Km, Am, Cm | Cold compress |
| Photophobia | Pto, Eto | Reassurance |
| Vertigo or dizziness | S, Km, Cm, Pto, Eto | Betahistine; cinnarizine |

*थप व्याख्या: क्षयरोग विशेषज्ञको सिफारिस बमोजिम थप औषधी पनि खरिद गर्ने ।*



तथ्याङ्क अधिकृत

उप-सचिव

प्रदेश सचिव

मा. मन्त्री

# अनुसूची-२

**अस्पतालमा भर्ना भएका विरामीका लागि प्रति दिन/प्रतिव्यक्ति रासनको सूची**

| सि.न. | खाद्यान्न | राशनको विवरण | परिमाण | इकाई |
|---|---|---|---|---|
| १ | चामल | मन्सुली सफा | ०.६६० | के.जी. |
| २ | दाल | मिश्रित | ०.१७६ | के.जी. |
| ३ | तेल | तोरीको | ०.०२२ | लि. |
| ४ | नुन | आयोडिनयुक्त | ०.०२२ | के.जी. |
| ५ | आलु | रातो | ०.२०० | के.जी. |
| ६ | हरियो तरकारी | मौसम अनुसार | ०.१७६ | के.जी. |
| ७ | मसला | मिश्रित | ०.००२ | के.जी. |
| ८ | मासु | खसीको | ०.०२५ | के.जी. |
| ९ | दुध | गाई/भैसीको | ०.१२५ | लि. |
| १० | विस्कुट | स्फेसिकेशन अनुसार | १ | प्याकेट |
| ११ | चिया | दुध हालेको | १ | कप |
| १२ | अण्डा | कुखुराको | १ | गोटा |
| १३ | फलफुल | मौसम अनुसार | ०.२०० | के.जी. |
| १४ | ग्यांस | ढुवानी सहित | १ | सिलिण्डर* |

*ग्यास ३२५ छाकको लागि एक सिलिण्डर

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

अनुसूची-३

Non-pneumatic Anti-Shock Garment

| S.N. | Purchaser's Specifications |
|---|---|
| | **Non-pneumatic Anti-Shock Garment** |
| | **Manufacturer** |
| | **Brand** |
| | **Type / Model** |
| | **Country of Origin** |
| **1** | **Description of Function** |
| 1.1 | Non-pneumatic anti-shock garment (NASG) used to stabilize women during obstetric haemorrhage. |
| **2** | **Operational Requirements** |
| 2.1 | Lightweight, washable and reusable NASG made of neoprene garment and fastened with Velcro over a foam compression ball. |
| **3** | **System Configuration** |
| 3.1 | Non-pneumatic anti-shock garment (NASG) with all standard accessories. |
| **4** | **Technical Specifications** |
| 4.1 | NASG must be lightweight, flexible and comfortable for the wearer with no metal parts. |
| 4.2 | Should be made up of light weight neoprene garment and fastened with Velcro over a foam compression ball. |
| 4.3 | The design of NASG must allow perineal access so that examinations and vaginal procedures can be performed without it being removed. |
| 4.4 | NASG should be in the shape of trousers divided into six segments for ease of application to different parts of lower body below the diaphragm with Velcro fasteners.<br>• The segment 1 must consist of 2 pieces to be used in each ankles<br>• The segment 2 must consist of 2 pieces to be used in each calf<br>• The segment 3 must consist of 2 pieces to be used in each thigh<br>• The segment 4 must consist of 1 piece to be used around the pelvis<br>• The segment 5 must consist of 1 piece to be used over the naval<br>• The segment 6 must consist of 1 piece to be used aground the abdomen/umbilicus. This segment must apply extra compression with a small foam ball. |
| 4.5 | The garment must be able to apply approx. 30 to 50 mm Hg of pressure to the lower body pressure |
| 4.6 | The NASG should reusable for 40 or more uses |
| 4.7 | The NASG should be suitable for hand and machine washing. |
| 4.8 | Should be available in various size: Small, Medium and Large. |
| **5** | **Accessories, spares and consumables** |
| 5.1 | All standard accessories to be included in the offer. |
| **6** | **Operating Environment** |
| 6.1 | The product offered shall be designed to operate normally under the conditions of the purchaser's country. |
| **7** | **Standards and Safety Requirements** |
| 7.1 | Should be ISO certificated product **AND** |
| 7.2 | Should be CE or USFDA approved product. |
| **8** | **User Training** |
| 8.1 | Not applicable |
| **9** | **Warranty** |
| 9.1 | Comprehensive warranty for 2 year after acceptance. |
| **10** | **Installation and Commissioning** |
| 10.1 | Should be ready to use system. |
| **11** | **Documentation** |
| 11.1 | User (Operating) manual in English. |

Scanned with CamScanner



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री